संयुक्त राष्ट्रसंघ र नेपाल

# एजेण्डा आइटम-१० र सेरोफेरो

**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**
**सचिवालय**

**अनौपचारिक क्षेत्र सेवा केन्द्र** (इन्सेक)
कलंकी, स्यूचाटार
पोष्ट बक्स नं. २७२६, काठमाडौं नेपाल
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np
वेब: www.inseconline.org, www.insec.org.np

संयुक्त राष्ट्रसंघ र नेपाल

# एजेण्डा आइटम-१९ र सेरोफेरो

**प्रकाशन मिति** : ०६२ भदौ

**सङ्ख्या** : ३ हजारप्रति

**प्रकाशक** : मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

**सर्वाधिकार** : मानवअधिकार सन्धि अनुगमन समन्वय समितिमा सुरक्षित

**संयोजन** : कुन्दन अर्याल

**सङ्कलन/प्रस्तुती** : प्रकाश ज्ञवाली, विद्या चापागाई, लुमासिंह विश्वकर्मा

**भाषा सम्पादन** : निर्मलमणि अधिकारी

**अनुवाद** : कपिल काफ्ले, धर्मेन्द्र झा, दिनेश त्रिपाठी, वसन्त अधिकारी

**मुद्रक** : इन्द्रेणी अफसेट प्रेस, अनामनगर, फोन ४७७१४४८

---

INSEC is thankful to Danish International Development Agency, Human Rights and Good Governance Unit-DANIDA/HUGOU, for providing support for the publication.

*Sanyukta Rastra Sangh Ra Nepal Agenda Item-19 Ra Serophero* "A Compilation of Agenda Item-19 on Nepal and its background documents" is not for sale.

---

# कार्यसूची प्रकार-१९ र पृष्ठभूमि

यो पुस्तकको अवधारणा ०६२ सालको शुरुवातमा कार्यसूची प्रकार (एजेण्डा आइटम)–१९ को नेपाली अनुवादसँगै तयार भएको थियो। तर राष्ट्रसंघीय विशेष प्रकृयाअन्तर्गत जेनेभामा पारित भएको उक्त ऐतिहासिक प्रस्तावको पृष्ठभूमिको जानकारीका निम्ति आवश्यक दस्तावेजहरूको संकलन गर्न यतिका समय लाग्यो।

स्वीट्जरल्याण्डको राजधानी जेनेभास्थित मानवअधिकार आयोग, संयुक्त राष्ट्रसंघको बडापत्र (१९४५) मा आधारित एक महत्वपूर्ण निकाय हो। ५३ वटा देश सदस्य रहने राष्ट्रसंघीय मानवअधिकार आयोगको हरेक वर्ष मार्च-अप्रिलमा छ साताका लागि बस्ने बैठकमा कार्यसूची प्रकार-१९ अन्तर्गत पारित हुने प्रस्ताव "कुनै देशको मानवअधिकार अवस्थाको सुधारका निम्ति" प्राविधिक सहयोगसँग सम्बन्धित हुने गर्दछ। राष्ट्रसंघीय मानवअधिकार आयोगको ०६१-६२ मा सम्पन्न एक्सठ्ठीऔं बैठकमा नेपालको मानवअधिकार अवस्थाका विषयमा व्यापक चिन्ता व्यक्त गरियो। नेपालको बिग्रँदो मानवअधिकार स्थितिमा सुधार ल्याउन बैठक चलिरहेकै बेला ०६१ चैत २६ गते मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्त र नेपाल अधिराज्यको सरकारबीच नेपालमा कार्यालय स्थापना गर्ने सम्बन्धमा सम्झौता सम्पन्न भयो। त्यसपछि ०६२ बैशाख ७ गते आयोगको "विशेष प्रक्रिया" अन्तर्गत नेपालका सम्बन्धमा "कार्यसूची प्रकार-१९" पारित भयो। ०६१ माघ १९ गते पछिको कठोर राजनीतिक नियन्त्रण र ज्यादतिका समयमा उक्त प्रस्ताव अत्यन्त महत्वपूर्ण थियो। त्यसैले "एजेण्डा आइटम-१९" को मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको सचिवालय इन्सेकद्वारा गरिएको अनौपचारिक अनुवाद १५ हजार प्रति प्रकाशित गरी देशव्यापीरूपमा वितरण गरिएको थियो। देशमा सङ्कटकाल लागू गरी सारा मौलिक हक

अधिकार अपहरण गरिएको बेला त्यो ज्यादै पठनीय र आशाको किरणसमेत सावित भएको थियो।

"एजेण्डा आइटम-१९ र सेरोफोरो" मा एघार वटा शीर्षक र त्यसअन्तर्गत केही उपशीर्षकहरूमा नेपालका सम्बन्धमा पारित संयुक्त राष्ट्रसंघका ऐतिहासिक महत्वका दस्तावेजहरू संकलित छन। राष्ट्रसंघीय विशेष प्रक्रियाका सन्दर्भमा त्यति धेरै सामग्रीहरू प्रकाशित नभएको परिप्रेक्ष्यमा यो पुस्तक मानवअधिकार रक्षक र मानवअधिकारका सम्बन्धमा जानकारी राख्न चाहने सबैलाई उपयोगी हुने ठानेका छौं।

राष्ट्रसंघीय मानवअधिकार आयोग र श्री ५ को सरकारबीच सम्पन्न सम्झौतालाई हामीले ०६२ भदौ २० गतेको नेपाल राजपत्र भाग-५, संख्या २१ बाट साभार गरेका छौं। जेनेभामा सरकारका तर्फबाट जारी पच्चीस बुँदे घोषणा हामीले राष्ट्रिय मानवअधिकार आयोगबाट प्राप्त गरेका हौं। अन्य सामग्रीहरू हामीले सम्बन्धित वेब साइटहरूबाट उतार गरेका हौं।

यस पुस्तकमा संकलित विभिन्न दस्तावेजहरूको मूल अंग्रेजीबाट नेपालीमा अनुवादका निम्ति पत्रकारद्वय कपिल कापले र धर्मेन्द्र झा तथा अधिवक्ताद्वय दिनेश त्रिपाठी र वसन्त अधिकारी धन्यवादको पात्र हुनुहुन्छ। राष्ट्रसंघीय मानवअधिकार आयोगसम्बन्धी सामग्रीको तयारीका निम्ति इन्सेक मानवअधिकार सन्धि अनुगमन केन्द्रकी अधिवक्ता विद्या चापागाईलाई धन्यवाद ज्ञापन गर्दछु। "एजेण्डा आइटम-१९ र सेरोफेरो" का दस्तावेजहरूको सङ्कलनका निम्ति इन्सेक प्रलेख तथा प्रसार केन्द्रका प्रकाश ज्ञवाली तथा इन्सेक मानवअधिकार सन्धि अनुगमन केन्द्रका अधिवक्ता लुमासिंह विश्वकर्माप्रति धन्यवाद ज्ञापन गर्दछु।

पुस्तकको अवधारणा तयार गरी सम्पूर्ण संयोजन गर्ने इन्सेक महासचिव एवं स्वतन्त्र पत्रकार कुन्दन अर्याल धन्यवादका पात्र हुनुहुन्छ।

**सुबोधराज प्याकुरेल**
अध्यक्ष

# विषय–सूची


१ राष्ट्रसंघीय मानवअधिकार आयोगको परिचय

१३ मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्त र नेपाल अधिराज्यको सरकारबीच कार्यालय स्थापना गर्ने सम्बन्धमा सम्पन्न सम्झौता

२९ नेपालका सम्बन्धमा पारित कार्यसूची प्रकार (एजेण्डा आइटम)-१९

३६ मानवअधिकार तथा मानवीय कानुनको कार्यान्वयनमा श्री ५ को सरकारको प्रतिबद्धता

४२ राष्ट्रसंघीय मानवअधिकार आयोगको साठ्ठिऔं बैठकका अध्यक्षको वक्तव्य

- ४२ नेपालका लागि मानवअधिकार सहायताबारे
- ४४ अफगानिस्तान, हैटी, नेपाल, टिमोर लेस्ट तथा कोलम्बियाका बारेमा

४६ मानवअधिकार आयोगको एक्सठ्ठीऔं सत्रमा प्रस्तुत बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धी कार्यदलले तयार पारेको प्रतिवेदन मिसन टू नेपाल

७६ नेपाललाई मानवअधिकारको क्षेत्रमा परामर्श सेवा एवं प्राविधिक सहयोग गर्ने सम्बन्धमा राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयको प्रतिवेदन

१०० जातीय भेदभाव उन्मूलन समिति, चौंसठ्ठीऔं सत्र

१०८ महिलाविरुद्धको भेदभाव निर्मूल गर्ने समिति, तीसौं सत्र

१२० नागरिक तथा राजनीतिक अधिकारबारे अन्तर्राष्ट्रिय सम्झौता (सार्वजनिक टिप्पणी नं. २९)

१३० सुरक्षा परिषद्बाट पारित प्रस्ताव

- १३० प्रस्ताव नं. १२६५
- १३६ प्रस्ताव नं. १२९६
- १४३ प्रस्ताव नं. १३२५
- १४८ प्रस्ताव नं. १५३९

# राष्ट्रसंघीय मानवअधिकार आयोगको परिचय

मानवअधिकार आयोग, संयुक्त राष्ट्रसंघको बडापत्रका आधारमा स्थापना भएको निकाय हो। यसको स्थापना सन् १९४६ मा संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्अन्तर्गत रहने गरी भएको हो। राष्ट्रसंघीय मानवअधिकार आयोगको मुख्यालय स्वीट्जरल्याण्डको जेनेभामा रहेको छ। आयोगको पहिलो बैठक सन् १९४७ मा बसेको थियो। प्रत्येक वर्षको मार्च १४ तारिखदेखि अप्रिल २२ तारिखसम्म ६ हप्ताको लागि यसको बैठक बस्छ। सन् २००५ सम्ममा यसका ६१ वटा बैठकहरू सम्पन्न भइसकेका छन्।

यस आयोगले प्रत्यक्षरूपमा मानवअधिकारसँग सम्बन्धित विषयहरूमा आफ्नो कार्य केन्द्रित गर्दछ। आयोगले मानवअधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय संयन्त्रहरूको बारेमा अध्ययन गरी सुझाव दिनुका साथै विश्वव्यापीरूपमा मानवअधिकारको संरक्षण र प्रबर्द्धन तथा मानवअधिकार उल्लङ्घनको अनुगमन पनि गर्दछ। मानवअधिकार आयोगले संयुक्त राष्ट्रसंघका महासचिव अथवा आर्थिक तथा सामाजिक परिषद्द्वारा जिम्मा दिइएका कार्यहरू पनि गर्दछ, जसमा मानवअधिकारका घटनाहरूको अध्ययन-अनुसन्धान तथा प्राप्त भएका उजुरीका सम्बन्धमा कारवाही आदि पर्दछन्। आयोगले आर्थिक तथा सामाजिक परिषद्लाई मानवअधिकारसम्बन्धी क्रियाकलापका लागि सहयोग गर्नुका साथै संयुक्त राष्ट्रसंघका अन्य अङ्गहरूसँग पनि सहकार्य गर्दछ। यस आयोगले मानवअधिकारको संरक्षण र प्रबर्द्धनका लागि व्यापकरूपमा आवश्यक उपायहरूको प्रयोग पनि गर्ने गर्दछ।

स्थापनाको अवस्थामा मानवअधिकार आयोग १८ सदस्यीय रहेको थियो। सोही समितिले अन्तर्राष्ट्रिय अधिकारपत्र (International Bill of Human Rights) को मस्यौदा गरेको थियो। आयोग हाल ५३ सदस्यीय रहेको छ। यी ५३ सदस्य राष्ट्रहरू निर्वाचनको माध्यमद्वारा क्षेत्रीय आधारमा छानिएका हुन्छन्। अफ्रिकाबाट १५, एसियाबाट १२, पूर्वी युरोपबाट ५, ल्याटिन अमेरिका र क्यारेवियन राष्ट्रहरूबाट ११ तथा अन्य राष्ट्रबाट १०

सदस्य निर्वाचित हुने प्रावधान छ।

आयोगका सदस्यहरू हरेक तीन-तीन वर्षमा निर्वाचित हुन्छन्। हरेक वर्ष छ हप्ताका लागि जेनेभामा आयोगको बैठक बस्छ, जसमा सदस्यहरूले संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रमा मानवअधिकारको अवस्थाबारे छलफल गरी सम्बन्धित राष्ट्रलाई आवश्यक सुझाव दिने गर्छन्। तर, कुनै खास प्रकृतिको मानवअधिकारसम्बन्धी मुद्दाको छलफलका लागि विशेष सभा गर्न सकिने प्रावधान छ। आर्थिक तथा सामाजिक परिषद् तथा मानव अधिकार आयोगले मानवअधिकारको प्रर्बद्धन र संरक्षणका लागि विभिन्न संयन्त्रको व्यवस्था गरेका छन्।

यस आयोगलाई मानवअधिकारको प्रबर्द्धन र संरक्षणका लागि गठित उपसमिति, विशेषज्ञ, महासचिवका प्रतिनिधि, विशेष समाधिक्षक र कार्यदलहरूले सहयोग गर्ने गर्दछन्। मानवअधिकार आयोगले कुनै मुद्दाको अनुसन्धान गरेपछि त्यस सन्दर्भमा आफैंले अनुगमन गर्न वा संयुक्त राष्ट्रसंघीय अन्य निकायलाई चयन गर्न सक्दछ। १९७० को दशकमा आर्थिक तथा सामाजिक परिषद्द्वारा आयोगको क्षेत्राधिकारलाई अझ फराकिलो पारिएको पाइन्छ।

आयोगको कार्यले अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड, यिनीहरूको कार्यान्वयन र पालनामा प्रभाव पारेको पाइन्छ। जसले मानवअधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ का साथै नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, जातीय विभेदको उन्मूलन, यातना, बालबालिकाको अधिकार, महिला अधिकार, विकासको अधिकार, मानवअधिकार रक्षकको अधिकार जस्ता दस्तावेजहरूको निर्माण गरेको छ। सन् १९६६ मा आयोगले यसको भूमिका/कार्य विस्तार गर्ने क्रममा दक्षिण अफ्रिकाको मानवअधिकार संरक्षण गर्न अनुसन्धान टोली गठन गरेको थियो। हाल आएर विश्वभरी नै मानवअधिकारको उल्लङ्घन अनुसन्धान गर्न करिब ४१ वटा प्रक्रियाहरू विद्यमान छन्।

**मानवअधिकार आयोगले हेर्ने प्रमुख विषयहरू निम्न लिखित छन्:**

- आत्मसम्मानको अधिकार
- जातीय विभेद

- विकासको अधिकार
- मानवअधिकार उल्लङ्घनका सवालहरू (अरब क्षेत्र र प्यालेस्टाइन क्षेत्रका)
- मानवअधिकार र मौलिक स्वतन्त्रताको उल्लंघका सवालहरू (विश्वका कुनै पनि भू-भागका)
- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार
- नागरिक तथा राजनीतिक अधिकार
- यातना र बन्दी
- बेपत्ता र आमहत्या
- वाक्स्वतन्त्रता
- न्यायपालिकाको स्वतन्त्रता
- दण्डहीनता र धार्मिक असहिष्णुता
- महिला, बालबालिका, आप्रवासी, अल्पसंख्यक र विस्थापित व्यक्तिहरूको अधिकार
- आदिवासी, जनजातिका अधिकार

**आयोगले कसरी कार्य गर्छ ?**

आयोगको बैठक जेनेभामा बस्ने गर्दछ। बैठकमा राज्य र गैरसरकारी संस्थाहरूले मानवअधिकार उल्लङ्घनका विभिन्न घटनाहरूबारे सूचना र सवाल आयोगसमक्ष राख्दछन् र सरकारपक्षले त्यसमा जवाफ दिन्छ। त्यसरी प्राप्त भएको सूचनामा आयोगले सरकारपक्षसँग छलफल गरी अवस्था हेरी सल्लाह दिने तथा उल्लङ्घन र उल्लङ्घनकर्ताको विरोध गर्दछ। मानवअधिकार स्थितिको अध्ययन गर्न आयोगका अध्यक्षले हरेक वर्ष संयुक्त राष्ट्रसंघद्वारा क्षेत्रीय आधारमा छुट्याइएको पाँच समूहहरूको (अफ्रिका, एसिया, ल्याटिन अमेरिका र क्यारेवियन देश, पूर्वी युरोप र पश्चिमी समूह) भ्रमण गर्दछन्।

कुनै अवस्थामा मानवअधिकारका विषयमा शीघ्र निर्णय गर्नुपर्ने भएमा आयोगले विशेष बैठक बोलाउन सक्दछ। यस्तो विशेष बैठक सन् १९९२ मा पूर्व युगोस्लाभियाको विषयमा छलफल गर्न पाँचपटक बसेको थियो। रुवाण्डाको ज्यादतीबारे छलफल गर्न सन् १९९४ मा, पूर्वी टिमोरबारे छलफल

गर्न सन् १९९९ मा र इजरायलले प्यालेस्टाइनमा गरेको मानवअधिकारको उल्लङ्घनबारे छलफल गर्न सन् २००० मा बसेको थियो।

यो आयोगको धेरैजसो समय मानवअधिकारका मापदण्डहरूको कार्यान्वयनको अवस्था अनुगमन गर्नमा बितेको हुन्छ। आयोगले मानवअधिकारसँग सम्बन्धित कुनै खास विषयको जाँचबुझ गर्दा स्थायी वा विशेष प्रक्रिया अनुशरण गर्न सक्छ। आयोगको स्थायी प्रक्रियाअन्तर्गत १५०३ र १२३५ प्रक्रिया पर्दछन् भने विशेष प्रक्रियाअन्तर्गत तथ्य सङ्कलन, विषयगत प्रक्रिया, अध्ययन र सल्लाह सेवा रहेका छन्।

आयोगसमक्ष जो-सुकैले पनि मानवअधिकारसम्बन्धी समस्याबारे जानकारी गराउन सक्दछ। यस्ता उजूरीहरू प्रतिवर्ष हजारौंको संख्यामा संयुक्त राष्ट्रसंघलाई प्राप्त हुने गरेका छन्। जसले मानवअधिकारका मापदण्डअनुरूप उत्तरदायित्व वहन गराउन सहयोग गर्दछ। यस्ता कार्यमा आयोगले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। सन् १९७० मा संयुक्त राष्ट्रसंघले व्यक्तिको मानवअधिकार र मौलिक स्वतन्त्रताको हनन भएका मुद्दामा कारवाही गर्न विशेष प्रक्रियाको सुरुवात गरेको थियो। यसलाई प्रक्रिया नं. १५०३ भन्ने गरिन्छ। आयोगले हालसम्म यस १५०३ प्रक्रियाअन्तर्गत ८७ राष्ट्रसँग जाँचबुझ गरिसकेको छ। यो गोप्य प्रक्रिया हो, जुन आर्थिक तथा सामाजिक परिषद्को घोषणा १५०३ बाट स्थापना गरिएको हो। आयोगले मानवअधिकारको व्यापक उल्लङ्घन भएकोबारे उजूरी प्राप्त गरेपछि यो प्रक्रिया सुरु हुन्छ। आमहत्या, रङ्गभेद, जातीय विभेद, यातना, आम-विस्थापन र आमबन्दी आदि जस्ता कार्यबाट मानवअधिकारको उल्लङ्घन भएको अवस्थामा यो प्रक्रिया लागू गर्न सकिन्छ।

मानवअधिकार आयोगलाई १५०३ प्रक्रियाअन्तर्गत कारवाही चलाउन सम्बन्धित राज्यको स्वीकृति चाहिँदैन। यसअन्तर्गतको प्रक्रिया सुरु गरिसकेपछि आयोगले राज्यलाई कस्तो किसिमको कारवाही गर्ने भन्ने निर्णय गर्दछ। मानवअधिकार आयोगले, १५०३ प्रक्रियाअन्तर्गत कारवाही चलाउँदा आयोग असफल भएमा १२३५ प्रक्रियाअनुसारको प्रक्रिया सुरु गर्न सक्दछ, जसमा आयोगले सम्बन्धित मानवअधिकार उल्लङ्घनबारे वार्षिक सार्वजनिक छलफल चलाउन सक्दछ। १२३५ प्रक्रिया पनि असफल भयो भने मानवअधिकार आयोगले आर्थिक तथा सामाजिक परिषद्द्वारा त्यस

उल्लङ्घनको विरोध गर्दै प्रस्तावहरू जारी गर्न सक्दछ। यस्ता सार्वजनिक विरोधले राज्य र सम्बन्धित नेताहरूलाई प्रभावकारी दबाब दिने विश्वास गरिएको हुन्छ।

**आयोगसमक्ष उजूरी कसरी गर्ने ?**

मानवअधिकार आयोगको कार्यालय वा संयुक्त राष्ट्रसंघमा जुनसुकै समय पनि उजुरी प्रस्तुत गर्न सकिन्छ। यस्ता उजुरीको उद्देश्य, मानवअधिकार उल्लङ्घनका घटनामा सक्दो चाँडो कारवाही गर्नु हो। यस्ता उजूरीमा व्यक्तिगत विवरण पनि समावेश गर्नुपर्ने हुन्छ। व्यक्तिगत विवरण समावेश नभएमा आयोगले उजूरीलाई स्वीकार गर्दैन। यस्ता उजूरी इमेल, हुलाकमार्फत् वा फ्याक्सद्वारा पनि दिन सकिन्छ। आयोगले उजुरी लिन केही शर्तहरू पूरा गर्नुपर्ने हुन्छ। जस्तैः राजनीतिकरूपमा पूर्वाग्रही, अस्पष्ट र पहिला नै संयुक्त राष्ट्रसंघको अन्य प्रक्रियाद्वारा कारवाही भइरहेको अवस्थामा आयोगले उजुरी लिँदैन।

**आयोगको कार्यक्षेत्र** (Mandates)

आयोगले कुनै पनि राष्ट्रसँग मानवअधिकारको अवस्थाको अनुगमन, जाँचबुझ गरी प्रतिवेदन सार्वजनिक गर्दछ। आयोगको कार्यक्षेत्रभित्र हाल १५ राज्य र २६ विषयगत जाँचबुझ कार्य रहेका छन्। दक्षिण अफ्रिकामा सन् १९६७ मा रङ्गभेदविरुद्धको विषयमा कारवाही सुरु गरी आयोगले यस्ता कारवाही सुरु गरेको थियो।

वर्तमान समयमा अनुसन्धान गरिएका सम्बन्धमा निम्न लिखित राज्यहरू रहेका छन्ः

- अफगानिस्तान
- बुरुण्डी
- बेलारुस
- कम्बोडिया
- चाद
- क्युबा

- कंगो
- उत्तर कोरिया
- हैटी
- म्यान्मार (बर्मा)
- सोमालिया
- उज्बेकिस्तान
- प्यालेस्टाइन

कुन-कुन राज्यलाई कार्यक्षेत्रभित्र पार्ने भन्ने बारेमा आयोगले वर्षैपिच्छे पुनरावलोकन गर्ने गर्दछ।

आयोगको विषयगत कार्य क्षेत्र (Thematic Mandate) अन्तर्गत नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार पर्दछन्। आयोगले सर्वप्रथम सुरु गरेको विषयगत कारवाहीमा बेपत्ता बनाइनेसम्बन्धी कार्य रहेको छ, जुन सन् १९८० मा प्रारम्भ गरिएको थियो। सन् १९९५ देखि विशेषगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयमा जाँचबुझ, अनुगमन गर्न यो प्रक्रियाको प्रयोग धेरै भएको पाइन्छ। हाल विद्यमान विषयगत प्रक्रियाअन्तर्गत निम्नलिखित छन्:

- उपयुक्त बासस्थान
- स्वेच्छाचारी हत्या
- विकासको अधिकार
- शिक्षा
- गरिबी
- भोजनको अधिकार
- विचार तथा अभिव्यक्ति स्वतन्त्रता
- मानवअधिकार रक्षक
- न्यायाधीश र कानुनविद्को स्वतन्त्रता
- आन्तरिकरूपमा विस्थापित व्यक्ति
- आतङ्कवाद
- दण्डहीनता
- आप्रवासी

- जातीय विभेद
- धर्म र आस्थाको स्वतन्त्रता
- बालबालिकाको बेचबिखन
- बाल यौन शोषण
- मानव बेचबिखन
- वैदेशिक ऋणको मिलान
- यातना
- महिलाविरुद्धको हिंसा
- जनजाति आदिवासी
- शारीरिक तथा मानसिक स्वरूप

यस्ता कार्य क्षेत्र हरेक तीन वर्षमा पुनरावलोकन गरिन्छन्।

राष्ट्रसंघीय मानवअधिकार आयोगको समष्टि स्वरूपलाई बुझ्न कार्यदल (Working Group) र विशेष समाधिक्षक (Special Rapporteur) का बारेमा पनि जानकारी लिनु उपयुक्त हुन्छ। त्यस्तै, राष्ट्रसंघीय मानवअधिकार आयोग र मानवअधिकार उच्च आयुक्तको कार्यालयबीचको अन्तर्सम्बन्ध पनि बुझ्नु आवश्यक छ। यी तीनवटै शीर्षकमा तल क्रमशः चर्चा गरिएको छ।

**कार्यदल** (Working Group)

आयोगले सन् १९७५ मा मानवअधिकारको संरक्षण गर्न विभिन्न प्रक्रियाहरूको थालनी गरेको पाइन्छ। यस्ता प्रक्रियाअन्तर्गत रही आयोगले मानवअधिकारको पालना र कुनै विशेष अधिकारको संरक्षणका लागि राष्ट्रहरूलाई सिफारिस गर्न सक्दछ। यस प्रक्रियाअन्तर्गत विषय र अवस्थालाई अध्ययन गरिन्छ। यस्तो अध्ययन/जाँचबुझ गर्न मानवअधिकार आयोगका अध्यक्षले विशेष विषयमा दखल भएका व्यक्तिको नियुक्ति गर्दछन्, जसलाई विशेष समाधिक्षक (Special Rapporteur) र कार्यदल (Working Group) भनिन्छ। कुनै राष्ट्रको अवस्था अनुगमन गर्न विशेष समाधिक्षकलाई एक वर्षका लागि नियुक्त गरिएको हुन्छ भने कुनै विषयगतरूपमा काम गर्न नियुक्त विशेष समाधिक्षक र कार्यदलको पदावधि तीन वर्षसम्मको हुन्छ।

कार्यदलको स्थापना, संयुक्त राष्ट्रसंघको मानवअधिकार आयोगको घोषणाद्वारा गरिन्छ। मानवअधिकार आयोगले सबैभन्दा पहिला बेपत्तासम्बन्धी कार्यदलको स्थापना सन् १९८० मा गरेको थियो। त्यसपछि विभिन्न विषयमा कार्यदलको स्थापना गर्न थालिएको हो।

समान भौगोलिक प्रतिनिधित्व हुने गरी मानवअधिकार आयोगका अध्यक्षले पाँचजना स्वतन्त्र विशेषज्ञको चयन गरी कार्यदलको गठन गर्दछन्। यस्ता कार्यदलभित्र सदस्यको नियुक्ति तीन वर्षको अवधिका लागि गरिन्छ। तीन वर्षसम्मको कार्यविधि भए तापनि मानवअधिकार आयोगका अध्यक्षले कार्यदलको कार्यविधि तीन वर्षका लागि बढाउन सक्दछन्। यी सदस्यहरूले आफूमध्येबाट एकजना अध्यक्ष र एकजना उपाध्यक्षको निर्वाचन गर्दछन्। यस्ता कार्यदलले वर्षमा तीन पटकसम्म बैठक बसी सम्बन्धित विषयमा छलफल गर्दछन्। पाँचदेखि आठ दिनसम्म काम गर्ने गरी कार्यदलको बैठक वर्षमा तीन पटकसम्म बस्न सक्छ।

**कार्यदलको कार्यक्षेत्र**

मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्डविपरीत अथवा संयुक्त राष्ट्रसंघको मानवअधिकारसम्बन्धी सिद्धान्तविपरीत भएको कार्यमा राष्ट्रको न्यायालयले कुनै फैसला नगरेको खण्डमा कार्यदलले सरकारी तथा अन्तरसरकारी, गैरसरकारी र व्यक्तिगतरूपमा पनि सूचना सङ्कलन र प्राप्त गर्न सक्छ। यसक्रममा यसले पीडित परिवार वा प्रतिनिधिबाट पनि सूचना सङ्कलन गर्न सक्छ। यसरी कार्य गर्दा कार्यदलले उद्देश्यमूलक र स्वतन्त्रपूर्वक गर्नु पर्दछ। त्यसैले पनि मानवअधिकार आयोगमा कार्यदलको निष्पक्षता कायम राख्न वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने प्रावधान छ।

कार्यदललाई उजूरी दिँदा पीडितको पूरा नाम, ठेगाना, उल्लङ्घन भएको अधिकार, राष्ट्रियस्तरमा कुनै उपचारका लागि उजूरी गरिएको भए सोको विवरण, राष्ट्रिय कानुन आदि खुलाउनुपर्ने हुन्छ। यस्तो उजूरी कुनै अन्तरसरकारी, गैरसरकारी, व्यक्तिगत, पीडित, पीडित परिवार र उसका कुनै प्रतिनिधिले पनि गर्न सक्दछन्। यस्तो उजूरी प्राप्त भएपछि कार्यदलले सम्बन्धित राष्ट्रलाई जानकारी दिन र आवश्यक सूचना माग्न पनि सक्दछ। यसरी माग गरिएकोमा सम्बन्धित सरकारले ९० दिनभित्र अनुसन्धान गरी

कार्यदललाई सूचना दिनु पर्दछ। तोकिएको अवधिमा सूचना उपलब्ध गराउन नसक्ने भएमा पर्याप्त आधार देखाई सरकारले दुई महिनासम्मका लागि थप समयको माग गर्न सक्छ। यसरी समयावधि थप गर्दा पनि सम्बन्धित राज्यले सूचना नदिएमा कार्यदलले आफूसँग भएको सूचनाको आधारमा आफ्नो राय दिने गर्दछ।

कार्यदलले गर्ने अर्को महत्वपूर्ण कार्यमा शीघ्र उजूरी, राष्ट्र भ्रमण पनि पर्दछन्। राज्यले बोलाएको अवस्थामा मात्र अथवा राष्ट्रसमक्ष कार्यदलले राखेको प्रस्ताव सम्बन्धित राष्ट्रले स्वीकार गरेको अवस्थामा मात्र भ्रमण गर्न पाइन्छ। कार्यदलले राष्ट्रहरूको भ्रमण गर्दा यसका सदस्यमध्ये कोही सम्बन्धित राष्ट्रको नागरिक भएको अवस्थामा वा कुनै स्वार्थ वा सरोकार बाझिएको अवस्थामा त्यस्ता सदस्यलाई सम्बन्धित राष्ट्र भ्रमण गर्नबाट रोक लगाइन्छ। कार्यदलहरूले आफूसँग भएका मानवअधिकारसम्बन्धी सूचनाहरू मानवअधिकार आयोगको वार्षिक सभामा प्रस्तुत गर्दछन्। कुनै समाधिक्षक वा सन्धिजनित निकायले अध्ययन-अनुसन्धान गरेकै विषयको लागि त्यसै राष्ट्रको भ्रमणको लागि कार्यदलहरू जाँदैनन्।

## राष्ट्रसंघीय विशेष समाधिक्षक (Special Rapporteur)

संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगले घोषणा १९८५/३३ मार्फत् विषयगत स्थितिको अध्ययन र जाँचबुझ गर्न एकजना विशेषज्ञ नियुक्त गर्ने व्यवस्था गरेको छ। यस्ता विशेषज्ञलाई विशेष समाधिक्षक भनिन्छ। यस्ता समाधिक्षकले सम्बन्धित महासन्धि अनुमोदन गरेको वा नगरेको, सबैखाले मुलुकमा मानवअधिकारको अवस्थाबारे अध्ययन, जाँचबुझ एवं सूचना सङ्कलन गर्न भ्रमण समेत गर्न सक्दछन्। आफ्नो वैयक्तिक क्षमताका आधारमा उनले स्वतन्त्र ढंगले काम गर्दछन्। यस्ता समाधिक्षकले वर्षमा तीनवटा राष्ट्रको भ्रमण गरी आफूसँग सम्बन्धित विषयको अवस्थाको अनुगमन गर्दछन्।

विशेष समाधिक्षकले राष्ट्रसंघीय मानवअधिकार आयोगको घोषणा १९८५/३३ ले तोकिदिएको कार्यविधिअनुरूप कार्य गर्दछन्। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध, यातनाविरुद्धको महासन्धिका साथै यातनाविरुद्धको अधिकार प्रत्याभूत गरिएका संयुक्त

राष्ट्रसंघद्वारा पारित अन्य अनुबन्धहरू आदि संयन्त्रमा केन्द्रित रही आफ्नो कार्य सम्पादन गर्नु उनीहरूको दायित्व हो।

संयुक्त राष्ट्रसंघीय विशेष समाधिक्षकको अधिकारक्षेत्र निम्नानुसार हुन्छः

- नागरिकको तर्फबाट प्राप्त उजुरीको आधारमा सो नागरिकको संरक्षणका लागि सम्बन्धित राष्ट्रलाई यथाशीघ्र अपील जारी गर्ने,
- उजुरी लिने र सम्बन्धित राज्यलाई आवश्यक कारवाहीका लागि सुझाव दिने,
- तथ्य सङ्कलनका लागि राष्ट्रहरूको भ्रमण/अनुगमन गर्ने,
- आफ्नो वार्षिक प्रतिवेदन मानवअधिकार आयोगसमक्ष पेश गर्ने।

विशेष समाधिक्षकले कुनै पनि राष्ट्रको सरकार, विशिष्ट संगठन, अन्तरसरकारी एवम् गैरसरकारी संस्थाहरू, पीडित, पीडितका परिवार, पीडितका तर्फबाट अन्य कुनै संस्था आदिबाट आधिकारिक र मान्य सूचना सङ्कलन गर्ने र प्राप्त गर्ने, अपील जारी गर्ने, उजुरी लिने तथा सम्बन्धित राज्यलाई सुझाव दिने, सम्बन्धित राष्ट्रको स्वीकृति वा निमन्त्रणामा राष्ट्र भ्रमण गर्नेजस्ता आफ्नो अधिकार क्षेत्रमा उल्लेखित कार्यहरू गर्दछन्।

विशेष समाधिक्षकले आवश्यक परेको खण्डमा सम्बन्धित कार्यदल, सन्धिजनित निकायहरू र संयुक्त राष्ट्रसंघका संयन्त्रहरूसँग सम्बन्धित विषयवस्तुहरूका बारेमा छलफल गर्न सक्छन्। सन्धिजनित निकायहरू, मानवअधिकार आयोगका अन्य निकाय, अपराध नियन्त्रण र फौजदारी न्यायसम्बन्धी आयोग, अन्य विषयका समाधिक्षकहरू, कार्यदलहरू, महासचिवका विशेष प्रतिनिधिहरू आदिसँग समाधिक्षकले नजिकको सम्बन्ध राखेका हुन्छन्, जसबाट उनले आफ्नो विषयसम्बन्धी काममा समन्वय स्थापित गरी प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन्।

राष्ट्रसंघीय विशेष समाधिक्षकले पीडित, पीडितका परिवार र अन्य श्रोतबाट प्राप्त सूचनाका आधारमा जारी गरेको अपील र आफू स्वयंले नै राष्ट्र भ्रमण गरेर प्राप्त गरेको सूचना, विश्लेषणको आधारमा एक प्रतिवेदन तयार गर्दछन्। उक्त प्रतिवेदन मानवअधिकार आयोगको वार्षिक सभामा प्रस्तुत गरिन्छ। यसबाट मानवअधिकार आयोगका प्रतिनिधिका साथै अन्य राष्ट्रहरूलाई पनि सम्बन्धित राष्ट्रको मानवअधिकारको अवस्थाबारे जानकारी

प्राप्त हुन्छ। समाधिक्षकले पेश गरेको प्रतिवेदन मानवअधिकार आयोगको वार्षिक प्रतिवेदनको अनुसूचीमा समावेश गरिन्छ।

## **मानवअधिकार उच्च आयुक्तको कार्यालय** (OHCHR) **र मानवअधिकार आयोगबीचको सम्बन्ध**

राष्ट्रसंघीय मानवअधिकार आयोग र मानवअधिकार उच्च आयुक्तको कार्यालय संयुक्त राष्ट्रसंघीय मानवअधिकार प्रणालीअन्तर्गतका फरक-फरक निकाय हुन्, तर यिनीहरूको कार्यात्मक सम्बन्ध एक अर्कासँग प्रत्यक्षरूपमा सम्बद्ध रहेको हुन्छ।

मानवअधिकार आयोगका बारेमा माथि नै चर्चा गरिसकिएको छ। संक्षेपमा भन्नु पर्दा, यो राष्ट्रहरूको अन्तर्राष्ट्रिय प्रकृतिको मानवअधिकारसम्बन्धी कार्य गर्ने सभा हो। यसले मानवअधिकारको विश्वव्यापी घोषणापत्रका साथै मानवअधिकारसम्बन्धी अन्य दस्तावेजहरूको मस्यौदा गरेको छ। आयोगले मानवअधिकार उल्लङ्घनका घटनाको जाँचबुझ, अनुगमन र अध्ययन प्रतिवेदन सार्वजनिक गरी सम्बन्धित राष्ट्रमा मानवअधिकारसम्बन्धी व्यवस्था र अवस्था कस्तो छ भन्नेबारे जानकारी गराउँदछ। यसमा ५३ सदस्य राष्ट्र छन्, जसको चुनाव संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक परिषद्द्वारा गरिन्छ। हरेक वर्ष छ हप्ताका लागि जेनेभामा आयोगको बैठक बस्ने गर्दछ, जसमा विभिन्न राष्ट्रका सरकारपक्ष, अन्तरसरकारी संस्था र गैरसरकारी संस्थाको तर्फबाट पाँच हजारजना भन्दा बढीको सहभागिता रहेको हुन्छ।

मानवअधिकार उच्च आयुक्तको कार्यालय संयुक्त राष्ट्रसंघीय सचिवालयअन्तर्गत रहने निकाय हो। यसका कर्मचारीले कुनै सरकारका लागि नभई संयुक्त राष्ट्रसंघका लागि कार्य गर्दछ। उच्च आयुक्तको कार्यालयको कार्यक्षेत्र संयुक्त राष्ट्रसंघीय बडापत्र र सन् १९९३ मा अष्ट्रियाको भियनामा सम्पन्न मानवअधिकार सम्मेलनद्वारा पारित भियना घोषणापत्र र कार्ययोजना (Vienna Declaration and Programme of Action) द्वारा निर्धारण गरिएको छ। सामान्यरूपमा उच्च आयुक्तको कार्यालयले मानवअधिकारको प्रबर्द्धन र संरक्षणका लागि संयुक्त राष्ट्रसंघका कार्यहरूलाई सहयोग र संयोजन गर्ने गर्दछ। यसको प्रमुख कार्य मानवअधिकार आयोगलाई आवश्यक

सेवा प्रदान गर्नुका साथै संयुक्त राष्ट्रसंघका अन्य निकायहरूलाई यसअन्तर्गतका मानवअधिकारसम्बन्धी संयन्त्रको कार्यान्वयन भए/नभएको अनुगमन गर्न मद्दत गर्नु हो।

हाल उच्च आयुक्तको कार्यालय मानवअधिकार उच्च आयुक्त लुईस आर्बरको अध्यक्षतामा सञ्चालित छ। उच्च आयुक्त संयुक्त राष्ट्रसंघका अधिकारी हुन्, जो संयुक्त राष्ट्रसंघका महासचिवप्रति जवाफदेही हुन्छन्। मानवअधिकार उच्च आयुक्तको कार्यालयको सम्पूर्ण क्रियाकलापका लागि उच्च आयुक्त उत्तरदायी हुन्छन् र उनले संयुक्त राष्ट्रसंघीय महासभाबाट तोकिएका कार्यहरू गर्दछन्। उच्च आयुक्तले महासचिवलाई मानवअधिकारसम्बन्धी विषयमा नीति निर्माण गर्न सल्लाह, सुझाव दिने गर्दछन्। मानवअधिकारसँग सम्बन्धित कार्य, क्रियाकलापमा मानवअधिकारसँग सम्बद्ध निकायहरूलाई विषयगत र प्रशासनिक सहयोग पनि उच्च आयुक्तले गर्दछन्। यसबाहेक उच्च आयुक्तले महासचिवद्वारा निर्णय गरिएको/तोकिएको अन्य कुनै विशेष कार्य पनि गर्दछन्।

मानवअधिकार उच्च आयुक्तको कार्यालय एक राजनीतिक प्रवृत्तिको निकाय हो र यसको प्रतिनिधित्व यसका सदस्य राष्ट्रका प्रतिनिधिले, विशेष गरी संयुक्त राष्ट्रसंघका लागि विशेष दूतले गर्दछन्। मानवअधिकार आयोग र मानवअधिकार उच्च आयुक्तको कार्यालयबीच रहेको प्रमुख भिन्नतामा आयोगले मानवअधिकारका विषयमा निष्कर्ष निकाल्न त्यस्ता विषयलाई सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायसामू ल्याउँदछ भने उच्च आयुक्त र उनको कार्यालय यस्तो आधिकारिक निकाय हो जसले अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी क्रियाकलापलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। एक अर्काको काममा संयोजन गरेर कार्य गर्ने भएको हुनाले यी दुईबीच कार्यात्मक अन्तर्सम्बन्ध हुन्छ। यसबाट काम दोहोरिने सम्भावना न्यून हुन्छ। उच्च आयुक्तले मानवअधिकार आयोगलाई सेवा र सहयोग प्रदान गर्दछ। विशेष गरी आयोगअन्तर्गत नियुक्त गरिएका विशेष समाधिक्षक (Special Rapporteur) र कार्य दल (Working Groups) को काममा उच्च आयुक्तको कार्यालयले विशेष सघाउ पुऱ्याएको हुन्छ।

# मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्त र नेपाल अधिराज्यको सरकारबीच नेपालमा कार्यालय स्थापना गर्ने सम्बन्धमा सम्पन्न सम्झौता

मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्त (यसपछि "आयोग" वा "उच्च आयुक्त" भनिएको) र नेपाल अधिराज्यको सरकार (यसपछि "श्री ५ को सरकार" भनिएको),

संयुक्त राष्ट्रसंघको वडापत्रका सिद्धान्त तथा उद्देश्यहरू खासगरी मानवअधिकारको प्रवर्द्धन गर्ने तथा सोप्रतिको सम्मान बढाउने कार्यमा अन्तर्राष्ट्रिय सहयोग पुनः पुष्टि गर्दै,

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र तथा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूको पालनाको महत्वको स्वीकार गर्दै,

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको हस्ताक्षर तथा अनुमोदन गर्दा, मानवअधिकार आयोगका संयन्त्रहरूसमक्ष आमन्त्रण गर्दा तथा सन्धिबाट स्थापित निकायहरू र मानवअधिकारसम्बन्धी आयोगका विशेष संयन्त्रद्वारा दिइएका सुझावहरूको कार्यान्वयन गर्दा नेपाल अधिराज्यले व्यक्त गरेको प्रतिबद्धतालाई विचार गर्दै,

श्री ५ को सरकारद्वारा चैत १३, २०६० (तदनुसार सन् २००५ मार्च २६ तारिख) मा घोषित "मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको कार्यान्वयनमा श्री ५ को सरकारको प्रतिबद्धता" मा श्री ५ को सरकारले व्यक्त गरेका यी प्रतिबद्धताहरूलाई समेत विचार गर्दै,

मानवअधिकारको संरक्षण तथा संबर्द्धनका लागि नीति तथा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने कार्यमा नेपाली अधिकारीहरूलाई सहयोग गर्ने, देशमा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना भए नभएकोलगायत मानवअधिकारको स्थितिको अनुगमन गर्ने एवं उच्च आयुक्त र उच्च आयुक्तमार्फत् मानवअधिकार आयोग र महासभालाई अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना भए नभएको र नेपालमा आयोगले गरेका गतिविधिहरूको समीक्षालगायत नेपालमा मानवअधिकारको स्थितिसम्बन्धी विश्लेषणात्मक प्रतिवेदन पेश गर्ने अधिकार प्राप्त आयोगको कार्यालय नेपालमा स्थापना गर्ने श्री ५ को सरकारको चाहनालाई मध्यनजर राख्दै,

संयुक्त राष्ट्रसंघको महासभाले २० डिसेम्बर १९९३ तदनुसार पुस ५, २०५० को प्रस्ताव नं. ४८/१४१ द्वारा मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि उच्च आयुक्तलाई दिएको कार्यादेशलाई मध्यनजर राख्दै,

मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्त र श्री ५ को सरकार, नेपालबीच नेपाल राष्ट्रिय मानवअधिकार आयोगलाई प्राविधिक सहायता उपलब्ध गराउने सम्बन्धमा १३ डिसेम्बर २००४ तदनुसार मंसिर २८, २०६१ मा सम्पन्न समझदारीपत्रलाई स्मरण गर्दै,

यस सम्झौताबमोजिम स्थापना गर्न लागिएको कार्यालय, नेपालले हस्ताक्षर तथा अनुमोदन गरेका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूमा उल्लिखित प्रतिबद्धताहरूलगायत श्री ५ को सरकारले व्यक्त गरेका मानवअधिकारसम्बन्धी प्रतिबद्धताहरूको कार्यान्वयनलाई सहज बनाउने एवं मौलिक मानवअधिकारहरूको संरक्षण तथा सम्बर्द्धन गर्ने कार्यमाा महत्वपूर्ण हुने कुरालाई मनन गर्दै,

तलका कुरामा मञ्जुर गर्दछन्:

**धारा १. परिभाषा**

१. प्रस्तुत सम्झौताको प्रयोजनका लागि देहायका परिभाषाहरू लागू हुनेछन्:

(क) "कार्यालय" भन्नाले काठमाण्डौस्थित मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तको कार्यालय तथा

श्री ५ को सरकारको परामर्शमा नेपालमा स्थापना गर्न सकिने अन्य कुनै पनि शाखा-कार्यालयहरू सम्झनु पर्दछ।

(ख) "श्री ५ को सरकार" भन्नाले नेपाल अधिराज्यको सरकारलाई सम्झनु पर्दछ।

(ग) "महासन्धि" भन्नाले १३ फेब्रुअरी १९४६ तदनुसार फागुन २, २००२ मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा ग्रहण गरिएको एवं २८ सेप्टेम्बर १९६५ तदनुसार असोज १२, २०२२ देखि नेपाल पक्ष भएको संयुक्त राष्ट्रसंघको विशेषाधिकार तथा उन्मुक्तिसम्बन्धी महासन्धिलाई सम्झनु पर्दछ।

(घ) "पक्ष" भन्नाले संयुक्त राष्ट्रसंघ र नेपाल अधिराज्यको सरकारलाई सम्झनु पर्दछ।

(ङ) "कार्यालयका प्रमुख" भन्नाले उच्च आयुक्तअन्तर्गत रही निजको तर्फबाट कार्यालयका गतिविधिहरू सञ्चालन तथा सुपरिवेक्षण गर्ने संयुक्त राष्ट्रसंघीय अधिकारीलाई सम्झनु पर्दछ।

(च) "कार्यालयका पदाधिकारीहरू" भन्नाले स्थानीयस्तरमा नियुक्त गरिएका र घण्टाको हिसाबले काममा लगाइएका व्यक्तिहरूबाहेक मङ्सिर २२, २००३ तदनुसार सन् १९४६ डिसेम्बर ७ तारिखको संयुक्त राष्ट्रसंघ महासभाको प्रस्ताव ७६ (१) मा व्यवस्था गरिएबमोजिम संयुक्त राष्ट्रसंघको कर्मचारी नियमावली र नियमहरूअन्तर्गत नियुक्त गरिएका कार्यालयका प्रमुख तथा यसका सबै कर्मचारी सदस्यहरूलाई सम्झनु पर्दछ।

(छ) "विशेष कामसम्बन्धी विशेषज्ञहरू" भन्नाले संयुक्त राष्ट्रसंघीय अधिकारीहरूबाहेक महासन्धिको धारा ६ अन्तर्गत आयोगको उद्देश्यहरूका लागि विशेष काम गर्ने व्यक्तिहरू सम्झनु पर्दछ।

**धारा २. सम्झौताको उद्देश्य तथा प्रादेशिक क्षेत्र**

नेपालमा उच्च आयुक्तको कार्यालय स्थापना गर्ने, त्यसरी स्थापित कार्यालय एवं कर्मचारीहरू सञ्चालन गर्ने र श्री ५ को सरकारको सहयोगमा कार्यालयका गतिविधिहरूलाई सहज बनाउने यो सम्झौताको उद्देश्य रहेको छ।

**धारा ३. महासन्धि लागू हुने**

नेपालस्थित कार्यालय, यसको सम्पत्ति, कोष तथा पदाधिकारी एवं विशेष कामसम्बन्धी विशेषज्ञहरूको हकमा यो महासन्धि लागू हुनेछ।

**धारा ४. कार्यादेश, साधारण उद्देश्य तथा कार्यालय सञ्चालनका मापदण्डहरू**

१. डिसेम्बर २०, १९९३ मा पारित महासभाको प्रस्ताव नं. ४८/१४१ र यस सम्झौतामा उल्लेख गरिएका कार्यादेशअनुरूप कार्यालयले हिंसात्मक वातावरण र देशको आन्तरिक सशस्त्र द्वन्द्वलाई मध्यनजर राख्दै नेपालमा मानवअधिकारको संरक्षण तथा संबर्द्धनका लागि नीति, कार्यक्रम तथा उपायहरूको तर्जुमा र कार्यान्वयनको सम्बन्धमा नेपालका अधिकारीहरूलाई सल्लाह प्रदान गर्ने उद्देश्यले मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन पालना भए नभएको अनुगमन गर्ने र उच्च आयुक्तले मानवअधिकार आयोग, महासभा एवं महासचिवलाई सोको विश्लेषणात्मक प्रतिवेदनहरू पेश गर्नेछ। कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र रही नागरिक समाजका प्रतिनिधिहरू, मानवअधिकारसम्बन्धी गैरसरकारी संस्था तथा व्यक्तिहरूलाई परामर्श सेवा तथा सहयोग उपलब्ध गराउनेछ।

२. कार्यालयका गतिविधिहरू देहायका मापदण्डहरूद्वारा निर्देशित हुनेछन्:

(क) कार्यालयका सबै गतिविधिहरू आफ्ना कार्यादेश एवं उद्देश्यहरू परिपूर्ति गर्नका लागि लक्षित हुनेछन्,

(ख) कार्यालयले यस सम्झौतामा व्यवस्थित प्रावधानहरूको अधीनमा रही कार्यालयले मानवअधिकारका विषयहरूसँग सम्बन्धित सबै क्षेत्रमा विश्वासको वातावरण प्रबर्द्धन गर्ने तथा राष्ट्रिय सरकारसँग सम्पर्क र समन्वय कायम गर्ने सम्बन्धमा परामर्श तथा सम्वाद केन्द्रको रूपमा कार्य गर्नेछ,

(ग) कार्यालयले आफ्नो क्षेत्राधिकारभित्रका सबै क्षेत्रहरूमा निष्पक्षता, स्वतन्त्रता, वस्तुनिष्ठता र पारदर्शितालगायत संयुक्त राष्ट्रसंघका सिद्धान्तहरूद्वारा निर्देशित भई विवेकसङ्गत ढङ्गले सम्बन्ध स्थापित गर्नेछ।

**धारा ५. कार्यालयका कार्यहरू**

१. आफ्नो क्षेत्राधिकारमा तोकिएबमोजिम कार्यालयले उच्च आयुक्तको

अख्तियारीको मातहतमा रही देहायका कार्यहरू गर्नेछ :

(क) देशको हिंसात्मक वातावरण तथा आन्तरिक सशस्त्र द्वन्द्वलाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय मानवअधिकार अधिकृतहरू आवश्यकताअनुसार अनुसन्धान तथा सत्य प्रमाणीकरणका लागि देशका विभिन्न भागमा पठाउनेलगायत मानवअधिकारको स्थिति र अन्तर्राष्ट्रिय मानवीय कानुन पालना भए/नभएको अनुगमन गर्ने,

(ख) सम्बद्ध अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको पालना सुनिश्चित गराउने उद्देश्यले गैर-राज्यपक्षलगायत सम्बद्ध सबै पक्षहरूलाई संलगन गराउने,

(ग) सम्बद्ध अख्तियार प्राप्त राष्ट्रिय अधिकारीहरूद्वारा लागू गरिएका घरेलु कानुनी कार्यविधिहरू अन्तर्राष्ट्रिय कानुनी दस्तावेजका प्रावधानहरूसँग मेल नखाएको लागेमा र/वा यसका लागि कुनै पनि उपयुक्त कदम नचालिएमा वा सो कदम अपर्याप्त भएको कार्यालयलाई लागेमा कार्यालयले अधिकार प्राप्त अधिकारहरूलाई मानवअधिकार उल्लङ्घन तथा अन्य दुरुपयोगबारे जानकारी गराउने र आवश्यक देखेको ठाउँमाा राष्ट्रिय अधिकारहरूद्वारा निरोधक तथा उपचारात्मक कारवाही गर्नका लागि सिफारिसहरूको तर्जुमा गर्ने। यस उद्देश्यका लागि कार्यालयले कुनै पनि निजी, सार्वजनिक वा सरकारी श्रोतलगायत जुनसुकै श्रोतबाट आवश्यक जानकारी प्राप्त गर्न सक्नेछ। यसरी सूचना प्राप्त गर्दा सूचना दिने व्यक्तिको परिचय भने गोप्य राख्न सकिनेछ। कार्यालयले सूचना दिने व्यक्ति, सूचनासँग सम्बद्ध पीडित तथा त्यस्तो घटनाका प्रत्यक्षदर्शीहरूको संरक्षणका लागि आवश्यक उपायहरूको सिफारिस तथा प्रबर्द्धन गर्न सक्नेछ। कार्यालयले सूचना दिने व्यक्तिहरूलाई सकेसम्म चाँडो अख्तियार प्राप्त अधिकारीसमक्ष सूचनाहरू ल्याउन सल्लाह तथा प्रोत्साहन दिनेछ।

(घ) कार्यालयको स्वायत्ततालाई प्रतिकूल प्रभाव नपर्ने गरी कार्यालयले आफ्ना गतिविधिहरू सञ्चालन गर्ने प्रयोजनका लागि आफूले आवश्यक ठानेका सम्पर्कहरू स्थापना गर्ने, कार्यालयले राष्ट्रिय सन्दर्भलाई विचार गरी मानवअधिकारको पालना गराउने एवं मानवअधिकार स्थितिको स्वतन्त्र तथा निष्पक्ष अनुगमन सुनिश्चित

गराउने उद्देश्यले सबै अधिकारप्राप्त निजामति तथा सैनिक सरकारी निकायसँग र मानवअधिकारको प्रबर्द्धन तथा रक्षाका लागि नागरिक समाजका सङ्गठनहरूसँग निरन्तर सञ्चार सम्बन्ध कायम राख्नेछ। यस उद्देश्यका लागि कार्यालयले माथि उल्लेखित क्षेत्रहरूसँग सञ्चार, परामर्श र संवादका लागि स्थायी संयन्त्रहरूको 'डिजाइन' तथा कार्यान्वयनसम्बन्धी श्री ५ को सरकार र राज्यका अधिकारप्राप्त निकायहरूसँग सहमति कायम राख्नेछ।

(ङ) मानवअधिकारको समग्र परिभाषा तथा विशेषतः मानवअधिकारसम्बन्धी नीतिहरूको कार्यान्वयनका सम्बन्धमा कार्यकारी निकायलाई सल्लाह दिने। मानवअधिकारसम्बन्धी कानुन तथा न्यायिक निर्णयहरू सम्बद्ध अन्तर्राष्ट्रिय लिखत एवं प्रतिबद्धताहरू अनुकूल भएको सुनिश्चित गर्ने उद्देश्यले सरकारका विधायिकी तथा न्यायिक निकायहरूसमेतलाई सल्लाह उपलब्ध गराइनेछ।

(च) नागरिक समाजका प्रतिनिधि र व्यक्तिहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संरक्षण संयन्त्रहरूको प्रयोगलगायत मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन सम्बन्धित सबै विषयहरूमा सल्लाह दिने,

(छ) राष्ट्रिय मानवअधिकार आयोगलाई मानवअधिकारको संरक्षण, सम्बर्द्धन तथा तत्सम्बन्धी प्रतिवेदन लेखनका विषयलगायत मानवअधिकार आयोग ऐन, २०५३ र २६ मार्च २००४ तदनुसार चैत १३, २०६० मा श्री ५ को सरकारले व्यक्त गरेको मानवअधिकार प्रतिबद्धताअनुसार आफ्ना कानुनी अधिकारहरूको प्रयोग गर्न सल्लाह र सहयोग उपलब्ध गराउने,

(ज) राज्य तथा गैरसरकारी निकायहरूलाई मानवअधिकार शिक्षा कार्यक्रम तथा उपयुक्त व्यावसायिक तालिम कार्यक्रमसम्बन्धी सल्लाह दिने,

(झ) विकास कार्यक्रम र शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन संयुक्त राष्ट्रसंघका आवासीय संयोजक र मुलुकको विशेष टोलीलाई मानवअधिकार संरक्षण र क्षमता निर्माणबारे सल्लाह दिनुका साथै नेपालस्थित संयुक्त राष्ट्रसंघीय देशीय टोलीका मानवअधिकार संरक्षण तथा सम्बर्द्धनसँग सम्बन्धित क्रियाकलापहरूको समन्वय

गर्ने,

(ञ) मानवअधिकारको क्षेत्रमा अख्तियारी र उत्तरदायित्व रहेका सरकारी निकायहरूले संयुक्त राष्ट्रसंघका मानवअधिकार निकायहरू तथा अन्य अन्तर्राष्ट्रिय संगठनहरूका सिफारिस र निर्णयहरूलाई दृष्टिगत गरेको कुरा सुनिश्चित गर्ने र त्यस्ता सिफारिस र निर्णयहरूको कार्यान्वयनका लागि विशेष उपायहरू अवलम्बन गर्न त्यस्ता सरकारी निकायहरूलाई सल्लाह दिने।

२. कार्यालयको कार्यादेशभित्रका विषयहरूका सम्बन्धमा सम्वाद प्रबर्द्धन गर्ने र तत्सम्बन्धमा श्री ५ को सरकारको धारणा प्राप्त गर्ने उद्देश्यले आफ्नो चासो र मूल्याङ्कनको जानकारी कार्यालयले श्री ५ को सरकारलाई नियमितरूपमा दिनेछ। मानवअधिकार उच्च आयुक्तले निर्धारण गरेअनुसार कार्यालयले सार्वजनिक प्रतिवेदन र वक्तव्यहरू जारी गर्नेछ।

३. आफ्नो कार्यादेश र कामअनुसार आफूले गरेको क्रियाकलापहरू, आफ्नो कामलाई सहज बनाएका वा काममा अवरोध पुऱ्याएका अवस्थाहरू, श्री ५ को सरकारले गरेको प्रतिबद्धता र अवलम्बन गरेको उपायहरू तथा भावी काम कारवाहीहरूसम्बन्धी प्रतिवेदन कार्यालयले उच्च आयुक्तसमक्ष पेश गर्नेछ।

४. उच्च आयुक्तले नेपालमा मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालनासम्बन्धी एवं कार्यालयले नेपालमा सञ्चालन गरेका क्रियाकलापहरूको समीक्षासम्बन्धी विस्तृत र विश्लेषणात्मक प्रतिवेदनहरू संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोग, महासचिव तथा महासभासमक्ष पेश गर्नेछ। आयोगले उपयुक्त ठानेका प्रतिक्रिया र सिफारिसहरू पनि प्रस्तुत गर्नेछ। आ-आफ्ना कार्यादेश कार्यान्वयन गर्ने उद्देश्यले उच्च आयुक्तले कार्यालयबाट संकलित सम्बद्ध जानकारीहरू नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी सन्धिहरूको सुपरिवेक्षण गर्ने निकायहरू र अन्य संयुक्त राष्ट्रसंघीय संयन्त्र र कार्यक्रमहरूलाई उपलब्ध गराउनेछ।

कार्यालयका निष्कर्षहरू तथ्य तथा उत्तरदायित्वसम्बन्धी पक्षहरूको विश्लेषण र मूल्याङ्कनमा आधारित हुनेछन्। ती निष्कर्ष तथा सिफारिसहरू कार्यालयको कार्यादेशभत्र रही गरिएका अवलोकनका परिणामहरू हुनेछन् र यिनको उद्देश्य मानवअधिकार तथा मानवीय कानुनलगायत मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरू एवं अन्तर्राष्ट्रिय

दायित्वहरूअनुसार कार्य गर्न सम्बन्धित पक्षहरूलाई प्रोत्साहन गर्नु हुनेछ। उच्च आयुक्तले उक्त प्रतिवेदन मानवअधिकार आयोगमा पेश गर्नुभन्दा अगाडि सूचना आदान प्रदान गर्ने प्रयोजनका लागि श्री ५ को सरकारलाई उपलब्ध गराउनेछ।

५. उपयुक्त प्रकरणमा उल्लेख भएबमोजिमका प्रतिवेदनहरूका विषयवस्तुहरूका सम्बन्धमा आफूले उपयुक्त ठानेका टीकाटीप्पणीहरू गरी त्यस्ता प्रतिवेदनका सम्बन्धमा श्री ५ को सरकारले आफ्ना धारणा उच्च आयुक्तलाई उपलब्ध गराउन सक्नेछ र उच्च आयुक्तले त्यस्तो धारणा मानवअधिकार आयोगमा प्रेषित गर्नेछ।

६. राष्ट्रिय मानवअधिकार आयोगलगायतका सरकारी निकायहरूलाई कार्यालयबाट सहयोग तथा परामर्श सेवा प्राप्त गर्नको साथै तिनीहरूका कार्यादेश तथा कार्यालयले तय गरेका सिफारिसहरू कार्यान्वयन गर्न पर्याप्त श्रोत उपलब्ध गराएको सुनिश्चित गर्न श्री ५ को सरकारले हरेक प्रकारको प्रयत्न गर्नेछ। यस सम्बन्धमा महासभाद्वारा सन् १९९३ मा पारित पेरिस सिद्धान्तहरू अनुकूल हुने गरी राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रता र अखण्डता सुरक्षित राखिनेछ।

७. श्री ५ को सरकारले आफ्ना अधिकारी र निकायहरूद्वारा सहयोगको प्रबर्द्धन गर्ने तथा कार्यालयको कार्यादेशको पूर्ण कार्यान्वयनमा प्रभावकारी ढंगले योगदान पुऱ्याउने उद्देश्यले सुरक्षाफौजलगायत आफ्ना अधिकारीहरूबीच कार्यालयको कार्यादेश, वक्तव्य तथा प्रतिवेदनहरूको प्रचार प्रसार गर्न हरेक प्रकारको प्रयत्न गर्नेछ।

८. कार्यालयद्वारा माग गरिएका जाँचबुझहरूको जवाफ दिने श्री ५ को सरकारले हरेक प्रकारको प्रयत्न गर्नुका साथै नेपालको अन्तर्राष्टिय मानवअधिकार तथा मानवीय कानुनसम्बन्धी दायित्वहरूको पालना भएको सुनिश्चित गर्न तत्काल उपचारात्मक कारवाही गर्नेछ।

**धारा ६. कार्यालयको हैसियत**

१. नेपालका अन्य स्थानमा स्थापित हुने शाखा कार्यालयका साथसाथै कार्यालयको मुख्यालय काठमाडौंमा रहनेछ। श्री ५ को सरकारको दृष्टिकोणलाई ध्यानमा राखी कार्यालयको आकार तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कर्मचारीको सन्दर्भमा यसका कर्मचारीका तहहरू मानवअधिकारका लागि उच्च आयुक्तको स्वविवेकबमोजिमको हुनेछ।

२. संयुक्त राष्ट्रसंघका महासचिवले कुनै खास अवस्थामा स्पष्टरूपले उन्मुक्तिको परित्याग गरेकोमा बाहेक कार्यालय र यसको सम्पत्ति, कोष तथा जायजेथा जहाँसुकै र जोसुकैको अधीनमा रहेको भए पनि हरेक प्रकारको कानुनी कारवाहीबाट उन्मुक्त रहनेछन्। तर उन्मुक्तिको परित्याग कुनै कार्यान्वयनसम्बन्धी कारवाहीको हकमा विस्तार हुने छैन।
३. कार्यालयको परिसर अनतिक्रम्य हुनेछ। कार्यालयको सम्पत्ति कोष तथा जायजेथा जहाँसुकै र जोसुकैको अधीनमा रहेको भए पनि कार्यकारी, प्रशासनिक, न्यायिक वा विधायिकी कारवाहीबाट गरिने खानतलासी, अधिग्रहण, जफत, सवामित्वहरण वा अन्य कुनै पनि किसिमको हस्तक्षेपबाट उन्मुक्त रहनेछन्।
४. कार्यालयको अभिलेख तथा सामान्यतया कार्यालयमा भएका वा यसको जिम्मा लिएका सबै कागजातहरू अनतिक्रम्य हुनेछन्।
५. कार्यालयका प्रमुखको स्पष्ट सहमति भएमा तथा निजले सहमति जनाएका शर्तहरूअन्तर्गत बाहेक सम्बद्ध अधिकारीहरू कार्यालयको परिसरभित्र प्रवेश गर्ने छैनन्।

**धारा ७. कोष, जायजेथा र अन्य सम्पत्ति**

१. कुनै पनि किसिमको वित्तीय नियन्त्रण, नियम वा औपचारिक सहमतिबाट गरिएको स्थगनबाट नियन्त्रण नभई, कार्यालयले:
   (क) कुनै पनि किसिमको कोष वा विनिमय अधिकार पत्र आफूसँग राख्न र प्रयोग गर्न, कुनै पनि मुद्रामा खाता सञ्चालन गर्न तथा आफूसँग भएको मुद्रा अन्य मुद्रामा परिणत गर्न सक्नेछ।
   (ख) नेपालभित्रै संयुक्त राष्ट्रसंघीय प्रणालीका अन्य संगठन वा संस्थाहरूमा वा एक देशबाट अर्को देशमा आफ्नो कोष वा मुद्रा हस्तान्तरण गर्न स्वतन्त्र हुनेछ।
   (ग) यसको वित्तीय कारोवारका लागि सबैभन्दा अनुकूल, कानुनबमोजिम उपलब्ध विनिमय दरको उपभोग गर्नेछ।

**धारा ८. कर छुट**

१. कार्यालय, यसको कोष, जायजेथा, आय र अन्य सम्पत्ति:
   (क) सबै प्रत्यक्ष करहरूको छुट दिइनेछ। तर, कार्यालयले सार्वजनिक सेवा सुविधावापत लगाइएका शुल्कहरूको रूपमा रहेका करहरू

छुटका लागि दावी नगर्ने कुरा बोध गरिएको छ।

(ख) कार्यालयको प्रयोगका लागि निकासी वा पैठारी गरेका सामानहरूमा लाग्ने बन्देज, प्रतिबन्ध र भन्सार महसुल छुट हुनेछ। तर कर छुटअन्तर्गत पैठारी गरिएका सामानहरू श्री ५ को सरकारको सहमतिमा निर्धारित शर्तहरूअन्तर्गत बाहेक नेपालमा बिक्री गर्न नपाइने कुरा पनि बोध गरिएको छ।

ग) यसका प्रकाशनहरूको सम्बन्धमा निकासी र पैठारीमा लाग्ने भन्सार महसुल, प्रतिबन्ध र बन्देज छुट पाउनेछ।

**धारा ९. सञ्चार**

१. कार्यालय प्रयोजनका लागि सञ्चार उपकरण स्थापना गर्ने सम्बन्धमा, कार्यालयलाई डाँक, तार, टेलिग्राम, रेडियोग्राम, टेलिफोटो, टेलिफोन तथा अन्य सञ्चार उपकरणहरूको स्थापना एवं सञ्चालन, प्राथमिकता र सोमा लाग्ने शुल्क एवं प्रेस र रेडियोलाई सूचना उपलब्ध गराउने दरको सम्बन्धमा, सञ्चार सुविधाहरूको सम्बन्धमा, श्री ५ को सरकारले कुनै पनि कूटनीतिक नियोग वा अन्तरसरकारी संगठनलाई प्रदान गरेको भन्दा कम नहुने  गरी कार्यालयले सञ्चार सुविधाहरू उपभोग गर्नेछ।

२. कार्यालयको कुनै पनि पत्राचार वा अन्य सञ्चारमा पूर्व प्रतिबन्ध (Censorship) लगाइने छैन। यस्तो उन्मुक्ति, मुद्रित सामग्री, फोटो ग्राफिक तथा विद्युतीय तथ्याङ्क सञ्चार र पक्षहरूबीच सहमति भएबमोजिमका सञ्चारका अन्य स्वरुपहरूको हकमा समेत विस्तार हुनेछ। कार्यालयलाई सङ्केत चिन्हको प्रयोग गर्ने र कुरियर वा शिलबन्दी थैलीहरूमार्फत् चिठ्ठीपत्र पठाउने र प्राप्त गर्ने अधिकार हुनेछ। यी सबै अनतिक्रम्य हुनुका साथै यिनीहरूमा पूर्व प्रतिबन्ध लगाइने छैन।

**धारा १०. कार्यालयका पदाधिकारीहरू**

१. कार्यालयका पदाधिकारीहरू :

(क) आफ्नो पदीय हैसियतमा रही बोलेको वा लेखेको कुराहरू र गरेका सबै कामहरूका सम्बन्धमा कानुनी कारवाहीबाट उन्मुक्ति पाउनेछन्। यस्तो उन्मुक्ति कार्यालयको रोजगारी समाप्त भएपछि पनि उपलब्ध भई रहनेछ।

(ख) आफ्ना झिटीगुण्टा (Baggage) को निरीक्षण तथा जफत हुनबाट उन्मुक्ति पाउनेछन्।

(ग) संयुक्त राष्ट्रसंघले उनीहरूलाई भुक्तानी गरेको तलब र पारिश्रमिकमा लाग्ने कर छुट पाउनेछन्।

(घ) राष्ट्रिय सेवाको दायित्वबाट छुट पाउनेछन्।

(ङ) पति वा पत्नी एवं उनीहरूमा आश्रित नातेदारहरूका हकमा समेत अध्यागमन बन्देजहरू र विदेशीको रूपमा दर्ता (Alien registration) गर्ने कार्यबाट छुट पाउनेछन्।

(च) श्री ५ को सरकारबाट आधिकारिकरूपमा मान्यताप्राप्त कूटनीतिक नियोगका समानस्तरका अधिकारीहरूले प्रदान गरिए सरहका सटही सुविधासम्बन्धी विशेषाधिकार प्रदान गरिनेछ।

(छ) पति वा पत्नी एवं उनीहरूमा आश्रित नातेदारहरू तथा परिवारका अन्य सदस्यहरूका हकमा समेत अन्तर्राष्ट्रिय सङ्कटको बेलामा कूटनीतिक दूत वा प्रतिनिधिले पाएसरह स्वदेश फर्कने (Repatriation) सुविधा दिइनेछ।

(ज) नेपालमा आफ्नो पदभार सम्हाल्दाका बखत फर्निचर, निजी मालसामान तथा घरेलु उपकरणहरूबिना महसुल पैठारी गर्ने अधिकार रहनेछ।

२. नेपाली नागरिक वा नेपालमा स्थायी बसोबास भएका व्यक्तिहरूबाहेकका कार्यालयका पदाधिकारीहरूलाई देहायका अधिकारहरूसमेत पाउनेछन्:

(क) बिक्री वा उपहारका लागि नभई निजी प्रयोग वा उपभोगका लागि केही निश्चित सामानहरू सीमित मात्रामा भन्सार महसुल र अन्तशुल्कबिना पैठारी गर्न,

(ख) कूटनीतिक नियोगका समानस्तरका सदस्यहरूका हकमा लागू हुने नेपालको प्रचलित नियम कानुनबमोजिम मूल्य अभिवृद्धि करलगायत भन्सार महसुल र अन्तःशुल्कबिना नेपालमा एउटा मोटरगाडी पैठारी गर्न वा प्राप्त गर्न।

३. माथि उल्लेख गरिएका विशेषाधिकार तथा उन्मुक्तिहरूका अतिरिक्त, कार्यालय प्रमुख नेपाली नागरिक नभएको अवस्थामा निज आफैं र निजका श्रीमान वा श्रीमती तथा नाबालिग बालबालिकाको सम्बन्धमा, निजलाई सामान्यतया अन्तर्राष्ट्रिय नियोगका प्रमुखहरूलाई प्रदान गरिने विशेषाधिकार, उन्मुक्ति, छुट तथा सुविधाहरू प्रदान गरिने छन्। नेपालको परराष्ट्र मन्त्रालयद्वारा कार्यालयका प्रमुखको नाम कूटनीतिक सूचीमा समावेश गरिनेछ।

**धारा ११. विशेष कामसम्बन्धी विशेषज्ञहरू**

१. नेपालका लागि अस्थायी नियोगमा संलग्न आयोगका प्रतिनिधिहरू तथा कार्यालयको काममा खटिएका अन्य व्यक्तिलाई महासन्धिको धारा ६ को उपधारा २२ र २३ तथा उपधारा ७ को उपधारा २६ मा तोकिएका विशेषाधिकार, उन्मुक्ति तथा सुविधाहरू प्रदान गरिनेछ।

**धारा १२. स्थानीयस्तरमा भर्ना गरिएका र घण्टाको हिसाबले काममा लगाइएका कर्मचारीहरू**

१. नेपालमा भर्ना गरी घण्टाको हिसाबले काममा लगाइएका कर्मचारीहरूलाई आफ्नो पदीय हैसियतमा रही लेखेको, बोलेका कुराहरू तथा सम्पादन गरेका सबै कार्यहरूको सम्बन्धमा कानुनी प्रक्रियाबाट उन्मुक्ति प्रदान गरिनेछ।

**धारा १३. उन्मुक्ति हटाउने**

१. प्रस्तुत सम्झौताअन्तर्गत प्रदान गरिएका विशेषाधिकार तथा उन्मुक्तिहरू सम्बन्धित व्यक्तिगत फाइदाका लागि नभई आयोगको हितलाई ध्यानमा राखी प्रदान गरिएका छन्। संयुक्त राष्ट्रसंघका महासचिवलाई धारा १०, ११ र १२ मा उल्लेखित कुनै पनि व्यक्तिको उन्मुक्तिको न्यायको मार्गमा अवरोध उत्पन्न गर्छ भन्ने लागेमा यस्तो उन्मुक्ति परित्याग गर्नु निजको कर्तव्य र अधिकार हुनेछ र यस्तो उन्मुक्ति आयोगको हितलाई असर नपर्ने गरी परित्याग गर्न सकिेछ।

२. न्याय प्रशासनलाई सहज बनाउन, प्रहरी नियमहरूको पालना गराउन तथा यस सम्झौताअन्तर्गत प्रदान गरिएका विशेषाधिकार, उन्मुक्ति र सुविधाहरूको दुरुपयोग हुनबाट रोक्न आयोगले सदैव सम्बन्धित अधिकारीहरूलाई सहयोग गर्नेछ।

**धारा १४. आवात-जावत गर्ने तथा सम्बद्ध सूचनामा पहुँच राख्ने स्वतन्त्रता**

१. कार्यालयका कर्मचारीहरूलाई नेपालभित्र प्रवेश गर्ने, बाहिर जाने र देशभित्रै आवत-जावत गर्ने स्वतन्त्रता हुनेछ। श्री ५ को सरकारले अधिकार प्राप्त अधिकारीहरूसँगको समन्वयमा निषेधित क्षेत्रहरूमा आवात-जावतको स्वतन्त्रतालाई सहज बनाउनेछ। कार्यालयको कार्यादेशबमोजिम प्रयोग गरिने आवतजावत गर्ने स्वतन्त्रतामा निम्न

लिखित विशेषाधिकाहरूसमेत समावेश हुनेछन्।

(क) पूर्व सूचनाबिना कारागार, बन्दीगृह एवं सोधपुछ स्थलहरूमा पहुँच। बन्दी बनाइएको वा त्यस्ता स्थानमा राखिएको कुनै पनि व्यक्तिलाई कार्यालयका पदाधिकारीहरूले धारा ५ को अनुच्छेद १ (क) बमोजिम एक्लै भेट्न पाउने छन्।

(ख) प्रहरी, सुरक्षाफौज तथा राष्ट्रिय मानवअधिकार आयोगलगायत श्री ५ को सरकारका सबै क्षेत्रका केन्द्रीय र स्थानीय अधिकारीहरूमा पहुँच।

(ग) व्यक्ति, गैरसरकारी क्षेत्र, निजी संस्था, अस्पताल र चिकित्सा केन्द्रहरूका प्रतिनिधिहरू एवं आमसञ्चारमाध्यमसँग प्रत्यक्ष तथा बिनानिगरानी सम्पर्क।

(घ) नेपाल अधिराज्यको संविधानले तोकेका र विशेषाधिकार प्राप्त सूचना संलग्न कागजातहरूबाहेकका कार्यालयका, क्रियाकलापहरू सही ढंगले सञ्चालन गर्न आवश्यक पर्न सक्ने कागजात तथा सामग्रीमा पहुँच।

### धारा १५. लेसे पेसे *(Laissez-Passer)*

१. संयुक्त राष्ट्रसंघबाट कार्यालयका अधिकारीहरूका नाममा जारी गरिएको लेसे पेसेलाई श्री ५ को सरकारले राहदानी सरह बैध यात्रा गर्ने कागजात (travel document) को रूपमा मान्यता दिने र स्वीकार गर्नेछ।

२. महासन्धिको धारा २६ मा गरिएको व्यवस्थाबमोजिम श्री ५ को सरकारले आयोगको कामको सिलसिलामा यात्रा गर्ने व्यक्तिहरूलाई संयुक्त राष्ट्रसंघले जारी गरेका प्रमाणपत्रहरूलाई मान्यता दिने र स्वीकार गर्नेछ।

३. त्यस्ता प्रमाणपत्र वा लेसे पेसेमा आवश्यक प्रवेशाज्ञा जारी गर्न श्री ५ को सरकार सहमत भएको छ।

### धारा १६. झण्डा, प्रतीक र चिन्ह

१. कार्यालयले आफ्नो क्षेत्रमा, गाडीमा र पक्षहरू (Parties) बीच सहमति भएबमोजिम अन्य कुनै पनि किसिमले संयुक्त राष्ट्रसंघको झण्डा र/वा प्रतीक चिन्ह फहराउन वा प्रदर्शन गर्न सक्नेछ।

### धारा १७. परिचय पत्र

१. श्री ५ को सरकारले कार्यालयका प्रमुखको अनुरोधमा कार्यालयका

कर्मचारीहरूलाई कार्यालयका कर्मचारी सदस्यको रूपमा आफ्नो कामको सिलसिलामा आवश्यक सम्बन्धित जानकारी प्राप्त गर्ने तथा आवत-जावत गर्ने स्वतन्त्रता, उन्मुक्ति तथा विशेषाधिकार पाएको प्रमाणित गर्ने उपयुक्त परिचयपत्रहरू जारी गर्नेछ।

२. कार्यालयका कर्मचारी सदस्यहरूले कुनै पनि अधिकारप्राप्त सरकारी अधिकारीको अनुरोधमा आफ्नो परिचयपत्र देखाउनेछन्, तर त्यस्तो परिचयपत्र सुम्पने छैनन्।

३. कार्यालयका कर्मचारी सदस्यको कार्यकाल समाप्त भएपछि वा सरुवा भएपछि निजले आफ्नो परिचयपत्र श्री ५ को सरकारलाई अविलम्ब फिर्ता बुझाएको कार्यालयले सुनिश्चित गर्नेछ।

**धारा १८. सरकारले गर्नुपर्ने कामहरू**

१. श्री ५ को सरकारले नेपाल अधिराज्यभर कार्यालय र यसका कर्मचारीहरूलाई आफ्ना गतिविधिहरू प्रभावकारी रूपले सञ्चालन गर्न आवश्यक परी अनुरोध गरेको सुरक्षा उपलब्ध गराउनेछ। यसका लागि सम्बद्ध अधिकारीले कार्यालय र कर्मचारीको सुरक्षा र संरक्षण सुनिश्चित गर्नुका साथै बाहिरी व्यक्ति तथा समूहहरूको अनाधिकृत प्रवेशद्वारा वा कार्यालयको निकट आसपासमा भएको गडबडीले कार्यालयको शान्ति भङ्ग नहोस् भन्ने कुराको सुनिश्चित गर्न प्रयत्नशील रहनेछ।

२. श्री ५ को सरकारले कार्यालय र यसका कर्मचारीहरूको हैसियतको सम्मान गर्नुका साथै कार्यालयसँग सम्बन्धित कुनै पनि व्यक्तिलाई आफ्नो हैसियतको कारणले कुनै पनि दुर्व्यवहार, धम्की, प्रतिशोध वा कानुनबमोजिम अभियोजन नगरिने, नदिइने वा नलिइने कुराको सुनिश्चित गर्नेछ।

३. यो सम्झौतामा उल्लेख गरिएका कार्यालय तथा यसका कर्मचारीले पाउने विशेष सुविधा, उन्मुक्ति र अधिकारहरू एवं श्री ५ को सरकारले प्रदान गर्ने सुविधाहरूको सम्बन्धमा, अधिकारप्राप्त स्थानीय अधिकारीहरूद्वारा यस्ता विशेष सुविधाहरू, उन्मुक्ति तथा अधिकारहरूको सम्मान र उल्लिखित सुविधाहरू दिने कुराको सरकारले सुनिश्चित गर्नेछ।

४. श्री ५ को सरकारले सामान्यतया आम मानिसमा र विशेषत: निजामती, सैनिक तथा प्रहरीतर्फका राष्ट्रिय तथा विभागीय अधिकारीहरूमा व्यापक प्रचारप्रसार गर्न सबै आधिकारिक सञ्चारमाध्यमको उपयोग गर्नेछ।

सरकारले अधिकारप्राप्त अधिकारीहरूले लागू गरेका घरेलु कानुनी कार्यविधिहरूलाई अन्तर्राष्ट्रिय कानुनी दस्ताबेजहरूसँग अनुकूल राख्न ती अधिकारीहरूलाई कार्यालयबाट प्राप्त सुझाव वा सिफारिसहरूबारे पनि जानकारी गराउनेछ।

**धारा १९. विवादको समाधान**

१. प्रस्तुत सम्झौता वा अन्य कुनै पूरक सम्झौताको व्याख्या र प्रयोगका सम्बन्धमा कार्यालय र श्री ५ को सरकारबीच उत्पन्न कुनै पनि विवाद वार्ता वा मञ्जुर गरिएका समाधानका अन्य कुनै पनि विधिद्वारा समाधान हुन नसके कुनै एक पक्षको अनुरोधमा मध्यस्थताका समक्ष पेश गरिनेछ। प्रत्येक पक्षले एक मध्यस्थ नियुक्त गर्नेछन् र यसरी नियुक्त दुई मध्यस्थहरूले तेस्रो मध्यस्थको नियुक्ति गर्नेछन्, जो अध्यक्ष हुनेछ। मध्यस्थताका लागि अनुरोध गरिएको तीस (३०) दिनभित्रमा कुनै पनि पक्षले मध्यस्थको नियुक्ति नगरेमा वा दुईजना मध्यस्थहरू नियुक्ति भएको पन्ध्र (१५) दिनभित्रमा तेस्रो मध्यस्थको नियुक्ति नभएमा कुनै एक पक्षले न्यायको अन्तर्राष्ट्रिय अदालतका अध्यक्षलाई मध्यस्थ नियुक्त गर्न अनुरोध गर्न सक्नेछ। मध्यस्थताको कार्यविधि मध्यस्थहरूले नै निर्धारण गर्नेछन् र यसमा हुन गएको खर्च मध्यस्थहरूले निर्धारण गरेबमोजिम दुवैपक्षले व्यहोर्नु पर्नेछ। मध्यस्थ निर्णयमा आधार लिइएका कारणहरूको उललेख गरिनेछ र यसलाई विवादको अन्तिम न्यायिक निरोपणको रूपमा दुवै पक्षले स्वीकार गर्नेछन्।

**धारा २०. सरकारसँगको सम्पर्क**

कार्यालयका क्रियाकलापसम्बन्धी सबै कामको सञ्चार सम्बन्धका लागि उत्तरदायी हुने गरी श्री ५ को सरकारले निर्णय गर्ने अधिकारप्राप्त एक उच्चस्तरीय सम्पर्क निकाय तोक्नेछ।

**धारा २१. पूरक सम्झौताहरू**

उच्च आयुक्त र श्री ५ को सरकारले यो सम्झौताको पूरक सम्झौताहरू पनि सम्पन्न गर्न सक्नेछन्।

**धारा २२. अन्तिम व्यवस्थाहरू**

१. यो सम्झौता हस्ताक्षर भएको मितिदेखि अस्थायीरूपमा लागू भई श्री ५

को सरकारले मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तलाई तत्सम्बन्धी आफ्ना आन्तरिक कार्यविधिहरू पूरा भएको जानकारी गराएको मितिदेखि पूर्ण रूपले लागू हुनेछ। यस सम्झौताले नेपाल राष्ट्रिय मानवअधिकार आयोगलाई प्राविधिक सहायता उपलब्ध गराउने सम्बन्धमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्त र श्री ५ को सरकार, नेपालबीच १३ डिसेम्बर २००४ तदनुसार मंसिर २८, २०६१ मा हस्ताक्षर सम्पन्न भएको समझदारीपत्रलाई बदर तथा प्रतिस्थापन गरेको छ।

२. यो सम्झौता दुई वर्षका लागि बहाल रहनेछ। दुवै पक्षले यसको समयावधि बढाउन इच्छा व्यक्त गरी लिखित सूचनाको आदानप्रदान गरेर यसको अवधि दुई वर्षका लागि बढाउन सक्नेछन्। यस्तो सूचना यस अनुच्छेदमा उल्लिखित दुई वर्ष अवधि समाप्त हुनुभन्दा अगावै ९० दिनभित्र पठाइनेछ।

३. नेपालमा कार्यालयका गतिविधिहरूको नियमित अन्त्य र यसको सम्पत्ति तथा जायजेथा व्यवस्थापनको सम्बन्धमा बाहेक कुनै एक पक्षले सम्झौता अन्त्य गर्ने निर्णय गरेको सूचना अर्को पक्षलाई उपलब्ध गराएको मितिले ६ महिनापछि यो सम्झौता बहाल रहनेछैन।

अङ्ग्रेजी भाषाको दुई सक्कल प्रतिहरूमा सन् २००५..... ... तदनुसार ...........मा जेनेभामा सम्पन्न भयो।

| | |
|---|---|
| (हस्ताक्षरित) | (हस्ताक्षरित) |
| **परराष्ट्रमन्त्री** | **मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्त** |
| नेपाल अधिराज्य | जेनेभा |
| काठमाडौँ | चैत २६, २०६१ |
| चैत २८, २०६१ | |
| (१०/०४/२००५) | (०८/०४/२००५) |

# नेपालका सम्बन्धमा पारित कार्यसूची प्रकार (एजेण्डा आइटम)–१९

(२० अप्रिल २००५)

**नेपालमा प्राविधिक सहयोग एवं परामर्श सेवाहरू:** प्रकार (आइटम)-१९
**मानवअधिकार आयोग प्रस्ताव :** २००५

**मानवअधिकार आयोग**

- मानवअधिकारसम्बन्धी छ वटा प्रमुख महासन्धिहरू अनुमोदन गरेर नेपालले आफ्ना जनताको मानवअधिकार संरक्षण गर्ने दायित्वलाई स्वतन्त्ररूपमा स्वीकार गरेको तथ्यलाई स्मरण गर्दै,
- संयुक्त राष्ट्रसंघीय सुरक्षापरिषद्द्वारा पारित महिला तथा शान्ति-सुरक्षासम्बन्धी प्रस्ताव १३२५ (सन् २०००),[1] सशस्त्र द्वन्द्वमा नागरिकको संरक्षणसम्बन्धी प्रस्ताव १२६५ (सन् १९९९)[2] र १२९६ (सन् २०००)[3] तथा बालबालिका र सशस्त्र द्वन्द्वसम्बन्धी प्रस्ताव १५३९ (सन् २००४)[4] को कार्यान्वयनको महत्वलाई स्मरण गर्दै,
- २७ अगष्त २००३ मा युद्धविराम भङ्ग भएपछि जारी द्वन्द्वमा नागरिकहरू बढ्दो संख्यामा शिकार भएको तथ्यप्रति गम्भीर चिन्ता एवं सरोकार व्यक्त गर्दै,
- नेपालको मानवअधिकारको वर्तमान अवस्थाप्रति, सुरक्षा निकायद्वारा गरिने मानवअधिकारको उल्लङ्घनप्रति, खास गरेर गैरकानुनी हत्याप्रति, हरेक प्रकारको यौनजन्य हिंसा, जबरजस्ती विस्थापन तथा बेपत्ता पारिने एवं राजनीतिक दलका नेता वा कार्यकर्ता, मानवअधिकार रक्षक, पत्रकार एवं अन्य सर्वसाधारणप्रति भौतिक आक्रमणका घटना तथा व्याप्त दण्डहीनताका सम्बन्धमा पनि गहन चिन्ता एवं सरोकार अभिव्यक्त गर्दै,
- नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सदस्यहरूद्वारा नागरिकविरुद्ध गरिने सबै प्रकारका हिंसा तथा अन्य आपराधिक कार्यहरू जस्तै जीउज्यानविरुद्धको आक्रमण, वैयक्तिक स्वतन्त्रता एवं सुरक्षामाथि आक्रमण, गैरकानुनी हत्या,

सबै किसिमको यौनजन्य हिंसा, बलजफ्ती पैसा असुल्ने कार्य आदिलाई कडारूपमा निन्दा गर्दै,

- अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गर्ने जिम्मेवारी सरकारको भएकाले यी अपिलहरू मूलत: श्री ५ को सरकारतिर लक्षित छन् भन्ने तथ्यप्रति सचेत हुँदै, साथै नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा युद्ध अपराध एवं मानवताविरुद्धको अपराधको श्रेणीमा पर्न सक्ने गरी गरिएको मानवीय कानुनको उल्लङ्घनप्रति गम्भीर चिन्ता प्रकट गर्दै,
- २६ मार्च २००४ मा श्री ५ को सरकारद्वारा गरिएको "मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुनलाई कार्यान्वयन गर्नेसम्बन्धी प्रतिबद्धता" लाई स्मरण गर्दै,
- "मानवअधिकार सहायतासम्बन्धी अध्यक्षको वक्तव्य"[५] लाई मनन गर्दै,
- श्री ५ को सरकार प्रधानमन्त्री कार्यालयद्वारा मानवअधिकार प्रबर्द्धन केन्द्र स्थापना गरिएकोलाई दृष्टिगत गर्दै,
- बलजफ्ती बेपत्ता पारिएकाहरूसम्बन्धी कार्यकारी समूहद्वारा २८ जनवरी २००५ मा प्रस्तुत मिसन प्रतिवेदन एवं मानवअधिकार उच्चायोगद्वारा नेपालसम्बन्धी आफ्नो गतिविधिबारे प्रस्तुत प्रतिवेदन (जसमा ३१ जनवरी २००५ को प्राविधिक सहयोगसम्बन्धी प्रतिवेदन पनि संलग्न छ) लाई ध्यानमा राख्दै,
- १ फरवरी २००५ मा जारी गरिएको संकटकालीन अवस्थाको घोषणा तथा शाही घोषणाले नेपालमा प्रजातन्त्रमाथि गहिरो धक्का पुऱ्याएको एवं कानुनी राजलाई कमजोर तुल्याएको तथ्यप्रति गम्भीर चिन्ता प्रकट गर्दै,
- राजनीतिक नेता एवं कार्यकर्ताहरू, मानवअधिकार रक्षकहरू, पत्रकार एवं सर्वसाधारणको जथाभावी गिरफ्तारी तथा गोप्य थुना, बेपत्ता तथा यातनाप्रति गम्भीर सरोकार अभिव्यक्त गर्दै,
- १० अप्रिल २००५ मा श्री ५ को सरकार एवं मानवअधिकार उच्चायोग कार्यालयबीच नेपालमा कार्यालय स्थापना गर्नेसम्बन्धी सम्झौताको स्वागत गर्दै, साथै श्री ५ को सरकारले मानवअधिकारको उल्लङ्घनका केही मामिलामा गरेको कार्यवाहीलाई समेत दृष्टिगत गर्दै,

आन्तरिकरूपमा विस्थापितहरूको मानवअधिकारका सम्बन्धमा महासचिवका विशेष प्रतिनिधिको वर्तमान भ्रमण र यातना तथा अन्य क्रुर, अमानवीय एवं अपमानजनक व्यवहार वा सजायसम्बन्धी विशेष

प्रतिवेदकलाई दिइएको निमन्त्रणालाई ध्यानमा राख्दै,

१. श्री ५ को सरकारलाई नेपाल अधिराज्यको संविधानमा व्यवस्था भएबमोजिम बहुदलीय प्रजातान्त्रिक संस्थाहरू तत्काल वहाल गर्न एवं बिना कुनै अपवाद कानुनी शासनलाई सम्मान गर्न आह्वान गरिन्छ।

२. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको धारा ४ ले व्यवस्था गरेबमोजिम खासगरी जीवनको अधिकार, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको अधिकारलाई कुनै पनि परिस्थितिमा न्यूनीकरण हुन नसक्ने प्रावधान गरेको तथा न्यूनीकरण गर्ने उपाय अवलम्बन गरिँदा हरेक मामिलामा उक्त धाराबमोजिम मात्र गर्नुपर्ने एवं मानवअधिकार समितिको सामान्य टिप्पणी नं. २१ (२००१) मा व्यवस्था भएबमोजिम, मुलुकको अस्तित्व खतरामा परेको सार्वजनिक संकटकालीन अवस्थामा अपवाद एवं अस्थायीरूपमा मात्र गर्नुपर्ने कुरा अनुरोध गरिन्छ।

३. श्री ५ को सरकारलाई तत्काल नागरिक तथा राजनीतिक अधिकार बहाल गर्न, संकटकालीन अवस्थामा गरिएका एवं अन्य जथाभावी थुनालाई बन्द गर्न, व्यापकरूपमा गरिएको सेन्सरसिप हटाउन, विचार, अभिव्यक्ति, प्रेस नियन्त्रण हटाउनका साथै भेला हुने अधिकार बहाल गर्न, थुनामा राखिएका नेता तथा कार्यकर्ताहरू, मानवअधिकार रक्षक, पत्रकार वा अन्य सबैलाई तत्काल रिहा गर्न, सम्पूर्ण नागरिकहरूलाई मुलुकभित्र एवं बाहिर निर्बाध आवत-जावत गर्न दिन एवं सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्वहरूका साथै २६ मार्च २००४ मा प्रतिबद्धता व्यक्त गरिएको २५ बुँदाहरूलाई सम्मान गर्न आह्वान गरिन्छ।

४. नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को पटक-पटकका निम्न क्रियाकलापलाई कडारूपमा निन्दा गरिन्छः

   (क) सर्वसाधारणप्रति लक्षित गैरकानुनी हत्या, बलात्कार, जबरजस्ती पैसा असुल्ने, बलजफ्ती विस्थापन, व्यापक अपहरण, बलजफ्ती भर्ना तथा श्रम।

   (ख) राजनीतिक दलका नेता तथा कार्यकर्ता, मानवअधिकार रक्षक, पत्रकार, शान्ति कार्यकर्ता एवं अन्य सर्वसाधारणको जीवन सम्मान एवं सुरक्षाविरुद्ध आक्रमण।

   (ग) नागरिकहरूका लागि आवश्यक खाद्यान्नलगायत अन्य आवश्यक वस्तुहरूको आपूर्तिलाई रोक्न काठमाडौं एवं अन्य सहरी क्षेत्रको

नाकाबन्दी गर्ने।

५. त्यसैगरी ठूलो संख्यामा बालबालिकालाई माओवादी सेनामा भर्ना गर्ने वा प्रयोग गर्ने कार्यलाई पनि कडा निन्दा गरिन्छ, तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सदस्यहरूसँग बालबालिकालाई भर्ना गर्ने कार्य रोक्न तथा भाग लिइसकेकाहरूको सैन्य प्रयोगलाई सुरक्षा परिषद्को प्रस्ताव एस/१५३९ (२००४) मा उल्लेख भएबमोजिम तत्काल बन्द गर्न आग्रह गरिन्छ।

६. अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न, नेपाली जनताको मानवअधिकारको उपयोग गर्न पाउने कुराको सम्मान गर्न तथा तत्काल बिना कुनै शर्त हिंसालाई बन्द एवं परित्याग गर्न, निशस्त्र हुन एवं राजनीतिक प्रक्रियामा सहभागी हुन, नेपाली जनता आफ्नो सरकार चुन्न स्वतन्त्र छन् भन्ने मनशायले वार्तामा आउन नेकपा (माओवादी) लाई सशक्त आग्रह गरिन्छ।

७. द्वन्द्वरत सबै पक्षलाई मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान गर्न जेनेभा महासन्धि १९४९ को साझा धारा ३ का साथै खासगरी महिला तथा बालबालिकालगायतका नागरिकहरूको संरक्षणसँग सम्बन्धित मापदण्डअनुसार कार्य गर्न एवं मानवीय संगठनहरूको पहुँचलाई बिना बाधा अवरोध सहायताको आवश्यकता भएकाहरूसम्म सुनिश्चित हुनुपर्छ।

८. श्री ५ को सरकारसँग आग्रह गरिन्छ कि:

(क) आमहत्या, हरेक प्रकारका यौनजन्य हिंसा, बलजफ्ती बेपत्ता पारिने, जथाभावी गिरफ्तारी, गैरकानुनी सम्पर्कविहीन थुनाका साथै यातना, अमानवीय वा अपमानजनक व्यवहार वा सजायलाई रोकथाम एवं बन्द गर्न आवश्यक सबै उपायहरू अवलम्बन गर्न।

(ख) बलजफ्ती बेपत्ता पारिएका पीडितहरूको स्थिति स्पष्ट गर्न सम्पूर्ण आवश्यक एवं उचित उपायहरू अवलम्बन गर्न एवं आवश्यक भएमा यस क्षेत्रमा कार्यरत राष्ट्रिय वा अन्तर्राष्ट्रिय विशेषज्ञ समितिहरूको कार्यलाई पनि ध्यानमा राख्न।

(ग) आतङ्कवादविरुद्ध एवं सुरक्षासम्बन्धी सम्पूर्ण कानुन एवं अवलम्बन गरिएका सम्पूर्ण उपायहरू सम्बन्धित अन्तर्राष्ट्रिय प्रचलन एवं नेपाल अधिराज्यको संविधानले तोकेको मापदण्डअनुरूप छ भन्ने तथ्य सुनिश्चित गर्न।

(घ) राजनीतिक नेता तथा कार्यकर्ता, मानवअधिकार रक्षक, पत्रकार एवं

सबै नागरिकको नागरिक अधिकार तथा राजनीतिक अधिकारको संरक्षणलाई सुनिश्चित गर्न आवश्यक उपायहरू अवलम्बन गर्न।

(ङ) सुरक्षा परिषद्को प्रस्ताव १३२५ (२०००) मा जोड दिइएअनुसार महिला तथा बालिकाहरू लिङ्गमा आधारित हिंसाको शिकार हुनुबाट संरक्षण गर्न एवं महिला वा बालबालिकाको बेच-बिखनलाई रोकथाम एवं सजाय गर्न समेत उचित एवं आवश्यक कदमहरू अवलम्बन गर्न।

(च) शरणार्थीहरूको मानवअधिकारको संरक्षण एवं सम्मान गर्न तथा निष्काशन नगर्नसमेत आवश्यक एवं उचित कदमहरू चाल्न।

(छ) दण्डहीनतासँग लड्न मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुनका आरोपित उल्लङ्घनका घटनाहरूको तत्काल एवं निष्पक्ष छानवीन गर्नुका अतिरिक्त नेपाल अधिराज्यको संविधान एवं न्याय, स्वच्छता एवं कानुनको उचित प्रक्रियासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डबमोजिम फौजदारी अदालतमा मुद्दा चलाइने तथ्य सुनिश्चत गर्न।

(ज) शान्ति, स्थिरता मानवअधिकारको संरक्षण वा सम्बर्द्धन गर्न एवं प्रजातन्त्रको रक्षा गर्न तुरुन्त राजनीतिक दलहरूसँग राष्ट्रिय सम्वादको थालनी गर्न।

(झ) स्थानीय निकायको स्वतन्त्र एवं स्वच्छ निर्वाचनको योजना बनाउन प्राविधिक सहयोगका लागि अन्तर्राष्ट्रिय समुदाय एवं संयुक्त राष्ट्रसंघसँग अनुरोध गर्न।

९. आन्तरिकरूपमा विस्थापित व्यक्तिहरूलाई तत्काल संरक्षण एवं सहायता प्रदान गर्न, यसमध्ये महिला तथा बालबालिकाको आवश्यकतामाथि विशेष ध्यान पुऱ्याउन, उनीहरूको सुरक्षित फिर्ती एवं देशको अन्य उचित भागमा उनीहरूको पुनर्स्थापना एवं एकीकरण गर्न तथा आन्तरिकरूपमा विस्थापितहरूको निर्देशक सिद्धान्तलाई दृष्टिगत गर्दै यससम्बन्धी उचित नीति एवं कानुनहरू विकसित गर्न श्री ५ को सरकारलाई आह्वान गरिन्छ।

१०. न्यायपालिकाको स्वतन्त्रता एवं प्रभावकारितालाई सुनिश्चित गर्न आह्वान गर्दै प्रभावकारी न्यायिक उपचार संरक्षण गर्न खासगरी बन्दी प्रत्यक्षीकरणको आदेशलाई सम्मान गर्न तथा अदालती आदेशहरूलाई पूर्ण पालना गर्न आग्रह गरिन्छ।

११. श्री ५ को सरकारलाई आह्वान गरिन्छः

(क) संयुक्त राष्ट्रसंघीय पेरिस सिद्धात एवं मानवअधिकार ऐन २०५३ बमोजिम राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रता, संस्थागत निरन्तरता एवं स्थायित्व सुनिश्चित गर्न।

(ख) थुनुवा राखिएका बन्दीगृहका साथै शाही नेपाली सेनाको हिरासतस्थलमा समेत कुनै बाधा तथा कुनै पूर्व सूचना बिना नै राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार उच्चायोग एवं रेडक्रस अन्तर्राष्ट्रिय समितिको पहुँच सुनिश्चित गर्न।

(ग) राष्ट्रिय मानवअधिकार आयोग एवं यसका क्षेत्रीय कार्यालयहरूसमेतलाई सुरक्षा निकायलगायत सरकारका सबै अङ्गले आयोगको कानुनी कार्यादेश निर्वाह गर्न एवं आयोगका सदस्यहरूले मानवअधिकारको संरक्षण एवं प्रबर्द्धनको कार्य गर्ने वातावरण निर्माण गर्न आवश्यक सुरक्षा एवं सहयोग उपलब्ध गराउन।

१२. श्री ५ को सरकारको खासगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धअन्तर्गत सन्धि दायित्वको पालन गर्न प्रस्तुत गरेको आवधिक प्रतिवेदनको स्वागत गर्दै सन्धि संयन्त्रद्वारा दिइएको सिफारिसहरू खासगरी महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन महासन्धिअन्तर्गतको जनवरी २००४ मा दिइएको सिफारिशहरू एवं सबै किसिमका जातीय भेदको निर्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिअन्तर्गत मार्च २००४ को सिफारिसहरूलाई कार्यान्यिन गर्न अनुरोध गरिन्छ।

१३. श्री ५ को सरकारलाई आयोगको विशेष प्रक्रियाअन्तर्गतको भ्रमणका लागि निम्तो गर्न प्रोत्साहित गर्नुका अतिरिक्त यसलाई पूर्ण सहयोग गर्न एवं यसका सिफारिसहरू खासगरी बलजफ्ती बेपत्ता तुल्याइएका सम्बन्धमा कार्यकारी समूहको हालैको सिफारिसहरू तथा विशेष गरी सैनिक छाउनीमा गरिने सम्पर्कविहीन थुनालाई पूर्ण प्रतिबन्ध गर्नेसम्बन्धी सिफारिसलाई कार्यान्वयन गर्न अनुरोध गरिन्छ।

१४. नेपाली अधिकारीहरूलाई मानवअधिकारको सम्बर्द्धन एवं संरक्षणका लागि नीति एवं कार्यक्रमको विकास गर्न, मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुनको पालनासम्बन्धी अनुगमन जसमा अन्तर्राष्ट्रिय मानवअधिकार अधिकृतहरू एवं अन्तर्राष्ट्रिय व्यक्तिहरू कार्यरत रहेको स्थलगत कार्यालयहरूद्वारा सम्झौतामा उल्लेख भएबमोजिम एवं नेपालमा कार्यरत अन्य संस्थाहरूसँग सहयोग गर्दै अनुसन्धान एवं प्रमाणीकरण गर्न अनुरोध गरिन्छ।

१५. श्री ५ को सरकारलाई १० अप्रिल २००५ मा संयुक्त राष्ट्रसंघीय

मानवअधिकार उच्चायुक्तसँग हस्ताक्षर गरिएको सम्झौता तत्काल एवं पूर्णरूपमा लागू गर्न तथा नेपालमा स्थापना हुन लागेको मानवअधिकार उच्चायुक्तको कार्यालयको कार्यालयलाई आफ्नो कार्यादेश पूरा गर्न सबै किसिमको पूर्ण सहयोग गर्न एवं मिसनका विशेषज्ञहरूले भेट्न चाहेका मानिसहरूसँग स्वतन्त्र एवं निर्बाध भेटघाट सुनिश्चित गर्न आवश्यक कदम चाल्न समेत आह्वान गरिन्छ।

१६. यो प्रस्तावको कार्यान्वयनका लागि श्री ५ को सरकारलाई सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई प्रोत्साहन गरिन्छ।

१७. मानवअधिकार उच्चायुक्तलाई नेपालमा मानवअधिकारको अवस्थाका साथै प्राविधिक सहयोगबारे समेत महासचिवमार्फत् महासभाको साठिऔं बैठक एवं आयोगको बैसठ्ठिऔं बैठकमा प्रतिवेदन प्रस्तुत गर्न आग्रह गरिन्छ।

१८. संयुक्त राष्ट्रसंघको बैसठ्ठिऔं बैठकमा यसै कार्यसूची प्रकारअन्तर्गत नेपालको मानवअधिकार स्थितिबारे विचार विमर्श गर्न निरन्तरता दिइने निर्णय गरिन्छ।

---

**नोट**

१ संयुक्त राष्ट्रससंघीय सुरक्षा परिषद्ले महिला तथा शान्ति-सुरक्षासम्बन्धी प्रस्ताव १३२५ (सन् २०००) लाई परिषद्को सन् २००० अक्टोबर ३१ मा सम्पन्न ४२१३ औं बैठकबाट पारित गरेको थियो। महिला तथा बालिकामाथि पर्ने सशस्त्र द्वन्द्वको असरलाई दृष्टिगत गर्दै उनीहरूको सुरक्षा तथा शान्ति प्रक्रियामा सहभागिता सुनिश्चित गर्ने उद्देश्य प्रस्तावनासहितको १८ बुँदे प्रस्तावले राखेको छ।

२ संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले सशस्त्र द्वन्द्वमा नागरिकको संरक्षणसम्बन्धी प्रस्ताव १२६५ (सन् १९९९) लाई परिषद्को सन् १९९९ सेप्टेम्बर १७ मा सम्पन्न ४०४६ औं बैठकबाट पारित गरेको थियो। सर्वसाधारण नागरिकलाई सशस्त्र द्वन्द्वबाट संरक्षण गर्ने उद्देश्य प्रस्तावनासहितको २३ बुँदे यस प्रस्ताव राखेको छ।

३ संयुक्त राष्ट्रसघीय सुरक्षा परिषद्को ४१३० औं बैठकले सन् २००० अप्रिल १९ मा पारित गरेको प्रस्ताव १२९६ (सन् २०००) पनि सशस्त्र द्वन्द्वमा नागरिकको संरक्षण गर्नेसम्बन्धी नै छ। प्रस्तावनासहितको २६ बुँदे यो प्रस्ताव अघिल्लो प्रस्ताव १२६५ (सन् १९९९) को निरन्तरता हो। यसले सशस्त्र द्वन्द्वबाट पीडित नागरिकका हकमा छुट्टाछुट्टै (केस बाई केस) कार्य गर्नुपर्नेमा जोड दिएको छ।

४ संयुक्त राष्ट्रससंघीय सुरक्षा परिषद्ले बालबालिका र सशस्त्र द्वन्द्वसम्बन्धी प्रस्ताव १५३९ (सन् २००४) लाई सन् २००४ अप्रिल २२ मा पारित गरेको थियो। सशस्त्र द्वन्द्वले बालबालिकामाथि पारेको असरलाई दृष्टिगत गर्दै उनीहरूको सुरक्षा गर्ने उद्देश्य प्रस्तावनासहितको १६ बुँदे यस प्रस्तावले राखेको छ।

५ संयुक्त राष्ट्रससंघीय मानवअधिकार आयोगका अध्यक्षले आयोगको ६० औं सभामा सन् २००४ अप्रिल २० मा दिनु भएको वक्तव्यलाई यहाँ उल्लेख गरिएको हो। आठ बुँदे अध्यक्षीय वक्तव्यमा नेपालको तत्कालीन मानवअधिकारको स्थितिका बारेमा चर्चा गर्दै नेपालमा मानवअधिकार स्थिति सुदृढीकरणका लागि सहयोग गर्न अन्तर्राष्ट्रिय समूदायलाई प्रोत्साहन समेत गरिएको थियो। साथै ६१ औं सभामा नेपालबारे एक प्रतिवेदन पेश गर्न मानवअधिकार उच्चायुक्तको कार्यालयलाई अनुरोध पनि गरिएको थियो।

# मानवअधिकार तथा मानवीय कानुनको कार्यान्वयनमा श्री ५ को सरकारको प्रतिबद्धता

(२०६० चैत १३ तदनुसार २७ मार्च २००४)

नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताका आधारमा नेपाली जनताबीच भ्रातृत्व र एकता कायम गर्ने किसिमको समाज सिर्जना गर्ने नेपाली जनताको इच्छा र आकांक्षाको स्मरण गर्दै,

नेपाल अधिराज्य पक्ष भएका मानवअधिकार एवं मानवीय कानुनसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूबमोजिम आफ्ना कर्तव्य र दायित्वहरूलाई निर्वाह गर्ने श्री ५ को सरकारको प्राथमिकतालाई पुनः स्मरण गर्दै,

श्री ५ को सरकार देहायबमोजिम प्रतिबद्धता व्यक्त गर्दछ-

१. जात, जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक आस्था वा विचार, सामाजिक उत्पत्ति, अशक्तता, सम्पत्ति, जन्म वा अन्य कुनै आधारमा भेदभाव नगरी प्रत्येक नागरिकलाई मानवअधिकार संरक्षणको प्रत्याभूति प्रदान गरिनेछ।

२. प्रत्येक व्यक्तिलाई जीवन, सम्मान र सुरक्षाको अधिकार रहनेछ। जीवनप्रतिको अधिकार जुनसुकै परिस्थितिमा सम्मानित हुनेछ। यस उद्देश्यका लागि, हातहतियार बिसाएका, बिरामी, घाइते वा पक्राउ परेका वा हतियारधारी गतिविधि त्यागेका वा सक्रियतापूर्वक त्यस्ता गतिविधिमा नलागेकाहरूलाई संरक्षण प्रदान गर्ने जेनेभा महासन्धिहरू र खासगरी ती महासन्धिहरूका साझा धारा ३ (तीन) का प्रावधानलाई सम्मान र कार्यान्वयन गर्न तत्काल निर्देशनहरू जारी गरिनेछ।

३. कसैलाई पनि बिना कारण पक्राउ गरिने वा नजरबन्दमा राखिने छैन। गैरकानुनी वा बिना कारण पक्राउ र जबर्जस्ती बेपत्तालाई रोक्न

उपायहरू अवलम्बन गरिनेछ।

४. पक्राउ भएको व्यक्तिलाई पक्राउ गर्नुपर्नाको कारणसहितको सूचना यथाशक्य चाँडो दिइनेछ। प्रचलित कानुनबमोजिम बाहेक कसैलाई पनि रातको समयमा पक्राउ गरिनेछैन। थुनामा रहेको स्थान र स्थानान्तरणसम्बन्धी सूचना थुनुवाको परिवारका सदस्य, निजको कानुन व्यवसायी र त्यस्तो सूचना प्राप्त गर्न योग्य व्यक्तिलाई उपलब्ध गराइनेछ। थुनुवा राखिने प्रत्येक स्थानमा त्यहा रहेका प्रत्येक व्यक्तिको नाम, प्रवेश मिति र छुटेको वा स्थानान्तरण भएको मिति उल्लेख गर्न एक रजिस्टर राखिनेछ।

५. निर्बाध कानुनी पुर्पक्षको अधिकारलाई सम्मान र संरक्षण गरिनेछ। थुनामा रहेका व्यक्तिले निजको परिवार, कानुन व्यवसायी र तोकिएका कानुनी प्रावधानअन्तर्गत मिल्ने अन्य कुनै व्यक्तिसँग कुराकानी गर्न पाउनेछन्। अभियुक्त स्वयंलाई आफ्नो मुद्दाको सुनुवाइमा उपस्थित हुने अधिकार रहनेछ। निज स्वयं वा निजले रोजेको कानुन व्यवसायीद्वारा आफ्नो तर्फबाट पुर्पक्ष गर्ने अधिकार हुनेछ। निजलाई खुला वा गोप्यरूपमा त्यस्तो व्यवसायीबाट सल्लाह लिने अधिकार रहनेछ।

६. थुनामा राखिने व्यक्तिलाई आधिकारिक मान्यता प्राप्त स्थानमा राखिनेछ। थुनामा रहेका व्यक्तिहरूलाई मानवोचित स्थानमा राखिनेछ र पर्याप्त खाना, पिउने पानी, उपयुक्त बास, कपडा, स्वास्थ्य र सरसफाइको सुविधा एवं सुरक्षा प्रदान गरिनेछ।

७. अभियुक्तलाई कानुनबमोजिम उचित समयावधिभित्र स्वतन्त्र र निष्पक्ष/पमा कारवाही गर्नसक्ने सक्षम अदालतबाट मुद्दाको सुनुवाइ गर्नपाउने अधिकार हुनेछ।

८. थुनामा रहेका अभियुक्तलाई शारीरिक वा मानसिक यातना वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने वा दण्ड दिइनेछैन। यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानुनले तोकेबमोजिम क्षतिपूर्ति दिइनेछ र यस्ता व्यवहारका लागि जिम्मेवार व्यक्ति उपर कानुनबमोजिम कारवाही र सजाय हुनेछ।

९. थुनाबाट मुक्त गरिँदा भरपर्दो प्रमाण उपलब्ध गराई व्यक्तिको आत्मसम्मान र अधिकार प्रत्याभूत गरिनेछ।

१०. प्रभावकारी न्यायिक उपचारका निमित्त अदालतबाट दिइएका

बन्दीप्रत्यक्षीकरणलगायतका आदेशहरूको सम्मान गरिनेछ। थुनुवाको अवस्था, स्वास्थ्यस्थिति जाँच्ने अधिकार एवं पक्राउ गर्ने र सो अधिकार दिने अधिकारीहरूको पहिचान गर्ने अधिकारको प्रत्याभूति गरिनेछ। यस्ता अधिकारका विरुद्ध हुने कुनै पनि बदनियतपूर्ण कार्य कानुनबमोजिम दण्डनीय हुनेछन्।

११. कुनै पनि व्यक्तिउपर सोही कसुरमा एकपटक भन्दा बढी मुद्दा चलाइने वा सजाय गरिनेछैन। न्याय प्रदान हेतु कानुनबमोजिम सबै न्यायिक प्रक्रियाअनुरूप कार्य गर्न सक्षम अदालतलाई मात्र सजाय तोक्ने अधिकार रहनेछ।

१२. प्रत्येक नागरिकलाई अधिराज्यभरि आवतजावत र रोजेको ठाउँ बसोबास गर्ने स्वतन्त्रता हुनेछ। विस्थापित व्यक्तिहरूलाई आफ्नो घर वा रोजेको वासस्थानमा फर्कने अधिकार सुनिश्चित गरिनेछ।

१३. खाद्य, औषधिलगायतका मानवीय आवश्यकताहरूको आपूर्तिसम्बन्धी व्यवस्थालाई अधिराज्यभर सुनिश्चित गरिनेछ।

१४. शैक्षिक संस्थाहरूलाई "शान्ति क्षेत्र" को रूपमा मान्यता दिई त्यस्ता संस्थाका हाताभित्र शिक्षा वा शान्ति भङ्ग गर्ने क्रियाकलापलाई छुट दिइनेछैन।

१५. प्रत्येक व्यक्तिलाई विचार, अभिव्यक्ति र धर्मसम्बन्धी स्वतन्त्रता हुनेछ। यस्तो स्वतन्त्रताले आफूले चाहेको धर्म वा विश्वासबमोजिम पूजाअर्चना र पालना समेतलाई समेट्नेछ। प्रचलित कानुनबमोजिम आफ्ना विचारलाई निर्वाध व्यक्त गर्ने अधिकार सबै व्यक्तिलाई हुनेछ। यस्तो अधिकारअन्तर्गत सबै किसिमको सूचना खोज्ने, प्राप्त गर्ने र प्रसारण गर्ने कुरा समेटिनेछन्।

१६. प्रत्येक व्यक्तिलाई कानुनबमोजिम अरूसँग मिली संघसंस्था खोल्ने स्वतन्त्रता हुनेछ। बिना हातहतियार शान्तिपूर्वक भेला हुने अधिकार निर्बाध रहनेछ। प्रत्येक नागरिकलाई सार्वजनिक गतिविधिमा स्वयं वा स्वतन्त्रतामा निर्वाचित प्रतिनिधिमार्फत् सहभागी हुने अधिकार हुनेछ।

१७. महिला तथा बालबालिकालाई विशेष संरक्षणको अधिकार रहनेछ। महिला तथा बालअधिकार पूर्ण/पमा संरक्षण गरिनेछ र बालअधिकारसम्बन्धी महासन्धि एवं महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिजस्ता अन्तर्राष्ट्रिय महासन्धिको सम्मान गरिनेछ। यस्ता

भेदभावहरूको समाप्तिका लागि सम्बन्धित संयन्त्रलाई सुदृढ गरिनेछ।

१८. मानवअधिकारका सिद्धान्तहरू तथा अन्तर्राष्ट्रिय मानवीय कानुनहरूको कार्यान्वयनमा लागेका मानवअधिकारवादी समूहहरू, अन्य गैरसरकारी संस्थाहरू तथा मानवअधिकारकर्मीहरूलाई संरक्षण प्रदान गरिनेछ।

१९. मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका सम्बन्धमा सुरक्षा निकायहरूलाई दिइने तालिमलाई निरन्तरता दिइनेछ।

२०. आतङ्कवादविरुद्धको कुनै पनि कानुन यस सन्दर्भमा स्थापित अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी मान्यतासम्मत हुनेछन्।

२१. विगतका मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लङ्घनका घटनाहरूलाई हेर्न र आवश्यक उपायहरूको मूल्याङ्कन गर्नका लागि श्री ५ को सरकारले एउटा उपयुक्त संयन्त्रको स्थापना गर्नेछ।

२२. हराएका भनिएका व्यक्तिहरूको स्थिति तथा स्थान निश्चित गर्नका लागि श्री ५ को सरकारको पूर्ण सहयोग रहनेछ। अन्तर्राष्ट्रिय रेडक्रसलाई थुनुवा राखिने सबै स्थानमा पहुँचलगायतका कार्यमा सहयोग निरन्तर रहनेछ।

२३. राष्ट्रिय मानवअधिकार आयोगको मानवअधिकार अनुगमन तथा छानबिन कार्यलाई सहज तुल्याउन र आयोगले दिएका सुझावहरूलाई कार्यान्वयन गर्नका लागि एक उच्चस्तरीय मानवअधिकार संरक्षण समिति गठन गरिनेछ। उक्त समितिले सम्बन्धित सरकारी निकायहरूले सम्पादन गर्ने निम्न कार्यहरूको सुपरिवेक्षण गर्नेछ-

(क) मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाको छानबिन तथा उल्लङ्घन गर्ने जिम्मेवारहरूमाथि कारवाही।

(ख) थुनुवाइसम्बन्धी कानुनको पालना।

(ग) सुरक्षा बलको सम्पर्कमा आउने सबै व्यक्तिको मानवअधिकारको संरक्षण।

(घ) गैरकानुनी वा बिनाकारण थुनामा रहेकाहरूको तत्काल रिहाइ।

(ङ) अदालतको आदेश तथा निर्णयहरूको तत्काल कार्यान्वयन।

(च) मानवअधिकार हननका लागि जिम्मेवारहरूविरुद्ध आवश्यक कानुनी कारवाही।

(छ) पीडितहरूलाई क्षतिपूर्तिका लागि सिफारिस।

२४. श्री ५ को सरकारले देहायबमोजिमका कार्य सम्पन्न गर्न राष्ट्रिय मानवअधिकार आयोगलाई आवश्यक सहयोग उपलब्ध गराउनेछ।

(क) आयोगले आफ्नै वा अन्य कुनै पनि स्रोतबाट प्राप्त गरेको मानवअधिकार उल्लङ्घन वा निरुत्साहनको उजुरीका आधारमा आयोगको आफ्नै संयन्त्रबाट वा श्री ५ को सरकारको कुनै निकाय वा अन्य कुनै अधिकारी वा व्यक्तिहरू मार्फत् अनुसन्धान गर्ने।

(ख) कुनै पनि व्यक्ति वा संस्थाको लापरबाहीबाट हुने मानवअधिकार उल्लङ्घनलाई रोक्न अनुसन्धान गर्ने र कुनै संस्थालाई मानवअधिकारका कानुनी प्रावधानका सम्बन्धमा जानकारी दिने वा सचेत गराउने।

(ग) श्री ५ को सरकारअन्तर्गतका कुनै पनि निकाय वा बन्दीगृह वा कुनै संस्थाहरूको भ्रमण, अवलोकन र निरीक्षण गर्ने र मानवअधिकारको संरक्षणका लागि बन्दीगृहका लागि भौतिक वा अन्य कुनै सुविधा सुधारका लागि आवश्यक पर्ने उपायका सम्बन्धमा श्री ५ को सरकारलाई सिफारिस गर्ने।

(घ) मानवअधिकारको प्रभावकारी कार्यान्वयनका लागि कानुनी प्रावधानहरूको पुनरावलोकन तथा कार्यान्वयनका लागि आवश्यक उपायहरू बारे सुझाव दिने।

(ङ) नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको प्रभावकारी कार्यान्वयन तथा ती सन्धिहरूअनुरूप पेस गर्नुपर्ने प्रतिवेदनलगायतका विषयमा सुझाव दिने।

(च) मानवअधिकारसँग सम्बन्धित विषयहरूमा अध्ययन अनुसन्धान गर्ने, मानवअधिकार सम्बर्द्धनका बारेमा शिक्षण तथा सूचना प्रवाह गर्ने र मानवअधिकारसम्बन्धी क्षेत्रहरूमा कार्यरत गैरसरकारी संस्थाहरूलाई प्रोत्साहित गर्ने।

(छ) मुलुकमा विद्यमान मानव अधिकारको स्थितिको समीक्षा गर्ने।

(ज) मानवअधिकारसम्बन्धी प्रतिबद्धताको सम्मान भए नभएको तथा खासगरी बाँच्न पाउने अधिकार र ज्यान तथा अङ्गभङ्गबाट सुरक्षा, व्यक्तिगत स्वतन्त्रता, कानुनी प्रक्रिया, अभिव्यक्तिको स्वतन्त्रता, संघसंस्था खोल्ने स्वतन्त्रता र बालबालिका, आन्तरिक/पमा विस्थापित व्यक्तिहरू र भेदभाव हुनसक्ने अन्य कुनै समूहलगायतका

अति कमजोर समूहहरूको स्थितिबारे छानबिन गर्न आफ्नो अनुगमन निकाय स्थापना गर्ने।

(झ) केन्द्रीयस्तरमा आयोगको क्षमता अभिवृद्धि गर्ने तथा क्षेत्रीयस्तरमा आयोगको पहुँच विस्तार गर्ने।

(ञ) आयोगका कर्मचारीहरू तथा प्रतिनिधिहरूको मुलुकभर निर्बाध आवतजावत गर्न र कुनै पनि व्यक्ति वा समूहसँगको बन्दीगृहमा वा बन्दी बनाइराखेको शङ्का लागेको ठाउँमा गोप्य वा खुला अन्तर्वार्ता लिने।

(ट) राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारी वा प्रतिनिधि तथा आयोगलाई सूचना वा प्रमाण उपलब्ध गराउने कुनै पनि व्यक्तिको सुरक्षा निश्चित गर्ने।

(ठ) मानवअधिकारको संरक्षणमा सुधारका उपायबारेका सुझाव वा सूचनाका लागि आयोगद्वारा गरिएका अनुरोधमा यथाशीघ्र जवाफ दिने।

(ड) आयोगको अनुसन्धानपछि आपराधिक अनुसन्धान र कारवाही गर्नुपर्ने यथोचित कारण देखिएमा मुलुकका सम्बन्धित कानुनी निकायमा पठाउने।

(ढ) विश्वसनीय, निष्पक्ष र स्वतन्त्र अनुगमन तथा छानबिन गर्नेलगायतका आफ्ना निर्दिष्ट कार्यहरू सम्पन्न गर्नका निमित्त आयोगको संस्थागत र मानव संसाधन विकास गर्नका लागि संयुक्त राष्ट्रसंघलगायतबाट विशेष बाह्य सहयोग उपलब्ध गराउन सघाउ पुऱ्याउने।

२५. माथि उल्लेख गरिएका मानवअधिकारसम्बन्धी प्रावधानहरूको उल्लङ्घन रोक्नका लागि र त्यस्ता उल्लङ्घन गर्नेहरूलाई जवाफदेही बनाउन श्री ५ को सरकारले आवश्यक व्यवस्था गर्नेछ।

*(प्रधानमन्त्री सूर्यबहादुर थापाद्वारा चैत १३ गते सार्वजनिक “मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको कार्यान्वयनमा श्री ५ को सरकारको प्रतिबद्धता” को पूर्ण पाठ।)*

# नेपालका लागि मानवअधिकार सहायताबारे राष्ट्रसंघीय मानवअधिकार आयोगको ६० औं बैठकका अध्यक्षको वक्तव्य

(एकाइ १९)

**मानवअधिकार आयोग**

१. अगस्त २७, २००३ मा युद्धविराम भङ्ग भएपछि नेपालमा रहेको मानवअधिकारको स्थिति र अनवरत हिंसाका कारण पीडित नागरिकको बढ्दो संख्याप्रति आफ्नो ध्यान आकृष्ट भएको जनाउँछ। आयोग श्री ५ को सरकारलाई नेपालका सम्पूर्ण नागरिकले मौलिक अधिकारको उपयोग गर्न सकुन् भन्नका लागि आफ्नो योगदान सबल बनाउन आग्रह गर्दछ।

२. नेकपा (माओवादी) द्वारा जथाभावी गरिएको हिंसा, बालबालिकालाई सशस्त्र द्वन्द्वमा सहभागी गराउनेलगायतका कार्यका लागि भर्त्सना गर्दै उसलाई हिंसा त्याग्न र सम्पूर्ण व्यक्तिको मानवअधिकारको सम्मान गर्न आग्रह गर्दछ।

३. नेपालमा मानवअधिकारको अवस्थाप्रति सरकारले देखाएको चासो र दिएको योगदानका लागि उसको सम्मान गर्दछ। सम्पूर्ण हिंसामा खोजी गर्ने र कानुनी कारवाही चलाउने योगदानका लागि आयोग सराहना गर्दछ। यस सन्दर्भमा, आयोग सरकारबाट सन् २००४ मार्च २६ मा "मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन लागू गर्ने प्रतिबद्धता", विशेष गरी मानवअधिकार तथा मौलिक स्वतन्त्रताको प्रबर्द्धन र संरक्षणका लागि अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको प्रावधान पूरा गर्ने वचनबद्धताको आयोग स्वागत गर्दछ।

४. आयोग श्री ५ को सरकारको मानवअधिकारप्रतिको वचनबद्धताको स्वागत गर्दछ साथै, यस प्रयोजनका लागि सरकारले दिएको योगदान र सम्बद्ध कार्यालयप्रति समर्थन जनाउँछ। मानवअधिकार उच्चायुक्तको

कार्यालय (ओएचसिएचआर) जसको उद्देश्य प्राविधिक सहायताको विकास, सल्लाहकार सेवा, खासगरी राष्ट्रिय मानवअधिकार आयोगलाई आवश्यक वाहय सहायता पुऱ्याउने रहेका छन्, यस प्रयोजनका लागि त्यसको संस्थागत तथा मानव संसाधनको विकास गर्न, जसले संस्थालाई आफ्नो उद्देश्य पूरा गर्न, राष्ट्रव्यापी निष्पक्ष तथा विश्वसनीय अनुगमन एवं स्वतन्त्र अनुसन्धान गर्न सघाओस्, का लागि समझदारीपत्र (एमओयू) मा हस्ताक्षर गरिएको छ।

५. मानवअधिकारसम्बन्धी विभिन्न सन्धि-निकायहरूमा आवधिक प्रतिवेदन पेश गरेकोमा श्री ५ को सरकारको स्वागत गर्दछ। सन्धि-निकायहरूका लागि राष्ट्रिय प्रतिवेदन तयार पार्न र उनीहरूको सिफारिसको पर्याप्त अनुगमन गर्न आवश्यक भएमा मानवअधिकार उच्चायुक्तको कार्यालय ( ओएचसिएचआर) बाट सहायता प्राप्त गर्न पनि प्रोत्साहन गर्दछ। सरकारद्वारा आयोगका विशेष प्रतिवेदक (स्पेसल ऱ्यापोर्टर) लाई निम्ता दिइएकोमा उक्त निम्ताको आयोग स्वागत गर्दछ।

६. सशस्त्र द्वन्द्वमा बालबालिकाको सहभागिताविषयक बालअधिकार महासन्धिको ऐच्छिक सन्धिपत्रमा सरकारले हस्ताक्षर गरेकोमा स्वागत गर्दछ। सो सन्धिपत्र पारित गर्न आयोग सरकारलाई अनुरोध गर्दछ।

७. नेपालको वर्तमान  मानवअधिकारको स्थितिमा सुधार ल्याउन  राज्यको क्षमता अभिवृद्धिका लागि सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई प्रोत्साहन गर्दछ।

८. मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसिएचआर) लाई उसले नेपालमा गरेका क्रियाकलापबारे, आयोगलाई पुऱ्याएको प्राविधिक सहयोगको पनि उल्लेखसहित, प्रतिवेदन बनाई ६१ औं बैठकमा पेश गर्न अनुरोध गर्दछ।

# आयोगद्वारा पारित अफगानिस्तान, हैटी, नेपाल, टिमोर-लेस्ट तथा कोलम्बियाका बारेमा जारी अध्यक्षको वक्तव्य

**बुरुण्डी, चाद, प्रजातान्त्रिक गणतन्त्र कङ्गोको आतङ्कका बारेमा स्वतन्त्र विज्ञ नियुक्त गर्ने निर्णय**

*(प्राप्त भएअनुसार पुन:प्रकाशन)*

जेनेभा, २१ अप्रिल (राष्ट्रसंघ सूचना सेवा)। मानवअधिकार आयोगले अफगानिस्तान, हैटी, नेपाल र टिमोर-लेस्टमा सल्लाहकार सेवा र प्राविधिक सहयोग प्रावधानसम्बन्धी अध्यक्षको वक्तव्य आज पारित गऱ्यो। आयोगले कोलम्बियासम्बन्धी अध्यक्षको अर्को वक्तव्य पनि पारित गरेको छ।

नेपाललाई दिइने मानवअधिकार सहयोगका सम्बन्धमा अध्यक्षको वक्तव्यमा भनिएको छ- सन् २००३ अगस्त २७ मा युद्धविराम भङ्ग भएपछि कायम रहेको हिंसाका कारण सर्वसाधारण पीडित हुने क्रम बढ्दो अवस्थामा रहेकोले नेपालको मानवअधिकारको स्थितिप्रति आयोगको ध्यानाकर्षण भएको छ। आयोग नेपालका सम्पूर्ण नागरिकलाई मौलिक हक उपभोग गर्ने अवस्थाको सृजना गर्ने दिशामा सरकारलाई प्रयास गर्न अनुरोध गर्दछ। साथै, नेकपा ( माओवादी) द्वारा जोसुकैलाई पनि हिंसाको शिकार बनाइएको र सशस्त्र द्वन्द्वमा बालबालिकालाई प्रयोग गरिएकोमा आयोग आपत्ति जनाउँछ। आयोगले नेकपा (माओवादी)लाई नागरिकको मानवअधिकारको सम्मान गर्न र हत्याहिंसा त्याग्न कडा शब्दमा आग्रह गरेको छ। आयोगले सरकारलाई सुरक्षा तथा सशस्त्र समूहसमेत भएका सबै प्रकारका हिंसाका सम्बन्धमा अनुसन्धान गर्न र कानुनी कारवाही चलाउन प्रोत्साहन गरेको छ। आयोग, सरकारले २००४ मार्च २६ मा "मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन लागू गर्ने

सम्बन्धमा जनाएको वचनबद्धता," खासगरी मानवअधिकार र मौलिक स्वतन्त्रताको सम्बर्द्धन र संरक्षण तथा अन्य अन्तर्राष्ट्रिय आचारको परिपूर्तिको अडानको स्वागत गर्दछ।

आयोग, सरकार र मानवअधिकार उच्चायुक्तको कार्यालयप्रति उनीहरूको योगदानका लागि समर्थन जनाउँछ। मानवअधिकारका क्षेत्रमा बाहिरबाट पुऱ्याइने विकास प्रविधि सहायता, सल्लाहकार सेवा तथा आवश्यक सहयोगका लागि समझदारी पत्रमा हस्ताक्षर गरेको र खासगरी राष्ट्रिय मानवअधिकार आयोगलाई काम गर्न दिएकोमा  आयोगले यो समर्थन गरेको हो। आयोग मानवअधिकारका क्षेत्रमा यस प्रकारको सहयोग आगामी दिनमा पनि निरन्तर प्राप्त हुने अपेक्षा राख्दछ। आयोगको विशेष पद्धतिलाई नेपालमा काम गर्न दिइएकोमा पनि सरकारको स्वागत गरिएको छ। आयोग उनीहरूलाई पूर्ण सहायता गर्न र उनीहरूको सुझाव-सिफारिस कार्यान्वयन गर्न पनि सरकारलाई प्रोत्साहित गर्दछ। सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नतासम्बन्धी बालअधिकार विषयक महासन्धिको ऐच्छिक सन्धिपत्रमा हस्ताक्षर गरेकोमा पनि आयोग सरकारको प्रशंसा गर्दछ। साथै, आयोग सरकारलाई सो दस्तावेज अनुमोदन गर्न पनि आग्रह गर्दछ।

**संयुक्त राष्ट्रसंघ**
**आर्थिक–सामाजिक परिषद्**

डिस्ट: साधारण
इ/सीएन ४/२००५/६५/एड. १
२८ जनवरी २००५
मूल-अङ्ग्रेजी

**मानवअधिकार आयोग**
**एकसठ्ठीऔं सत्र**
**प्रस्तावित एजेण्डाको आइटम ११ (बी)**

*नागरिक र राजनीतिक अधिकार*
*(बेपत्ता पारिएका र संक्षिप्त गतिविधिका प्रश्नहरू समाविष्ट)*

# बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धी प्रश्न
# बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धी कार्यदलले तयार पारेको प्रतिवेदन

*मिसन टू नेपाल*
*६-१४ डिसेम्बर २००४*

- मिसनको संक्षिप्त प्रतिवेदन सबै औपचारिक भाषामा तयार पारिँदै छ। प्रतिवेदन बुझाउनका लागि मात्र अङ्ग्रेजीमा तयार पारी बुझाइएको हो। यसमा सन्दर्भ सामग्री पनि समावेश गरिएको छ।
- प्रस्तुत प्रतिवेदन मिसनको मितिहरूभन्दा ढिला गरी प्रस्तुत गरिएको छ।

# संक्षेप

नेपाल सरकारको आग्रहमा बलपूर्वक वा अस्वैच्छिक बेपत्तासम्बन्धी कार्यदलले डिसेम्बर ६ देखि १४, २००४ सम्म नेपालको भ्रमण गरेको थियो। कार्यदलका अध्यक्ष स्टिफन जे टूपे र सदस्य सइद राजाइ खोरासानीले नेपालको भ्रमण गर्नुभएको थियो। भ्रमणको उद्देश्य, तत्सम्बन्धी प्राप्त जानकारी सरकारलाई प्रदान गरी त्यसमा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी मान्यताअनुसार परीक्षण र कारबाही गर्न आग्रह गर्नु थियो। विगत दुई वर्षमा बलपूर्वक वा जवर्जस्ती बेपत्ताका घटनामा भएको वृद्धिका कारण कार्यदलको भ्रमण भएको हो।

प्रतिनिधिमण्डलले श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीरविक्रम शाहदेवबाट दर्शनभेट ग्रहण गरेको थियो। त्यसै क्रममा न्यायिक एवं सैनिक निकायका उच्चपदस्थ अधिकारी, गैरसरकारी संघ-संस्थाका प्रतिनिधि, बेपत्ता पारिएकाहरूका नातेदार र नेपालस्थित अन्तर्राष्ट्रिय समुदायका सदस्यहरूसँग पनि प्रतिनिधिमण्डलले भेटवार्ता गरेको थियो।

नेपालमा आन्तरिक द्वन्द्वबाट प्रभावित सबै पक्षहरूद्वारा कार्यदललाई जानकारी उपलब्ध गराइएको थियो। कार्यदलले नेपाली जनता र अधिकारीहरूले भोग्दै आएका चरम कठिनाइबारे जानकारी प्राप्त गर्‍यो। कार्यदललाई माओवादी अत्याचारबारे पनि जानकारी गराइएको थियो। यो जानकारी कार्यदलको प्रमाणका लागि महत्वपूर्ण भए पनि यसलाई नेपालका राज्यपक्षीय अधिकारीहरूद्वारा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको प्रयोगमा अवरोध सिर्जना गरेका रूपमा लिइन्छ। यसले माओवादीहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानुनप्रति सम्मान व्यक्त गर्ने र आफ्नै देशवासीको पीडा कम गर्ने आवश्यकतालाई कटौती गर्न कुनै पनि रूपले अधिकार प्रदान गर्दैन। नेपालमा बेपत्ताको घटना बढ्दो छ। माओवादी विद्रोही र नेपाली सुरक्षाकर्मी दुवैले स्वेच्छाचारी ढंगले बेपत्ता पार्ने काम गर्ने गरेका छन्। अत्याचारीहरू राजनीतिक र कानुनी दण्डहीनताको अभावमा सुरक्षित छन्। ग्रामीण क्षेत्रबाट प्राप्त विवरणहरूमा बेपत्ता पारिनेहरूको अवस्था अज्ञात रहने गरेको

जनाइएको छ। हामीले मुलुकभरिबाट प्राप्त जानकारीका आधारमा देशमा मुख थुनी बस्ने संस्कृतिको तीव्र गतिमा विकास भएको सुनेका छौं। बेपत्ता पारिएका घटनाबारे जानकारी गराई माओवादी र सेना दुवैबाट बदला लिन सकिने भयबाट भयभित भएकाले मुख थुनी बस्ने संस्कृतिको विकास भएको छ।

यस किसिमका धेरै घटनाका सम्बन्धमा बेपत्ता पारिएका वा सैनिक हिरासतमा राखिएका व्यक्तिहरूका नातेदारले उनीहरूसँग सैनिक शिविरमा भेट्न खोज्दा उनीहरूले सैनिकहरूको यातनापूर्ण छानबिनको सामना गर्नुपर्ने अवस्था देखिएको छ। धेरै परिवारहरूलाई विभिन्न उद्देश्यले बेपत्ता पारिएको पाइएको छ।

**कार्यदलले यसका लागि गरेका सिफारिस**

अ. बलपूर्वक वा जवर्जस्ती बेपत्ता पारिएकालाई विशेष फौजदारी कानुनअन्तर्गत राख्न यथाशीघ्र नेपालको फौजदारी कानुनमा संशोधन गरिनुपर्ने।

आ. नागरिकहरूलाई बलपूर्वक वा जवर्जस्ती बेपत्ता पार्ने सैनिक अधिकारीविरुद्धको मुद्दा नागरिक अदालतमा चलाउन सैनिक ऐनमा संशोधन गरिनुपर्ने, यो संशोधनले नागरिकमाथि सुरक्षाकर्मीद्वारा गरिएको हत्या र बलात्कारसम्बन्धी फौज्दारी अभियोगलाई समावेश गर्नेछ। सैनिक कारवाहीका क्रममा नागरिकहरूमाथि गरिएका अपराधका बारेमा कुनै अन्य प्रावधानको व्यवस्था गरिनुहुँदैन।

इ. बिगत दुई वर्षमा लिखित कुनै पनि फैसलालगायत सैनिक अदालतका सबै प्रक्रियाबारे सेनाले गराएको पूर्ण सार्वजनिक जानकारी तथा भविष्यमा सेनाका न्यायाधीश अधिवक्ताले अभियोग लगाएका सेनामाथिको नागरिक अपहरण र यातनासम्बन्धी मुद्दा विद्यमान कानुनअन्तर्गत अगाडि बढाइनुपर्ने।

ई. नेपालको सरकार र सुरक्षाकर्मीले राष्ट्रिय मानवअधिकार आयोगलगायत हिरासतमा राखिएका परिवार र नागरिक अधिकारहरूको सहयोगमा तयार पारिएको हिरासतमा राखिएकाहरूको नयाँ सूचीलाई सुनिश्चित गर्छ। यी सूचीहरूले सुन्दरीजल जस्ता औपचारिक बन्दीगृह र अनौपचारिक बन्दीगृह, सैनिक ब्यारेकमा रहेका वा राखिएका बन्दीहरूलाई समावेश गर्नुपर्ने छ। ती सूचीमा सबै बन्दीहरूको पूर्ण

विवरण स्थानीय अधिकारीद्वारा अभिलेखमा उल्लेख गरिनुपर्ने छ।

उ. सर्वोच्च अदालतले अदालतसमक्ष विश्वसनीय रूपले प्रस्तुत नहुने अधिकारीहरूलाई अधिकारको प्रयोग नगरेकोमा सजाय गरी बढी जिम्मेवार बनाउन सोच्नुपर्ने।

ऊ. आतङ्कवाद एवं विध्वंसात्मक गतिविधि (नियन्त्रण एवं सजाय) अध्यादेशलाई तत्काल नेपाल सरकारद्वारा खारेज गरिनुपर्ने।

ए. सरकार र सुरक्षाकर्मीले अन्तर्राष्ट्रिय कानुनअन्तर्गत मानवअधिकारवादीहरूले गर्ने कामका लागि उनीहरूको सुरक्षालाई सुनिश्चित गर्नुपर्ने।

ऐ. सरकारले राष्ट्रिय मानवअधिकार आयोगको भूमिका र कामका लागि त्यसलाई बलियो पार्न प्रत्येक प्रयास निरन्तर चाल्नुपर्ने र यसका अतिरिक्त नियमित संसद्ीय नियुक्ति प्रक्रियाको अभावमा पनि आयोगको निरन्तरतालाई सरकारले सुनिश्चितता प्रदान गर्नुपर्ने।

ओ. राष्ट्रिय मानवअधिकार आयोगलाई पूर्व सूचना बिना र अनुमतिको अभावमा सेनाका सबै व्यारेकलगायत सबै बन्दीगृहमा निर्बाध पहुँच उपलब्ध गराउनुपर्ने।

औ. संयुक्त राष्ट्रसंघको शान्ति स्थापना गर्ने अभियान सञ्चालन गर्ने विभागहरूले भविष्यमा राष्ट्रसंघीय शान्ति सेनामा जाने नेपाली सुरक्षाकर्मीको सहभागिताबारे मूल्याङ्कन गर्ने, सेनाले स्वेच्छाचारीरूपले बेपत्ता पार्नेलगायत मानवअधिकार हननका अन्य क्रियाकलापमा कटौती गरेको प्रगति देखिए शान्ति सेनामा सहभागिताका लागि स्थायित्व प्रदान गर्नुपर्ने र यस्ता प्रगतिको पुनरावलोकनका लागि मानवअधिकार आयुक्तको कार्यालयको सहयोग लिनुपर्ने।

## बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धी 'मिसन टु नेपाल' का लागि कार्यदलले डिसेम्बर ६–१४, २००४ मा गरेको भ्रमण प्रतिवेदन

# विषय-सूची

**परिचय**

१. सामान्य पर्यवेक्षणहरू

(क) भ्रमण उद्देश्य

(ख) पृष्ठभूमि

(ग) राजनीतिक र संवैधानिक परिप्रेक्ष्य

२. नेपालमा बेपत्तासम्बन्धी घटना

३. बेपत्ताका घटना कम गराउन कानुन एवं संस्थागत प्रयासहरू

(ए) बेपत्तासम्बन्धी अपराध : दण्डहीनताको अन्त्य

(बी) मौलिक अधिकारको संवैधानिक सुरक्षा

(सी) बन्दीहरूको सूची, बन्दी प्रत्यक्षीकरण र न्यायिक स्वतन्त्रता

(डी) आतङ्ककारी एवं विध्वंसात्मक गतिविधि (नियन्त्रण एवं सजाय) अध्यादेश

(ई) मानवअधिकारवादीहरूको संरक्षण

(एफ) राष्ट्रिय मानवअधिकार आयोग

(जी) मानवअधिकार र संयुक्त राष्ट्रसंघको शान्ति अभियानमा सहभागिता

४. निष्कर्ष र सिफारिस (संक्षेप)

## परिचय

१. नेपाल सरकारको निमन्त्रणामा डिसेम्बर ६ देखि १४, २००४ सम्म बलपूर्वक वा अस्वैच्छिक बेपत्तासम्बन्धी कार्यदलले मुलुकको भ्रमण गऱ्यो। कार्यदलका अध्यक्ष स्टीफन जे टूपे र सदस्य सईद राजाइ खोरासानीले कार्यदलको प्रतिनिधित्व गर्दै नेपालको भ्रमण गर्नुभएको थियो। बलपूर्वक वा जवर्जस्ती बेपत्ताका घटनाबारे जानकारी गराइएका विषयहरूमा छलफल गर्न र छलफलबारे नेपाल सरकारलाई जानकारी गराई डिसेम्बर १८, १९९२ को 'रिजल्युशन' ४७/१३३ लाई अङ्गीकार गर्ने महासभाको आधारमा बलपूर्वक बेपत्ता पारिएका सबै व्यक्तिहरूको सुरक्षासम्बन्धी घोषणाअन्तर्गतका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी मान्यतालाई पूरा गर्दै छलफलका आधारमा बेपत्ता पारिएका घटनाहरूमा छानबिन गर्न कार्यदलले आग्रह गर्ने भ्रमणको उद्देश्य रहेको थियो। विगत दुई वर्षमा बेपत्ता पारिएका घटनाहरूको बढ्दो क्रमको जानकारी कार्यदललाई प्राप्त भएकोले यो भ्रमण गरिएको हो।

२. प्रतिनिधिमण्डलले श्री ५ ज्ञानेन्द्र वीरविक्रम शाहदेवबाट दर्शनभेट प्राप्त गर्दै प्रधानमन्त्री, सर्वोच्च अदालतका प्रधानन्यायाधीश, विदेशमन्त्री, सेनाप्रमुख, सेनाका न्यायाधीश तथा अधिवक्ता, महान्यायाधिवक्ता, प्रहरी महानिरीक्षक, राष्ट्रिय मानवअधिकार आयोगका सदस्यहरू तथा सचिव, प्रधानमन्त्री कार्यालयको राष्ट्रिय मानवअधिकार प्रवर्द्धन केन्द्रका राष्ट्रिय निर्देशक, बेपत्ता पारिएकाहरूको छानबिनका लागि गठित आयोगका अध्यक्ष, नेपालभरिका विभिन्न गैरसरकारी संघ-संस्थाका प्रतिनिधिहरू, बेपत्ता पारिएकाहरूको नातेदार, नेपाल बार एशोसिएसन, कानुनविज्ञ, पत्रकार र नेपालस्थित अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिहरूसँग भेटवार्ता गरेको थियो। समयको परिबन्दले गर्दा कार्यदलले सबै वैठक र छलफल काठमाडौंमा नै सम्पन्न गरेको थियो। गैरसरकारी संघ-संस्थाका क्षेत्रीय प्रतिनिधिहरूलाई प्रतिनिधिमण्डलसँग भेटी आफ्ना चिन्ता र चासो व्यक्त गर्न उनीहरूलाई यात्रा खर्च उपलब्ध गराइएको थियो। कार्यदलले भ्रमणका क्रममा विभिन्न गैरसरकारी संघ-संस्थाहरूबाट लिखित जानकारी प्राप्त गरेको थियो। प्रतिनिधिमण्डलले केन्द्रीय र सुन्दरीजल बन्दीगृहको भ्रमण

गऱ्यो। भ्रमणको अन्त्यमा काठमाडौंमा प्रेस सम्मेलनको आयोजना गरिएको थियो।

३. केन्द्रीय बन्दीगृह र सुन्दरीजल बन्दीगृहको भ्रमण गर्ने क्रममा कार्यदललाई बेपत्ता पारिएकाहरूबारे जानकारी गराइएको आधारमा विशेष बन्दीहरूसँगको भेटबारे गरिएको आग्रहलाई पूरा गरिएको थियो। यसले बेपत्ता बनाइएकाहरूको अवस्थाबारे जानकारी प्राप्त गर्न सहयोग गरिएको थियो। यसका अतिरिक्त शाही नेपाली सेनाले कार्यदलको समझदारीअन्तर्गत रहेका ५२ घटनाबारे नयाँ सूचनाको जानकारी गराएको थियो। कार्यदलले प्रेस सम्मेलनमा बेपत्ता अनुसन्धान आयोगले तयार पारेको चार घटनाको प्रतिवेदनसम्बन्धी चासो र चिन्ताबारे प्रेस विज्ञप्ति सार्वजनिक गरेको थियो।

४. नेपालको आन्तरिक द्वन्द्वले प्रभावित पारेका सबै पक्षहरूद्वारा कार्यदललाई सूचना उपलब्ध गराइएको थियो। कार्यदलले नेपाली जनता र अधिकारीहरूले सामना गर्नु परेका चरम समस्या र चुनौतिलाई बुझ्यो। माओवादीहरूको अत्याचारबारे निरन्तररूपमा सबै पक्षबाट कार्यदललाई जानकारी गराइएको थियो। ती जानकारीहरू कार्यदलको नेपाल भ्रमणका क्रममा कार्यदलका लागि परिवेश बुझ्न महत्वपूर्ण रहे पनि राज्यका अधिकारीहरूद्वारा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको मान्यता निषेध गरिएको अनुभव भएको छ। यसले माओवादीहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना र आफ्ना देशवासीका पीडा कम गर्नुपर्ने आवश्यकतालाई पूरा गर्न कुनै पनि रूपले रोक लगाउँदैन।

५. प्रतिनिधिमण्डलले सबै वैठक र छलफलहरूलाई खुला र रचनात्मक ढंगमा सम्पन्न गराउन नेपाली अधिकारीहरूले पुऱ्याएको सम्पूर्ण सहयोगप्रति आभार प्रकट गऱ्यो। बेपत्ता पारिएका घटनाहरूलाई स्पष्ट पार्ने सूचना उपलब्ध गराउन नेपाल सरकारको कदमलाई प्रतिनिधिमण्डलले सकारात्मकरूपमा ग्रहण गऱ्यो।

६. प्रतिनिधिमण्डलले मिसनसँग सम्बन्धित सहयोगलगायत कार्यदलको आवासीय एवं संगठनात्मक सहयोग उपलब्ध गराउने नेपालस्थित संयुक्त राष्ट्रसंघको आवासीय समन्वयकर्ता र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको कार्यालयलाई 'साधुवाद' प्रदान गऱ्यो। नेपालको नागरिक समाजद्वारा प्रस्तुत व्यावसायिकता एवं प्रतिबद्धताको स्तरबाट गहिरोरूपमा प्रभावित हुँदै कार्यदलले भेट गर्ने ती सबै गैरसरकारी संघ-संस्थालाई धन्यवाद प्रदान गऱ्यो।

१. **सामान्य पर्यवेक्षणहरू**

(क) **भ्रमण उद्देश्य**

७. विगत दुई वर्षभित्र बलपूर्वक वा जबर्जस्ती बेपत्ताका घटना र मानवअधिकार उल्लङ्घनका अन्य घटनामा नाटकीय रूपले भएको वृद्धिप्रति नेपाललगायत अन्तर्राष्ट्रिय समुदायमा विशेष चिन्ता र चासो बढेको छ। सन् १९९६ देखि सरकार र माओवादीबीच सुरु भएको द्वन्द्वले मानवअधिकारको स्थिति बिग्रँदै गएको छ। सन् २००३ अगस्त २७ मा युद्धविराम सम्झौता भङ्ग भएदेखि बेपत्ता पारिने घटना तीब्ररूपमा बढेर गएको छ। यसका अतिरिक्त बलपूर्वक वा जबर्जस्ती बेपत्ताको घटनामा स्वेच्छाचारी ढंगले पक्राउ एवं यातना र अतिरिक्त न्यायिक दण्ड दिने गरेको सूचनामा वृद्धि भएको छ।

८. अगस्त २००३ मा युद्धविराम समाप्त भएयता नेपालको मानवअधिकारको बिग्रँदो स्थितिबारे मानवअधिकारका कार्यवाहक उच्चायुक्तलगायत मानवअधिकार आयोगका स्वतन्त्र विज्ञहरूले सार्वजनिकरूपमा अभिव्यक्ति दिँदै आएका छन्। द्वन्द्वको बढ्दो प्रभावका कारण मानवअधिकारको स्थिति बिग्रँदै गएकोमा उनीहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन्। १४ जुलाई २००४ मा कार्यदलका प्रमुखलगायत अन्य स्वतन्त्र विज्ञहरूले एक प्रेस विज्ञप्ति जारी गर्दै २००४ को सुरुदेखि मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाबारे एक सय ४६ वटा अपील र अन्य जानकारी नेपाल सरकारलाई उपलब्ध गराएका थिए। २००४ मा आयोगको साठीऔं सत्रमा नेपालका लागि मानवअधिकार सहयोगको अध्यक्षको अभिव्यक्तिमार्फत व्यक्त सन् २००३ को अगस्तको युद्धविरामको समाप्तियता निरन्तर हिंसाका कारण पीडितहरूको संख्यामा वृद्धि हुँदै आएको कुराप्रति आयोगले गम्भीर चिन्ता व्यक्त गऱ्यो।

९. कार्यदललाई प्राप्त दुई सय ६७ बेपत्ताका घटनाहरूमा धेरैजसो माओवादीका सदस्य र समर्थकविरुद्ध सुरक्षाकर्मीले सुरू गरेको विद्रोह विरोधी अभियान १९९८ र २००४ को अवधिमा उत्पन्न बेपत्ताका घटनाहरू नै रहेका छन्। सन् २००३ अगस्तमा युद्धविराम भङ्ग भएयता कार्यदलले एक सय ५० भन्दा बढी घटना नेपाल सरकारलाई उपलब्ध गराएको छ। प्रतिवेदनमा सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका घटनाहरूमा प्राय: सादा पोशाकमा मानिस बेपत्ता पारिएको कुराको उल्लेख थियो। बेपत्ता पारी पीडित बनाइएकाहरूमा महिला, विद्यार्थी, व्यापारी, किसान,

मजदुर, शिक्षक, सरकारी कर्मचारी, पत्रकार र मानवअधिकारकर्मी रहेका छन्।

**(ख) पृष्ठभूमि**

१०. दक्षिण एसियामा नेपालको अवस्थिति चीन र भारतको बीचमा रहेको छ। एक लाख ४७ हजार एक सय ८१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको नेपालमा दुई करोड ५७ लाख जनसंख्या रहेको छ भने जनसंख्या वृद्धिदर २.२३ प्रतिशत रहेको छ। बयालीस प्रतिशत जनसंख्या गरिबी रेखामुनि रहेको छ र प्रतिव्यक्ति आय दुई सय ३० अमेरिकी डलर रहेको छ। विश्वका सबैभन्दा बढी गरिब र कम विकसित राष्ट्रहरूमा नेपाल रहेको छ। ६२ प्रतिशत पुरुष साक्षर रहेको तुलनामा महिला २६ प्रतिशत मात्र साक्षर छन्। कृषि र पर्यटन आर्थिक अवस्थाका मुख्य आधारहरू हुन्। आन्तरिक द्वन्द्वका कारण ह्रासोन्मुख पर्यटनको अवस्थामा अन्तर्राष्ट्रिय समुदायको वित्तीय सहयोग महत्वपूर्ण भएको छ।

११. १९५१ मा राणा शासनको समाप्ति भएपछि नेपालमा एक निर्वाचित संसद् रहेको थियो। सन् १९६० मा राजा महेन्द्र वीरविक्रम शाहदेवबाट संसद् निलम्बन गरी निर्दलीय पञ्चायती व्यवस्था लागू गरिएको थियो। धेरै वर्षसम्म प्रतिबन्धितरूपमा रहेको प्रतिपक्षले सन् १९८९ को प्रजातन्त्र पुनर्बहालीको आन्दोलनबाट पञ्चायती शासनको समाप्त गरी सन् १९९० मा बहुदलीय व्यवस्थाको पुनर्स्थापना गर्‍यो। त्यतिबेलादेखि नेपालमा १४ वटा सरकार परिवर्तन भए र राजनीतिक अस्थिरता जारी रह्यो। मे २००२ मा राजा ज्ञानेन्द्र वीरविक्रम शाहदेवबाट प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा प्रतिनिधिसभा विघटन गरी १३ नोभेम्बर २००५ मा निर्वाचन गराउने घोषणा भयो। प्रधानमन्त्रीको सिफारिसमा राजाबाट माओवादी हिंसाका कारण एक वर्षका लागि निर्वाचन स्थगित गरियो। अक्टोबर २००२ मा राजाबाट संविधानको धारा १२७ प्रयोग गरी प्रधानमन्त्री देउवा र सरकारलाई निर्धारित समयमा निर्वाचन गराउन नसकेको भनी असक्षम घोषित गर्दै बर्खास्त गरिएको थियो। त्यस समयदेखि राजनीतिक अवस्था अस्थिर बन्दै गएको छ। विद्रोहका कारण आन्तरिक सुरक्षामा उत्पन्न कठिनाइले निर्वाचनहरू अझसम्म भएका छैनन्। मे २००३ मा पाँच मुख्य राजनीतिक दलहरूले संसद् पुनर्स्थापनाका लागि अभियान सुरु गरे। अप्रिल र मे २००४ मा काठमाडौंमा हजारौं प्रदर्शनकारीहरूले विरोध जनाए। यी

विरोधको प्रतिक्रियामा ७ मे २००४ मा सूर्यबहादुर थापाले प्रधाानमन्त्रीको पदबाट राजिनामा दिनुपर्‍यो। शेरबहादुर देउवालाई ३ जुन २००४ मा पुनः प्रधानमन्त्रीमा नियुक्त गरियो।

केही राजनीतिक दलको सहयोगमा ५ जुलाई २००४ मा एक गठबन्धन सरकार गठन भयो। निर्वाचन पनि भएन र संसद् विघटित नै रह्यो। सुरक्षाकर्मी र माओवादीबीचको बढ्दो द्वन्द्व र कमजोर नागरिक प्रशासनको अवस्थामा राजनीतिक तहमा विद्रोहको व्यवस्थापन आवश्यक हुन्छ। यसरी खोजिएको राजनीतिक सहमतिले प्रजातान्त्रिक संविधानको पूर्ण कार्यान्वनका लागि मार्ग प्रशस्त गर्नेछ। अन्यथा मुलुकको भविष्य अनिश्चित नै रहनेछ।

१२. सन् १९९६ फेब्रुअरीदेखि माओवादीद्वारा 'जनयुद्ध' को घोषणा गरियो। त्यतिबेला नेपाली सुरक्षाकर्मीले अघि बढाएको बलपूर्वक बेपत्ता पार्नेलगायतका घटना तथा माओवादी सशस्त्र द्वन्द्वले धेरै मानवअधिकारको अति उल्लङ्घन गरेको छ। माओवादी अत्याचार जताततै फैलियो। सुरुमा द्वन्द्वको नियन्त्रण गर्न सरकारले प्रहरी तैनाथ गरेको थियो भने १९९८ मा व्यापक सुरक्षाकर्मी परिचालन गर्‍यो। डिसेम्बर १९९९ देखि २००३ सम्म सरकार र माओवादीबीच तीन चरणको वार्ता भए पनि कुनै निष्कर्ष बिना नै वार्ताहरू समाप्त भए। माओवादीले सन् २००१ को नोभेम्वरमा सरकारसँगको दोस्रो चरणको वार्तालाई एकतर्फीरूपमा परित्याग गर्‍यो र संकटकालीन अवस्थाको घोषणा गरियो। शाही नेपाली सेनालाई त्यतिबेलादेखि देशभरी परिचालन गरियो र विवादास्पद आतङ्ककारी एवं विध्वंसात्मक गतिविधि अध्यादेश जारी गरियो। संविधानअनुसार प्रधानमन्त्री, रक्षामन्त्री र शाही नेपाली सेना प्रमुख सम्मिलित राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा राजाद्वारा अनुमोदन गरिए मात्र शाही नेपाली सेना परिचालित हुन सक्ने प्रावधान छ। अगस्त २००३ मा युद्धविराम भङ्ग भएदेखि दुवै पक्षबीचको लडाइँ नयाँ अवस्थामा पुनः सुरु भयो र मानवअधिकारको उल्लङ्घनमा तीब्रता आयो। नोभेम्बर २००३ मा सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग सम्मिलित हुने गरी शाही सेनाको नेतृत्वमा संयुक्त सुरक्षा कमान्डको गठन गरियो। पछिल्ला दिनमा माओवादी विद्रोह मुलुकको सबै ठाउँमा पुगिसकेको छ।

१३. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र यसका दुई ऐच्छिक प्रलेख (प्रोटोकल) र यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धिलगायत

मानवअधिकारसम्बन्धी प्रमुख सात अन्तर्राष्ट्रिय उपकरणमध्ये ६ उपकरणहरूको नेपाल पक्षराष्ट्र रहेको छ। मार्च २००२ मा नेपाल सरकारले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (आईसीसीपीआर) को धारा ४ को उपधारा ३ अनुसारका अधिकार कटौती गरिएकोबारे, संयुक्त राष्ट्रसंघका महासचिवलाई एक सूचना पठायो। नोभेम्बर २००२ मा सरकारले संयुक्त राष्ट्रसंघलाई संकटकाल हटाइएको जानकारी गरायो। नेपालले आईसीसीपीआर अन्तर्गतका अधिकार कटौती गरेको थप घोषणा गरेन।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले सन् १९९४ मा नेपालको सावधिक प्रतिवेदनमा निष्कर्षात्मक पर्यवेक्षणका क्रममा संविधानको धारा ११५ ले अधिकार कटौती गर्न दिएको आदेशले आइसीसीपीआरको धारा ४ को उपधारा २ अनुसार राज्यपक्षले पूरा गर्नुपर्ने वा अभिभारालाई विरोध जनाउने उल्लेख गरेको छ। (सीसीपीआर/सी/७९/एड ४२, अनु. ९) नेपालले १२ अगष्त १९४९ को चारवटा जेनेभा महासन्धिलाई पनि प्रमाणीकरण गरिसकेको छ। नेपालले मानवअधिकार आयोगको विशेष प्रक्रियाका लागि आह्वान गरेको छैन। नेपालको सम्झौता ऐन २०४७ (१९९०) अन्तर्गत राष्ट्रिय कानुन र नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सम्झौताहरूबीच भिन्नता देखा परे सम्झौताका प्रावधानहरू प्रयोग गरिने भनिएको छ। यद्यपि यसले संविधानलाई समावेश गर्दैन।

१४. संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयसँग समन्वय गरेको आयोजना “राष्ट्रिय मानवअधिकार आयोग नेपालको क्षमता विकास” ले राष्ट्रिय मानवअधिकार आयोग नेपाललाई प्राविधिक सहयोग र दुई अन्तर्राष्ट्रिय सल्लाहकार उपलब्ध गराउँछ। संयुक्त राष्ट्रसंघको देशीय टोली (युएनसीटी) का लागि राष्ट्रसंघीय समन्वयकर्ताबाट सहयोगका लागि गरिएको आग्रहअनुसार मार्च २००३ मा मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयमा वरिष्ठ मानवअधिकारसम्बन्धी सल्लाहकारको पद सिर्जना गरियो। वरिष्ठ मानवअधिकार सल्लाहकारको नेतृत्वमा संरक्षणसम्बन्धी जानकारीको विश्लेषण गर्न, आवश्यक संरक्षण रणनीतिको विकास गर्न र आवासीय समन्वयकर्ता तथा युएनसीटीलाई उचित प्रतिक्रिया र हस्तक्षेप व्यक्त गर्न पाउने सिफारिस उपलब्ध गराउन अन्तरनिकाय कार्यदल सन् २००४ को अगस्तमा स्थापना गरिएको थियो। राष्ट्रिय मानवअधिकार आयोगलाई

प्राविधिक सहयोग उपलब्ध गराइ रहन मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय र नेपाल सरकारबीच डिसेम्बर २००४ मा एक समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको थियो।

**(ग) राजनीतिक र संवैधानिक परिप्रेक्ष्य**

१५. नेपाल एक हिन्दू संवैधानिक राजतन्त्रात्मक देश हो। सन् १९९० को संविधानअन्तर्गत संसद्ले प्रतिनिधिसभा र राष्ट्रियसभालाई समावेश गर्छ। कार्यकारिणी अधिकार राजा र मन्त्रिपरिषद्मा निहित हुन्छ। निर्देशन, सुपरीवेक्षण र देशको सामान्य प्रशासनको सञ्चालन मन्त्रिपरिषद्को जिम्मेवारी हो। राजाको कर्तव्य संविधानको रक्षा गर्नु र संविधानभित्र रहनु भनी संविधानमा उल्लेख भए पनि संविधानले राजाबाट गरिएका कुनै पनि काम कारवाहीविरुद्ध अदालतमा प्रश्न उठाउन नपाउने र राजा सेनाको सर्वोच्च कमान्डर र राष्ट्रिय सुरक्षा परिषद्को प्रमुख रहने उल्लेख छ। राजाले संकटकालको घोषणा गर्न सक्ने छन्, जसअन्तर्गत बन्दी प्रत्यक्षीकरणको अधिकारबाहेक मौलिक हक अधिकार निलम्बन गर्न सकिनेछ। संविधानको पालना गराउन कुनै कठिनाई उत्पन्न भए संविधानको धारा १२७ अन्तर्गत राजाले त्यस्ता कठिनाइ हटाउन आवश्यक आदेश जारी गर्न सक्ने र यस्ता आदेश संसद्समक्ष राखिनुपर्ने प्रावधान रहेको छ।

१६. सन् १९९० को संविधानले मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्न केही प्रावधानको व्यवस्था गरेको छ। धारा २५ को अनुच्छेद ४ ले समाजमा शान्ति र सुव्यवस्था कायम गराउँदै जनकल्याणका लागि मानवअधिकारको संरक्षण र प्रवर्द्धनसम्बन्धी प्रावधान बताइरहनु राज्यको एक प्रमुख जिम्मेवारी हुने स्वीकार गर्दछ। भाग ३ (धारा ११-१३) ले प्रेस एवं प्रकाशन अधिकार, अपराधिक न्याय एवं रोकथाम, हिरासतमा राख्न नपाउने अधिकार र संवैधानिक उपचारलगायतका अधिकारहरू समावेश गरिएका मौलिक अधिकारहरूको प्रत्याभूति (ग्यारेन्टी) प्रदान गर्छ। धारा १४, अनुच्छेद ६ ले पक्राउ गरिएका वा हिरासतमा राखिएका कुनै पनि व्यक्तिलाई पक्राउ गरेको चौबीस घण्टाभित्र न्यायिक अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने उल्लेख गर्छ। संविधानको भाग १२ ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना गर्दछ, जसले आचरणसम्बन्धी छानबिन, गलत आचरणसम्बन्धी अनुसन्धान वा सार्वजनिक कार्यालयको

पद धारण गरी भ्रष्टाचार गर्ने अधिकारीविरुद्ध छानबिन र अनुसन्धान गर्न सक्छ। संविधानमा यस कार्यका लागि छुट्टै किसिमले अधिकार प्राप्त गर्ने अधिकारी र सैनिक ऐनअन्तर्गत सजाय गर्न सकिने अधिकारबाहेक जुनसुकै अधिकारीहरूविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कारबाही गर्न सक्ने व्यवस्था गरिएको छ। संवैधानिक परिषद्को सिफारिसमा राजाबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरूलाई नियुक्त गरिने प्रावधान छ।

१७. नेपालको न्यायापालिका वा न्यायप्रणालीले सर्वोच्च अदालत, ११ वटा पुनरावेदन अदालत र ७५ वटा जिल्ला अदालतको व्यवस्था गरेको छ। राजाबाट संवैधानिक परिषद्को सिफारिसमा प्रधान न्यायाधीशको नियुक्ति गरिन्छ भने न्यायपरिषद्को सिफारिसमा न्यायाधीशहरूको नियुक्ति गरिन्छ। संविधानअन्तर्गत नेपालको न्यायप्रणालीसँग न्यायिक अधिकारको पुनरावलोकन र कार्यकारी तथा न्यायिक शाखाको विभाजन गर्ने अधिकार रहन्छ। सर्वोच्च अदालतलाई कुनै पनि नागरिकबाट कुनै कानुनउपर संविधानसम्मत प्रवेश गर्न पाउने गरी दायर उजुरीउपर न्यायिक पुनरावलोकन गर्ने र मौलिक अधिकार लागू गराउन उत्पन्न विवाद तह लगाउन आदेश जारी गर्ने अधिकार प्राप्त छ।

१८. मानवअधिकार आयोग ऐन १९९७ अन्तर्गत सन् २००० मा एक स्वतन्त्र एवं स्वायत्त निकायको रूपमा राष्ट्रिय मानवअधिकार आयोगको स्थापना गरियो। राष्ट्रिय मानवअधिकार आयोगका मुख्य कामहरूमा मानवअधिकार उल्लङ्घनका घटनाबारे छानबिन एवं अनुसन्धान सञ्चालन गर्नु, संविधानका प्रावधानहरू एवं मानवअधिकार संरक्षणसम्बन्धी अन्य कानुनहरूको पुनरावलोकन गर्नु, अन्तर्राष्ट्रिय मानवअधिकार उपकरणको अध्ययन गर्नु र यस्ता प्रावधानहरूको प्रभावकारी अबलम्बनका लागि आवश्यक सिफारिस गर्नु रहेका छन्।

१९. राष्ट्रिय मानवअधिकार आयोगले सरकार र माओवादीबीचको द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि अभिप्रेरणा लिएको छ। सरकार र माओवादीहरूको परामर्शको आधारमा आयोगले मानवअधिकारसम्बन्धी एक अवधारणा तयार गरेको भए पनि दुवै पक्षद्वारा हस्ताक्षर हुन बाँकी रहेको छ। राष्ट्रिय मानवअधिकार आयोगले १० मार्च २००४ र २७ मे २००४ मा सरकार र माओवादी दुवैलाई मानवअधिकार संरक्षणका लागि न्यूनतम पहल गर्नेसम्बन्धी सिफारिसहरूको एक तालिका जारी गऱ्यो।

२०. नोभेम्बर २००४ मा राष्ट्रिय मानवअधिकार आयोगले संरक्षण एकाईअन्तर्गत बेपत्ताका घटनासम्बन्धी कार्य गर्न एक टोली गठन गऱ्यो। टोलीले व्यक्तिगत शिकायत ग्रहण गर्नु र त्यसअनुसार कार्य अघि बढाउनु, हिरासत केन्द्र वा सैनिक व्यारेकहरू राखिएका बन्दीहरूबारे अनुसन्धान र भ्रमण गर्नु जस्ता कार्य गर्छ। तर, बिना सूचना त्यो टोलीले हिरासत केन्द्र र तत्सम्बन्धी सुविधाको अनुगमन गर्न सक्दैन। राष्ट्रिय मानवअधिकार आयोगले एक हजार ६ सय बेपत्ताका घटनाबारे सूचना प्राप्त गरेको छ।

२१. प्रधानमन्त्रीद्वारा सन् २००४ जुलाई १ मा बेपत्ता पारिएकाहरूको जानकारीबारे सूचनाको हैसियत निर्धारण गर्न बेपत्तासम्बन्धी अनुसन्धान आयोग स्थापना गरियो। भोक हड्ताल गर्ने बन्दीका नातेदारहरूको माग र सरकारले २६ मार्च २००४ मा मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न गरेको प्रतिबद्धता पूरा गर्न त्यो आयोगको स्थापना गरिएको थियो। सो आयोग प्रहरी, सशस्त्र प्रहरी, रक्षा मन्त्रालय, राष्ट्रिय अनुसन्धान विभाग र गृहमन्त्रालयका प्रतिनिधिहरूको सहभागितामा गृहमन्त्रालयका सह-सचिवको नेतृत्वमा गठन गरियो। आयोगले तीनसय बीसजनाको हैसियतबारे चारवटा प्रतिवेदन जारी गरेको छ। अगस्त, सेप्टेम्बर, अक्टोबर र डिसेम्बरको प्रतिवेदनमा क्रमशः २४, ५४, १२६ र ११६ जनाको नाम समावेश गरिएको छ। १३ डिसेम्बर २००४ मा जारी चौथो प्रतिवेदनपछि आयोगको 'म्यान्डेट' दुई महिनाका लागि विस्तार गरियो।

२२. प्रधानमन्त्रीको कार्यालयमा सन् २००३ मा मानवअधिकार प्रवर्द्धन केन्द्रको स्थापना गरिएको थियो। केन्द्रले मानवअधिकारसम्बन्धी सरकारी गतिविधिलाई व्यापकरूपमा समन्वय गर्दछ।

२३. २६ मार्च २००४ मा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन अबलम्बन गराउने पच्चीसबुँदे प्रतिबद्धतासहितको एक घोषणा गर्नुभएको थियो। पच्चीसबुँदे त्यो घोषणाले माओवादी द्वन्द्वको परिप्रेक्ष्यमा मानवअधिकार उल्लङ्घनको संरक्षण र रोकथामका लागि गरिने ठोस पहलबारे विवरणात्मक जानकारी प्रस्तुत गर्दछ। प्रतिबद्धताले मानवअधिकार (अनुच्छेद २), नागरिक र राजनीतिक अधिकारप्रतिको व्यापक सम्मान र संरक्षण, यातना र दुर्व्यवहारबाट मुक्ति (अनुच्छेद ८), निष्पक्ष मुद्दाको सुनुवाइ (अनु-३/११), अभिव्यक्तिको स्वतन्त्रता (अनु १५), महिला र

बालबालिकासम्बन्धी अधिकार (अनु-१७) लगायतका अधिकारहरूको भेदभावबिना संरक्षण गर्ने प्रावधानको समावेशबारे अन्तर्राष्ट्रिय रेडक्रस समितिसँग मिलेर हराइरहेकाहरूको स्थितिबारे जानकारी प्राप्त गर्न (अनु. २२) मानवीय कानुन र मान्यताप्रति सम्मान व्यक्त गर्ने (प्रस्तावना अनु. ३,२१) मानवअधिकारवादीहरूको संरक्षण (अनु-१८) अन्तर्राष्ट्रिय मानवअधिकार एवं मानवीय कानुनको क्षेत्रमा, अन्तर्राष्ट्रिय रेडक्रस समिति एवं संयुक्त राष्ट्रसंघ जस्ता अन्तर्राष्ट्रिय संघ-संस्थासँगको समन्वय गर्न र राष्ट्रिय मानवअधिकार आयोगलाई बलियो पार्ने (अनु २४) जस्ता प्रतिबद्धता घोषणामा समावेश गरिएका छन्।

२४. शाही नेपाली सेनाको प्रधान कार्यालयमा सुरक्षाकर्मीद्वारा मानवअधिकार उल्लङ्घनको घटनाबारे पर्यवेक्षण, प्रतिवेदन तयार पार्न र अनुसन्धान गर्न ८ जुलाई २००२ मा मानवअधिकारसम्बन्धी एक सेल गठन गरिएको थियो। शाही नेपाली सेनाले प्रत्येक डिभिजन र ब्रिगेड हेड क्वार्टरहरूमा मानवअधिकार सेलको स्थापना गऱ्यो। प्रहरी र सशस्त्र प्रहरी बलमा मानवअधिकार सेल २००१ मै स्थापना गरिएको थियो। शाही सेनाले मानवअधिकारसम्बन्धी निर्देशिकाहरूलाई अगस्त २००३ मा प्रसार गरेको थियो। निर्देशिकाले सुरक्षाकर्मीलाई हिरासतमा लिएकाहरूलाई हिरासत लिइने कारण र उनीहरूका परिवारलाई उनीहरूलाई कहाँ राखिएको छ भन्ने जानकारी गराउनुपर्ने निर्देशन दिएको छ। निर्देशिकाले आतङ्कवादी बन्दीलाई पनि मानवीय ढंगबाट व्यवहार गर्नुपर्ने र जतिसक्दो चाँडो उनीहरूविरुद्ध कानुनी प्रक्रिया सञ्चालन गर्नुपर्ने निर्देशन दिएको छ। निर्देशिका अनुसार कुनै सुरक्षाकर्मीले मानवअधिकारको उल्लङ्घन गरी सैनिक ऐनको उल्लङ्घन गरेमा मानवअधिकार संरक्षणका लागि बनाइएका विशेष प्रावधान भएको सन् १९५९ को सैनिक ऐनअन्तर्गत 'कोर्टमार्सल' गरी सैनिक अदालतमा मुद्दा चलाई सजाय गरिने छ। सैनिकहरूद्वारा नागरिकहरूको हत्या वा बलात्कार गरिए उनीहरूविरुद्ध नागरिक अदालतमा मुद्दा चलाइनेछ। शाही सेनाले सेनाहरूविरुद्ध मानवअधिकार उल्लङ्घनसम्बन्धी ३९ मुद्दामा अनुशासनको कारबाही गरेको भए पनि सैनिकहरूद्वारा उल्लङ्घन गरिएका आरोपसम्बन्धी कुनै पनि मुद्दा नागरिक अदालतमा लगिएको छैन। संविधानको धारा ११८ ले सुरक्षा परिषद्को सिफारिसमा राजाले सेनाको परिचालन र प्रयोग गर्ने उल्लेख गरेको छ। सुरक्षा परिषद्मा प्रधानमन्त्री अध्यक्ष, रक्षामन्त्री र प्रधानसेनापति सदस्य

रहने प्रावधान छ। सेनामाथिको नागरिक नियन्त्रण परम्परागतरूपमा सीमित रहेको यो एक प्रमाण हो।

## २. नेपालमा बेपत्तासम्बन्धी घटना

२५. आज नेपालमा बेपत्तासम्बन्धी घटना चारैतिर फैलिएका छन्। माओवादी विद्रोही र सुरक्षाकर्मी दुवैले स्वेच्छाचारी ढंगले बेपत्ता बनाउने गरेका छन्। अत्याचारीहरू राजनीतिक र कानुनी दण्डहीनताका कारण सुरक्षित रहेका छन्। कार्यदलका अगाडि हाल दुई सय ६७ घटनाहरू छन्। गतवर्ष एक सय ५० भन्दा बढी घटनालाई तत्काल कारबाही गर्नुपर्ने तवरले उठाइएको थियो। राष्ट्रिय मानवअधिकार आयोगले हाल एक हजार ६ सय १९ घटनाको अनुसन्धान गर्दैछ। तिनमा एक हजार दुई सय ३४ घटना सुरक्षाकर्मीले अपनाएको स्वेच्छाचारिताको परिणामस्वरुप सिर्जित हुन् भने माओवादी स्वेच्छाचारिताका कारण तीन सय ३१ रहेको पाइयो। ५४ वटा घटना अज्ञात व्यक्तिहरूद्वारा बेपत्ता पारिएको पाइयो। विगतका केही वर्षहरूमा यस्ता घटनामा वृद्धि विशेष चिन्ताको विषय रहेको छ। मानवअधिकार आयोगसमक्ष २०००/२००१ मा बेपत्तासम्बन्धी घटना दर्जनमा थिए भने २००३/२००४ मा यो संख्या बढेर ६ सय पुग्यो। मलेगोको नेतृत्वमा सरकारद्वारा गठित बेपत्तासम्बन्धी आन्तरिक अनुसन्धान आयोगले हजारभन्दा बढी घटनाबारे जानकारी प्राप्त गरेको छ। जसमा ध्यानाकर्षण गर्दा केही दोहोरिएको पाइयो।

२६. विभिन्न सरकारी अधिकारीहरूले बेपत्ताका घटनाबारे धेरै बढाइ चढाइ प्रस्तुत गर्ने गरेको तर्क प्रस्तुत गरेका छन्। नेपालमा नामसम्बन्धी समस्या जटिल रहेको पाइयो। धेरै घटनाहरू विभिन्न नामका आधारमा दोहोरोरूपमा समावेश गरिएको पाइन्छ। यसमा देश छोडी भागेकाहरूलाई पनि बेपत्ता पारिएकोमा समावेश गरिएको पाइएको छ। यसको मुख्य कारण सन् १९५९ मा भएको दिल्ली सम्झौताअनुसार नेपाल भारतबीचको खुला सिमाना रहेको छ। जे भए पनि यस्ता दोहोरोपनाको सम्बन्ध थोरै घटनासँग मात्र रहेको छ। कार्यदल नेपालका सबै बेपत्ताबारे बोल्नुहुँदैन भन्नेमा विश्वस्त रहेको छ। सुरक्षाकर्मीले बन्दी बनाइरहेको अवस्थालाई कार्यदलले प्रत्यक्षरूपमा प्रत्येक घटनालाई हेरेको कुरा महत्वपूर्ण रहेको छ। कार्यदलले सीमा पारी सुरक्षाका लागि वा आमदानी गर्न गएको अवस्थाबारे चासो देखाएको छैन। कार्यदलले त्यस्ता घटनाप्रति ध्यान दिएको छ जसमा बल प्रयोग गरिएको पाइएको छ। ग्रामीण क्षेत्रबाट प्राप्त

विवरणका आधारमा बेपत्ताको घटना भएको बुझिएमा त्यसलाई ध्यानाकर्षण गरिन्छ। प्रतिनिधिमण्डलले मुलुकभरि मुख थुन्ने संस्कृतिको विकास भएको सशक्तरूपमा सुनेको छ। यसमा माओवादी र सेना दुवैले बदला लिने भन्ने डरले गर्दा कसैबाट भएका घटनाबारे कसैले बोल्न नचाहेकाले मुख थुन्ने संस्कृतिको विकास भएको हो भन्ने प्रतिनिधिमण्डलले जानकारी प्राप्त गरेको छ। सेनाको शिविरमा आफन्त भेट्न जानेहरूलाई सेनाद्वारा थप केरकार गरी तर्साउने गरेको पाइएको छ। केही परिवारमा बहुउद्देश्य ढंगबाट बेपत्ता पारिएका घटना भएका छन्।

२७. सुरक्षाकर्मीको स्वेच्छाचारिताअन्तर्गत विशेषगरी सेनाको सन्दर्भमा बेपत्ता पारिने घटनाबारे एक स्पष्ट प्रणालीको विकास भएको पाइएको छ। माओवादीप्रति सहानुभूति राख्ने वा सम्पर्क हुन सक्ने आशंका गरिएका व्यक्तिहरूलाई गस्तीमा गएका सैनिक समूहले कब्जामा लिने गर्छन्। कब्जामा लिइएकाहरूको आँखामा पट्टि बाँधी पछाडिको हात बाँधी सैनिकको बाहनमा राखी लगिने गरिन्छ। सुरक्षाकर्मीहरू प्रायः सादा पोशाकमा आउने गर्छन् जसबाट व्यक्तिगत नाम वा समूहको नाउँ देखा पर्दैन। सामान्यतया पीडितलाई सैनिकको बाहनमा राखी अन्य संदिग्धहरूको घरबारे जानकारी पाउन घुमाउने गरिन्छ। धेरैजसो घटनामा सैनिक ब्यारेकमा राखी कसैसँग बोल्न नदिने तथा परिवार र कानुनी उपचारको पहुँचबाट टाढा राखिने गरिन्छ। कार्यदलले धेरै घटनासम्बन्धी जानकारीमा हिरासतमा राखिएकाहरूलाई भौतिक दुरुपयोग र यातना दिने गरेको पाइएको छ। निश्चय पनि कार्यदलले भौतिकरूपमा यातना दिएको प्रमाण देख्यो र एक पछि अर्को पीडितको विवरण तयार पाऱ्यो। यातना दिइने प्रणालीमा प्लास्टिकको पाइपले पिट्नु र संवेदना शून्य पार्नुका साथै पीडितहरूलाई कसैसँग कुरा गर्न नदिएर महिनौ आँखामा पट्टि बाँधी राख्ने गरेका उदाहरणहरू पाइएका छन्।

२८. बेपत्ता पारिएकाहरूको नातेदारहरूसँग कार्यदलले भेटी वार्ता गरेपछि अन्तर्राष्ट्रिय मापदण्डका आधारमा बेपत्ता पारिएका परिवारहरूलाई पनि बेपत्ता पारिएका पीडितअन्तर्गत परिभाषित गरिएको छ। नेपालमा धेरै पुरुषहरूलाई बेपत्ता पारिएको छ। महिलालाई साना साना बालिकाहरूसँग कुनै सहयोग समर्थन बिना छाडिन्छ। सामाजिक, आर्थिक, कानुनी र मनोवैज्ञानिक प्रभावहरूले परिवारलाई ध्वस्त पारिरहेका हुन्छन्। माओवादीको आशंकामा सेना वा प्रहरीको हिरासतबाट रिहा भएकाहरूले

यस्ता समस्या भोगेको बारे कार्यदललाई जानकारी गराइएको थियो। तिनीहरूविरुद्ध कहिल्यै पनि मुद्दा चलाइएन वा अभियोग लगाइएन। उनीहरूलाई फगत शंकाको आधारमा दुःख दिइएको पाइएको छ। यसले गर्दा उनीहरूले समुदायमा पुनः सम्मिलित हुन कठिनाइ भोग्नु परेको पाइएको छ।

२९. माओवादीहरूले पनि सयौं बेपत्ताका घटना गराएका छन्। कार्यदलले नेपालभरि मानवअधिकार कार्यकर्ताहरूबाट मानवअधिकार उल्लङ्घनसम्बन्धी गम्भीर घटनाहरूबारे जानकारी प्राप्त गऱ्यो जसमा माओवादीहरूले आफ्ना विरोधीलाई बेपत्ता पार्नुभन्दा मारिदिन बढी रुचाएको कुरा प्रमुख रूपले पाइयो। माओवादीहरूले बालबालिकालाई सेनामै काम गराउन अपहरण गर्ने गरेका छन्। ती बालबालिकालाई उनीहरूको परिवारबाट बलपूर्वक लगेर आफ्नो सशस्त्र एकाइमा राख्ने गरेको पाइएको छ। बेपत्ता भएकामा धेरै बालबालिका मात्रै रहेका छन्।

३०. माओवादी र सुरक्षाकर्मीद्वारा बेपत्ता पारिनु जस्ता अत्याचार गरिएका घटनाहरूका आधारमा नेपालका गाउँ-गाउँमा गृहयुद्ध फैलिएको कुरामा कुनै शंका छैन। राजनीतिक प्रयासबाट शान्तिपूर्ण समाधान नभए बेपत्ता र मानवअधिकार उल्लङ्घनसम्बन्धी घटना निरन्तर भइरहने देखिएको छ। यसका बाबजुद कार्यदलले ठोस सिफारिस दिँदै आन्तरिक द्वन्द्वको राजनीतिक समाधान नभए पनि बेपत्तासम्बन्धी घटना कम गराउन प्रतिवेदनमा सुझाव दिएको छ।

३१. कार्यदलले नेपालका अधिकारीहरू समक्ष आफ्नो सिफारिस दिएको छ। मानवअधिकार संरक्षण र अन्तर्राष्ट्रिय मान्यता पूरा गर्न राज्यपक्ष जिम्मेवार भएकोले र संयुक्त राष्ट्रसंघको एक अवयव कार्यदल भएकोले पनि सो सिफारिस सरकारपक्षीय अधिकारीहरूलाई दिइएको हो। यसले माओवादीहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानुनप्रतिको सम्मान गर्न र आफ्नो देशवासीको पीडा कम गराउनुपर्ने आवश्यकतालाई कुनै पनि किसिमले कटौती भने गर्दैन। यसको अर्थ कार्यदल माओवादीहरूद्वारा मानवअधिकारको दुरुपयोगबारे अनभिज्ञ रहेको होइन भने सुरक्षाकर्मीसम्बन्धी चुनौतिको सामना गरिरहेको नेपालप्रति सहानुभूति राखेको छैन भन्ने होइन। कार्यदल नेपालको नागरिक एवं सैनिक अधिकारीहरूले माओवादी विद्रोहीसँग एक किसिमको व्यवहार गरेका छैनन् भन्नेबारे विश्वस्त रहेको छ। निश्चय पनि २६ मार्च २००४ को

प्रतिबद्धताले यसलाई पर्याप्त मात्रामा स्पष्ट पार्छ। यसका बाबजुद जे भए पनि युद्धको खतरा, युद्धको अवस्था, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक आकस्मिकताले गर्दा बलपूर्वक बेपत्ता भएका घटनालाई राज्यद्वारा पुष्टि गर्न सकिँदैन।

**३. बेपत्ताका घटना कम गराउन कानुन एवं संस्थागत प्रयासहरू**

३२. कार्यदलले बेपत्तासम्बन्धी विषयलाई सम्बोधन गर्ने, राष्ट्रिय मानवअधिकार आयोगका महत्वपूर्ण कार्यमा सहयोग गर्न मानवअधिकारसम्बन्धी उच्चआयोगसँग स्मृतिपत्रमा हस्ताक्षर, बेपत्तासम्बन्धी अनुसन्धान आयोग, बेपत्ता पारिएकाहरूबारे सेनाले जानकारी गराई गरेको सहयोग, सेनाको ब्यारेकमा राखिएका बन्दीहरूलाई सुन्दरीजल हिरासत केन्द्रमा ल्याई परिवारहरूलाई भेट गर्न अनुमति प्रदान गर्नुलगायत जस्ता सरकार र सेनाद्वारा गरिएका प्रयासको स्वागत गर्दछ। नेपालको भ्रमणका क्रममा कार्यदलले सेनाबाट ठोस जानकारी प्राप्त गरेको छ जसले ५७ वटा घटनाबारे स्पष्ट पार्न मद्दत पुग्न सकेको छ जो आफैमा एक सकारात्मक कुरा रह्यो। यसका बाबजुद बेपत्तासम्बन्धी घटना निरन्तर हुने भएकोले त्यसका लागि यस किसिमको गम्भीर समस्यालाई सम्बोधन गर्न सरकार र सुरक्षाकर्मी दुवैले कानुनी र संस्थागत कारबाही तत्कालै अघि बढाउनु आवश्यक रहेको छ।

**(ए) बेपत्तासम्बन्धी अपराध : सजायहीनताको अन्त्य**

३३. बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धी अपराधलाई नेपलाको दण्ड आचार-संहितामा अपराध भन्न सकिने कुनै पनि विशेष प्रावधान छैन। दण्ड आचार-संहितामा सुधारका लागि यस्ता प्रावधान प्रस्तुत गरिएको छ, तर संसद्को अभावले गर्दा यस्ता प्रावधान यति छिटो लागू हुने सम्भावना देखिँदैन। यसका बाबजुद कार्यदलले सिफारिस गर्दछ- **बलपूर्वक वा जबर्जस्ती बेपत्तालाई एक विशेष अपराधको रूपमा जतिसक्दो चाँडो नेपालको फौजदारी कानुनमा मान्यता प्रदान गर्न संशोधन गरिनुपर्नेछ ।**

३४. एकपटकको बेपत्ताको घटनालाई अपराधको रूपमा सृजना गरिए आगामी समस्यालाई यसै रूपमा सम्बोधन गरिनुपर्ने हुन्छ। नागरिकहरूविरुद्ध सुरक्षाकर्मीले गरेको अपराधसम्बन्धी गम्भीर आरोप लगाउने गरिएका सबै मुलुकमा कानुनी प्रक्रियाबाट ती आरोपको निर्धारण कि त सैनिक

अदालतबाट कि त नागरिक अदालतबाट पुर्पक्ष गरी गरिन्छ। सैनिक अदालतको न्यायाधिकार क्षेत्रभित्र प्राथमिकरूपमा सैनिक अपराध पर्छ, जसमा कर्तव्य पालन नगरेको वा पीडित र पीडक दुवै सेना कै हुन्छन् त्यस्ता अपराधहरू पर्छ। यथाशीघ्र संसद् पुन: बसेको अवस्थामा कार्यदलले गरेको सिफारिस- **सैनिक ऐनमा संशोधन गरी नागरिकहरूलाई बलपूवर्क वा जबर्जस्ती बेपत्ता गरेको अभियोग लगाइएका सुरक्षाकर्मीविरुद्ध नागरिक अदालतमा मुद्दा चलाउने प्रावधान राख्ने, यस्तोमा सैनिकहरूले नागरिकको हत्या वा बलात्कार गरेमा वा सैनिक कारबाहीमा पनि सेनाले नागरिकविरुद्ध गरेको अपराधलाई नागरिक अदालतमा मुद्दाको पुर्पक्ष गरिनुपर्ने र त्यसलाई बेवास्ता गरिन नहुने प्रावधान समावेश गरिनुपर्ने ।**

३५. यसका अतिरिक्त नेपालका नागरिक अधिकारीहरूले शाही नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीसँग निकटतम सम्बन्ध स्थापित गरी सुरक्षाकर्मीद्वारा गरिएका मानवअधिकार उल्लङ्घनका कारण कार्यदलले पटक-पटक उल्लेख गरेको "दण्डहीनताको संस्कृति" बारे सम्बोधन गर्न कठिन प्रयास गर्नुपर्छ। यद्यपि सैनिक ऐनमा वर्तमान अवस्थामा सैनिक कारबाहीका क्रममा सुरक्षाकर्मीद्वारा हत्याको अपराध गरेको अभियोगबारे नागरिक र सैनिक अदालतमा समानान्तर रूपले कारबाही अघि बढाउने प्रावधान छ। जसमा सैनिक हिरासतमा गरिएका हत्यासम्बन्धी कारबाही पनि समावेश गरिएको छ। सन् २००३ मा सरकार माओवादीबीचको युद्धविराम भङ्ग भएदेखि यस किसिमको एउटा पनि अभियोग लगाइएको छैन जब कि यस्ता धेरै अत्याचार र अपराध भएको पाइएको छ। केही प्रहरी अधिकारीहरूलाई मानवअधिकार उल्लङ्घन गरेको अभियोगमा सजाय दिइएको छ। जनाइएअनुसार ३९ लाई सैनिक अदालतमा अभियोग लगाइएको छ। विशेष गरी सार्वजनिक तथ्यलाई सैनिक अदालतमा बेपत्ता पारिएका घटनाबारे प्रत्यक्षदर्शीको भनाईलाई परिवर्तित गरिन्छ। जसले गर्दा जनताको आँखामा सैनिक अदालतको छवि धुमिल हुन्छ। प्रहरी र सेना संलग्न भएका अनुशासनसम्बन्धी कारबाही बेपत्ता पारिएका घटनाको तुलनामा थोरै रहेका छन्। कार्यदलले त्यसका लागि सिफारिस गर्दछ- **सेनाले दुई वर्षभित्र लिखितरूपमा समेत भएका फैसलालगायत सैनिक अदालतमा भएका सबै प्रक्रियाको पूर्ण विवरण सार्वजनिक गर्नुपर्ने र भविष्यमा सैनिक न्यायाधिवक्ताले नागरिकहरूको अपहरण गरेको र**

**यातना दिइएको अभियोग लगाइएका सुरक्षाकर्मीविरुद्ध कडारूपमा प्रस्तुत हुनुपर्ने ।**

३६. बेपत्तासम्बन्धी अत्याचार गर्नेविरुद्ध न्याय प्राप्त हुँदैन भने विश्वास नेपालीले गुमाउन हुँदैन। अन्तर्राष्ट्रिय कानुनसँग बाँधिएर निर्माण भएको वर्तमान संयन्त्रले वर्षौं अघि बेपत्ता पारिएका घटनामा प्रभावित हुन सक्ने प्रावधानको उल्लेख गरेको छ। विगतमा यसलाई विश्वव्यापी न्याय क्षेत्राधिकारभित्र भएको राष्ट्रिय अदालतले स्वीकार गरेको र त्यसपछि अन्तर्राष्ट्रिय न्यायालयहरूद्वारा स्वीकार गरिएको छ। जबसम्म बेपत्ता पारिएका व्यक्तिलाई कहाँ राखिएको छ र त्यसको स्थितिको जानकारी सार्वजनिक गरिँदैन त्यसलाई बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धी अपराध मानिनेछ।

**(बी) मौलिक अधिकारको संवैधानिक सुरक्षा**

३७. नेपालको संविधानको धारा १४ को अनुच्छेद ७ अन्तर्गत नजरबन्दसम्बन्धी प्रावधान छ। यद्यपि धारा १५ को अनुच्छेद १ मा कसैलाई पनि नेपालको सार्वभौमसत्ता अखण्डता वा कानुन व्यवस्थाप्रति खतरा हुन सक्ने पर्याप्त आधार नभएसम्म नजरबन्दमा राख्न नसकिने प्रावधान छ। यसले फगत शंकाको आधारमा कसैलाई पनि नजरबन्दमा राख्न न्यायपूर्ण आधार प्रदान गर्न नसक्ने विषयलाई सुनिश्चित गर्छ। अझभन्दा धारा १४ को अनुच्छेद ५ को संवैधानिक व्यवस्थाले प्रदान गरेको आधारमा नजरबन्दमा राखिएका व्यक्तिलाई उसलाई नजरबन्दमा राखिने कारण र त्यसका विरुद्ध कानुनी प्रक्रिया अघि बढाउन कानुनव्यवसायीको सल्लाह ग्रहण गर्न पाउने अधिकार प्रदान गर्छ।

३८. यी संवैधानिक प्रावधानहरू नेपालले सन् १९९१ मा प्रमाणीकरण गरेको आइसीसीपीआरको अन्तर्राष्ट्रिय मान्यता पूरा गर्न नेपालको संविधानमा व्यवस्था गरिएको हो। अनुच्छेद ४ को सामान्य टिप्पणी ८ मा मानवअधिकार समितिले आइसीसीपीआरका प्रावधान लागू गराउन नजरबन्दबारे यसरी बताएको छ।

'... **सार्वजनिक सुरक्षाका लागि कथित नजरबन्दको प्रयोग यी प्रवधानहरूबाट नियन्त्रित गरिएकै हुनुपर्छ । नजरबन्दको प्रयोग स्वेच्छाचारी ढंगले होइन, यसका लागि आवश्यक आधार र कानुनी प्रक्रिया हुनैपर्ने, कारणहरूबारे सुसूचित गरिनुपर्ने, गलत ढंगबाट नजरबन्दमा राखिएमा**

**अदालतबाट क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने छ ।' (सन्दर्भ हटाइएको छ)**

३९. नेपालमा यी अधिकारहरूलाई प्रणालीगतरूपमा अस्वीकार गरिएको छ। सयौं मानिसलाई देशभरिका सैनिक ब्यारेकमा कसैसँग भेट्न नदिई, बिना कुनै जानकारी र कानुनी आधारबाट टाढा राखेर नजरबन्दमा राखिएको छ। हिरासतमा राखिएकाहरूलाई पनि स्वेच्छाचारी ढंगले राखिएको पाइएको छ। धेरै मुद्दामा बिना कुनै ठोस प्रमाण उनीहरूलाई हिरासतमा राखिएको पाइएको छ। हिरासतमा लिइएका व्यक्तिहरूको परिवारलाई राखिएको या नराखिएकोबारे कुनै पनि सूचना नदिने गरिएको पाइएको छ। हिरासतमा लिइएका यस्ता व्यक्तिहरूलाई बेपत्ताका घटनाअन्तर्गत राखी ( १८ डिसेम्बर १९९२ को महासभा रिजल्यूशन ४७/१३३) पीडितहरूको अवस्था र स्थितिबारे जानकारी सार्वजनिक नगरिएसम्म बलपूर्वक बेपत्ता बनाइएका सबै घटनालाई मानिसको संरक्षणसम्बन्धी घोषणाअनुसार निरन्तर अपराध मानिनेछ।

**(सी) बन्दीहरूको सूची, बन्दी प्रत्यक्षीकरण र न्यायिक स्वतन्त्रता**

४०. नेपालका मानवअधिकारवादीहरूले बेपत्ता पारिएका समस्याको सम्बोधन गर्न बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गर्ने गरेका छन्। यसलाई सुरक्षाकर्मीद्वारा गैरकानुनी र गुप्त ढंगले हिरासतमा लिइएकाविरुद्ध महत्वपूर्ण उपचार मानिन्छ। यो उपचार माओवादीद्वारा बेपत्ता पारिएकाहरूका सन्दर्भमा प्रयोग गरिँदैन। सुरक्षाकर्मीहरूको सन्दर्भमा पनि बन्दी प्रत्यक्षीकरणले प्रायः सफलता प्राप्त गरेको पाइँदैन। देशका सैनिक शिविरमा हिरासतमा राखिएका व्यक्तिहरूको सही सूचनाको समस्या र त्यसको पहुँचको अभावमा यसले प्रायः सफलता पाउने गरेको छैन। हिरासतमा राखिएकाहरूको औपचारिक सूचनाको पहुँच विश्वभरि यस्तै भएकाले उनीहरूलाई यातना र अन्य दुःख दिइने सम्भावना धेरै हुन्छ। त्यसैले कार्यदलले सिफारिस गर्दछ- **नेपाल सरकार र सुरक्षाकर्मीले हिरासतमा रहेकाहरूको सूची ठीक ढंगले तयार पारी त्यस सूचीसम्मको पहुँच सुनिश्चित गर्नुपर्ने र राष्ट्रिय मानवअधिकार आयोगलगायत त्यस सूचीलाई हिरासतमा राखिएका परिवार र नागरिक अधिकारीलाई पनि उपलब्ध गराउनुपर्छ । यस्ता सूचीमा सुन्दरीजलको औपचारिक हिरासत केन्द्रहरूलगायत सैनिक ब्यारेकसहित अन्य अनौपचारिक ठाउँमा बन्दी बनाइएकाहरूलाई समेत समावेश गरिनुपर्छ । स्थानीयरूपमा राखिने यस्ता**

**सूचीमा राष्ट्रियरूपमा दर्ता गरिएका बन्दीहरूको नाम ठेगाना सबै एकसाथ उल्लेख गरिनुपर्छ ।**

४१. नेपालका सुरक्षाकर्मीद्वारा हिरासतमा लिइएका घटनामा बन्दीहरूलाई कहाँ राखिएको छ ? त्यसबारे हचुवाको भरमा रिहा गरिएका बन्दीको भनाइमा, वा सुरक्षाकर्मीद्वारा बन्दी परिवारलाई चुहाइएको जानकारीको आधारमा थाहा पाउने गरिएको पाइन्छ। त्यसो हुनाले बन्दी प्रत्यक्षीकरणका निवेदनहरू बिना ठोस सूचनाको आधारमा महत्वपूर्ण नरहेको देखिएको छ। यसरी बन्दी प्रत्यक्षीकरणको सफलता पूर्णरूपले सुरक्षाकर्मीको स्वीकारोक्तिमा भर पर्छ। सुरक्षाकर्मीले आफ्नो हिरासतमा रहेको स्वीकारेमा मात्र सरकारले बिना कारण हिरासतमा राखिएको व्यक्तिको समर्थनमा कारण देखाउ आदेश जारी गर्छ।

४२. बन्दी प्रत्यक्षीकरणका मुद्दामा केन्द्रीय कठिनाई झुठो साक्षी हुन पाइएको छ। प्रत्यक्षदर्शीले झूठो साक्षी दिन सक्ने भए पनि सरकारी अधिकारीहरूको साकृयलाई साक्षीको रूपमा लिइँदैन। यसको अर्थ सुरक्षाकर्मीलगायत कुनै पनि सरकारी अधिकारीहरूको भनाइलाई कानुनी प्रावधानअन्तर्गत सत्यको रूपमा लिइने छैन। यस्ता धेरै कुख्यात मुद्दामा सेनाले सर्वोच्च अदालतमा बन्दीबारे अस्वीकार गर्ने गरेको छ। राजनीतिक विवाद, सञ्चारमा बन्दीबारे जिज्ञासा र अन्य अधिकारीहरूद्वारा जानकारी माग गरिएको बेला सेनाले बन्दी बनाएको कुरालाई अस्वीकार गर्ने गरेको छ। यस्ता घटनाले न्यायिक प्रतिष्ठालाई अवमूल्यन गर्दछ। विशेष गरी संसद्को अभावमा यस्ता दुःखदायी घटना हुन पुग्छन्। आज न्यायिक प्रक्रिया सेनाको शक्तिलाई सन्तुलनमा राख्न सक्ने एकाइका रूपमा मात्र बाँकी रहेको छ।

४३. न्यायिक शक्तिमाथि यस्तै आक्रमण त्यतिबेला हुन्छन् जतिबेला सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरणको निवेदनमा बन्दीलाई रिहा गर्न आदेश दिन्छ रिहा गरिएको लगत्तै पुनः पक्राउ गर्ने गरिन्छ। यस्ता घटना कार्यदलले नेपालको भ्रमणको क्रममा धेरै कानुन व्यवसायीद्वारा विश्वस्त जानकारी गराएको आधारमा ग्रहण गरेको छ। कार्यदलले यसका लागि सिफारिस गर्छ- **सर्वोच्च अदालतले अदालतको अवज्ञा गर्ने तर, अधिकारीहरूलाई सजाय गर्नुपर्ने सिफारिस गर्दछ ।**

४४. यद्यपि नेपालका न्यायाधीशहरू सेनालाई चुनौती दिन डराएका हुन्छन् भन्ने गरिए पनि कार्यदललाई न्यायिक क्षेत्र विशेष गरी सर्वोच्च अदालतले प्रजातन्त्र स्थापना भएदेखि स्वतन्त्र न्यायालयको गरिमा बढाउन धेरै कडा

प्रयास गरेको भनियो। अदालतको भूमिका पहिलेको भन्दा अहिले धेरै महत्वपूर्ण रहेको छ।

अदालतमा कारबाही गरिए माओवादीहरूले बदला लिने डरले न्यायाधीशहरू डराएको पनि सुनिन्छ। यस्तो हो भने राजनीतिकरूपमा माओवादी विद्रोह समाप्त नभए वा कमजोर नभएसम्म अदालतलाई मानिस नभएको अदालतको रूपमा बनाइदिए बुद्धिमत्पूर्ण हुनेछ।

**(डी) आतङ्ककारी एवम् विध्वंसात्मक गतिविधि (नियन्त्रण र सजाय) अध्यादेश (ऐन)**

४५. नेपालका मानवअधिकारवादी र अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूका लागि आतङ्कवादी एवम् विध्वंसात्मक गतिविधि (नियन्त्रण एवम् सजाय) सम्बन्धी अध्यादेशको उत्पत्ति र अवलम्बन मुख्य कानुनी चिन्ताको विषय रहेको छ। अध्यादेशले सन् २००२ मा पारित ऐनलाई विस्थापित गरेको हो जसले आतङ्कवादी एवम् विध्वंसात्मक कार्यलाई निश्चित अपराध भएको बताउँदै आतङ्ककारी एवम् विध्वंसात्मक कार्यहरूलाई नियन्त्रण गर्न विशेष शक्तिको स्थापना गऱ्यो। जसअन्तर्गत वृहत् खोजतलास र कब्जामा लिने अधिकार र सुरक्षाकर्मीले बल प्रयोग गर्न पाउने अधिकार समावेश गरिएको छ। यसका अतिरिक्त अत्यधिक विवादास्पद पुरानो नजरबन्द ऐन उचित आधारमा विश्वास गरी कुनै पनि व्यक्तिलाई कुनै पनि काम गरिरहनबाट रोक्न सकिने कार्य आतङ्कवादी एवम् विध्वंसात्मक ऐनअन्तर्गत रहेको मानिनेछ। पहिला यसको नब्बे दिन हिरासत अवधि रहेको थियो। सबै अधिकार बटुलेर यसै ऐनलाई दिइएको छ। यो दुई वर्षसम्म कायम रहेको थियो। सन् २००२ को मेमा संसद् निलम्बन गरिएपछि ऐन अध्यादेशमा परिवर्तन भयो।

कार्यकारिणी अधिकार प्रयोग गरी नब्बेदिने हिरासतलाई एक वर्षमा विस्तार गरियो। आतङ्कवादी एवम् विध्वंसात्मक गतिविधि अध्यादेशअनुसार नजरबन्दमा राख्न पाउने आदेश नागरिक अधिकारीद्वारा दिइने सुरक्षा अधिकारीका रूपमा विशेष गरी प्रमुख जिल्ला अधिकारीलाई परिभाषित गरिन्छ।

४६. सरकारी अधिकारीहरू आतङ्कवादी एवम् विध्वंसात्मक गतिविधि अध्यादेशलाई सकारात्मकरूपमा हेर्नुपर्ने दावी गर्छन्। उनीहरूका अनुसार एक वर्षसम्म हिरासतमा राख्न पाउने अधिकारले बेपत्ताका घटना र

अन्यायपूर्ण हत्याको घटनामा कमी ल्याउँछ। यो तर्क चिन्ताको विषय छ। सुरक्षाकर्मीले समाजका लागि खतरा हुने तत्काल कुनै प्रमाणबिना शंकाको आधारमा हिरासतमा राखिरहन सजिलो अनुभव हुने विचार व्यक्त गरेको छ। यो नेपालको संविधानको प्रतिकूल रहेको छ। जसले सार्वभौमसत्ता, अखण्डता र कानुन व्यवस्थाप्रति तत्काल खतरा हुने पर्याप्त आधार निर्माण गर्छ। बेपत्ता र हत्यासमबन्धी घटनामा कमी ल्याउन सुरक्षाकर्मीमाथि अनुशासनसम्बन्धी विशेष कारबाही गर्नु राम्रो हुनेछ।

४७. कुनै घटनामा आतङ्कवादी एवम् विध्वंसात्मक गतिविधि अध्यादेशमा नागरिकहरूमाथि सानो नियन्त्रणको रूपमा प्रमुख जिल्ला अधिकारीको आवश्यक कारबाहीलाई प्रस्तुत गरिने कुरा व्यवहारमा ठूलो भ्रम हो। धेरै घटनामा प्रमुख जिल्ला अधिकारी वास्तवमा स्वतन्त्र रहेका हुँदैनन्। प्रमुख जिल्ला अधिकारीको सुरक्षालाई माओवादीबाट खतरा रहेकाले निजको सुरक्षा पूर्णरूपले सेनामा आधारित रहेको छ। विश्वस्त जानकारीअनुसार प्रमुख जिल्ला अधिकारीहरूले कुनै पनि गम्भीर अवस्थाको अभावमा पनि आतङ्कवादी एवम् विध्वंसात्मक गतिविधि अध्यादेशअन्तर्गतको आदेशमा हस्ताक्षर गर्ने गरेको पाइएको छ। वास्तवमा केही खाली आदेशहरूमा प्रमुख जिल्ला अधिकारीहरूले हस्ताक्षर गर्ने गरेका छन्। बाँकी आदेश सुरक्षाकर्मीहरूले गर्ने गर्छन्। अझभन्दा संवैधानिक एवम् अन्तर्राष्ट्रिय कानुनसम्बन्धी अधिकार कानुनी पहुँचलाई प्रणालीगतरूपमा अस्वीकार गरिएको छ।

४८. अधिवक्ता र मानवअधिकारवादीहरूले आतङ्कवादी एवम् विध्वंसात्मक गतिविधि अध्यादेशले दण्डहीनताको संस्कृतिलाई बढाएको तर्क अघि सारेका छन्। कुनै कानुनी रेखदेखबिना एक वर्षसम्म हिरासतमा राख्न सकिने आदेश अब दिइने र यस्तो आदेशमा नागरिक नियन्त्रण नहुने तथा सुरक्षाकर्मीले आतङ्कवादी एवम् विध्वंसात्मक गतिविधिमा संलग्न भएको प्रमाणितै नभएर पनि हिरासतमा राख्न सक्ने भएकाले उनीहरूले यस्तो तर्क अघि सारेका हुन्। फगत शंकाका आधारमा कुनै पनि निर्दोषलाई हिरासतमा राख्न सकिने छ। सुरक्षाकर्मीहरूले त्यसको दुरुपयोग गरिरहन्छन्।

४९. आतङ्कवादी एवम् विध्वंसात्मक अध्यादेशले घटीमा प्रमुख जिल्ला अधिकारीको कार्यलयमा बन्दीहरूको ताजा सूची तयार पारेर राखेको हुनुपर्ने आवश्यकतामा जोड दिन्छ। व्यवहारमा यो कतै पाइँदैन। यस

अध्यादेशअन्तर्गत धेरै बन्दी बनाइएका छन्। नेपाल भ्रमणमा रहेका बेला कार्यदललाई सरकार र सेनाले ४७ वटा बन्दी अध्यादेशअन्तर्गत रहेको जनाएको थियो। जसमा केहीलाई सेनाको व्यारेकमा राखिएको छ। आतङ्कवादी एवम् विध्वंसात्मक अध्यादेशले नै पनि बन्दीहरूलाई अमानवीय ढंगबाट हिरासतमा राख्नबारे पुष्टि भने गर्दैन। यसका बाबजुद सेनाको ब्यारेकमा राखिएका बन्दीहरूलाई कानुनी संयन्त्रले राखिएको जटिल परिभाषा सैनिकहरूले दिएका थिए। सम्बद्ध पक्षले यसबारे वकील र नातेदारलाई जानकारी गराउन अस्वीकार गर्दै आएका छन्। धेरै जना बन्दीलाई कसैसँग भेट्न नदिई सेनाको व्यारेकमा राखिएको छ।

५०. आतङ्कवादी एवम् विध्वंसात्मक गतिविधि अध्यादेश प्रभावमा आएको देखिँदैन। जानकारीअनुसार सयजनामाथि यसअन्तर्गत अभियोग चलाइएको छ। केहीलाई यसैअन्तर्गत बन्दी पनि बनाइएको छ। यसको मनोवैज्ञानिक प्रभाव धेरै ठूलो छ। यसले दण्डहीनताको संस्कृति निर्माण गर्छ, जसबाट सुरक्षाकर्मीको दुर्व्यवहार बढ्छ र यसले निर्दोष नेपालीलाई असुरक्षा प्रदान गर्दछ। कार्यदलले सिफारिस गर्छ- **आतङ्कवादी एवम् विध्वंसात्मक गतिविधि (नियन्त्रण एवम् सजाय) अध्यादेश तत्काल खारेज गरिनुपर्छ ।**

## (ई) मानवअधिकारवादीहरूको संरक्षण

५१. विशेष गरी काठमाण्डौबाहिर कामका कारण गएका बेला मानवअधिकारवादीहरूलाई बेपत्ता पारिन सकिने खतरा बढेको छ। बेपत्ताका घटनाहरूबारे काम गर्ने एक मानवअधिकारवादीले सैनिक अधिकारी आएर टाउकोमा बन्दुक तेर्साएको जानकारी गराए। यसका लागि कार्यदलले मानवअधिकारवादीले पाउने यस किसिमको खतरा ठूलो चिन्ताको विषय भएको जनाएको छ। यसका अतिरिक्त कार्यदलले मानवअधिकारवादीहरूप्रतिको खतरालाई महासचिवका विशेष प्रतिनिधिसमक्ष यस किसिमको चिन्ता व्यक्त गर्नेछ। कार्यदलले यसबारे- **मानवअधिकारवादीहरूले काम गर्दा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत सुरक्षित हुनुपर्ने विषयलाई सरकार र सुरक्षाकर्मीले सुनिश्चित गर्नुपर्ने सिफारिस गर्दछ ।**

## (एफ) राष्ट्रिय मानवअधिकार आयोग

५२. राष्ट्रिय मानवअधिकार आयोग बेपत्ता पारिएका घटनालगायत

मानवअधिकार उल्लङ्घनका घटनासँग जुध्न सानो समयमा एक निर्णायक उपकरणको रूपमा उदाएको छ। राष्ट्रिय मानवअधिकार आयोगले बेपत्तासम्बन्धी एक विशेष एकाई गठन गरेको छ र यस क्षेत्रमा काम गर्ने नागरिक समाजका संगठनहरू र बेपत्ता पारिएका परिवारहरूसँग महत्वपूर्ण सम्पर्क कायम गरेको छ। यसका बाबजुद राष्ट्रिय मानवअधिकार आयोग कमजोर रहेको छ। यसका कर्मचारी युवा छन् र उनीहरूलाई तालिमका साथै स्पष्ट राजनीतिक समर्थनको आवश्यकता छ। आयोगका सदस्यहरूको पदावधि छिट्टै समाप्त हुनेछ। राष्ट्रिय मानवअधिकार आयोग निरन्तररूपमा अघि बढ्नु आवश्यक रहेको छ। कार्यदलले- **सरकारले राष्ट्रिय मानवअधिकार आयोगको भूमिकालाई बलियो पार्न प्रत्येक प्रयास निरन्तर गर्नुपर्ने र कार्य गर्न दिनुपर्ने तथा यसका अतिरिक्त संसद्बाट हुने नियुक्ति प्रक्रियालाई संसद्को अभावमा सरकारले निरन्तरता दिनुपर्ने सिफारिस गर्दछ ।**

५३. राष्ट्रिय मानवअधिकार आयोगसँग हिरासत केन्द्रमा भ्रमण गर्न पाउने अधिकार हुन्छ। तर, सेनाले ब्यारेकमा भ्रमणका लागि पूर्व सूचनाबिना भ्रमणमा रोक लगाएको छ। राष्ट्रिय मानवअधिकार आयोग र शाही नेपाली सेनाबीच समन्वयसम्बन्धी सम्झौतामा प्रगति भएको छ। यसअन्तर्गत नै कार्यदलको भ्रमण भयो। यसलाई लागू गरिएकोबारे पर्यवेक्षण गरिने छ। यसबारे कार्यदलले सिफारिस गर्दछ- **राष्ट्रिय मानवअधिकार आयोगलाई सेनाको ब्यारेकलगायत सबै ठाउँमा पूर्व सूचनाबिना भ्रमण गर्न पाउने अधिकार प्रदान गरिनुपर्छ ।**

### (जी) मानवअधिकार र संयुक्त राष्ट्रसंघको शान्ति अभियानमा सहभागिता

५४. संयुक्त राष्ट्रसंघको शान्ति अभियानमा सेवा पुऱ्याइसकेका सशस्त्र बलका धेरै जसो कमाण्डरहरूले कार्यदललाई त्यस सेवाप्रति गौरव गरेको जानकारी गराए। कार्यदलले नागरिक समाज र नेपालका अन्तर्राष्ट्रिय समुदायले शाही सेनाद्वारा गरिएका मानवअधिकार उल्लङ्घनका घटना र उनीहरूले शान्ति सेवा अभियानमा भविष्यमा हुन सक्ने सहभागिताबारे व्यक्त गरेको चिन्ता र चासो सुन्यो। संयुक्त राष्ट्रसंघको शान्ति अभियानको आधारभूत सिद्धान्त, अन्तर्राष्ट्रिय मानवीय कानुनका नियमहरू, राष्ट्रसंघीय कमाण्डअन्तर्गतका सैनिकहरूका लागि मान्नुपर्ने खालका हुन्छन् र संयुक्त राष्ट्रयसंघको कमाण्डका सैनिक बलले नागरिक लडाकूबीचको स्पष्ट

भिन्नता निर्दिष्ट गर्नुपर्छ र प्रत्यक्ष सैनिक अभियान मात्र लडाकूहरूविरुद्ध र सैनिक उद्देश्यका लागि गर्नुपर्ने नियम स्पष्ट रूपले बुझ्नुपर्नेछ।

५५. संयुक्त राष्ट्रसंघको शान्तिका लागि व्यक्तिको आचार-संहिताले शान्तिकर्मी सेनाले सबैको मानवअधिकारप्रति सम्मान व्यक्त गर्नुपर्ने कुरा स्पष्ट पार्छ। बदलाको कारबाही विशेष गरी कैदी, बन्दी र हिरासतमा रहेकासँग गर्नु नहुने (नियम-५, जोड दिएको) भनिएको छ। जसले मानवअधिकारको दुरुपयोग फैलिँदै गएको अवस्थाबारे चिन्ता व्यक्त गर्छन् र मानवअधिकारप्रतिका प्रतिबद्धताहरू व्यक्त गर्छन्, लाई यस्ता मिसनमा लगाउनुपर्छ। यस सन्दर्भमा- **संयुक्त राष्ट्रसंघको शान्तिकामी अभियान विभागले भविष्यमा राष्ट्रसंघीय शान्ति सेनामा नेपाली सुरक्षाकर्मीको सहभागिताबारे मूल्याङ्कन गर्न बेपत्ता र मानवअधिकार उल्लङ्घनको अन्य स्वेच्छाचारी घटनामा कमी ल्याउने प्रगति भए/नभएको आधारमा लिने र यससम्बन्धी भएको प्रगतिबारे मानवअधिकार आयुक्तको कार्यालयले प्रगति पुनरावलोकन गर्ने गरी सिफारिस गरिएको छ ।**

## ४. निष्कर्ष र सिफारिस (संक्षेप)

५६. कार्यदलले माओवादी र सुरक्षाकर्मी दुवै पक्षद्वारा गराइएका बेपत्तासम्बन्धी घटनाप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ। यद्यपि राजनीतिक द्वन्द्वको समाधान (रिजल्यूशन) नै बेपत्तालगायत मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनमा कमी ल्याउने प्रत्याभूति प्रदान गर्ने सबैभन्दा राम्रो साधन हो।

बेपत्तासम्बन्धी घटनामा तत्काल कमी ल्याउन चालिने निश्चित पहलहरूमा कार्यदल सक्रिय रहेको छ। यसका अतिरिक्त सरकार र सुरक्षाकर्मीले मानवअधिकारवादीहरूलाई धम्की र चेतावनीबाट सुरक्षा प्रदान गरिरहन हरेक सम्भव प्रयास गर्नुपर्ने छ।

५७. सुरक्षाकर्मीलगायत राज्यपक्षले माओवादी विद्रोहीहरूको नैतिक समानताको पुनरावलोकन गर्न चाहँदैन। २६ मार्च २००४ मा मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन अवलम्बनसम्बन्धी व्यक्त प्रतिबद्धता अनुरूप पूरा गरिनुपर्नेमा सो नगरिएकोले पुनरावलोकन गर्न नचाहेको हो। हालका साताहरूमा देशका विभिन्न ठाउँमा माओवादी विद्रोहीहरूद्वारा गरिएको मानवअधिकारको दुरुपयोग समाप्त गर्न महिलाले माग गरेका छन्। सरकार र सुरक्षाकर्मीले आफूहरूलाई जनताको रक्षकको रूपमा देखाउन,

रक्षकहरूले बेपत्ता पार्दैन, गुप्त र स्वेच्छाचारी ढंगले हिरासतमा राख्दैन र उनीहरूलाई यातना दिँदैन जस्ता कुराहरू प्रचारित गर्ने गरेका छन्।

५८. **कार्यदलले त्यसका लागि सिफारिस गर्दछ–**

(क) यथाशीघ्र बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धमा नेपालको फौजदारी कानुनमा संशोधन गरी विशेष फौजदारी कानुन बनाउने।

(ख) नागरिकहरूलाई बलपूर्वक वा जबर्जस्ती बेपत्ता पारेको आरोप लगाइएका सुरक्षाकर्मीलाई नागरिक अदालतमा मुद्दा चलाउन पाउने गरी सैनिक ऐनमा संशोधन गरिनुपर्ने र हत्या एवं बलात्कार गर्ने सुरक्षाकर्मीविरुद्ध नागरिक अदालतमा मुद्दा चलाउने गरी संशोधन गरिनुपर्ने, सैनिक कारबाहीको क्रममा पनि सुरक्षाकर्मीले नागरिकविरुद्ध गरेको अपराधविरुद्ध नागरिक अदालतमै मुद्दा चलाउनुपर्ने।

(ग) सेनाले विगत दुई वर्षभित्र लिखितरूपमा गरेका फैसलालगायत सैनिक अदालतमा गरिएका कानुनी प्रक्रियाबारे पूर्ण विवरण सार्वजनिक गर्नुपर्ने। सेनाको न्याय अधिवक्ताले नागरिकहरूको अपहरण र यातना दिने सुरक्षाकर्मीविरुद्ध कडा कारबाही गर्नुपर्ने।

(घ) सरकार, सुरक्षाकर्मी र राष्ट्रिय मानवअधिकार आयोगलगायतकाले हिरासतमा राखिएकाहरूको परिवार र नागरिक अधिकारीहरूको पहुँच हुने गरी हिरासतमा राखिएकाहरूको ताजा सूची तयार पार्न लगाउने। यी सूचीहरूमा सुन्दरीजलजस्ता औपचारिक हिरासत केन्द्र र सेनाको ब्यारेकलगायत सबै अनौपचारिक हिरासत केन्द्रमा राखिएका बन्दीहरूको जानकारी समावेश गरिनुपर्ने छ। यी सूचीहरूमा स्थानीयरूपमा र राष्ट्रियरूपमा दर्ता गरिएका नाम, ठेगानालगायत बन्दीबारेको जानकारी समावेश गर्नुपर्नेछ।

(ङ) सर्वोच्च अदालतले अदालतसमक्ष झूठो बोल्ने वा सत्य लुकाउने सुरक्षाकर्मीहरूविरुद्ध अदालतको अवज्ञा गरेकोमा सजाय गर्नुपर्ने।

(च) आतङ्कवादी एवम् विध्वंसात्मक गतिविधि (नियन्त्रण एवम् सजाय) अध्यादेश सरकारद्वारा तत्काल फिर्ता लिइनुपर्ने

(छ) सरकार र सुरक्षाकर्मीले अन्तर्राष्ट्रिय कानुनअनुसार पूरा गर्नुपर्ने दायित्व पूरा गर्न मानवअधिकारवादीहरूको काममा सुरक्षा सुनिश्चित गर्नुपर्ने।

(ज) सरकारले राष्ट्रिय मानवअधिकार आयोगको भूमिकलाई बलियो पार्न

र कामको विस्तार गर्ने प्रत्येक प्रयासलाई निरन्तरता दिनुपर्ने र यसका अतिरिक्त संसद्द्वारा नियमितरूपमा हुने नियुक्तिको प्रक्रिया संसद्को अभावमा पनि जारी राखी आयोगलाई निरन्तरता प्रदान गर्नुपर्ने

(झ) राष्ट्रिय मानवअधिकार आयोगलाई सेनाको ब्यारेकलगायत सबै हिरासत केन्द्रमा पूर्व सूचना र अनुमतिबिना बेरोकटोक जान पाउने अधिकार दिइनुपर्ने।

(ञ) संयुक्त राष्ट्रसंघको शान्ति कायम गर्ने अभियानले संयुक्त राष्ट्रसंघको शान्ति अभियानमा नेपाली सेनाको भविष्यमा सहभागिताका लागि मूल्याङ्कन गर्न सुरक्षाकर्मीले बेपत्ता र मानवअधिकारसम्बन्धी अन्य अधिकारहरूको स्वेच्छाचारी ढंगले गरिएको उल्लङ्घनको घटनामा कमी ल्याउन गरेको प्रगतिलाई ध्यान दिनु र मानवअधिकारका लागि उच्चायुक्तको कार्यालयको सहयोग प्रगतिबारे पुनरावलोकन गर्न खोज्नुपर्ने रहेको छ।

---

**द्रष्टव्य**

१. नेपाली कांग्रेस (नेका), नेपाली कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी ( नेकपा एमाले), नेपाल मजदुर किसान पार्टी (नेमकिपा), जनमोर्चा (जमो), नेपाल सद्भावना पार्टी
(नेसपा)

२. संविधानको धारा १४ अनुच्छेद ७ जसले नजरबन्दको हकमा २४ घण्टाभित्र न्यायाधीशसक्ष पुग्न पाउने अधिकार समाप्त गर्छ, आईसीसीपीआरको रेकर्डमा रहेको छैन घटना मानवअधिकार समितिको समान्य टिप्पणी नं. ८ मा उल्लेख छ।

३. (महासचिवको बुलेटिन अन्तर्राष्ट्रिय कानुनबारे संयुक्त राष्ट्रसंघको पर्यवेक्षण एसटी/एसजीबी/१९९९/१३ (६ अगस्त १९९९) अनुच्छेद ५.१ र ह्याण्डबुक आफ युनाइटेड नेशन मल्टिनेशनल पीसकिपिङ्ग अपरेशन (२००३) पृ. ५८

४. डब्लूडब्लूडब्लू। यूएन।ओआरजी/डीइपटीएस/डीपीकेओ/ट्रेडिङ

## संयुक्त राष्ट्र
## आर्थिक र सामाजिक परिषद्

डिस्ट: साधारण

इ/सीएन ४/२००५/११४

३१ जनवरी २००५

मूल-अङ्ग्रेजी

**मानवअधिकार आयोग**

**एकसठ्ठीऔं सत्र**

**आइटम १९ प्रोभिजिनल एजेण्डा**

# नेपाललाई मानवअधिकारको क्षेत्रमा परामर्श सेवा एवं प्राविधिक र मानवअधिकार सहयोगसम्बन्धी संयुक्त राष्ट्रसंघको मानवअधिकारका लागि उच्चायुक्तको कार्यालयको प्रतिवेदन*

* मानवअधिकार उच्चायुक्तको गतिविधि, नेपालसम्बन्धी ताजा सूचना समावेश गरी प्रस्तुत गर्ने उद्देश्यले ढिलै भए पनि यो प्रतिवेदन प्रस्तुत गरिएको छ।

# संक्षेप

नेपाललाई 'मानवअधिकार सहयोग' शीर्षक विषयमा मानवअधिकार आयोगको साठीऔं सत्रमा मानवअधिकार आयोगका प्रमुखको आग्रहअनुसार प्रस्तुत प्रतिवेदन बुझाइन्छ। आयोगले नेपालबारे उठाएको प्रश्नबारे पहिलोपटक उल्लेख गरिएको यस्तो प्रतिवेदन मानवअधिकारका लागि उच्चायुक्तको कार्यालयद्वारा बुझाइने छ।

यस प्रतिवेदनले विशेषगरी नेपालको नागरिक समाजमा जारी द्वन्द्वका द्वन्द्वरत दुवै पक्षद्वारा वृद्धि गरिएका सैनिक गतिविधिबाट बिग्रँदै गएको मानवअधिकारसम्बन्धी उल्लङ्घनका घटनाको परिवेशीय पुनरावलोकनलाई समावेश गर्छ। नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले विशेषगरी बालबालिकाको अपहरण, यातना, हत्या र प्रताडनालगायत सामूहिक अपहरणजस्ता स्वेच्छाचारी ढंगले गरेको गम्भीर प्रवृत्तिका मानवअधिकार उल्लङ्घनका घटनाहरू प्रतिवेदनमा समावेश छन्। यसका अतिरिक्त पटक-पटकका बन्द र अवरोध, बलपूर्वक आतङ्कित पारी गरिएका घटना एवं भूमिगत विस्फोटक पदार्थको प्रयोगहरूले सामाजिक आर्थिक क्षेत्रमा मानिसहरूको बाँच्न पाउने अधिकारमा कठिन समस्या वृद्धि गराएका छन्। नेपालका सुरक्षाकर्मीले अपहरण, हत्या, यातना र स्वेच्छाचारी हिरासतजस्ता गम्भीर प्रवृत्तिका मानवअधिकार उल्लङ्घन गरेको प्रतिवेदनमा उल्लेख छ। द्वन्द्वरत दुवै पक्षबाट मानवअधिकारवादीहरूसँग बदला लिने, धम्की दिने जस्ता मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाहरू बढ्दै गएका छन्।

मानवअधिकारका लागि उच्चायुक्तको कार्यालय नेपालले गरेका क्रियाकलापबारे उल्लेख गरिएको यो प्रतिवेदनमा राष्ट्रिय मानवअधिकार आयोगलाई सल्लाह र सहयोग उपलब्ध गराएका विषयहरूसमेत समावेश गरिएका छन्। यस वर्ष नेपाल सरकार र मानवअधिकार उच्चायुक्तको कार्यालयबीच पाँच विकास क्षेत्रमा राष्ट्रिय मानवअधिकार आयोगको विस्तार गर्न संयुक्त राष्ट्रसंघको विकास कार्यक्रमले एक प्रमुख आयोजनाको सुरुवात र आयुक्तको कार्यालयले पहिलो अन्तर्राष्ट्रिय सल्लाहकार परिचालन गर्ने एक स्मृतिपत्रमा हस्ताक्षर भयो। स्मृतिपत्रमा हस्ताक्षर भएको बेला राष्ट्रिय

मानवअधिकार आयोगले सामना गरिरहेका दुई प्रमुख गम्भीर समस्या समाधानमा अन्ततः ती प्रयासहरूको सफलता निहित थियो। हिरासत केन्द्रहरूमा आयोगद्वारा गरिने प्रभावकारी पर्यवेक्षणको निरन्तर निषेध र मे २००५ सम्म राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्षलगायत यसका सदस्यहरूको पदावधि समाप्त भएपछिको अनिश्चिततासम्बन्धी दुई महत्वपूर्ण समस्या रहेका थिए।

नेपालमा मानवअधिकार उच्चायुक्तको कार्यालयका गतिविधिहरूमा, संयुक्त राष्ट्रसंघका आवासीय समन्वयकर्ता र देशीय टोलीको समर्थन, मानवअधिकारप्रति सरकारको प्रतिबद्धताबारे सल्लाह, नागरिक समाजको दृष्टिकोणसँगै निरन्तर सूचनाको आदान-प्रदानको विकास र क्षेत्रीय र अन्तर्राष्ट्रिय साझेदारसँगको सहयोग आदि रहेका छन्।

# विषय-सूची

**परिचय**

१. मानवअधिकार परिवेश

२. अवलम्बन गरिएका गतिविधि

(अ) राष्ट्रिय मानवअधिकार आयोगलाई सल्लाह र सहयोग

(आ) संयुक्त राष्ट्रसंघ आवासीय समन्वयकर्ता र देशीय टोलीका लागि समर्थन र सहयोग

(इ) मानवअधिकार प्रतिबद्धताबारे सरकारलाई सल्लाह

(ई) नागरिक समाजसँग सूचनाको नियमित आदान-प्रदान

(उ) क्षेत्रीय र अन्तर्राष्ट्रिय साझेदारसँगको समन्वय

३. निष्कर्ष

**सन्दर्भ सामग्री**

१. संयुक्त राष्ट्रसंघको प्रेस विज्ञप्ति, १४ जुलाई २००४

२. महासचिवको प्रवक्ताको अभिव्यक्ति, २४ डिसेम्बर २००४

## परिचय

१. १८ अप्रिल २००४ मा मानवअधिकार आयोगद्वारा अङ्गीकार गरिएको 'मानवअधिकार सहयोग नेपाल' विषयक आयोगको प्रमुखको अभिव्यक्तिलाई पूरा गर्दै प्रस्तुत प्रतिवेदन बुझाइन्छ। (ई/२००४/२३-३/सीएन ४/२००४/१२७ अनुच्छेद १६)। आयोगले आफ्नो अभिव्यक्तिमा जारी हिंसामा नागरिकहरूको हत्या, माओवादीद्वारा अराजकरूपमा गरिएको हिंसात्मक घटना, सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग जस्ता विषयमा चिन्ता व्यक्त गऱ्यो। सरकारलाई यस्ता घटनाहरूको अनुसन्धान एवं मानवअधिकार उल्लङ्घनका सबै घटनामा अभियोग दायर गर्न प्रोत्साहन गऱ्यो। २६ मार्च २००४ मा मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुनको अवलम्बनसम्बन्धी सरकारले गरेको प्रतिबद्धतालाई आयोगले स्वागत गऱ्यो र स्वतन्त्र, निष्पक्ष एवं विश्वसनीय ढङ्गले राष्ट्रव्यापी पर्यवेक्षण एवं अनुसन्धानसहित मानवअधिकारसम्बन्धी अवधारणालाई अघि बढाउने उद्देश्यले संस्थागत क्षमता एवं मानवीय स्रोतको विकासका लागि एक स्मृतिपत्रमा हस्ताक्षरलगायत राष्ट्रिय मानवअधिकार आयोगलाई प्राविधिक सहयोग एवं सल्लाह सेवाको विकास गर्न गरिएका सरकार एवं मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रयासहरूलाई समर्थन गऱ्यो। आयोगले सरकारद्वारा बुझाइएको सावधिक प्रतिवेदन र नेपालको भ्रमण गर्न विशेष प्रतिनिधि टोलीलाई सरकारले निम्तो गरेको तथ्यलाई स्वागत गऱ्यो। सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नतासम्बन्धी विषयको व्यवस्थाबारे बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख (प्रोटोकल) मा सरकारले गरेको हस्ताक्षरलाई स्वागत र मानवअधिकारको वर्तमान अवस्थामा सुधार गर्न र राष्ट्रिय क्षमता अभिवृद्धि गर्न सरकारले गरेको प्रयासमा सरकारलाई सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई प्रोत्साहन गऱ्यो।

२. मानवअधिकारका लागि उच्चायुक्तको कार्यालय नेपालको क्रियाकलापले प्रमुखरूपमा राष्ट्रिय मानवअधिकार आयोगका लागि सल्लाह र सहयोग उपलब्ध गराउनेसम्बन्धी प्रावधान, संयुक्त राष्ट्रसंघको आवासीय समन्वयकर्ता र देशीय टोलीलाई मानवअधिकार संरक्षण र

प्रवर्द्धनसम्बन्धी विषयमा समर्थन, मानवअधिकारसम्बन्धी प्रतिबद्धता एवं समस्या समाधान गर्न आवश्यक कारवाही गर्न सरकारलाई सल्लाह दिने प्रावधान, नागरिक समाजको दृष्टिकोण र सूचना आदान-प्रदानको नियमितताका लागि विकास र क्षेत्रीय एवं अन्तर्राष्ट्रिय साझेदारहरूसँग सहयोगबारे प्रकाश पार्दछ। काठमाडौंकेन्द्रित संयुक्त राष्ट्रसंघका वरिष्ठ मानवअधिकार सल्लाहकारद्वारा प्राथमिक रूपले यी गतिविधिहरू सञ्चालन गरिएका छन्। प्रतिवेदनमा हिंसाको बढ्दो चक्र र सैनिकीकरणलाई तोड्ने उद्देश्यले गरिएका विभिन्न सिफारिसहरू समावेश गरिन्छन्।

## १. **मानवअधिकार परिवेश**

३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले सन् १९९६ मा सुरु गरेको सशस्त्र संघर्ष 'जनयुद्ध' को परिणामले मानवअधिकार संकटपूर्ण अवस्थामा छ। सन् २००४ मा सशस्त्र द्वन्द्वबाट मारिनेहरूको संख्या दस हजार नाघेकोमा झन्डै दुई तिहाई सुरक्षाकर्मीहरूको कारवाहीबाट मारिएका छन्। नौ वर्षको सशस्त्र संघर्षमा मारिएकाहरूमा बीस प्रतिशत सन् २००४ मा मात्र मारिएका छन्। धेरै ठाउँमा द्वन्द्व परम्परागतरूपमा लडिएको छैन बरु गाउँ र घरमा लडिने गरिएको छ जहाँ नागरिकहरू द्वन्द्वबाट खतरामा रहेका छन् र दुवै पक्षमा युवाहरूको दुरुपयोग गरिन्छ। यद्यपि दुवै पक्षले जनताको मन र मस्तिष्क जित्न चाहेको घोषणा गरेका छन्। जसका लागि अस्थायी रूपले रणनीतिक फाइदाका लागि आतङ्कित पार्ने पद्धतिको आँकलन गरिएको छ।

४. सन् २००४ मा माओवादीहरूले विद्यार्थी, युवा र शिक्षकहरूलाई विशेष रूपले सामूहिक अपहरण नीतिप्रति केन्द्रित रहेर गम्भीर प्रवृत्तिको मानवअधिकार उल्लङ्घन गरेका छन्। उनीहरूले युवाहरूलाई आफूहरूको दस्तावेजबाट प्रभावित पार्न र द्वन्द्वमा बालबालिकाको सक्रिय संलग्नताका लागि सूची बनाउन अपहरण गरेका थिए। माओवादी आन्दोलनको लोकप्रियता समाप्त भएको देखिएको छ। माओवादीहरूको दुर्व्यवहार र सन् २००४ को अन्त्यतिर माओवादीहरूले बालबालिकाको भर्ना गरी भरिया, शिविर सहायक, प्रचारक र सैनिकको आवश्यकता पूरा गर्न बालबालिकालाई अपहरण गर्न लिएको नीतिविरुद्ध गाउँलेहरूले विद्रोह

गरेका घटनामा वृद्धि भएको देखिएको छ। बाह्र वर्षका बालबालिका माओवादी लडाकु रहेका छन्। उनीहरूलाई आफूहरू केका लागि लडेका हौं भन्नेबारे थाहा नभए पनि मर्न र मार्न तयार रहेको समाचार सार्वजनिक भएका छन्। बालबालिकालाई हतियार र उपकरण बोक्न बलपूर्वक भरियाको काममा लगाउने जस्ता अन्य जोखिमपूर्ण काममा समेत लगाउने गरिन्छ। विद्यालयका विद्यार्थी र शिक्षकहरूलाई प्रणालीगत लक्ष्य पूरा गर्न शैक्षिक प्रणालीलाई माओवादीद्वारा अवरुद्ध पारिएको छ। भविष्यमा यसले सामाजिक र आर्थिक क्षेत्रलाई धराशयी पार्ने गरी प्रभावित पार्ने छ।

५. २००४ मा माओवादीहरूले भन्ने गरेको पुरानो सत्ताको उपस्थितिको रूपमा स्थानीय सरकारका कार्यालयहरू बन्द गराउने उद्देश्यले गाविसका पदाधिकारीहरूलाई सामूहिक राजीनामा गराउन हत्या र आतङ्कको नीति अबलम्बन गरेका थिए। यसरी खाली भएको प्रशासकीय निकायमा माओवादीहरूले आफ्नो किसिमको नागरिक संरचना स्थापना गर्ने प्रयास गरेका छन्। सशस्त्र संघर्ष जारी राख्न यस्ता संरचनाबाट माओवादीहरूले करको रूपमा रकम सङ्कलन गर्ने गरेका छन्। माओवादीहरूद्वारा तेर्साइएका माग पूरा नगरिएकाले अन्तर्राष्ट्रिय दातृ संस्थाहरूले विकास कार्य स्थगित गरेका छन्। माओवादीहरूले रूख ढाली, भूमिगत विस्फोटक पदार्थ र धराप आदि बनाएर यातायात अवरुद्ध पारेका छन्। उनीहरूले पटक-पटक बन्दको घोषणा गरी विभिन्न जिल्लास्थित सबै व्यापारिक प्रतिष्ठानहरूलाई बलपूर्वक बन्द गराउने गरेका छन्। माओवादीहरूले सन् २००४ मा दुईपटक नाकाबन्दी गरेका थिए र २००५ मा पनि गर्ने योजना बनाएका छन्। क्षेत्रकै सबैभन्दा गरिब आर्थिक अवस्था रहेको नेपालको राष्ट्रिय आर्थिक अवस्था सन् २००४ मा दबाबमा रहेको छ। निजी क्षेत्रका प्रतिष्ठानहरूमा काम गर्ने हजारौं मानिसलाई बेरोजगार बनाइएको छ।

६. प्रहरी, सशस्त्र प्रहरी बल र शाही नेपाली सेना सम्मिलित एकीकृत कमान्ड दल गठन गरिएको छ। सन् २००४ मा मानवअधिकार उल्लङ्घनका घटनामा वृद्धि भएको छ। विशेषगरी बेपत्ता पारिने, यातना, स्वेच्छाचारी हिरासत र हत्याजस्ता अपराधजन्य मानवअधिकार उल्लङ्घनका घटनाहरू भएका छन्। दण्डहीनताको अवस्थाले

सुरक्षाकर्मीहरूद्वारा गरिएको दुरुपयोगविरुद्ध सैनिक अदालतमा कारवाही चलाइएको छ। वर्षभरि द्वन्द्व बढेकाले स्थानीय कमान्डरहरूमाथि परिणाम देखाउन दबाब बढेको र त्यसबाट मर्नेहरूको संख्यामा वृद्धि भएको छ। त्यसको समाप्तिका लागि वर्षभरि सुरक्षाकर्मीहरूले भेष बदलेर माओवादीकै रूपमा गाउँ-गाउँ प्रवेश गर्ने गरेका प्रतिवेदनहरू प्राप्त भएका छन्। त्यस्ता झूठा माओवादीहरूलाई डराएर सहयोग गर्नेहरूलाई सुरक्षाकर्मीहरूले छिमेकीहरूकै अगाडि मारिदिएर घटनामा मारिएको जानकारी गराउने गरिएको पाइएको छ। वर्षभरि सुरक्षाकर्मीहरूले निःशस्त्र युवा र बालबालिकालाई माओवादी भएको शंका वा माओवादीहरूलाई सघाएको आरोपमा हत्या गर्ने गरेको प्रतिवेदनले देखाएको छ।

७. २००४ मा अन्तर्राष्ट्रिय समुदायले नेपालमा बेपत्ता पारिने गरिएका नयाँ घटना विश्वमा सबैभन्दा बढी भएकाले विशेषरूपमा ध्यान दिइएको छ। सुरक्षाकर्मीहरूले बेपत्ता पार्ने गरेको घटना चारैतिर फैलिएका छन्। यसैले मानवअधिकार उल्लङ्घन निरन्तर भएको भनी मानवअधिकारवादी संगठनहरूले आरोप लगाएका छन्। विद्रोहीसँग व्यवहार गर्न राज्यपक्षका लागि बेपत्ता पारिनु एक प्रमुख उपकरण भएको मानवअधिकारवादी संगठनहरूले आरोप लगाएका छन्। सरकारले जुलाई २००४ मा राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकारवादी संगठनहरूद्वारा बेपत्ता पारिएका सयौं घटना प्रस्तुत गरिएपछि त्यसबारे स्पष्टीकरण दिन एक समिति गठन गरे पनि बेपत्ता पारिने घटनाको रोकथामका लागि अबलम्बन गरिने आधारभूत मापदण्ड (हिरासतमा राखिएकाहरूको सूची तयार गर्नु, राष्ट्रिय मानवअधिकार आयोगलाई बिना रोकटोक पर्यवेक्षण गर्न दिनु) अबलम्बन गर्न बाँकी रहेकै छ।

८. सुरक्षाकर्मीहरूले गर्ने गरेका मानवअधिकार उल्लङ्घनका अन्य प्रमुख घटनाहरूमा स्वेच्छाचारी ढङ्गले पक्राउ गर्नु र यातना दिनु रहेका छन्। बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धी कार्यदलले नेपालको भ्रमण गरी तयार पारेको प्रतिवेदन (६/सीएन ४/२००५/६५ /एड १) मा देशभरिका सैनिक ब्यारेकमा धेरै मानिसलाई कसैसँग सम्पर्क गर्न नदिई आतङ्ककारी एवं विध्वंसात्मक गतिविधि अध्यादेशलगायत कुनै पनि कानुनअन्तर्गत हिरासतमा राखिएको उल्लेख छ। आतङ्ककारी एवं

विध्वंसात्मक गतिविधि अध्यादेशले एक वर्षसम्म नजरबन्द गर्न पाउने गरेको प्रावधानको धेरै आलोचना भएको छ। बन्दी प्रत्यक्षीकरणको आधारमा रिहा गरिएका बन्दीलाई तत्कालै पुनः पक्राउ गरिएका धेरै घटनाहरू छन्। यिनीहरू मध्ये एक हिरासतमा राखिएकै ठाउँमा पुनः पक्राउ गरी राखिएको देखिएको छ। पुनः पक्राउका यस्ता घटना वर्षभरि बढ्दै गएका छन्। एकातिर अदालतले निर्दोष वा अनुपयुक्त रूपले हिरासतमा लिएको कारण देखाई रिहा गर्न आदेश दिने, अर्कोतर्फ सुरक्षाकर्मीले पक्राउ गर्ने क्रियाकलापले न्यायिक अधिकार क्षेत्रको अवमूल्यन भएको पाइयो। अन्यायपूर्ण र अवैधानिक हिरासतमा राखिएकाहरूको हित संरक्षण गर्ने न्यायिक क्षेत्रको कानुनी अधिकारको अवमूल्यन वर्षभरि गरियो।

९. सन् २००४ भरि पत्रकारलगायत मानवअधिकारवादीविरुद्ध धम्की र बदलाका घटना भए। धेरै घटनामध्ये एकले सार्वजनिक चर्चा पायो। अगस्तमा माओवादीहरूले पत्रकार तथा मानवअधिकारवादी डेकेन्द्रराज थापालाई कब्जामा लिए। उनलाई जनअदालतमा उभ्याइयो। जनअदालतबाट सजाय सुनाइयो र तत्काल उनको हत्या गरियो। जिल्ला र गाउँमा काम गर्ने पत्रकारहरूलाई माओवादी र सुरक्षाकर्मी दुवै तर्फबाट बदला लिन सक्ने सम्भावना रहिरहेको हुन्छ। सन् २००४ भरि माओवादीहरूले राजनीतिक पार्टीका कार्यकर्ताहरूलाई मारे र माओवादी पीडित संघका अध्यक्ष र उपाध्यक्षलगायत तीनजना अधिकारीहरूको पनि हत्या गरे। सोही समयमा मानवअधिकारवादीहरू विशेषगरी सुरक्षाकर्मीद्वारा उल्लङ्घन भएका घटनाबारे अनुसन्धान गर्ने मानवअधिकारवादीहरूलाई धम्की, चेतावनी दिने र भौतिक क्षति गर्ने गरिएको पाइएको छ। वर्षको अन्त्यतिर सुरक्षाकर्मीहरूद्वारा बदला लिन सक्ने भयबाट जनसाधारण भयभीत भए। तीनजना मानवअधिकारवादी वकिल देश छोडी भागे। अन्य घटनामा प्रत्यक्षदर्शीहरू पनि ज्यान जाने डरले लुकिलुकी हिँडिरहेका छन्।

१०. मानवअधिकारसम्बन्धी विद्यमान प्रतिबद्धतालाई सम्मान गरी लागू गरिने हो भने सुरक्षाकर्मीद्वारा मानवअधिकार उल्लङ्घन गरिएका आरोपबारे प्रभावकारी उपचार र रोकथामको पहल गरिनुपर्ने हुन्छ। सन् २००४ मार्च २६ मा प्रधानमन्त्रीद्वारा मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय

कानुनप्रतिको पच्चीसबुँदे सरकारी प्रतिबद्धताको घोषणामा प्रभावकारी उपचार र रोकथामसम्बन्धी विषय समावेश गरिएको भए पनि अतिरीक्त स्रोतको आवश्यकता नहुने धेरैजसो घटनामा पनि तिनीहरूलाई लागू गरिएको छैन। माओवादी पक्षद्वारा मानवअधिकार वा अन्तर्राष्ट्रिय मानवीय कानुनमध्ये कुनैप्रति पनि यस किसिमको प्रतिबद्धताको पुनःस्वीकारोक्ति सार्वजनिक भएको छैन। वास्तवमा सन् २००४ मा उनीहरूको धेरै नीति र कारवाही सञ्चालन गरिए, जसमा सामूहिक अपहरण, बालबालिकालाई सैनिक कार्यमा भर्ना, अनियन्त्रित हत्या जस्ता कारवाही रहेका छन्। विद्यालयलक्षित अपराधजन्य गतिविधिका रूपमा माओवादीद्वारा रोमको अन्तर्राष्ट्रिय अदालतमा युद्ध अपराधसम्बन्धी फौजदारी अभियोग चलाउन सकिने अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन भएको छ।

११. मानवअधिकार आयोगको विशेष प्रक्रियाबाट सरकारलाई मानवअधिकारसम्बन्धी संकटग्रस्त अवस्थाबारे धेरै गम्भीर सूचनाहरू दिइएको छ। सन् २००४ मा यस्ता सूचना धेरै प्राप्त भए, जसमा साठीवटा संयुक्त अत्यावश्यक अपिल, जुन अन्य मुलुकभन्दा बढी रहेका छन्। सन् २००४ मा दुईपटक संयुक्त वक्तव्यमार्फत् मानवअधिकारको स्थितिबारे चिन्ता व्यक्त गरिएका छन्। १४ जुलाई २००४ मा जारी संयुक्त वक्तव्यमा (हेरौं सन्दर्भ सामग्री) आठ समान अवधारणा बोक्नेहरूले मानवअधिकार उल्लङ्घनका घटनाविरुद्ध गम्भीर चिन्ता व्यक्त गरे। महिलाविरुद्ध हिंसा, अन्याय, अनियन्त्रित एवं स्वेच्छाचारी हत्या, न्यायाधीश र वकिलहरूको स्वतन्त्रता, स्वतन्त्र अभिव्यक्ति, मानवअधिकारवादी, वलपूर्वक वा अस्वैच्छिक वेपत्ता र स्वेच्छाचारी हिरासत जस्ता गम्भीर स्थितिप्रति उनीहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन्। वर्षभरि यातनासम्बन्धी विशेष प्रतिनिधि र बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धी कार्यदलको नेपाल भ्रमण विस्तार गरियो। कार्यदलले डिसेम्बर २००४ मा नेपालको भ्रमण गऱ्यो। अक्टोबर २००४ मा अन्याय, अनियन्त्रित हत्यासम्बन्धी विशेष प्रतिनिधि र मानवअधिकारसम्बन्धी व्यक्ति आन्तरिकरूपमा बदलिएकोमा महासचिवको प्रतिनिधिको भ्रमणका लागि आग्रह गरियो। सन् २००३ मा महासचिवको मानवअधिकारसम्बन्धी प्रतिनिधिको आग्रह अझसम्म

थन्किएर रहेको छ।

१२. मानवअधिकारको प्रणालीगत बढ्दो उल्लङ्घनका घटनाले धेरै नेपालीजनता सुरक्षाका लागि भारतसँगको खुला सिमानाको उपयोग गर्दै भारतीय सहर गाउँतर्फ भाग्ने गरेका छन्। सन् १९९६ देखि राजनीतिक परिवर्तनको नाममा सुरु भएको द्वन्द्व र सैनिकीकरणका कारण नेपाल पुन: मिलन र शान्तिपूर्ण समाधानबाट टाढिँदै गएको छ। नेपालमा संयुक्त राष्ट्रसंघ प्रणालीले मुलुक मानवअधिकारको गम्भीर संकटमा फँसेको, यसको तत्काल निकास निकाल्नुपर्ने आवश्यकता औंल्याउँछ। नेपालको अवस्था चुनौतिपूर्ण एवं बिग्रँदै गइरहेको परिवेशमा मानवअधिकारका लागि उच्चायुक्तको कार्यालयले विभिन्न क्रियाकलाप गरिरहेको छ। कार्यालयले आफ्नो सीमित स्रोत र अनुमतिका आधारमा नेपालको मानवअधिकारको स्थिति सुधार्न प्रयास गरिरहेको छ।

## २. अबलम्बन गरिएका गतिविधि

### (अ) राष्ट्रिय मानवअधिकार आयोगलाई सल्लाह र सहयोग

१३. जून २००४ मा मानवअधिकारका लागि उच्चायुक्तको कार्यालयले पहिलोपटक दुई अन्तर्राष्ट्रिय सल्लाहकारहरू (राष्ट्रिय मानवअधिकार आयोगको क्षमता विकाससम्बन्धी, मानवअधिकारका लागि उच्चायुक्तको कार्यालय र संयुक्त राष्ट्रसंघको विकास कार्यक्रमको संयुक्त आयोजनाले उपलब्ध गराएको) राष्ट्रिय मानवअधिकार आयोगका दुई महत्वपूर्ण कार्यक्षेत्र : पर्यवेक्षण एवं सूचना सम्प्रेषण र तालिमका लागि सल्लाह एवं सहयोग गर्न काठमाडौंमा परिचालन गऱ्यो। राष्ट्रिय मानवअधिकार आयोगले पाँचै विकास क्षेत्रमा क्षेत्रीय कार्यालयहरूको विस्तार गर्ने तयारी सुरु गरेकै बेला ती दुई अन्तर्राष्ट्रिय सल्लाहकार काठमाडौं आइपुगे। उनीहरूका लागि पहिलो कार्यालय नेपालगञ्जमा औपचारिकरूपमा नोभेम्बर २००४ मा खोलियो। त्यसबेलादेखि ती सल्लाहकारहरूले आयोगसँग निकटतम् सम्बन्ध स्थापित गरी क्षेत्रीय विस्तार योजनाबारे प्राथमिकताका आधारमा आवश्यक नीति निर्माणको पहिचान गरी विवरण तयार पार्न सुरु गरेका छन्। उनीहरूले राष्ट्रिय मानवअधिकार आयोगलाई एसियालगायत अन्य ठाउँका राष्ट्रिय मानवअधिकार आयोगको तुलनात्मक जानकारी उपलब्ध गराएका छन्। वर्षको अन्त्यसम्म क्षेत्रीय कार्यालयमा

केही अतिरिक्त अन्तर्राष्ट्रिय सल्लाहकारहरूको भर्ना कार्य बाँकी रहेको छ।

१४. राष्ट्रिय मानवअधिकार आयोगलाई प्राविधिक सहयोग उपलब्ध गराउन विभिन्न शर्त एवं सुविधाबारे विशेषरूपले परिभाषित गरिएका समझदारीको स्मृतिपत्रमा विदेशमन्त्री र मानवअधिकारका लागि उच्चायुक्तद्वारा सन् २००४ डिसेम्बरमा हस्ताक्षर सम्पन्न गरियो। स्मृतिपत्रले उनीहरूलाई कर्तव्य पालन गर्न अन्तर्राष्ट्रिय सल्लाहकारहरूलाई राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारीहरू जस्तै हिंडडुल र हिरासत केन्द्रमा जान पाउने समान स्वतन्त्रता प्राप्त हुने प्रत्याभूति (ग्यारेन्टी) प्रदान गर्छ। यस्तो प्रत्याभूति मानवअधिकार आयोग ऐन १९९७ र २६ मार्च २००४ मा मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन अबलम्बनसम्बन्धी सरकारी प्रतिबद्धताअनुसार हुनेछ।

१५. संयुक्त राष्ट्र प्रणालीमा आधारित वरिष्ठ मानवअधिकारवादी, सल्लाहकार र राष्ट्रिय मानवअधिकार आयोगमा आधारित अन्तर्राष्ट्रिय सल्लाहकार सम्मिलित मानवअधिकारका लागि उच्चायुक्तको कार्यालयको टोलीले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमसँग मिलेर अक्टोबर २००४ मा राष्ट्रसंघले राष्ट्रिय मानवअधिकार आयोगलाई समर्थन र सहयोग गर्ने गरी तय भएको पञ्च वर्षीय भूमण्डलीय आयोजनाबारे अन्तिम निर्णय गऱ्यो। यसरी निर्णय गर्दा आयोगले कार्यक्षेत्र विस्तारको पहुँचका लागि पर्यवेक्षणसम्बन्धी कार्य संयुक्त राष्ट्रका कर्मचारीभन्दा आफ्नै कर्मचारीबाट गराउने स्पष्ट पाऱ्यो। आयोगका लागि राष्ट्रसंघका कर्मचारी दोस्रो हुने आयोगले स्पष्ट पाऱ्यो। यस्ता पर्यवेक्षणहरूका लागि आयोगका पाँचै विकास क्षेत्रका एक वा एक बढी अन्तर्राष्ट्रिय सल्लाहकारहरूले सहयोग गर्नेछन्।

१६. जनवरी २००५ सम्म दुई प्रमुख समस्या उत्पन्न भएका थिए, जसबाट राष्ट्रिय मानवअधिकार आयोगको निरन्तरता, विश्वसनीयता र प्रभावकारितासम्बन्धी संभावित खतरा उत्पन्न भयो। पहिलो समस्या, मुलुकका विभिन्न हिरासत केन्द्रमा पर्यवेक्षण गर्न राष्ट्रिय मानवअधिकार आयोगको अप्रभावकारी पहुँच रहेको थियो। यस किसिमको पहुँच प्राप्त गर्ने सीमित प्रयास डिसेम्बर २००४ मा देखा पऱ्यो। तर, अकस्मात यसको विपरीत अर्को महिना राष्ट्रिय मानवअधिकार आयोगलाई

सुन्दरीजल हिरासत केन्द्र काठमाडौंको भ्रमण गर्न निषेध गरियो। गृह मन्त्रालयले राष्ट्रिय मानवअधिकार आयोगलाई विशेष बन्दीहरूसँग भेट्नु पूर्व आग्रह गरी सार्वजनिक कोठामा मात्र भेटन पाउने बन्देजात्मक प्रक्रियाको घोषणा गऱ्यो। गृहमन्त्रालयको यो निर्णय मानवअधिकार आयोग ऐनको धारा ९(३) को धारणा विपरीत रहेको छ। धारा ९(३) ले राष्ट्रिय मानवअधिकार आयोगलाई कुनै अधिकारी, जेल वा सरकारको कुनै निकायमा भ्रमण निरीक्षण एवं पर्यवेक्षण गर्ने र तत्सम्बन्धी आवश्यक सुधारबारे सरकारलाई जानकारी गराउने अधिकार तथा जिम्मेवारी प्रदान गर्छ। राष्ट्रिय मानवअधिकार आयोगलाई बन्दीहरूसँग भेट्न दिनेभन्दा बन्दी गृहको भ्रमण गर्न नदिने गृह मन्त्रालयको निर्णय अवैधानिक थियो। गृहमन्त्रालयको निर्णयले २६ मार्च २००४ मा मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुनको अबलम्बनसम्बन्धी सरकारको प्रतिबद्धताप्रति प्रश्न उठाउँछ। त्यस प्रतिबद्धताको बुँदा नं. २४ को (सी) ले सरकारले राष्ट्रिय मानवअधिकार आयोगलाई सरकारको कुनै नियोग वा जेल वा अन्य कुनै प्रतिष्ठानहरूको भ्रमण, पर्यवेक्षण र निरीक्षण गरिरहन र मानवअधिकारको संरक्षणका लागि जेलको अन्य भौतिक सुविधासम्बन्धी सुधारका लागि आवश्यक मापदण्डबारे सरकारलाई सिफारिस गरिरहन आवश्यक सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ।

१७. सयौं बन्दी राखिएको सेनाको ब्यारेकलगायत अन्य हिरासत केन्द्रहरूमा कसैसँग सम्पर्क गर्न नदिइएको कुरा महत्वपूर्ण छ। राष्ट्रिय मानवअधिकार आयोगलाई बन्दीहरूसँग बिना रोकटोक भेट गर्न दिने अनुमति, बेपत्ता, स्वेच्छाचारी पक्राउ, यातना, अन्यायपूर्ण हत्याको रोकथामका लागि एक शक्तिशाली उपकरण भएको विश्वास गरिएको थियो। राष्ट्रिय मानवअधिकार आयोगका सदस्यहरूलाई पर्यवेक्षण गर्ने कार्यमा बाधा उत्पन्न गर्नाले नेपालको राष्ट्रिय मानवअधिकारका लागि गर्ने सहयोगबारे अन्तर्राष्ट्रिय समुदायले पुनर्विचार गर्ने बलियो सङ्केत देखाएको छ।

१८. दोस्रो समस्या, राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्षलगायत आयोगका अन्य सदस्यहरूको पदावधि मे २००५ सम्म समाप्त हुने विषयबारे गम्भीररूपमा चिन्ता व्यक्त गरिएको थियो। मानवअधिकार आयोग ऐनअनुसार आयोग गठन गर्ने सिफारिस समिति संसद्को उपस्थितिमा

मात्र संभव हुन्छ तर, दुर्भाग्यवश सन् २००२ देखि संसद् विघटित अवस्थामा रहेको छ। उपस्थित कानुनी जटिलता र राजनीतिक संवेदनशील वातावरणको यस्ता शर्तहरूको आधारमा आयोगको नयाँ सदस्यहरूको नियुक्तिको अवस्थामा आयोगलाई ऐनले आवश्यक मानिएको संसद्को स्थापना नभएसम्म वर्तमान आयोगको पदावधि विस्तार गर्नुपर्ने अपेक्षा गरिएको छ। सर्वाधिक महत्वपूर्ण विषय आयोगको स्वतन्त्रता र गुणस्तरमा सम्झौता गर्नुपर्ने अवस्था हो, समस्याको समाधानका लागि आयोगको विश्वसनीयता अबमूल्यन गराउने प्रक्रिया वा आयोगको सदस्यता समाप्त गर्ने अनुमति, नेतृत्व, अधिकार वा निर्देशन बिना सचिवालय छोडिरहने विषयलाई परित्याग गर्नै पर्ने रहेको छ।

१९. सन्तोषजनक आधारहरू उपलब्ध गराई ती दुई समस्याहरूको समाधान गर्न राष्ट्रिय मानवअधिकार आयोगका लागि मानवअधिकारका लागि उच्चायुक्तको कार्यालयद्वारा उपलब्ध हुने प्रविधि र सहयोगको प्रभावकारी निरन्तरता प्रदान गरिने।

## (आ) संयुक्त राष्ट्रसंघ आवासीय समन्वयकर्ता र देशीय टोलीका लागि समर्थन र सहयोग

२०. यसअन्तर्गत वरिष्ठ मानवअधिकार सल्लाहकारले संयुक्त राष्ट्रसंघको शान्ति निर्माण गर्ने प्रयास, समन्वय एवं एकीकृत प्रणालीको भागको रूपमा रहेको मानवअधिकारसम्बन्धी क्षमता सुदृढ गर्ने एक दृष्टिकोणबारे संयुक्त राष्ट्रसंघका आवासीय समन्वयकर्ता र संयुक्त राष्ट्रसंघको देशीय टोलीसँग सरसल्लाह गर्छन्। सन् २००४ भरि देशीय टोलीले अन्तर्राष्ट्रिय यातना पीडित सहयोग दिवस जुन २६ र बेपत्ता पारिएकाहरूको अन्तर्राष्ट्रिय दिवस अगस्ट ३० का दिन दुई छुट्टाछुट्टै सार्वजनिक अभिव्यक्ति सार्वजनिक गऱ्यो। सञ्चारमाध्यममा पठाइएका ती दुई अभिव्यक्तिहरूमा नेपालको संयुक्त राष्ट्रसंघीय प्रणालीले मानवअधिकारको उल्लङ्घनका क्षेत्रमा निरन्तर भइरहेको घटनाप्रति चिन्ता व्यक्त गऱ्यो र द्वन्द्वरत दुवै पक्षहरूलाई मानवअधिकार उल्लङ्घनका घटना रोक्न ठोस पहल गर्न आग्रह गरेको उल्लेख गऱ्यो। संयुक्त राष्ट्रसंघ दिवस र मानवअधिकार दिवसलगायत वर्षभरि आयोजना गरिएका विभिन्न दिवसहरूका अवसरमा आवासीय समन्वयकर्ताले मानवअधिकारको स्थितिप्रति सशक्त सार्वजनिक

अभिव्यक्ति दिए।

२१. अगस्त २००४ मा देशीय टोलीले वरिष्ठ मानवअधिकार सल्लाहकारको नेतृत्वमा संरक्षणसम्बन्धी एक अन्तरनियोग कार्यदल स्थापना गर्ने निर्णय गऱ्यो। कार्यदलको उद्देश्य, संरक्षणसम्बन्धी विश्लेषण, आवश्यक संरक्षण र नीतिको विकास तथा आवासीय समन्वयकर्ता एवं देशीय टोलीलाई उचित प्रतिक्रिया एवं हस्तक्षेप गर्न सिफारिस उपलब्ध गराउनु रहेको छ। द्वन्द्वसम्बन्धी मानवअधिकार समस्यालगायतका वर्तमान प्रवृत्तिको पहिचान गर्ने प्रयासका लागि वरिष्ठ मानवअधिकार सल्लाहकारले सरकारपक्षीय समकक्षीसँगै राष्ट्रिय मानवअधिकार आयोग र राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरूसँग निकटतम् सम्पर्क कायम गर्छन्।

२२. अक्टोवर २००४ मा वरिष्ठ मानवअधिकार सल्लाहकारले सन् २००५ मा सुरु हुने तय गरिएको देशीय टोलीहरूका लागि एक साझा देशीय गृहकार्य वा संयुक्त राष्ट्रसंघ विकास सहयोग संरचना कार्य (सी. सी. ए. /यूएनडीएएफ) प्रक्रियाका लागि संयुक्त राष्ट्रसंघको विकास समूहद्वारा बैंककमा आयोजित क्षेत्रीय कार्यशाला गोष्ठीमा देशीय टोलीबाट छानिएका सदस्यहरूका साथै सहभागिता जनाए। परिणामतः देशीय टोलीले साझा देशीय गृहकार्य (सीसीए) प्रक्रिया विशेषगरी मानवअधिकार आधारसम्बन्धी एक बलियो बाटो हुन सक्ने निर्णय गऱ्यो। वरिष्ठ मानवअधिकार सल्लाहकार र संरक्षणसम्बन्धी अन्तरनियोग कार्यदललाई प्रक्रियाको मस्यौदा तयार गर्न एक नेतृत्वकारी भूमिका निर्वाह गर्न आग्रह गरिएको थियो। वर्षको अन्त्यतिर सरकार र आवासीय समन्वयकर्ताको संयुक्त नेतृत्वमा एक सञ्चालक समिति स्थापना गर्न पाइलाहरू चालिएका थिए। २००५ को पहिलो अर्धवार्षिकमा सीसीए पूरा गरिनुपर्ने र संयुक्त राष्ट्रसंघको समग्र प्रणालीको प्राथमिकता निर्धारण गर्न तत्सम्बन्धी विश्लेषण गरिनेछ।

२३. वरिष्ठ मानवअधिकार सल्लाहकार र मानवअधिकारका लागि उच्चायुक्तको कार्यालयको सल्लाहकारले विशेषगरी संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (यूएनडीपी) र संयुक्त राष्ट्रसंघ बालकोष (युनिसेफ)लगायतका अन्य नियोगहरूसँग निकटतम् सम्बन्ध कायम गरी राष्ट्रिय मानवअधिकार आयोगलाई तालिम उपलब्ध गराउने कार्य संयुक्त राष्ट्रसंघका

महासचिवको दोस्रो सुधार कार्यक्रम (एक्सन टु) को अबलम्बनभित्र पर्दछ। यसका लागि संयुक्त राष्ट्रसंघका कर्मचारीहरूका लागि मानवअधिकारसम्बन्धी तालिम कार्यक्रम लागू गराउनुपर्ने छ। तालिम गतवर्ष पूर्व वरिष्ठ मानवअधिकार सल्लाहकारद्वारा सञ्चालन गरिएको सामान्य तालिम क्षेत्रको अनुशरण हो र यसले अधिकारमा आधारित बाटो अबलम्बन गरिरहने कार्यक्रमप्रति प्रकाश पार्दछ। सन् २००४ भरि यूएनडीपीका कार्यक्रम कर्मचारीका लागि यस्ता दुई तालिम सत्रको आयोजना गरिएको थियो।

**(इ) मानवअधिकार प्रतिबद्धताबारे सरकारलाई सल्लाह**

२४. मानवअधिकारसम्बन्धी सरकारी गतिविधिहरूको समन्वय गरिरहने जिम्मेवारी बोकेको प्रधानमन्त्री कार्यालयको मानवअधिकार प्रवर्द्धन केन्द्रका निर्देशक र वरिष्ठ मानवअधिकार सल्लाहकारबीच नियमित परामर्श गरिन्छ। सूचना उपलब्ध गराउन र प्रवर्द्धन केन्द्रलाई समर्थन गर्न एक बहुरचनात्मक सम्बन्ध बलियो पारिएको छ। राष्ट्रिय मानवअधिकार आयोगका लागि सचिवालयसँग कार्ययोजनाबारे परामर्शहरू गरिएका थिए। प्रधानमन्त्री कार्यालयसँग गरिएको छलफल पनि कार्ययोजनाको महत्वपूर्ण क्षेत्रमा केन्द्रित रहेको थियो। जसको अबलम्बनका लागि अन्तर्राष्ट्रिय समर्थन उपलब्ध गराउन सकिन्छ।

२५. प्रहरी, सशस्त्र प्रहरी बल र शाही नेपाली सेनाको मानवअधिकार सेलहरूसँग नियमित बैठकहरू तय गरिएका हुन्छन्। वरिष्ठ मानवअधिकार सल्लाहकारले मानवअधिकार सेलहरूलाई उनीहरूको कार्यलाई प्रोत्साहन गरिरहन र प्रभावकारितालाई सुदृढ गरिरहन विशेष चासोका घटनाबारे सूचना उपलब्ध गराउँछन्। फलस्वरूप विशेषगरी शाही नेपाली सेनाद्वारा गम्भीर प्रवृत्तिका मानवअधिकार उल्लङ्घनका घटनाबारे धेरै नयाँ अनुसन्धानहरू सञ्चालन गरिएका छन्। संदिग्ध पर्यवेक्षकलगायत मानवअधिकारवादीहरू माथिको चेतावनीसम्बन्धी सूचनाहरू पनि वरिष्ठ मानवअधिकार सल्लाहकारद्वारा मानवअधिकार सेललाई जानकारी गराइन्छ। ती सूचनाहरूप्रति प्राय: समयमै अनुगमन (फलोअप) गरिन्छ। वरिष्ठ मानवअधिकार सल्लाहकारले सेना प्रमुखसँग भेट गरी मानवअधिकारसम्बन्धी मुख्य चिन्ता व्यक्त गरेका थिए। वयस्क र बालबालिकाबीच भिन्नता कायम गर्ने स्पष्ट नियम विकासका लागि

शाही नेपाली सेनाको आवश्यकताबारे चिन्ता व्यक्त गरियो। त्यसैगरी माओवादीका लागि गैरलडाकु भूमिकाका बारे पनि चिन्ता व्यक्त गरियो। यो एक गम्भीर समस्या रहेको छ।

२६. वरिष्ठ मानवअधिकार सल्लाहकार र कारागार प्रबन्ध निर्देशकसँग कारागार सुधारबारे परामर्शहरू गरियो। 'पेनल रिफार्म इन्टरनेशनल'सँग तत्सम्बन्धी परामर्श गरी गृहमन्त्रालयसँग सम्बन्धित आयोजनाबारे छलफल गरियो। व्यावसायिक सेवा उपलब्ध नभएका क्षेत्रका केही मुलुकहरूमा नेपाल एक हो। परिणामस्वरूप कारागारमा अराजक स्थिति रहेको छ। विशेषगरी सुरक्षासम्बन्धी सेवामा अराजक स्थिति रहेको पाइन्छ। दुर्भाग्यले जारी द्वन्द्वले सरकारलाई जेल सुधारतर्फ सीमित पारिदिएको छ।

२७. गृहमन्त्रालयमा मानवअधिकार सेलसँग मानवअधिकार सम्झौताअनुरूप पूरा गर्नुपर्ने दायित्व पूरा गर्न सूचना उपलब्ध गराउन परामर्श गरियो। यस सन्दर्भमा मे २००४ मा नेपाल सरकारले यातनाविरुद्ध समितिको दोस्रो सावधिक प्रतिवेदन बुझाएको थियो। जसको परीक्षण गरिने छ। बालअधिकारसम्बन्धी महासन्धिअन्तर्गत दोस्रो सावधिक प्रतिवेदन डिसेम्बर २००२ मा बुझाइयो। मे २००५ को बालअधिकार समितिको सत्रमा प्रतिवेदनको परीक्षण गरिने छ। अन्त्यमा सरकारले २००५ को सुरुमा मानवअधिकार समितिको आईसीसीपीआर अबलम्बनसम्बन्धी सावाधिक प्रतिवेदन बुझाउने निर्णय गरिने अपेक्षा गरिएको छ। नेपालमा गैर सरकारी संघसंस्थाहरूले मानवअधिकार सम्झौता पर्यवेक्षण समन्वय समितिको गठन गरेका छन्। जसले वैकल्पिक प्रतिवेदन सम्झौतासम्बन्धी पक्षहरूलाई बुझाउँदा सरकारलाई सम्झौताबारे सजग रहन रचनात्मक रूपले सक्रिय तुल्याउँछ।

२८. सुरक्षाकर्मीहरूद्वारा बेपत्ता पारिएकाहरूको खोज तलासका लागि जुलाई २००४ मा प्रधानमन्त्रीद्वारा स्थापना भएको बेपत्तासम्बन्धी अनुसन्धान आयोगका अध्यक्ष र वरिष्ठ मानवअधिकार सल्लाहकारबीच वैठकहरू भएका छन्। वरिष्ठ मानवअधिकार सल्लाहकारले सूचनासम्बन्धी महत्वपूर्ण कागजात आयोगका सबै सदस्यका लागि तयार पारे। बेपत्तासम्बन्धी अनुसन्धान आयोगमा गृहमन्त्रालय, रक्षामन्त्री, राष्ट्रिय अनुसन्धान विभाग, शाही सेना, प्रहरी, सशस्त्र प्रहरीका प्रतिनिधिहरू

समावेश हुन्छन्। कागजातले विशेष संयन्त्रबाट सरकारलाई घटनाहरूबारे जानकारी गराइएको सूचना र आयोगलाई सहयोग गर्ने अन्तर्राष्ट्रिय मूल्य मान्यतासम्बन्धी जानकारी उपलब्ध गराउँछ। २००४ भरि आयोगले तीन सय २० व्यक्तिबारे चार प्रतिवेदन जारी गर्‍यो। दुर्भाग्यले अगस्त २००४ मा पहिलो प्रतिवेदन जारी गरेदेखि सबै प्रतिवेदनलाई गम्भीर प्रवृत्तिको मानी गोप्य राखिएको छ। तिनीहरूलाई वरिष्ठ मानवअधिकार सल्लाहकार, राष्ट्रिय मानवअधिकार आयोग वा अन्य संगठनहरूको पहुँचबाट टाढा राखिएको छ। तर, प्रतिवेदनहरू बेपत्ता पारिएकाहरूको विषयमा केन्द्रित रहेका छन्।

**(ई) नागरिक समाजसँग सूचनाको नियमित आदान-प्रदान**

२९. वरिष्ठ मानवअधिकार सल्लाहकारले नेपाल बार एशोसिएसनका अध्यक्ष र मानवअधिकारसम्बन्धी विभिन्न गैरसरकारी संघ-संस्थाहरूसँग नियमितरूपमा भेटघाट गर्छन्। भेटघाटको उद्देश्य विशेषगरी मानवअधिकार पर्यवेक्षण एवं संरक्षणका लागि रहेको हुन्छ। भेटघाटमा मानवअधिकारवादीहरूलाई संरक्षण प्रदान गर्न विशेष जोड दिन र बदला वा धम्कीजस्ता सूचनाको अनुगमन गर्ने गरिन्छ। यस सन्दर्भमा नेपाल पत्रकार महासंघसँग आबद्ध पत्रकारहरूविरुद्ध भएका चेतावनी र धम्कीका बारेमा नियमित सम्पर्क हुन्छ। पत्रकारहरूलाई सर्वाधिक पीडित मानवअधिकारवादीहरूको रूपमा लिइन्छ।

**(उ) क्षेत्रीय र अन्तर्राष्ट्रिय साझेदारसँगको समन्वय**

३०. युरोपेली संघ र संयुक्त राष्ट्रसंघबाट राष्ट्रिय मानवअधिकार आयोगलाई सहयोग उपलब्ध भइरहेको सन्दर्भमा अधिकतम् समन्वय कायम गर्न युरोपेली संघसँग नियमित परामर्श गरिन्छ। सन् २००४ भरि वरिष्ठ मानवअधिकार सल्लाहकार राष्ट्रिय मानवअधिकार आयोगका प्रमुख दातृ संस्थासँग निरन्तर वैठकमा सहभागी हुन्छन्।

३१. आवश्यक भएअनुसार वरिष्ठ मानवअधिकार सल्लाहकार मानवअधिकारसम्बन्धी क्षेत्रीय वैठकमा सहभागी हुन्छन्। मानवअधिकार सल्लाहकारले अगस्त २००४ मा एसियाली प्रशान्त क्षेत्रमा मानवअधिकारका लागि उच्चायुक्तको कार्यालयको उस्थितिमा एकदिने

बैठकमा भाग लिए र स्रोत व्यक्तिको रूपमा अन्तरक्षेत्रीय विज्ञका हैसियतले अक्टोवर २००४ मा उच्चायुक्तको कार्यालयद्वारा बैठकमा आयोजित राष्ट्रिय मानवअधिकार कार्ययोजना र मानवअधिकार शिक्षासम्बन्धी एसिया प्रशान्त क्षेत्रीय बैठकमा सहभागिता जनाए।

## ३. **निष्कर्ष**

३२. नेपालमा सन् २००४ भरि मानवअधिकारसम्बन्धी संकट गहिरिँदै गएको छ र जोखिम थपिँदै गएको छ। अर्कोतर्फ द्वन्द्वको शान्तिपूर्ण निकासको अवसर निर्माण गरिएको छैन। तत्कालै नागरिक र गैरसैनिक समुदायको सुरक्षा नेपालका प्रत्येक मानवअधिकारवादी संघ-संस्थाहरूका लागि मुख्य प्राथमिक कार्य भएको छ। उच्चायुक्तको कार्यालय मानवअधिकारसम्बन्धी सहयोग गर्न तयार रहेको हुन्छ। यसको प्रमुख कार्य नेपालमा शान्ति कायम गर्नु रहेको छ। यद्यपि कुनै पनि प्राविधिक समर्थन वा सल्लाहले मानवअधिकारको गम्भीर दुरुपयोग समाप्त गर्न निर्णय लिने सरकारको जवाफदेहीलाई विस्थापित भने गर्न सक्दैन र उल्लङ्घनका यस्ता घटनाबारे दण्डहीनताको समाप्तिलाई सुनिश्चित गर्न सक्दैन। यस सन्दर्भमा चार आवश्यक तत्वहरू छन् जसले बढ्दो हिंसा र सैनिकीकरणलाई तोड्न सक्छ।

३३. पहिलो तत्व, दुवै पक्षद्वारा दण्डहीनताको वातावरण समाप्त गर्नुलगायत आधारभूत मानवअधिकारप्रति सम्मान व्यक्त गर्नु रहेको छ। मानवअधिकार उल्लङ्घनका घटना असहनीय मात्र होइन "मानवअधिकारविरुद्ध लड्ने दाबी गर्ने जो सुकैका लागि प्रत्युत्पादक हुनेछ।

मानवअधिकारप्रति सम्मान गर्न लगाउनु कुनै पनि सैनिक कमान्डरका लागि आवश्यक उपकरण अनुशासन र सैनिक टोलीमाथि नियन्त्रण कायम गर्नका लागि हुनेछ। दण्डहीनताको वर्तमान अवस्थासँग सक्रिय रूपले लड्नुपर्दा र उचित अनुसन्धान गरी समयमा अपराधीहरूविरुद्ध अभियोग लगाउन निर्धारण गर्नुपर्ने हुन्छ। २६ मार्च २००४ मा सरकारद्वारा प्रतिबद्धता व्यक्त गरिएको पच्चीसबुँदे घोषणालाई बिना कुनै ढिलाई अबलम्बन गर्नुपर्ने छ। अतिरीक्तरूपमा दुवै द्वन्द्वरत पक्षले बालबालिकालाई द्वन्द्वमा समावेश गराउन नहुने आवश्यकतालाई

बुझ्नुपर्ने छ। माओवादीद्वारा अपहरण, बालबालिकालाई सेनामा भर्ना गर्ने कार्य समाप्त गर्नुपर्ने, त्यसैगरी सुरक्षाकर्मीले बालबालिकालाई विशेष उपचार र संरक्षण प्रदान गर्नुपर्ने र उनीहरूलाई पुनर्वास र पुनर्स्थापन गराउनुपर्ने छ। सरकारले राष्ट्रिय मानवअधिकार आयोग र वकिलहरू वा बन्दीहरूको प्रतिनिधित्व गर्नेहरूलाई हिरासत केन्द्रमा जान दिन पाउने र बन्दी प्रत्यक्षीकरणमा अदालतको आदेशअनुसार अधिकारीहरूद्वारा आदेशको सम्मान गरिनुपर्ने छ। राष्ट्रिय मानवअधिकार आयोगद्वारा प्रस्तावित मानवअधिकारसम्बन्धी प्रस्तावमा माओवादी र सरकार दुवै पक्षले हस्ताक्षर गर्नुपर्ने छ। मानवअधिकारका उल्लङ्घनसम्बन्धी घटना समाप्त गर्ने उद्देश्यले यो तयार पारिएको छ। यसमा माओवादी र सरकार दुवैले छुट्टाछुट्टै वा एकैसाथ हस्ताक्षर गरे द्वन्द्व एक महत्वपूर्ण मोडमा स्थापित हुनेछ। त्यसको पर्यवेक्षण र प्रमाणीकरण राष्ट्रिय मानवअधिकार आयोगद्वारा गरिनेछ।

३४. दोस्रो प्रमुख तत्व, हिंसाको चक्रलाई तोड्नु हो। राष्ट्रिय मानवअधिकार आयोगलाई प्रभावकारी र बलियो बनाउन यो महत्वपूर्ण हुनेछ। यसको अर्थ आयोगलाई मानवअधिकार आयोग ऐन र २६ मार्च २००४ को प्रतिबद्धताले प्रदान गरेका मान्यतालाई पूरा गर्न अधिकार प्रदान गरेकै हुनुपर्छ। यसले आयोगलाई बिना रोकटोक कुनै पनि हिरासत केन्द्रमा मानवअधिकारसम्बन्धी पर्यवेक्षण गर्न भ्रमण गर्न दिनुपर्नेछ। यस किसिमको भ्रमणले सरकार र सुरक्षाकर्मीलाई बेपत्ता, हत्या, पक्राउ र यातनाको रोकथामका लागि सहयोग गर्ने छ। आयोगका पदाधिकारीहरूको पदावधि समाप्त हुने विषयमा राजनीतिक संवेदनशीलता र कानुनी जटिलताको वर्तमान अवस्थालाई बुझेर कार्य गर्नुपर्ने छ। राष्ट्रिय मानवअधिकारसम्बन्धी प्रभावकारी पर्यवेक्षणका लागि नेपालको परिवेशमा राष्ट्रिय मानवअधिकार आयोग एक प्रभावकारी निकाय हो। यो सबै किसिमले सक्रिय र स्वतन्त्र देखिएको छ।

३५. तेस्रो अनिवार्य तत्व, बलियो, विश्वस्त र सक्रिय समाजको निर्माणको सुनिश्चितता प्रदान गर्नु हो। शान्तिपूर्ण ढङ्गले सभा गर्न पाउने आधारभूत अधिकार वा अभिव्यक्ति स्वतन्त्रता र हिंडडुल स्वतन्त्रताजस्ता मौलिक अधिकारलगायतका अधिकारहरूको कटौती वा निलम्बनलाई प्रजातन्त्रको सुरक्षाका लागि परित्याग गरिनुपर्छ। सरकारले यसका लागि काँधमा काँध

मिलाएर जिम्मेवारी पूरा गर्नुपर्छ। माओवादीले निरन्तररूपमा सिर्जना गर्दै आएको नाकाबन्दी र अवरोधलाई अन्तर्राष्ट्रिय समुदायबाट सशक्त रूपले भत्सर्ना गरिनुपर्नेछ। वकिल, पार्टी कार्यकर्ता, मानवअधिकारकर्मी, पत्रकारलगायतका मानवअधिकारवादीहरूको अधिकार र जिम्मेवारीको द्वन्द्वरत दुवै पक्षद्वारा सम्मान गरिनुपर्नेछ र मानवअधिकारसम्बन्धी अनुसन्धान गर्नेविरुद्ध धम्की र बदला लिने अपराधीलाई सजाय दिनुपर्ने।

३६. चौथो र अन्तिम आवश्यक तत्व, संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय समुदायसँग मिलेर हिंसा चक्र रोक्नु हो। सरकारलाई रचनात्मक सहयोग गराउने मानवअधिकार आयोगको विशेष प्रक्रिया २००४ प्रमाण रह्यो। जसलाई बृहतरूपमा सहयोगको आवश्यकता हुने अन्य मुख्य अवधारणाहरूले निम्तोको आग्रह गऱ्यो। सुनिश्चित सक्रियता र निष्कर्ष एवं सिफारिसको अनुगमनबारे तत्क्षण विचार गर्नुपर्ने रहेको छ। अन्तर्राष्ट्रिय समुदायले सरकारलाई निरन्तर सहयोग गरिरहनु पर्ने छ। राष्ट्रिय मानवअधिकार आयोग र नागरिक समाजको सहभागितालाई प्रोत्साहन गर्नुपर्नेछ। अन्तर्राष्ट्रिय समुदायको एक स्पष्ट सन्देश माओवादीहरूलाई पठाउनुपर्ने छ। एक स्वरमा मानवअधिकारप्रतिको प्रतिबद्धता बिना कुनै ढिलाई गरी पूरा गर्नुपर्नेछ। यो प्रतिबद्धता क्षेत्रीय र स्थानीय तहमा पूरा गर्नुपर्नेछ।

३७. संयुक्त राष्ट्रसंघको महासचिवद्वारा आफ्ना प्रवक्ताद्वारा जारी वक्तव्यमा २४ डिसेम्बर २००४ मा नेपालको मानवअधिकारको गम्भीर स्थितिप्रति चिन्ता व्यक्त गरियो र सबै राजनीतिक दलहरूसँग संवाद थाल्न राष्ट्रिय प्रयासलाई समर्थन गर्ने चाहना व्यक्त गरियो। उच्चायुक्तद्वारा जनवरी २३ देखि २६ सम्म नेपालको भ्रमण गरिने तय गरिएको छ। उच्चायुक्तले पहिले स्थिति हेर्ने र आयोगको कार्यालयले सरकार र गाविसमा मानवअधिकार आयोगसँग गरेको प्रत्यक्ष कार्यको स्वामित्व ग्रहण गर्नेछ। उच्चायुक्तको भ्रमणका क्रममा नेपालको राष्ट्रिय साझेदारसँग शान्ति र प्रजातन्त्रका लागि मिलेर काम गर्ने आफ्नो संलग्नता र प्रतिबद्धता व्यक्त गरिएको छ। जहाँ मौलिक मानवअधिकारको पूर्ण सम्मान गरिनेछ। अब भविष्यमा ती प्रयासहरूको सफलताले मुलुकको आधार तय हुनेछ।

**सन्दर्भ सामग्री–१**

## संयुक्त राष्ट्रसंघको प्रेस विज्ञप्ति–१४ जुलाई २००४
## मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय आयोगका विज्ञहरूले नेपालको अवस्थाप्रति व्यक्त गरेका गम्भीर चिन्ता

१४ जुलाई २००४

आज जारी गरिएका तलका अभिव्यक्ति यातनासम्बन्धी विशेष प्रतिवेदक (र्‍यापोटर) थिओ भयान बोश्यान, महिलाविरुद्धको हिंसासम्बन्धी विशेष प्रतिवेदक याकिन ऐर तुल्का, गैरन्यायिक स्वेच्छाचारी हत्यासम्बन्धी विशेष प्रतिवेदक आस्मा जाँहागिर, स्वतन्त्र न्यायाधीश र वकिलहरूको स्वतन्त्रतासम्बन्धी विशेष प्रतिवेदक लेन्द्रो देश, विचार एवं अभिव्यक्ति स्वतन्त्रताको अधिकारको प्रवर्द्धन एवं अभिव्यक्ति स्वन्त्रताको अधिकारको प्रवर्द्धन एवं संरक्षणसम्बन्धी विशेष प्रतिवेदक अम्वेइ लिगाबो, मानवअधिकार रक्षकसम्बन्धी महासचिवका विशेष प्रतिनिधि हिना जिलानी, बलपूर्वक वा अस्वैच्छिक वेपत्तासम्बन्धी कार्यदलका प्रमुख दिऐगो गरसिया सायन र स्वेच्छाचारी हिरासतसम्बन्धी कार्यदलका प्रमुख प्रतिवेदक लिला जेरो गोईद्वारा जारी गरियो।

“मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय आयोगका आठ स्वतन्त्र विज्ञहरूले आज नेपालको मानवअधिकारको अति गम्भीर स्थितिप्रति गम्भीर चिन्ता व्यक्त गरे। विज्ञहरूले सन् २००४ को सुरुदेखि मानवअधिकार उल्लंघनसम्बन्धी १ सय ४६ वटा आकस्मिक अपिल र अन्य आग्रह नेपालको सरकारलाई गरेको संकेत गरे। त्यस्ता धेरै सूचनाहरूमा सुरक्षाकर्मीद्वारा व्यक्तिगतरूपमा पक्राउ गरिएकोमा चिन्ता व्यक्त गरियो। ती मध्ये प्राय: माओवादीहरूलाई सहयोग गरेको वा समर्थन गरेको आशंकामा गरिएको पक्राउप्रति चिन्ता व्यक्त गरिन्छ। ती व्यक्तिहरूलाई अज्ञात ठाउँमा राखिएकोले यिनीहरूमाथि यातना वा अन्य क्रूर, अमानवीय वा बलात्कारजस्तो निकृष्ट व्यहार गर्न सकिने जोखिम बढेको जानकारी गराइन्छ। विज्ञहरूले सरकारद्वारा उनीहरूको आग्रहप्रति कुनै प्रतिक्रिया नदेखाएकोले दु:ख व्यक्त गर्छन् र अज्ञात ठाउँमा बन्दी बनाइएकाहरूको स्थितिबारे वास्तवमा कुनै जानकारी उपलब्ध गराइएको छैन। विज्ञहरूले यसअघि आफूहरूले १२ नोभेम्बर २००३ र ९ मार्च २००४ मा मानवअधिकार उल्लङ्घनसम्बन्धी सार्वजनिक अभिव्यक्तिसँगै

गतवर्ष मानवअधिकारका लागि कार्यबाहक उच्च आयुक्तद्वारा व्यक्त अभिव्यक्तिहरूलाई स्मरण गरे। विज्ञहरूले विद्रोहीहरूद्वारा नागरिकहरूमाथि गरिएको आक्रमण र दुरुपयोगप्रति गम्भीर चिन्ता व्यक्त गरे।

२६ मार्च २००४ मा सरकारद्वारा मानवअधिकार एवम् अन्तर्राष्ट्रिय मानवीय कानुनको अवलम्बन गर्न व्यक्त प्रतिबद्धतालाई स्वतन्त्र विज्ञहरूले स्वीकार गर्छन्। ती विज्ञहरूले सरकारलाई आफ्नो प्रतिबद्धताप्रति सजग रही विना कुनै ढिलाई महत्वपूर्ण दस्तावेजको रूपमा रहेको २५ बुँदे घोषणाको पूर्ण परिपालन गर्न दृढतासाथ आग्रह गरे। ती विज्ञहरू सरकारको प्रतिबद्धतासम्बन्धी २२ औं बुँदाका आधारमा बेपत्ता पारिएकाहरूको छानबिनका लागि गृह मन्त्रालयअन्तर्गत स्थापित अनुसन्धान आयोगलाई स्वागत गर्छन्। उनीहरू तत्काल बेपत्ता पारिएकाहरूको गम्भीर स्थितिलाई अनुसन्धान आयोगले सम्बोधन गर्नुपर्ने आवश्यकतामाथि जोड दिन्छन्।

विज्ञहरू नेपालको फैलिँदो पीडाको अन्त्यका लागि पुनः सबै पक्षलाई द्वन्द्वको शान्तिपूर्ण समाधान खोज्न आग्रह गर्छन्। विशेषगरी विज्ञहरूले यस अवसरमा शाही नेपाली सेनालाई अदालत र राष्ट्रिय मानव अधिकार आयोगलाई बेपत्ता पारिएकाहरूको स्थितिबारे सूचित गरी सहयोग गर्नुपर्ने आग्रह गर्छन्।

उनीहरू सन् १९४९ को जेनेभा महासन्धिको साझा धारा ३ लाई उल्लेख गर्दै त्यसले सबै पक्षलाई गैरअन्तर्राष्ट्रिय द्वन्द्व र मानिसहरूको जीवन संरक्षण गर्ने विषयबाट बाँधेको जानकारी दिन्छन्। जसमा कुनै पनि ठाउँमा कुनै पनि समयमा हिरासतमा लिइएकाहरूमाथि गरिने क्रूर यातनाको निषेध गर्ने उल्लेख छ। धारा ३ ले कुनै पनि व्यक्तिलाई शत्रुतापूर्ण कारबाहीमा सक्रिय भाग नलिन भन्दछ। जसमा सशस्त्र बलका सदस्य जसले हतियार बिसाएका छन् वा घाइते भएर, बिरामी भएर, हिरासतमा भएर वा अन्य किसिमले युद्ध छाडेका व्यक्तिहरूसमेतलाई धारा ३ ले क्रुर यातना दिनु नपर्ने माग गर्दछ। अन्तर्राष्ट्रिय मानवअधिकार मान्यताहरूले कुनै पनि अवस्थामा यातना अन्य गलत व्यवहारलाई कडाइका साथ निषेध गर्दछ। विज्ञहरूले अन्तर्राष्ट्रिय कानुनको सामान्य सिद्धान्तहरूले सशस्त्र द्वन्द्वका क्रममा गरिने बलात्कारलाई युद्ध अपराध मानिने र राज्य पक्षले यस्ता कार्य रोक्न अपराधीहरूलाई दण्ड सजाय गर्नुपर्ने माग गर्छ।

स्वतन्त्र विज्ञहरूले अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय मान्यताको कडाइका साथ पालना गर्न सबै पक्षलाई आग्रह गर्छन्।

## संयुक्त राष्ट्रसंघका महासचिवका प्रवक्ताको अभिव्यक्ति

२४ डिसेम्बर २००४

महासचिवले नेपालमा बढ्दै गएको लडाइ र मानवअधिकार उल्लङ्घनको निरन्तरताप्रति प्राप्त प्रतिवेदनप्रति गहिरो दु:ख व्यक्त गर्छन्। द्वन्द्वले प्रजातन्त्र र मानवअधिकारलाई अवमूल्यन गर्दै विकासका गतिविधिलाई गम्भीर रूपले अवरुद्ध पारेको छ।

नेपालमा मानवअधिकार रक्षकहरूले आफ्नो सुरक्षाको खतरालाई सामना गरेको प्रतिवेदन प्राप्त भएको छ। राष्ट्रिय मानव अधिकार आयोगको सुरक्षा एवम् योग्यता र सबै मानवअधिकारसम्बन्धी गतिविधिलाई उनीहरूको अनिवार्य कार्य बढाउन प्रत्याभूति प्रदान गर्नुपर्ने छ। यस सन्दर्भमा सरकार र मानवअधिकारका लागि उच्च आयुक्तको कार्यालयबीच हालै हस्ताक्षर भएको एक स्मृतिपत्र एक स्वागतयोग्य कदम हो।

महासचिव एकपटक पुन: तत्काल युद्धविराम गरी सरकार र नागरिक समाजको सहभागितामा वार्ता सुरु गर्नुपर्ने आग्रह गर्छन्। महासचिव यस्ता राष्ट्रिय प्रयासमा सहयोग गर्न तयार छन्।

# जातीय भेदभाव उन्मूलन समिति

**चौसट्ठीऔं सत्र**

*फ्रेबुअरी २३-मार्च १२, २००४*

जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको धारा ९ अन्तर्गत महासन्धिका सम्बद्ध राज्यपक्षहरूद्वारा बुझाइएका प्रतिवेदनहरूबारे समितिको निष्कर्ष

**जातीय भेदभाव उन्मूलन समितिको निष्कर्षात्मक पर्यवेक्षणहरू**
**नेपाल**

१. जातीय भेदभाव उन्मूलनका लागि अन्तर्राष्ट्रिय समितिले नेपालको पन्ध्रौं र सोह्रौं सावधिक प्रतिवेदनलाई ग्रहण गऱ्यो। पन्ध्रौं प्रतिवेदन पहिलो मार्च २००० मा र सोह्रौं प्रतिवेदन पहिलो मार्च २००२ मा क्रमिकरूपमा बुझाउनुपर्ने थियो। ती दुवै प्रतिवेदन एकैपटक एउटै दस्तावेजको रूपमा २००४ को मार्च ४ मा सम्पन्न १६३० औं र ५ मार्चमा सम्पन्न १६३१ औं वैठकमा बुझाइएको थियो। १२ मार्चमा आयोजित समितिको १६४१ औं वैठकमा यसले तल उल्लेख गरिएअनुसारको निष्कर्षात्मक पर्यवेक्षण अङ्गीकार गरेको थियो।

**अ : परिचय**

२. नेपालको प्रतिनिधिमण्डलले बुझाएको प्रतिवेदन र प्रतिनिधिमण्डलले प्रतिवेदनबारे थप मौखिक जानकारी गराएकोमा जातीय भेदभाव उन्मूलनका लागि अन्तर्राष्ट्रिय समिति स्वागत गर्दछ। सन् २००२ मा समिति गरेको पर्यवेक्षणप्रति नेपालले प्रतिक्रिया व्यक्त गर्दै चालेका पाइलाहरूलाई सकारात्मकरूपमा लिन्छ। समिति नेपालको प्रतिनिधिमण्डलमा राष्ट्रिय दलित आयोगबाट एकजना र राष्ट्रिय

आदिवासी जनजाति प्रतिष्ठानका एकजना सदस्यलाई समावेश गरेकोमा थप स्वागत गर्छ र छलफल तथा संवादका क्रममा प्रतिनिधिमण्डलले गरेको सोझो र संरचनात्मक प्रश्नहरूले सहभागिताका दृष्टिले राम्रोरूपमा अभिव्यक्त गर्दछ।

**आ : महासन्धि अबलम्बनका लागि अवरोध सिर्जना गरिरहने कारण र कठिनाइहरू**

३. समिति नेपालले (राज्यपक्षले) सामना गरिरहनु परेको आर्थिक कठिनाई, कुल जनसंख्याको एक महत्वपूर्ण हिस्साले भोग्नुपरेको चरम गरिबीका साथसाथै विद्रोहका कारण राजनीतिक र संस्थागतरूपमा उत्पन्न गम्भीर समस्याहरूलाई महत्वपूर्णरूपमा लिन्छ। महासन्धिको पूर्ण अबलम्बनमा सन् २००२ को अक्टोबरमा भएको संसद्को विघटनले थप प्रमुख बाधा उपस्थित गराएकोमा पनि समिति त्यसलाई महत्वपूर्णरूपमा लिन्छ।

**इ : सकारात्मक धारणा**

४. समिति विशेष गरी दलित, आदिवासी जाति, जनजातिहरूका लागि नेपालले आफ्नो नवौं र दशौं योजनाको संरचनामा केही कार्ययोजना अङ्गीकार गरेको विषयलाई स्वागत गर्दछ।

५. समिति नेपालमा मानवअधिकारको प्रवर्द्धन र भेदभावविरुद्ध लड्न राष्ट्रिय दलित आयोग, उत्पीडित समुदाय उत्थान राष्ट्रिय समिति, शोषित दलित समिति, आदिवासी जाति-जनजाति उत्थान प्रतिष्ठान र राष्ट्रिय आदिवासी जाति-जनजाति विकास प्रतिष्ठानलगायतका संस्थानहरूको स्थापनाप्रति सन्तुष्टि व्यक्त गर्दछ।

६. समिति सबै व्यक्तिहरूले समानरूपमा अधिकार उपभोग गर्न पाउने स्थितिको सुनिश्चितताका लागि नेपालले महासन्धिको दोस्रो अनुच्छेदको धारा दुईअनुसार विपन्न वर्गका लागि चालेको विशेष प्रयासबारे समितिलाई जानकारी उपलब्ध गराएकोबाट आफू प्रोत्साहित भएको जनाउँदछ।

७. प्रतिवेदन तयार पार्दा नेपालले नागरिक समाजका संघ-संस्थाहरूसँग गरेको सरसल्लाहको प्रक्रियाको समितिले स्वागत गर्दछ।

८. समिति, नेपालले महासन्धिको धारा ४ र ६ को प्रावधानहरूमाथि देखाएको बुँदागत असहमति फिर्ता लिई महासन्धिको वैकल्पिक

घोषणाको धारा १४ लाई स्वीकार गर्न बनाउँदै गरेको समझदारीबारे गराएको जानकारीलाई स्वागत गर्दछ।

**ई : चासो र सिफारिस**

९. विद्रोहबाट प्रभावित विशेषगरी पीडित परिवार र समूहको अवस्थाप्रति समिति चिन्ता र चासो व्यक्त गर्दछ। सामाजिक र विकास कार्यक्रमले नेपालको स्रोत र सम्पदाहरूलाई अन्यत्र मोडिदिएकोले विद्रोहलाई जन्माएको स्थितिप्रति समिति चिन्ता व्यक्त गर्दछ।
नेपालको राष्ट्रिय सुरक्षासम्बन्धी विषयहरूलाई बुझ्दै समितिले नेपालद्वारा सुरक्षासम्बन्धी विषयसँग मानवअधिकारसम्बन्धी जिम्मेवारी, विशेषगरी पीडित समुदायको मानवअधिकार रक्षा गर्दै सन्तुलन कायम गरिनुपर्ने र त्यसका लागि बजेटमा रकम विनियोजन गरिनुपर्ने चाहना व्यक्त गर्दछ। समिति नेपालमा सामान्य अवस्था पुनर्बहालीसम्बन्धी प्रक्रियाका लागि संसद्को पुनर्स्थापनाको महत्वलाई जोड दिन्छ।

१०. समिति राष्ट्रिय मानवअधिकार आयोगका अतिरिक्त मानवअधिकार प्रवर्द्धन र भेदभावविरुद्धको लडाइँ लडिरहन अन्य धेरै प्रतिष्ठानहरूको नेपालमा स्थापना गरिएको विषयलाई महत्वपूर्णरूपमा लिएको छ। समिति ती प्रतिष्ठानहरूको स्वतन्त्रता तथा प्रभावकारिता चाहन्छ र ती प्रतिष्ठानहरूको सुदृढीकरणका लागि पर्याप्त वित्तीय सहयोग दिन सिफारिस गर्दछ। समिति राज्यपक्षद्वारा ती निकायहरूलाई सूचना र जानकारी उपलब्ध गराउँदै तिनीहरूको जिम्मेवारी, गठन प्रक्रिया र प्राप्तिका साथै काम गर्न आवश्यक मापदण्ड उपलब्ध गराई समन्वय कायम गरिनुपर्ने आग्रह गर्दछ। समितिले देशभरि पर्यवेक्षण गर्ने संयन्त्रको रूपमा काम गर्न राष्ट्रिय मानवअधिकार आयोगले जानकारी प्राप्त गर्ने हैसियत जिम्मेवारी राखेकोमा स्वागत गरेको छ।

११. राष्ट्रिय दलित आयोगको स्थापनालाई स्वागत गर्दै समिति संसद्को पुनर्स्थापना र आवश्यक ऐन अङ्गीकार नगरिएसम्म आयोगले कानुनी आधार प्राप्त गर्न नसक्ने अवस्थाप्रति चिन्ता व्यक्त गर्दछ। समिति राष्ट्रिय दलित आयोगलाई आफ्नो प्रभावकारिता अघि बढाउन चाहिने सम्बन्धित कानुनको अबलम्बनलाई राज्यपक्षले प्राथमिकताका साथ लिनुपर्ने सिफारिस गर्दछ।

१२. विरोधका बावजुद भेदभाव वास्तविकरूपमा विद्यमान रहेको र सांस्कृतिकरूपमा सामाजिक प्रणालीअन्तर्गत एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने जातीय भेदभावको शृङ्खलाप्रति समिति गहिरो चिन्ता व्यक्त गर्दछ। दलितहरूको बसोबास समाजबाट अलग ठाउँमा राखिने, अन्तरजातीय विवाह गर्नेहरूलाई समाजबाट बहिष्कार गरिने, विशेष किसिमको रोजगारी र सार्वजनिक स्थानहरूको पहुँचमा लगाइएको बन्देज, पूजा अर्चना गर्ने स्थान र खानोपानी प्राप्त गर्न सकिने सार्वजनिक स्थलमा जान नपाउने गरी लगाइएको बन्देजलगायत दलितहरूका लागि छुट्टै खानेपानीको व्यवस्था गर्न कोष सङ्कलन गर्न गरिएको सूचना र जानकारीप्रति समिति विशेष चिन्ता व्यक्त गर्दछ।
समिति राज्यपक्षलाई निजी वा सार्वजनिकरूपमा कुनै प्रकारको भेदभावको रोकथाम, निषेध एवं निर्मूल गर्न मापदण्डलाई प्राथमिकताका आधारमा अपनाउन र तिनीहरूको व्यावहारिक एवं प्रभावकारी प्रयोगको सुनिश्चितताका लागि दृढ प्रयास गर्न सिफारिस गर्दछ। समितिले जातीय भेदभावसम्बन्धी साधारण सिफारिस १९ का आधारमा राज्यपक्षले अनुशरण गर्न अपनाएका मापदण्डहरूलाई आगामी सावधिक प्रतिवेदनमा समावेश गर्न राज्यपक्षलाई थप आग्रह गरेको छ।

१३. समिति नेपालका आदिवासी जनजातिहरूद्वारा मानवअधिकारसम्बन्धी सबै अधिकारहरूको उपभोग गर्न पाउने गरी महासन्धिको अबलम्बनसम्बन्धी सूचनाको सामान्यरूपमा अभाव देखिएकोमा दु:ख व्यक्त गर्दछ। समितिले आदिवासी जनजातिहरूको बलपूर्वक पुनर्स्थापना एवं उनीहरूको स्वामित्वको अधिकार, विकास, नियन्त्रणको उल्लङ्घन र वन्यजन्तु संरक्षणका नाममा उनीहरूको परम्परागत बासस्थान तथा स्रोतसाधनको प्रयोगबाट वञ्चित गराउने गरिएको गतिविधिप्रति पनि चिन्ता व्यक्त गरेको छ। समिति आदिवासी जनजातिहरूका लागि साधारण सिफारिस २३ को सन्दर्भमा आदिवासी जनजातिहरूविरुद्धको भेदभावसँग जुध्न राज्यपक्षले कडा मापदण्ड लागू गर्नुपर्ने सिफारिस गर्दछ। समिति वन्यजन्तु संरक्षणसँग आवद्ध आदिवासी जनजातिको भूमिसम्बन्धी अधिकार पुन: दिलाउन गरिएका विशेष प्रयासलगायतका कार्यहरूबारे आगामी प्रतिवेदनमा समावेश गर्न राज्यपक्षलाई आग्रह गर्दछ। समिति राज्यपक्षलाई अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.

१६ सम्मको पहुँचका लागि थप आग्रह गर्दछ।

१४. समिति लगाइएका अभियोगहरूमा एवं जातीय भेदभावसम्बन्धी भएका अपराधहरूको मुद्दामा गरिएका दण्ड सजायसम्बन्धी जानकारीको अभाव र यस्ता मुद्दामा राष्ट्रिय मानवअधिकार आयोग र राष्ट्रिय दलित आयोगहरूले देखाएको भूमिकाप्रति दुःख व्यक्त गर्दछ। समितिले अपराध न्याय प्रणालीलाई लागू गराउने दृढताको आवश्यकताप्रति जोड दिन्छ र राज्यपक्षलाई जातीय भेदभाव, पीडितहरूद्वारा तत्सम्बन्धी अपराधको शिकायत एवं कानुनी कारबाहीको अनुपस्थिति एवं ततसम्बन्धी विशेष कानुनी प्रक्रियाको अभावको वा वैधानिक उपचारको उपलब्धताबारे जनजागरणको अभाव वा अधिकारीहरूमा यससम्बन्धी अभियोग लगाउन चाहिने आवश्यक इच्छा शक्तिको अभावको परिणाम हुन सक्नेबारे ध्यानाकर्षण गराउँछ।

राज्यपक्षलाई आगामी प्रतिवेदनमा जातीय भेदभावसम्बन्धी दर्ता गरिएको शिकायत, दर्ता गरिएका अभियोग तत्सम्बन्धी अपराधहरूमा गरिएका सजायसम्बन्धी तथ्याङ्कलगायतका जानकारी समावेश गर्न समिति आग्रह गर्दछ। विशेषरूपमा समितिले संविधानको धारा ८८ एवं धारा ११ को चार र आचारसम्बन्धी विविध अध्यायका मुद्दासम्बन्धी जानकारीलाई स्वागत गर्ने जनाउँछ। समिति जातीय भेदभावसम्बन्धी गतिविधिको निषेधका लागि कानुनी मापदण्ड र जातीय भेदभाव प्रवर्द्धन वा स्थापित गर्न वा सहभागी हुने संगठनहरूबारे जानकारी उपलब्ध गराउन आग्रह गर्दछ।

१५. समिति जातीय भेदभावबाट पीडितहरूको गलत उपचार, तिनीहरूको प्रभावहीन संरक्षण एवं दलितविरुद्धको भेदभाव र समाजका विभिन्न पीडित समूहहरूका लागि गर्नुपर्ने कार्य कानुनबाट बाँधिएका कार्य गर्ने अधिकारीले विशेष गरी प्रहरीहरूले नगरेको आरोपप्रति चिन्ता व्यक्त गर्छ। समितिले भेदभावसम्बन्धी अवधारणा एवं व्यवहारविरुद्धको महत्वपूर्ण लडाइँ भेदभावसम्बन्धी छानबिन तदारुकताका साथ निष्पक्ष ढंगले गर्नुपर्ने रहेकोमा जोड दिन्छ। समितिले यस्ता भेदभावपूर्ण व्यवहारको समाप्तिका लागि राज्यपक्षलाई आफ्ना प्रयासहरूलाई बढाउन सिफारिस गर्दछ। समितिले प्रहरीको स्वतन्त्र निकायद्वारा भेदभावविरुद्धका शिकायतबारे अपनाउने प्रक्रिया, प्रहरीको भूमिका

सञ्चालन र पर्यवेक्षण गराउनुपर्ने थप सिफारिस गरेको छ।

१६. समिति विभिन्न किसिमको भेदभावबाट पीडित महिलालगायत विपन्न वर्गका महिलाको स्थितिसम्बन्धी प्रतिवेदनबारे सावधिक प्रतिवेदनमा सूचना र जानकारीको अभावसम्बन्धी सङ्केत गर्दछ र वादी जातिकी बालिका र महिलालाई बलपूर्वक वेश्यावृत्तिमा धकेल्न गरिएको अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्दछ। समितिले राज्यपक्षलाई राजनीतिक प्रतिनिधित्व, व्यक्तिगत सुरक्षा, रोजगार एवं शिक्षा, साधारण सिफारिसहरू २५ र २९ अनुसार पीडित समूहको महिलाविरुद्धको भेदभाव समाप्त गर्ने मापदण्डहरूलाई समझदारीमा राख्न आग्रह गर्दछ। समितिले राज्यपक्षलाई यससम्बन्धी उठाइएका मापदण्डहरू आगामी प्रतिवेदनमा समावेश गर्न थप आग्रह गर्दछ। जसमा बलपूर्वक वादी जातिका महिलालाई वेश्यावृत्ति गराउन लगाउनेविरुद्ध गरिने विशेष कारबाही समावेश गर्नुपर्ने भनेको छ।

१७. भेदभाव पीडित व्यक्तिहरूको विकास एवं सुरक्षाका लागि अपनाइने विशेष मापदण्डहरूमा राज्यपक्षका प्रयासहरूलाई स्वागत गर्दै समितिले सरकार, कानुन बनाउने निकाय र न्यायिक क्षेत्रमा विपन्न वर्गको प्रतिनिधित्व हुन नसकेकोमा चिन्ता व्यक्त गर्दछ। समितिले राज्यपक्षलाई सार्वजनिक र राजनीतिक जीवनमा सक्रिय सहभागिताको महत्व विपन्न समुदायको कत्तिको रहेको छ त्यसबारे सार्वजनिकरूपमा जनजागरण प्रवर्द्धन गर्न प्रयास गरिरहन आग्रह गर्छ। समितिले राज्यपक्षलाई विपन्न वर्गका सदस्यहरूलाई निर्वाचनमा सहभागी हुन पाउने, मतदान गर्न पाउने, उम्मेदवार हुन पाउने, सरकार, कानुन बनाउने निकाय र न्यायिक क्षेत्रमा प्रतिनिधित्व गर्न पाउने अधिकारहरूको प्रत्याभूति (ग्यारेन्टी) गर्न विशेष मापदण्ड लागू गराउन निरन्तर प्रयास गर्न सिफारिस गर्दछ।

१८. समिति सन् २००० मा कृषि प्रणालीको बँधुवा मजदुरको रूपमा रहेको कमैया प्रथा समाप्त गरिए पनि ती कमैयाहरूले आवास, भूमि, काम, उनीहरूका बालबालिकाका लागि शिक्षाको अभाव जस्ता धेरै समस्याको सामना गरिरहेको अवस्थाप्रति चिन्ता व्यक्त गर्दछ। समिति राज्यलाई बँधुवा मजदुर निषेध ऐन सन् २००२ एवं तत्सम्बन्धी अबलम्बन गरिएका कार्यक्रमलाई प्रभावकारीरूपमा लागू गराउने सुनिश्चितता र

कमैयाविरुद्ध भेदभावसम्बन्धी व्यवहार अन्त्य गर्न सिफारिस गर्दछ। समिति राज्यपक्षलाई आगामी सावधिक प्रतिवेदनमा बँधुवा मजदुर ऐन लागू भएको जानकारी उल्लेख गर्न थप आग्रह गर्दछ।

१९. समिति सन् १९९० अघि नेपाल आएका तिब्बती र भुटानीहरूलाई शरणार्थीको रूपमा मान्यता दिइए पनि हाल तिब्बती शरणार्थीहरूलाई बलपूर्वक निकाला गरिएको सूचनाप्रति चिन्ता व्यक्त गर्दछ। समिति भुटानी शरणार्थीहरूको अधिकारमा गम्भीर अवरोध र सँगै बस्ने शरणार्थी बालबालिकाका लागि विशेष मापदण्डको अभावप्रति चिन्ता व्यक्त गर्दछ। समिति शरणार्थी र शरण खोज्नेहरूको संरक्षण गर्ने कानुनको अभावप्रति चिन्ता दोहोर्‍याउँदछ, राज्यपक्षलाई तत्सम्बन्धी कानुन लागू गराउन र शरणार्थी संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय उपकरणको प्रमाणीकरण गर्न अनुरोध गर्दछ। यस सम्बन्धमा समितिले संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चआयोगसँग बृहत् अन्तर्क्रिया गर्न थप प्रोत्साहन गर्दछ। समिति राज्यपक्षद्वारा अपनाइने मापदण्डहरूबारे आगामी सावधिक प्रतिवेदनबाट जानकारी ग्रहण गर्ने इच्छा व्यक्त गर्दछ।

२०. समिति परम्परागत भेदभाव र सामाजिक अवधारणाहरूविरुद्ध पीडित समूहलगायत सर्वसाधारणलाई संवेदनशील तुल्याउन सरकारी कारबाही गरिएको उल्लेख गर्दछ। समिति राज्यपक्षलाई थप मापदण्ड अपनाउन विशेषगरी विद्रोहविरुद्ध र समाजको राजनीतिक क्षेत्रमा तैनाथ शिक्षक, सामाजिक कार्यकर्ता, कानुन लागू गराउने अधिकारीहरूका लागि तालिम र शिक्षा सुनिश्चित गर्न सिफारिस गर्दछ। समिति राज्यपक्षलाई सार्वजनिक शिक्षा अभियानलाई अगाडि बढाउन र विद्यालयमा अन्तरसांस्कृतिक शिक्षा समावेश गराउन प्रोत्साहन गर्दछ।

२१. समिति सरकारले केही राष्ट्रिय भाषामा प्रसारण गर्ने गरेको जानकारी ग्रहण गर्दछ। समिति राज्यद्वारा सञ्चालित सञ्चारमाध्यममा विपन्न वर्गको प्रतिनिधित्वको अभाव र सामान्य रूपले सञ्चारमाध्यमहरूमा जातीय भेदभाव र मानवअधिकारसम्बन्धी विषयले प्रायः स्थान नपाउने गरेकोमा चिन्ता व्यक्त गर्दछ। समिति राज्यपक्षलाई आमसञ्चारमा विपन्न र दलित समुदायका व्यक्तिहरूको पहुँच र प्रतिनिधित्व गराउन विशेष मापदण्ड ल्याउन समझदारी कायम गर्न आग्रह गर्दछ।

२२. राज्यपक्षलाई महासन्धिको चौधौं राज्यपक्षको बैठकबाट १५ जनवरी

१९९२ मा अङ्गीकार गरिएको महासन्धिको अनुच्छेद ६ धारा आठको संशोधनलाई प्रमाणीकरण गर्न समिति आग्रह गर्दछ। यस सम्बन्धमा समितिले महासभाको समाधान (रिसल्युशन) ५७/१९४ डिसेम्बर १८, २००२ लाई स्वीकार गर्न आग्रह गर्दछ। जसमा महासभाले पक्षराष्ट्रहरूलाई संशोधनको सम्बन्धमा आफ्ना देशमा प्रमाणीकरण प्रक्रिया तीव्र पार्न र महासचिवलाई संशोधन सहमतिबारे जानकारी गराउन जोडदार आग्रह गऱ्यो। त्यसैअनुसारको अपिल महासभाको रिसल्युशन डिसेम्बर २००३ ले दोहोऱ्याएको थियो।

२३. समितिले राज्यपक्षलाई डर्वान घोषणा एवं कार्ययोजनाको कार्यक्रममा तत्सम्बन्धी मागलाई राज्यपक्षको आन्तरिक कानुनअनुसार उपयोग गर्न र तत्सम्बन्धी अनुशरण गरिएका मापदण्डबारे आगामी सावधिक प्रतिवेदनमा समावेश गर्न सिफारिस गर्दछ।

२४. समिति राज्यपक्षलाई सावधिक प्रतिवेदन तयार पार्न नागरिक समाजसँग निरन्तर आबद्ध रहन र बुझाएको प्रतिवेदनलाई जनतामा फैलाउन प्रोत्साहन गर्दछ। समितिको निष्कर्ष पर्यवेक्षण समानरूपमा प्रकाशित गर्न समिति थप सिफारिस गर्दछ।

२५. समितिले राज्यपक्षलाई सत्रौं, अठारौं र उन्नाइसौं सावधिक प्रतिवेदन एकै दस्तावेजको रूपमा १ मार्च २००५ मा समयमै बुझाउन सुनिश्चितता प्रदान गर्न र सावधिक प्रतिवेदनहरूमा वर्तमान पर्यवेक्षणमा उठाइएका सबै विषयहरूलाई सम्बोधन गरी नयाँ ढंगले प्रस्तुत गर्न सिफारिस गर्दछ।

# महिलाविरुद्धको भेदभाव निर्मूल गर्ने समिति

**तीसौं सत्र**

*१२-३० जनवरी २००४*

**नेपालका सम्बन्धमा समापन टिप्पणी**

१. १३ जनवरी २००४ मा सम्पन्न ६३० औं र ६३१ औं बैठकमा समितिले नेपालका तर्फबाट प्रस्तुत दोस्रो र तेस्रो अवधिको संयुक्त प्रतिवेदनलाई समझदारीमा ग्रहण गऱ्यो।

**राज्यपक्षद्वारा गरिएको विषय प्रवेश**

२. नेपालको तर्फबाट प्रस्तुत गरिएको दोस्रो र तेस्रो अवधिको संयुक्त प्रस्तुतिमाथि नेपालका तर्फबाट उपस्थित प्रतिनिधिमण्डलले महिलाविरुद्धको भेदभावसम्बन्धी सम्झौतालाई (कन्भेन्सन) लागू गर्न राज्यपक्षको पूर्ण प्रतिबद्धता दोहऱ्यायो।

नेपालको विकास प्रयास र महिलाको वस्तुगत समानता र महिलाविरुद्धका सबैखाले भेदभावपूर्ण नीति र व्यवहारको निर्मूल गर्ने उद्देश्य प्राप्तिका लागि विकास कार्यमा प्रभाव पार्ने स्रोतहरू त्यस प्रतिबद्धताका आधारभूत पक्ष भएको कुरा त्यो प्रतिनिधिमण्डलले राज्यपक्षद्वारा व्यक्त गरिएको पूर्ण प्रतिबद्धताका क्रममा दोहोऱ्याएको थियो।

यो राष्ट्रिय प्रतिवेदनको तयारीमा सरकारसँग नागरिक समाज र विकास कार्यका साझेदारहरूको सहभागिता रहेको थियो। नागरिक समाज र विकासका साझेदारहरूले 'कन्भेन्सन' (सम्झौता) लागू गराउने क्रममा स्रोत उत्पादन गर्न र सामाजिक परिचालनका लागि समर्थन र सहयोग गरेका थिए। नागरिक समाज एवं विकासका साझेदारहरूको सहभागिताले राष्ट्रिय तथा ग्रामीण तहमा महिलाविरुद्धका भेदभाव उन्मूलन गर्ने कन्भेन्सन लागू गराउन उचित वातावरण, लैङ्गिक संवेदनशीलता र संस्थागत विकासका लागि अवसरको सृजना गर्न प्रोत्साहन गऱ्यो।

३. प्रतिनिधिमण्डलले सन् १९९९ मा महिलाविरुद्धको भेदभाव उन्मूलन गर्ने सम्झौताको नेपालले प्रमाणीकरण गरेदेखि यसबारे गरिएका सकारात्मक विकासहरूलाई उच्च प्राथमिकताका साथ प्रस्तुत गरेको थियो। प्रतिनिधिमण्डलले नेपालको समाजिक, आर्थिक क्षेत्रमा महिलाको सशक्तीकरणका प्रक्रिया राम्रो अवस्थामा अघि बढेको, क्षेत्रगत विकास नीतिहरूमा लैङ्गिक विषयहरूलाई एकीकृत गरिँदै लगिएको र राष्ट्रले गर्नुपर्ने महत्वपूर्ण कामहरू (राष्ट्रिय एजेन्डा) को माथिल्लो तहमा लैगिक विषयहरूलाई राख्नुपर्ने आवश्यकतामाथि विकासका साझेदारहरू सहमत भएको जस्ता नेपालको सकारात्मक पक्षहरूलाई त्यो प्रतिनिधिमण्डलले समितिको तीसौं सत्रमा दर्शाएको थियो।

४. महिला र पुरुषबीचको समानता, महिला सशक्तीकरण र लैङ्गिक विषयहरूलाई मूल धारमा ल्याउनु विकासका समग्र लक्ष्यहरू हुन्। ती लक्ष्यहरूको प्राप्तिका लागि लैङ्गिक समानता र महिला सशक्तीकरणबारे राष्ट्रिय कार्य योजनाको सूत्रीकरण, सम्झौतासम्बन्धी कार्ययोजनाको अनुमोदन, राष्ट्रिय मानवअधिकारसम्बन्धी कार्ययोजनाको सूत्रीकरण, सन् २००५ सम्म शिक्षामा लैङ्गिक भेदभावको उन्मूलन एवम् सन् २०१५ सम्म लैङ्गिक समानता प्राप्त गर्ने उद्देश्यका लागि 'सबैका लागि शिक्षा' सम्बन्धी राष्ट्रिय रणनीतिको अनुमोदन, महिला तथा बालबालिकाको बेचबिखनविरुद्ध अस्तित्वमा रहेको कार्य योजनाको पुनरावलोकन, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सामाजिक वडापत्रको तयारी तथा त्यसको निरूपणलगायतका केही नीति तथा रणनीतिहरूलाई अवलम्बन गरिएको थियो।

५. यसका अतिरिक्त लैङ्गिक जिम्मेवारी पूरा गराउन चाहिने नक्शांकन (रोडम्याप) को सूत्रीकरण, ग्रामीण समुदायहरूलाई आवश्यक सेवा उपलब्ध गराइरहने उद्देश्यले घुम्ती सरकारको प्रस्तुतिलगायतका शासकीय सुधार, नागरिक सेवाको निर्णायक तहमा महिलाको समान सहभागिता सुनिश्चित गर्ने उद्देश्यले नागरिक सेवामा महिलाको प्रवेशलगायत पाखा लगाइएका समुदायहरूका लागि आरक्षणसम्बन्धी समितिको स्थापना र वैदेशिक रोजगारमा महिलाका लागि अत्यधिक अवसरहरू प्रदान गर्ने प्रावधानजस्ता थप अभिप्रेरणाहरूको अवलम्बनका कुरा प्रस्तुत गरिएका थिए।

६. संस्थागत विकासका बारेमा प्रतिनिधिमण्डलले राष्ट्रिय मानवअधिकार

आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगहरूको स्थापनाबारे जानकारी दियो। यससम्बन्धी थप कार्यहरूबारे मन्त्रालयहरूमा लैङ्गिक जिम्मेवारी पूरा गर्न लैङ्गिक क्षमताको महत्वपूर्ण पक्षहरूलाई सुदृढ गरिएको थियो। महिला विकास कार्यालयलाई जिल्लास्तरमा लैङ्गिक समस्यालाई समाधान एवम् निर्मूल गर्न स्थानीय नियोगको संस्थागत गरिएको थियो र संसद्मा महिला दबाब समूह स्थापना गरिएको थियो।

७. विज्ञहरूको एक समितिबाट भेदभावसम्बन्धी कानुनको पुनरावलोकन गराई एक प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाइएको थियो र प्रधानमन्त्रीद्वारा त्यस प्रतिवेदनमाथि आवश्यक कारवाही गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा त्यो प्रतिवेदन पठाइएको थियो। सुरक्षित गर्भपतनका दिशामा प्रभावकारी परिणाम प्राप्त गर्न प्रतिवेदन लागू गरिएको थियो। संसद्मा घरेलु हिंसा र मानव बेचबिखन नियन्त्रणसम्बन्धी कानुनमा संशोधनका लागि एक विधेयक प्रस्तुत गरिएको थियो। आर्थिक गतिविधिमा महिलाको अवसरहरूको विस्तार गरिएको थियो। राष्ट्रिय बजेट निर्माण संयन्त्रमा लैङ्गिक विषयसम्बन्धी बजेट सामेल गराउन एवम् विशेषगरी द्वन्द्व र हिंसा प्रभावित परिवारहरूलाई सहयोग पुग्ने गरी परिवार सहयोग कार्यक्रमको सूत्रीकरण जस्ता विषयलाई अन्य अभिप्रेरणाअन्तर्गत समावेश गरिएको थियो।

८. महिलाको विकासमा प्रभावकारी प्रगति भए पनि प्रतिनिधिमण्डलले महत्वपूर्ण सामाजिक-सांस्कृतिक क्षेत्र, शासकीय क्षेत्र, आर्थिक क्षेत्र कानुनी र मनोवैज्ञानिक क्षेत्रका चुनौतिहरू यथावत् रहेको उल्लेख गरेको थियो। विद्यमान परम्परागत संस्कार र चालचलनले पितृसत्तात्मक अवधारणालाई बल पुऱ्याउने गरेको छ। सामाजिकरूपमा भेदभावको व्यवहार, नकारात्मक अवधारणा एवम् परिवर्तन खोज्न नचाहने लैङ्गिक अवस्था, लैङ्गिक हिंसाको विद्यमान अवस्था एवम् समाजमा महिलाको कमजोर अवस्था, लैङ्गिक एवं महिला जागरणको पर्याप्तताको अभाव र पाखा लगाइएका महिलासम्बन्धी विषयहरूलगायतका चुनौतिहरूलाई सामाजिक, सांस्कृतिक चुनौतिको रूपमा रहेको प्रतिनिधिमण्डलले प्रस्तुत गरेको थियो। अन्तर्राष्ट्रिय उपकरणको अभाव वा प्रभावकारी अवलम्बन, नीति र कार्यक्रम अवलम्बनका लागि सरकारी संयन्त्रको क्षमतालाई

प्रभावकारीरूपमा संस्थागत नभएको एवं कानुनहरूको प्रभावकारीरूपमा लागू गराउने अवस्थाको अभाव, शासकीय क्षेत्रमा लैङ्गिक चासोहरूलाई मूलधारमा समावेश गर्नुपर्ने आवश्यकता, नागरिक समाज र अन्य साझेदारहरूको सहयोगलाई संस्थागत गर्नुपर्ने आवश्यकता र पाखा लगाइएका जनतालाई प्रभावकारी सेवा उपलब्ध गराउनुपर्ने आवश्यकतालाई शासकीय क्षेत्रको चुनौतिको रूपमा लिइएको प्रतिनिधिमण्डलले उल्लेख गरेको थियो।

९. प्रतिनिधिमण्डलले पुरुषको तुलनामा महिलालाई उत्पादकीय स्रोतहरूसम्मको समान पहुँचको अभाव, महिला र पाखा लगाइएका ग्रामीण महिलाको गरीबीजस्ता विषयलाई आर्थिक चुनौतिको रूपमा दर्शाएको थियो। भेदभावपूर्ण कानुनी प्रावधानको वर्तमान अवस्था र संशोधनको लामो कानुनी प्रक्रिया जस्तै विधायिका प्रक्रियामा लैङ्गिक संवेदनशीलता र लैङ्गिक जिम्मेवारीबोधको अपर्याप्ततालाई कानुनी चुनौतिको रूपमा लिइएको प्रतिनिधिमण्डलले दर्शाएको थियो। अन्त्यमा, प्रतिनिधि मण्डलले लैङ्गिक विषय एवं महिला सशक्तीकरणको बुझाइका लागि ज्ञान एवं सीपको अभाव, लैङ्गिक र महिला विषयमा आवश्यक सहयोग र सहभागितामा पुरुषको सहयोग तथा समर्थनको अभाव, महिलालाई मनोवैज्ञानिक समस्यामा परिवार र समुदायको सहयोगको अभाव र सामाजिक एवं आर्थिक गतिविधिमा महिलाको प्रमुख भूमिकाको अभावजस्ता विषयहरूलाई मनोवैज्ञानिक चुनौतिका रूपमा प्रस्तुत गरेको थियो।

१०. प्रतिनिधिमण्डलले महिलाविरुद्धको भेदभाव उन्मूलनसम्बन्धी सम्झौता पूरा गर्न तयार पारिएको कार्ययोजना अवलम्बन गर्न एक नक्शांकन ( रोडम्याप) लाई व्याख्या गऱ्यो र नेपालले त्यसको महत्व बुझी दिएको स्थान समग्र समाजको विकासको मार्ग हुने दाबी गर्दै प्रतिवेदनसम्बन्धी संशोधन समाप्त गरेको थियो।

## निष्कर्षसहितको समितिको टिप्पणी एवं प्रतिक्रिया

### विषय प्रवेश

११. समितिले राज्यपक्ष (नेपाल) लाई दोस्रो र तेस्रो अवधिको सावधिक संयुक्त प्रतिवेदन जानकारीमूलक रहेको तथा प्रतिवेदन तयारीका लागि समितिद्वारा प्राप्त निर्देशिकाहरूलाई पूरा गरेकोमा प्रशंसा गरेको छ।

१२. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रीको नेतृत्वमा गएको उच्चस्तरीय प्रतिनिधिमण्डलको सहभागिताप्रति समितिले प्रंशसा गरेको छ। कन्भेन्सनको अवलम्बनका लागि राष्ट्रिय महिला आयोगको प्रमुख, राष्ट्रिय मानवअधिकार आयोगका एक महिला सदस्य, राष्ट्रिय दलित आयोगका एक महिला सदस्य तथा विभिन्न मन्त्रालयका प्रतिनिधिहरू सम्मिलित प्रतिनिधिमण्डलको संरचनालाई समितिले सकारात्मकरूपमा लिएको छ। समितिले महिलाविरुद्धको भेदभावसम्बन्धी र समितिको कार्य समूहद्वारा सत्रपूर्व बैठकमा सोधिएका प्रश्नहरूको लिखित जवाफ र त्यसको प्रस्तुतिमा प्रतिनिधिमण्डलले दिएको मौखिक जानकारी गरी दुवै प्रस्तुतिलाई राम्रोरूपमा ग्रहण गरेको जनाएको छ।

१३. समितिले लैङ्गिक समानता र महिलासम्बन्धी भेदभावविरुद्धको कारवाहीका लागि बेइजिङ्ग मञ्चले पहिचान गरेका वाह्र महत्वपूर्ण क्षेत्रलाई ग्रहण गर्ने महिला सशक्तीकरणको राष्ट्रिय कार्य योजनाबारे सन्तोष व्यक्त गरेको छ।

**सकारात्मक अवधारणा**

१४. समितिले राज्यपक्षलाई लैङ्गिक समानतालाई राष्ट्रिय विकासको प्राथमिकतामा राखेकोले प्रशंसा र यससम्बन्धी नयाँ कानुन र कानुनी सुधारको स्वागत गरेको छ। मुलुकको आचार-संहिता (एघारौं संशोधन) ऐन जसमा महिलाको सम्पत्तिमाथिको अधिकारको उल्लेख छ, कानुनी सहयोग ऐन जसमा गर्भपतन, मानव बेचबिखन, यौनशोषण र घरेलु हिंसा रहेको छ, नागरिक सेवा ऐन र यसको पहिलो संशोधन जसमा सेवामा महिला प्रवेश, बढुवा, सेवा र शर्तहरू रहेका छन, स्थानीय स्वशासन ऐन जसमा स्थानीय निकायमा घटीमा बीस प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्ने प्रवाधान रहेको छ। लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि राष्ट्रिय कार्ययोजना, शिक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना र दोस्रो दीर्घकालीन स्वास्थ्य योजनालगायतका विषय समावेश गरी कन्भेन्सन लागू गराउन राज्यपक्षले वृहत योजना र कार्यक्रमका माध्यमबाट व्यक्त गरेको प्रतिबद्धताको समितिले थप प्रशंसा गरेको छ।

१५. समितिले राज्यपक्षले महिला, बालबालिका तथा सामाजिक कल्याण मन्त्रालयको स्थापना र राष्ट्रिय महिला आयोग, अन्य मन्त्रालयहरूमा

लैङ्गिक विषयको महत्वपूर्ण स्थान, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग र कन्भेन्सन लागू भए नभएकोबारे पर्यवेक्षण गर्न राष्ट्रिय समितिलगायतका विभिन्न अन्य संस्थागत संयन्त्रहरूको स्थापना गरेकोमा प्रशंसा गरेको छ।

१६. समितिले महिलाको विषयमा नागरिक समाजसँग राज्यपक्षले गरेको साझेदारी र प्रारम्भिक प्रतिवेदनका समझदारीलाई अनुशरण गर्ने निष्कर्षसम्बन्धी सूचनाको विभेदीकरणमा नागरिक समाजसँग गरेको साझेदारीका लागि प्रशंसा गरेको छ। समितिले महिला मानवअधिकारहरूको राम्रो समझदारीका लागि बल पुऱ्याउन निष्कर्ष र प्रतिक्रियालाई नेपालीमा गरिएको अनुवादको वास्तविक पक्षलाई स्वागत गरेको छ।

१७. समितिले महिलाको हैसियतलाई सुदृढ गर्न योगदान दिइरहन र नेपाली भू-भागमा महिला अधिकारको संरक्षण गरिरहन लैङ्गिक संवदेनशीलताबारे गरिने धेरै निर्णय गर्न बाँकी रहेको अवस्थाबारे जानकारी प्राप्त गरेको छ।

**समितिको चासो र सिफारिस गरिएका प्रमुख क्षेत्रहरू**

१८. एक उच्चस्तरीय समितिले भेदभावविरोधी कानुन बनाउन बाँकी रहेकोलाई पहिचान गरी प्रधानमन्त्रीलाई बुझाइएको प्रतिवेदन र सो प्रतिवदनमाथि महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयलाई तत्काल कारवाही गर्न गरिएको निर्देशनलाई उल्लेख गर्दै समितिले प्रारम्भिक प्रतिवेदनको निष्कर्ष, प्रतिक्रिया र व्यक्त गरिएका चासो तथा प्रचलनमा रहेका भेदभावयुक्त कानुन संशोधनका लागि राज्यपक्षले पर्याप्त कारवाही गर्न जोड दिएको छ।

१९. समितिले राज्यपक्षलाई कन्भेन्सनको आर्टिकल (धारा) २ ले अह्राएको काम पूरा गर्न ढिलाई नगरी बिना भेदभाव कानुनलाई संशोधन गर्न एक समय सीमा तोकी दिन र काम तीब्र गतिमा बढाउन आग्रह गरेको छ।

२०. समितिले कन्भेन्सनको धारा ९ सँग प्रतिकूल हुने गरी संविधानमा भएको महिलासम्बन्धी व्यवस्थाप्रति चिन्ता व्यक्त गरेको छ। व्यवस्थाअनुसार महिलालाई उनीहरूको बालबालिकालाई वा विदेशी राष्ट्रियता भएका

पतिलाई राष्ट्रियता प्रदान गर्न नपाउने गरी बन्देज लगाइएको छ।

२१. समितिले राज्यपक्षलाई नागरिकतासम्बन्धी क्षेत्रमा महिलाविरुद्ध गरिएको भेदभावलाई हटाउन वा संशोधन गर्न आग्रह गरेको छ।

२२. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले अघि बढाएका कामहरूलाई उच्च मूल्याङ्कन गर्दै समितिले महिला विकासका लागि रहेको राष्ट्रिय संयन्त्रसँग पर्याप्त वित्तीय स्रोत नरहेको र महिला विकास र लैङ्गिक समानताको प्रभावकारी प्रवर्द्धन गर्न मानवीय स्रोतको परिचालन गर्न नसकेकोमा चिन्ता व्यक्त गरेको छ।

२३. समितिले महिलालाई पर्याप्त वित्तीय र मानवीय स्रोतहरू पर्याप्त मात्रामा उपलब्ध गराइरहनुलगायत महिला विकासका लागि विद्यमान राष्ट्रिय संयन्त्र बलियो पार्न राज्यपक्षलाई सिफारिस गरेको छ।

२४. समितिले सन् १९९६ देखि सुरु भएको आन्तरिक सशस्त्र द्वन्द्व र यसको निरन्तरताले महिलामाथि परेको नकारात्मक प्रभावप्रति चिन्ता र चासो व्यक्त गरेको छ। समितिले मे २००२ देखि प्रतिनिधिसभाको विघटन र कन्भेन्सन पूरा गराउन राज्यपक्षलाई अवाश्यक पर्ने कानुन बनाउन प्रतिनिधिसभाको अभावमा गाह्रो कुरामा पनि चिन्ता व्यक्त गरेको छ।

२५. समितिले राज्यपक्षलाई द्वन्द्व समाधान र शान्ति निर्माण प्रक्रियामा महिलाको पूर्ण एवं समान सहभागिता सुनिश्चित गर्न आग्रह गरेको छ। समितिले राज्यपक्षलाई द्वन्द्वपीडित महिलाको आवश्यकता पूर्ति गर्न तथा हिंसाबाट उनीहरूको सुरक्षा र सम्बर्द्धन गर्न पर्याप्त स्रोत साधन छुट्याउन आग्रह गरेको छ। समितिले प्रतिनिधिसभा पुनः सञ्चालन नभएसम्म राज्यपक्षलाई महिलाको दुरावस्थालाई नकार्न वा छाड्न नमिल्ने गरी कानुनी क्रियाकलाप सुनिश्चित गर्न थप आग्रह गरेको छ। यस विषयमा समितिले संसद्द्वारा गरिनुपर्ने कार्यको कानुनी एजेन्डा तयार पार्न राज्यपक्षलाई प्रोत्साहन गरेको छ।

२६. अशिक्षाको दर घटाउनुलगायत शिक्षालाई राज्यपक्षले राष्ट्रिय प्राथमिकताको रूपमा लिई यसमा गरेको वास्तविक प्रगतिलाई स्मरण गरी समितिले महिला र पुरुषबीचको साक्षरता दरको खाडलप्रति चासो व्यक्त गरेको छ। समितिले प्राथमिक र माध्यमिक शिक्षामा नामाङ्कन गरिएका छात्राहरूको संख्या थोरै रहेको र त्यसबाट पनि छात्राहरूले पढाइ छोड्ने गरेको दर धेरै भएको तथा शिक्षामा महिलाको पहुँच साह्रै कम भएकोमा राज्यपक्षसमक्ष चिन्ता व्यक्त गरेको छ। समितिले ग्रामीण

क्षेत्रका महिला विभिन्न जातजातिका महिलालाई पढ्न पाउने अवसरहरू साह्रै थोरै भएकोमा थप चिन्ता व्यक्त गरेको छ।

२७. समितिले राज्यपक्षलाई विशेष गरी ग्रामीण क्षेत्र र विभिन्न जातजातिका मानिसहरूमा समान शिक्षा प्राप्त गर्ने सन्दर्भमा स्थापित राष्ट्रिय कार्य योजनाका उद्देश्यहरू पूरा गराउन महिला र पुरुषबीचको साक्षरता दर समान पार्न राज्यपक्षले घनिभूत प्रयास गर्नुपर्ने आग्रह गरेको छ। समितिले शिक्षाको सबै क्षेत्रमा महिलाको समान पहुँचका लागि तथा स्कुल पढ्ने छात्राहरूले पढाइ छोड्ने गरेको अवस्थालाई रोक्न आवश्यक सबै उपाय अवलम्बन गर्न राज्यपक्षले आफ्ना सबै प्रयासहरू बलपूर्वक अगाडि बढाउन सिफारिस गरेको छ। समितिले राज्यपक्षलाई शिक्षा क्षेत्रमा अधिक शिक्षिका भर्ना गर्न र पाठ्यपुस्तकले सृजनाहीन महिला उत्पादन गर्ने नपाउनका लागि बढी भन्दा बढी वित्तीय र मानवीय स्रोत विनियोजन गर्न आग्रह गरेको छ।

२८. समितिद्वारा सबै क्षेत्रमा पुरुष र महिलाको भूमिका तथा जिम्मेवारी भेदभाव संस्कृतिको अभ्यासमा स्थिर रहेकोमा चिन्ता व्यक्त गरिएको छ। पितृसत्तात्मक अवधारणाले जरो गाडेको समाजमा पुरुषको प्रधानता रहेको सार्वजनिक र नीजी क्षेत्रमा महिलालाई कमजोर रहेको बुझाई जस्ता विषयले महिलाको सामाजिक हैसियतलाई अवमूल्यन गर्छ भने महासन्धिको अवलम्बनले अवरोध सृजना गर्छ। समितिले यस विषयमा जहिले पनि पीडित र उपेक्षित मानिएको विधुवालाई आर्थिक गतिविधिबाट बाहिर राखिने प्रवृत्तिप्रति गम्भीर दुःख व्यक्त गर्छ।

२९. समितिले राज्यपक्षलाई भेदभावपूर्ण संस्कृतिको अभ्यास र जड्तालाई निर्मूल गर्न आफ्ना प्रयासहरू बढाउन आग्रह गर्दछ। समितिले राज्यपक्षलाई पारिवारिक जिम्मेवारीमा साझेदारी गर्ने पुरुषलाई प्रोत्साहन गर्न, पुरुष एवम् महिलाका लागि जनचेतना अभिवृद्धिको निर्देशन गर्न र पुराना भेदभावपूर्ण संस्कृतिको परिवर्तनका लागि पुरुष महिलाको भूमिका र जिम्मेवारीसम्बन्धी कारवाही गर्न आग्रह गर्छ। समितिले सार्वजनिक नीजी जीवनमा पुरुष र महिलाको समान जिम्मेवारी र हैसियतका लागि सकारात्मक पक्षमा प्रकाश पार्ने सञ्चारलाई प्रोत्साहन अघि बढाउन सिफारिस गर्छ। समितिले राज्यपक्षले विधुवाहरूलाई तालिम दिलाएर उनीहरूको मानवअधिकारलाई संरक्षण गर्न आवश्यक मापदण्ड अपनाउनुपर्ने कुराको आग्रह गर्दछ।

विधुवाहरूलाई उनीहरूको मानवअधिकार उपयोग गर्न पाउने गरी काम गर्ने तालिम दिलाएर, ऋण अवसर उपलब्ध गराएर परिवार र समाजलाई आवश्यक सरसल्लाह दिएर सम्मानित जीवन प्रदान गर्न समितिले राज्यपक्षलाई आग्रह गर्दछ।

३०. समितिले दहेज, देउकी, झूमा, कुमारी, वादीलगायत समाजमा विद्यमान रहेको बाल विवाह, वहुविवाह र अन्य कू-प्रथा जुन महिलाविरुद्धको भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको प्रतिकूल छ, त्यस्ता कू-प्रथाप्रति चिन्ता व्यक्त गर्छ। समितिले घरेलु हिंसासम्बन्धी विधेयक कारवाहीमा नभएकोमा चिन्ता व्यक्त गर्दछ।

३१. समितिले राज्यपक्षलाई बिनाकुनै ढिलाईका साथ बलपूर्वक विवाह, बालविवाह र बहुविवाहलगायत सामान्य सिफारिस २१ को समानतासम्बन्धी विवाह र परिवार सम्बन्धमा कारवाही गर्न सिफारिस गर्दा दहेज, देउकी, कुमारी प्रथा र वादीजस्ता परम्परागतरूपमा हानिकारक भेदभावलाई समाप्त पार्न राज्यपक्षलाई आग्रह गर्छ। समिति राज्यपक्षलाई कू-प्रथा निर्मूल पार्न न्यायिक तालिम र कानुन कार्यान्वयन गर्ने अधिकारी र सार्वजनिक अभियानजस्ता प्रभावकारी मापदण्ड अपनाउन सिफारिस गर्दछ। समिति राज्यपक्षलाई तत्काल घरेलु हिंसासमबन्धी मापदण्डहरूको अवलम्बनका लागि आग्रह गर्छ र घरेलु हिंसासम्बन्धी विधेयकबारे भएका प्रगतिसम्बन्धी सूचना उपलब्ध गराउन आग्रह गर्छ।

३२. महिला र बालिकाहरूको ओसार-पसारसम्बन्धी समस्याबारे सम्बोधन गर्ने राज्यपक्षका प्रयासहरूलाई स्मरण गर्दै समितिले ती समस्या नेपालमा विद्यमान रहेकोमा चिन्ता व्यक्त गरेको छ। समिति यससम्बन्धी विभिन्न प्रतिवदेनहरूबीच भिन्नता रहेकोमा चिन्ता व्यक्त गर्छ। यसमा महिला र बालिकाको ओसार-पसारसम्बन्धी प्रतिवेदन र अदालतमा रहेका मुद्दाको संख्याबीच फरक रहेको पाइएको छ। समिति मानव ओसार-पसार नियन्त्रण ऐनमा संशोधन गर्न ढिलाई भएकोमा चिन्ता व्यक्त गर्दछ।

३३. समिति राज्यपक्षलाई महिला र बालिकाहरूको ओसार-पसारलाई सम्बोधन गर्ने प्रयासलाई प्रभावकारीरूपमा अघि बढाउन राज्यपक्षलाई आग्रह गर्छ। समितिले महिला र बालिका ओसार-पसारविरोधी रणनीतिमा रोकथामका मापदण्ड, अपराधीविरुद्ध अभियोग जगाउन सजाय दिन र यसका लागि अन्तर्राष्ट्रिय, क्षेत्रीय र द्विपक्षीय सहयोग

अभिवृद्धि गर्नु जस्ता विषय समावेश गर्न राज्यपक्षलाई आग्रह गर्छ। समिति राज्यपक्षलाई महिला बालिकाको ओसार-पसारसम्बन्धी वास्तविक कानुनी अवस्थाबारे जानकारी उपलब्ध गराउन आग्रह गर्छ।

३४. समिति, महिला विशेष गरी ग्रामीण महिलाको स्वास्थ्य स्थितिप्रति चिन्ता व्यक्त गरेको छ। समिति पुरुषको तुलनामा महिलाको अपेक्षित आयु कम रहेको साथै मातृ-शिशु मृत्यु दर उच्च रहेकोमा चिन्ता व्यक्त गर्दछ। समितिले महिलाको स्वास्थ्यमा प्रतिकूल प्रभावका कारण कम उमेरमा विवाह, कम उमेरमा गर्भधारण, परिवार नियोजन सेवाको अपर्याप्तता एवम् स्वास्थ्यसम्बन्धी जानकारीको प्राप्ति र प्रभावकारी प्रयोगको मुख्य बाधक अशिक्षा रहेकोमा खास चासो देखाएको छ। समिति महिला स्वास्थ्य र यौनसम्बन्धी एकीकृत अनुसन्धानको अभावप्रति चासो व्यक्त गर्दछ।

३५. समिति राज्यपक्षले महिलाको स्वास्थ्य विशेष गरी ग्रामीण महिलाको स्वास्थ्यप्रति आवश्यक मापदण्ड अपनाउन सिफारिस गर्छ। यसअन्तर्गत यौन एवम् प्रजनन् स्वास्थ्यसम्बन्धी जानकारी मातृ मृत्युदर कम गराउन सक्ने भएकाले स्वास्थ्य सेवासम्बन्धी जानकारीको माध्यमबाट ध्यान दिनुपर्ने सल्लाह दिन्छ। समिति दम्पतीका लागि परिवार नियोजनको ज्ञान र विधि राम्रो भएकोले तत्सम्बन्धी कार्यक्रम तथा नीतिबारे जानकारी उपलब्ध गराउन बाटो अवलम्बन गर्नुपर्ने सिफारिस गर्दछ। समितिले एचआईभी एड्स यौन संसर्गबाट सर्ने भएकोले यसको रोकथामका लीग बालबालिकालाई विशेष ध्यान दिई यौन शिक्षा प्रवर्द्धन गर्न थप सिफारिस गर्दछ। समिति राज्यपक्षलाई महिला स्वास्थ्य र लिङ्ग विभेद तथ्याङ्कबारे अनुसन्धान गर्न र प्रतिवेदनबारे जानकारी गराउन आग्रह गर्दछ।

३६. राजनीतिक पार्टीहरूद्वारा निर्वाचनमा महिला उम्मेदवारका लागि पाँच प्रतिशत प्रतिनिधित्व हुने संवैधानिक व्यवस्थालाई ध्यान दिँदै समिति राजनीतिक र प्रशासनिक क्षेत्रमा महिलाको कम प्रतिनिधित्वप्रति चिन्ता व्यक्त गर्दछ। समितिले न्यायिक र अन्तर्राष्ट्रिय क्षेत्रमा महिलाको नाम मात्रको सहभागिताप्रति चिन्ता व्यक्त गरेको छ।

३७. राज्यपक्षलाई नेतृत्वदायी स्थानमा महिलाको पहुँचका लागि महिलालाई प्रोत्साहन गर्ने प्रयास गर्न समिति सिफारिस गर्छ। यसका लागि अस्थायी विशेष मापदण्ड अपनाउनसमेत आग्रह गर्छ। महासन्धिको धारा ४

अनुच्छेद १ अनुसार महिलालाई प्रोत्साहन गर्नुपर्ने सिफारिस गर्दछ। समिति राज्यपक्षलाई निर्णय गर्ने निकायसम्म पुऱ्याउने महत्वपूर्ण कार्यका लागि राज्यपक्षले जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने सिफारिस गर्दछ।

३८. समिति महिलाको जमीनमाथिको पहुँच पुरुषको तुलनामा सीमित रहेकोमा चिन्ता व्यक्त गर्दछ।

३९. समिति महिलाको जमीनमाथिको पहुँचलाई सम्मान गर्न तथा महिलाविरुद्धको सबै भेदभावलाई निर्मूल पार्ने उचित मापदण्ड अपनाउन राज्यपक्षलाई आग्रह गर्छ।

४०. समिति नेपालको शरणार्थी शिविरमा रहेका महिलाबारेको जानकारीको अभावप्रति चिन्ता व्यक्त गर्दछ। विशेष गरी महिलालाई शरणार्थीहरूको रूपमा स्वतन्त्र हैसियत प्रदान गर्न नसकिने अवस्थाप्रति समितिले चिन्ता व्यक्त गरेको छ। समिति शरणार्थी शिविरमा लैङ्गिक आधारको हिंसालाई सम्बोधन गर्न र संरक्षण गर्न अपर्याप्त सूचनाको अवस्थाप्रति चिन्ता व्यक्त गर्छ।

४१. समिति राज्यपक्षलाई नेपालको शरणार्थी शिविरहरूमा महिला शरणार्थीको अवस्थाबारे आगामी प्रतिवेदनमा आवश्यक जानकारी उपलब्ध गराउन आग्रह गर्दछ। यसमा शरणार्थीहरूको दर्ता प्रक्रिया एवम् लैङ्गिक हिंसाबाट महिला शरणार्थीहरूको संरक्षण गर्न साधन र उनीहरूलाई पुनर्वास गरिएको ठाउँबारे राज्यपक्षद्वारा आगामी प्रतिवेदनमा समावेश गर्न सिफारिस गर्दछ।

४२. समिति महिलाविरुद्धको भेदभाव निर्मूल पार्न राज्यपक्षद्वारा अपनाइएका मापदण्ड र कार्यक्रमबारे पूर्ण विवरणमा लिङ्ग विभाजन तथ्याङ्कलगायत अपर्याप्त तथ्याङ्कसहितको प्रतिवदेनप्रति दु:ख व्यक्त गर्दछ।

४३. समिति राज्यपक्षलाई महिलासम्बन्धी सूचना, लिङ्ग विभाजन तथ्याङ्कलाई अत्यधिक विशिष्टीकरण गरी, आगामी प्रतिवेदनमा समावेश गर्न सिफारिस गर्छ।

४४. समिति राज्यपक्षलाई महासन्धिको ऐच्छिक प्रलेख (प्रोटोकल) प्रमाणीकरण गर्न आग्रह गर्दछ। महासन्धिको बैठकमा धारा २० अनुच्छेद १ को संशोधनको स्वीकार गरिने उपकरणबारे प्रस्तुत गर्न आग्रह गर्दछ।

४५. समिति राज्यपक्षलाई महासन्धिको धारा १८ अन्तर्गत निष्कर्ष टिप्पणी आगामी प्रतिवदेनमा उल्लेख गर्न र चासो व्यक्त गर्न आग्रह गर्छ। समिति

राज्यपक्षलाई २००४ मा चौथो सावधिक प्रतिवेदन र २००८ मा पाँचौं सावधिक प्रतिवेदन बुझाउनुपर्ने भए पनि २००८ मा संयुक्त प्रतिवेदन बुझाउन आग्रह गर्छ।

४६. जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको कार्य योजना अवलम्बनसम्बन्धी कार्यक्रम पुनरावलोकन एवम् प्रशंसा गर्न बसेको महासभाको एक्काइसौं विशेष सत्र, बालबालिकासम्बन्धी महासभाको २७ औं विशेष सत्र, जातीय, नश्ल विभेद भेदभावसम्बन्धी विश्व सम्मेलन, बाध्य व्यक्तिविरुद्धको घृणाका असहिष्णुता बुढ्यौलीसम्बन्धी दोस्रो महासभाजस्ता राष्ट्रसंघीय सम्मेलन, शिखर सम्मेन र विशेष सत्रसँग सम्बन्धित लैङ्गिक विषयबारे गरिएका घोषणा कार्यक्रम र मञ्च आदिका लागि अवलम्बन गरिएका कार्य योजनाको सन्दर्भमा समिति राज्यपक्षलाई यस्ता महासन्धिसँग सम्बन्धित धारा एवं अवधारणाको अवलम्बनसम्बन्धी सूचनालाई आगामी सावधिक प्रतिवेदनमा समावेश गर्न आग्रह गर्दछ।

४७. समिति प्रस्तुत निष्कर्षात्मक टिप्पणीलाई विशेष गरी सरकारी प्रशासक र राजनीतिकर्मीहरूलाई जानकारी गराउन नेपालभरि फैलाउन महिलाको समान अधिकार सुनिश्चित गर्न आवश्यक पाइला चाल्न जागरण अभियान सञ्चालन गर्न आग्रह गर्दछ। समिति राज्यपक्षलाई विशेष गरी महिला तथा मानवअधिकार संगठनहरूमा महासन्धि तथा सन्धिको ऐच्छिक प्रलेख (प्रोटोकल), बेइजिङ्ग घोषणा र मञ्च समितिको सामान्य सिफारिस र बेइजिङ्ग घोषणा र मञ्चको कार्य योजनाका साथै एक्काइसौं शताब्दीमा लैङ्गिक समानता विकास र शान्ति: महिला २०००, विषय महासभाको २३ औं विशेष सत्रबारे जानकारी फैलाउन आग्रह गर्दछ।

# नागरिक तथा राजनीतिक अधिकारबारे अन्तर्राष्ट्रिय सम्झौता

## (सार्वजनिक टिप्पणी नं. २९)

संकटकाल (धारा ४)

**धारा ४ को सार्वजनिक टिप्पणी**

(२४ जुलाई २००१ को १९५० औं बैठकबाट पारित)

१. सम्झौताको धारा ४ ले मानवअधिकारको संरक्षण प्रणालीका लागि विस्तृत महत्व राख्दछ। एकातिर यस सम्झौताले राज्यपक्षलाई निश्चित सीमाभित्र रहेर एकपक्षीयरूपमा संकटकालको अल्पकालीन घोषणा गर्न अनुमति प्रदान गर्दछ भने, अर्कोतिर यो नियन्त्रणको मापदण्डमा पनि केन्द्रित छ। यसले परिणाम हेरी राज्यपक्षलाई सामान्य अवस्थामा फर्किन पनि आदेश गर्दछ। सम्झौताको आँखामा राज्यपक्षले प्रतिष्ठा जोगाउने हो भने उसको प्रधान उद्देश्य संकटकालबाट राज्यलाई फर्काउनु वा सामान्य अवस्थामा ल्याउनु नै हुनुपर्छ। यसो गरिएमा मात्र सम्झौताको सम्मान हुनआउँछ। सार्वजनिक टिप्पणी नम्बर ५, जसलाई तेह्रौं बैठक (१९८१) ले प्रतिस्थापन गरेको हो, ले  राज्यपक्षहरूलाई धारा ४ को आवश्यकता पूर्ति गर्न आग्रह गर्दछ।

२. सम्झौताको प्रावधानअनुसार संकटकाल वैकल्पिक र अस्थायी व्यवस्था मात्र हो। राज्यले धारा ४ मा प्रवेश गर्नुअघि दुई आधारभूत अवस्था कायम हुनुपर्छ- राष्ट्रको जीवनलाई नै चुनौती दिने भयानक सार्वजनिक संकटको अवस्था अथवा राज्यपक्षले औपचारिक रूपमै संकटकालको घोषणा गरेको हुनुपर्छ। संकटकालको घोषणा गर्दा वैधताको सिद्धान्त र कानुनको नियम पालना हुनु अति आवश्यक छ। सम्झौताको कुनै प्रावधानले संकटकालको घोषणाका कारण परिणामका रूपमा प्राप्त हुने प्रतिष्ठामा आउने आँचलाई कम गर्दैन। राज्यले आफ्नै संविधान तथा

अन्य कानुनी प्रावधान पूरा गरेर यसको घोषणा गर्नु आवश्यक हुन्छ। संकटकालमा कमिटीले राज्यद्वारा सम्झौताको धारा ४ अनुसार कार्य भए-नभएको अनुगमन गर्नु आवश्यक हुन्छ। सम्झौताका पक्ष बनेका राज्यहरूले आफ्नो प्रतिवेदनमा धारा ४० अनुसारको विवरण र संकटकालमा राज्यले प्राप्त गर्ने विशेष अधिकारका बारेमा कानुनले के भन्छ, प्रचलन के छ, खुलाउनु आवश्यक छ।

३. हरेक वाधाविरोध र उत्पात सार्वजनिक संकट घोषणका लागि पर्याप्त छैन। धारा ४ को अनुच्छेद १ मा व्याख्या गरेजस्तै राष्ट्रको जीवनलाई नै चुनौती दिने अवस्थामा मात्र संकटकाल घोषणा गर्न सकिन्छ। अन्तर्राष्ट्रिय वा राष्ट्रिय सशस्त्र द्वन्द्वका बेला अन्तर्राष्ट्रिय मानवीय कानुन आकर्षित हुन्छ, राज्यको संकटकालीन अधिकारको दुरूपयोग नहोस् भन्ने थप प्रावधानका लागि सम्झौताको धारा ४ र ५, अनुच्छेद १ मा व्यवस्था गरिएको छ। सम्झौताले सशस्त्र द्वन्द्वलाई देखाएर मात्र संकटकालको घोषणा गर्न स्वीकृत दिदैन, राष्ट्रको जीवनमा चुनौती कायम रहेको अवस्थामा मात्र त्यसको घोषणा वा म्याद थप्न अनुमति दिन्छ। राज्यपक्षले सशस्त्र द्वन्द्वभन्दा बाहिरको अवस्थामा पनि राज्यको अस्तित्वमा खतरा देख्छ र धारा ४ लागू होस् भन्ने चाहन्छ भने, अमुक अवस्थाको पर्याप्त व्याख्या र प्रमाण पेश हुनुपर्छ। धेरै पटक कमिटीले राज्यपक्षलाई सम्झौता अगाडि राखेर प्रश्न गरेको छ, खासगरी उनीहरूको राष्ट्रिय कानुनले संकटकाल घोषणा गर्न अनुमति दिने तर, सम्झौताको धारा ४ ले भने समर्थन नगर्ने अवस्थामा यस्ता प्रश्नहरू उत्पन्न भएका छन्।

४. सम्झौताको धारा ४ अनुच्छेद १ मा संकटको मूल्याङ्कनका लागि आधारभूत आवश्यकताको अवस्था रहनुपर्ने पक्षमा जोड दिइएको छ। घोषित संकटकालको अवधि थप्नका लागि यसमा थप कडाइ गरिएको छ। यो आवश्यकता समयावधि, भौगोलिक क्षेत्र र भौतिक अवस्थासँग सम्बन्धित छ। संकटका कारण नियन्त्रित अवस्थाको अनुगमनको परिणामले पनि सो अवस्था थप गर्ने वा नगर्ने कुराको सङ्केत गर्दछ। संकटकालमा राज्यपक्षबाट निषेधित नागरिक हकका सम्बन्धमा सम्झौताले निर्धारण गरेका प्रावधानहरू सामान्य अवस्थाका भन्दा पूर्णत: भिन्न छन्। अधिकार कटौतीको सीमा अत्यावश्यक पक्षसँग सम्बन्धित छ। यसले स्वभावत: अधिकारको नियन्त्रण र शक्ति संकुचनको

समानुपातको सिद्धान्त वहन गरेको छ। अत्यावश्यक भएको बताएर अधिकार कटौती गर्ने प्रावधानले मात्र न्याय गर्न सक्दैन। परिस्थितिसिद्ध अत्यावश्यकताले मात्र मान्यता पाउँछ। राज्यपक्षको कानुनले नियन्त्रणात्मक व्यवहारका लागि अनुमति दिए पनि सम्झौताले त्यसलाई पूर्णत: कार्यान्वयन गर्न रोक लगाउँछ। राज्यबाट सम्झौताको प्रावधान पूरा नभएको देखिन्छ। कमिटीले राज्यपक्षबाट प्रस्तुत हुने प्रतिवेदन हेर्दा समानुपातको सिद्धान्तमा अपर्याप्त ध्यान दिएको पाइएको छ।

५. अधिकार कटौतीको विषयलाई सम्झौताको धारा ४, अनुच्छेद १ बाट अलग राख्न सकिदैन। सम्झौताले राज्यपक्षलाई अधिकार कटौतीका लागि सीमावद्ध गरेको छ। सम्झौताले भन्छ, "अवस्थाले संकटकाल लगाउन अत्यावश्यक रहेको सावित गर्नु पूर्ण आवश्यक छ।" यस अवस्थाले राज्यपक्षहरूलाई सावधानीपूर्वक संकटकाल घोषणाको आवश्यकता प्रमाणित गर्न आग्रह गर्छ, उनीहरूबाट सो घोषणा गर्ने निर्णय हुनु मात्र त्यस आवश्यकताको प्रमाण हुन सक्दैन, घोषणामा आधारित विशेष मापदण्डहरूले त्यसको आवश्यकता प्रमाणित गर्नुपर्छ। राज्यपक्षहरूले प्राकृतिक उत्पात, जनसमुदायबाट भएको हिंसात्मक प्रदर्शन, ठूलो औद्योगिक दुर्घटना आदि देखाएर मात्र संकटकालको घोषणा आवश्यक थियो भनेर सावित गर्न सक्दैनन्, सम्झौताअनुसार ती उत्पातबाट राष्ट्रको जीवन-अस्तित्वमा नै खतरा थियो भन्ने अपरिहार्य आवश्यकता प्रमाणित गरेपछि मात्र नागरिकका अधिकारमा अंकुश लगाउन सक्छन्। कमिटीको विचारमा अधिकार कटौती पनि सीमावद्ध मात्र हुनुपर्छ, जस्तो आवागमनको स्वतन्त्रता (धारा १२) अथवा भेला हुन पाउने स्वतन्त्रता ( धारा २१) मध्ये एक मात्र नियन्त्रण गर्नु सामान्यत: पर्याप्त छ, प्रश्न गर्नपाउने स्वतन्त्रतासमेत कटौती गरियो भने त्यसको आवश्यकता पुष्टि हुँदैन।

६. सम्झौताका केही प्रावधानहरू धारा ४ (अनुच्छेद २) मा उल्लेख गरिएका छन्। त्यसमा राष्ट्रको अस्तित्वमाथि नै चुनौती आइपरे पनि प्रतिबन्धित गर्न नपाइने अधिकारहरू सूचीकृत गरिएका छन् तर, त्यसको अर्थ यो होइन कि अरु अधिकार स्वच्छन्दनका आधारमाा प्रतिबन्धित गर्न सकियोस्। राज्यपक्षहरू र कमिटी दुवै मिलेर सम्झौताका हरेक धारामा आधारित रही वास्तविक अवस्थाको वस्तुगत जानकारी हासिल गर्नुपर्छ,

यसले नै कानुनी कर्तव्य पूरा गर्न र कुन अधिकारमा कतिसम्म नियन्त्रण गर्नु अत्यावश्यक छ, भन्ने दिशानिर्देश गर्दछ।

७. सम्झौताको धारा ४, अनुच्छेद २ ले यी अधिकारहरू कटौती गरिनु हुँदैन भनेर स्पष्ट शब्दमा सिफारिस गरेको छ- धारा ६ (जीवनको अधिकार), धारा ७ (कठोर, अमानवीय, तुच्छ सजाय र सहमतिबिना चिकित्सकीय तथा वैज्ञानिक प्रयोगमा निषेध), धारा ८ को अनुच्छेद १ र २ (दासता, दास-व्यापार तथा पराधीनतामा निषेघ), धारा ११ (सहमति पूरा गर्न नसकेकोमा कैद गर्ने कार्यको निषेध), धारा १५ (फौजदारी अदालतको क्षेत्रमा वैधताको सिद्धान्तको अनुशरण, अर्थात कानुनमा उल्लेख गरेबमोजिम मात्र फौजदारी कसुरको दायित्व तोकिन्छ र सजाय हुन्छ। कसुर गर्दाको अवस्थाको कानुनअनुसार कारबाही चल्छ, पछि बनेको कानुनका आधारमा कारबाही हुँदैन। तर, पछिल्लो कानुनले त्यस अपराधको सजाय कम तोकेकोमा भने सोहीअनुसार माफी मिनाहा हुन्छ), धारा १६ (कानुनका नजरमा सबै पक्ष व्यक्ति सरह) र धारा १८ (विचार राख्ने, विवेक प्रयोग गर्ने र धर्म मान्ने स्वतन्त्रता)। दफा ४, अनुच्छेद २ मा सूचीकृत यी अधिकारलाई उच्च मूल्याङ्कन गर्दै अनतिक्रम्य भनिएको छ। यसैगरी सम्झौताको दोस्रो ऐच्छिक सन्धिपत्रमा पक्ष रहेका राज्यहरूले सन्धिपत्रको धारा ६ ले सिफारिस गरेअनुसार मृत्युदण्डको सजाय पनि खारेज गरेका छन्। सम्झौताले अनतिक्रम्य भनेका अधिकारमा कुनै प्रकारको सीमा र नियन्त्रण नै छैन भन्ने होइन। धारा ४, अनुच्छेद २ देखि धारा १८ को अनुच्छेद ३ सम्म विशेष नियन्त्रणात्मक दफाको व्यवस्था गरिएको छ। यी दफाहरूले अधिकार कटौतीको विषयलाई स्वतन्त्ररूपमा व्याख्या गरेका छन्। कसैको धर्म र विश्वासमाथि राज्यपक्षबाट अतिक्रमण भएमा अत्यन्त गम्भीर सार्वजनिक संकटको बेलामा पनि, धारा १८ को अनुच्छेद ३ अनुसार राज्यले स्पष्टीकरण दिनुपर्छ, अतिक्रमणको अपरिहार्यता देखाउनुपर्छ। कमिटीले विभिन्न अवसरमा सम्झौताको धारा ४, अनुच्छेद २ अनुसार अनतिक्रम्य अधिकारका बारेमा प्रष्ट पारेको छ। यी अधिकार कति ठाउँमा राज्यपक्षको अक्षमताका कारण अतिक्रमणमा परेका र पर्ने अवस्थामा रहेका छन्।

८. धारा ४, अनुच्छेद १ ले अधिकार नियन्त्रित गरिएको वा नगरिएको

विषयमा अनुगमन गर्न जात, रङ्ग, लिङ्ग, भाषा, धर्म र सामाजिक उत्पत्तिका आधारमा पक्षपात नहोस् भन्ने व्यवस्था गरेको छ। यद्यपि धारा २६ तथा सम्झौताका अन्य निष्पक्ष व्यवहारसंग सम्बन्धित प्रावधान (धारा २, ३, १४, अनुच्छेद १, २३, अनुच्छेद ४, २४, अनुच्छेद १ र २५) अनतिक्रम्य अधिकारको प्रावधानमा पारिएको छैन। धारा ४, अनुच्छेद २ मा कुनै पनि अवस्थामा अतिक्रमण गर्न नपाइने अधिकारको व्यवस्था गरिएको छ। धारा ४, अनुच्छेद २ को प्रावधान नमानिएमा वा अनुगमनमा व्यक्ति-व्यक्तिबीच पक्षपात गरिएमा सम्झौताको आदेशको उल्लङ्घन मानिन्छ।

९. धारा ४, अनुच्छेद २ ले सम्झौताको प्रावधान उल्लङ्घन गरेर मापदण्डमा विचलन नल्याउन निर्देशित गरेको छ। राज्यपक्षले अन्तर्राष्ट्रिय मानवीय कानुनलगायतका अन्य विश्वव्यापी विधानको पनि पालना गर्नुपर्छ, त्यसमा आएको परिवर्तनले पनि यस प्रावधानमा विचलन ल्याउनु हुँदैन। सम्झौताको धारा ४ यसैको(सम्झौताकै) उल्लङ्घन प्रमाणित गर्नका लागि हुन सक्दैन। राज्यले पालना गर्नुपर्ने अन्य अन्तर्राष्ट्रिय नियम, सन्धि वा सार्वजनिक कानुनमा परिवर्तन आएकाले सम्झौता पालनामा विचलन आएको हो भनेर भन्न सकिदैन। यही विषय सम्झौताको धारा ५, अनुच्छेद २ मा पनि प्रतिविम्वित भएको छ। सम्झौताले कुनै वहाना वा पूर्वशर्त मन्जुर गर्दैन। मौलिक अधिकार नियन्त्रण गर्न नपाइने कुरालाई यसले कुनैपनि अवस्थामा परिवर्तन गर्दैन। यसो भएमा मात्र पालना गर्ने नत्र नगर्ने भन्ने प्रावधान यहाँ अस्वीकार्य छ। सम्झौता त्यस्ता कुराभन्दा माथि छ।

१०. राज्यद्वारा गरिएका अन्य सम्झौताको पुनरावलोकन गर्ने काम मानवअधिकार कमिटीको होइन तापनि सम्झौताअन्तर्गत रहेर कार्यगर्दा कमिटीले राज्यपक्षबाट भएका अन्य अन्तर्राष्ट्रिय अनुशासनका बारेमा पनि अनुगमन गरेको छ। कमिटीले सम्झौताका प्रावधानको राज्यपक्षबाट अवज्ञा हुनुपर्ने कारण देखेको छैन। त्यसैले जब धारा ४, अनुच्छेद १ को आग्रह गरिन्छ अथवा संकटकालको कानुनी प्रावधानमा धारा ४० भित्र रहेर प्रतिवेदन तयार पारिन्छ, त्यसबेला राज्यपक्षले मानवअधिकारसंग सम्बन्धित विश्वका अन्य निकायहरूमा पनि जानकारी दिनुपर्ने हुन्छ। तर, यो अवस्था संकटकालका बेलामा मात्र आउँछ। यसो भएकोले,

राज्यपक्षले संकटकालको बेला अन्तर्राष्ट्रिय कानुनभित्र रहेर मानवअधिकारको स्तर हेरिने कुरामा उपयुक्तरूपमा ध्यान दिनसक्नुपर्छ।

११. धारा ४ मा अनतिक्रम्य प्रावधान राखिएका छन्, यी प्रावधानले अन्तर्राष्ट्रिय कानुनको मान्यता र प्रकृतिलाई अवज्ञा गरे कि भनेर हेर्दा, ठ्याक्कै त्यस्तो भएको पाइँदैन। धारा ४, अनुच्छेद २ मा उल्लिखित अनतिक्रम्य प्रकृतिका निश्चित प्रावधानहरूको घोषणाले केही मौलिक अधिकारको प्रकृतिको आंशिकरूपमा अवज्ञा गरेजस्तो नदेखिएको भने होइन। तर, सम्झौताको धारा ६ र ७ ले नै मौलिक अधिकारको प्रष्ट सम्मान गरेको छ। सम्झौतामा मौलिक अधिकारलाई अनतिक्रम्य प्रावधानका रूपमा समेटिएको छ, यसलाई कहिल्यै अतिक्रमण गर्न पाइँदैन।

धारा ११ र १८ मा संकटकालको घोषणाको जो व्यवस्था छ, त्यसमा यस अधिकारलाई नियन्त्रण गर्ने प्रावधान छैन। साथै, सम्झौतालाई दवावमूलक भन्न पनि सकिँदैन, किनभने, धारा ४ को अनुच्छेद २ अनुसार कटौती गर्न नमिल्ने अधिकारको सूचिमा नपरेका हकको बारेमा पनि सम्झौताले बोलेको छ। राज्यपक्षले मानवीय कानुनको उल्लङ्घन अथवा अन्तर्राष्ट्रिय कानुनको दबाबपूर्ण मान्यता प्रमाणित गर्न सम्झौताको धारा ४ लाई आव्हान गर्न सक्दैन। अन्तर्राष्ट्रिय कानुनले बन्दी बनाउन, सामूहिक सजाय तोक्न, हतियार देखाएर स्वतन्त्रताको अपहरण गर्न, कानुनी सुविधा प्राप्त गर्नबाट रोक लगाउन र दोष प्रमाणित हुनुअघि नै अपराधीको व्यवहार गर्न दिँदैन।

१२. कानुनी ढङ्गबाट अधिकार कटौती गर्ने सवालमा पनि सम्झौताले मानवअधिकारलाई महत्व दिएको छ। यसले मानवअधिकार उल्लङ्घन मानवताविरुद्धको अपराध हो भन्ने तथ्यलाई स्वीकार गर्दछ। मानवताविरुद्धको अपराधमा राज्यले आपराधिक कार्यमा व्यक्तिगत जिम्मेवारीलाई महत्व दिन्छ। संकटकाल लागेको बेलामा पनि राज्यले छुट पाउँदैन, सम्झौताको धारा ४ ले राज्यलाई मानवताविरुद्धको अपराधमा संलग्न हुन स्वीकृति दिँदैन। त्यसैले मानवताविरुद्धको हालैको प्रबन्ध तथा सम्झौताको धारा ४ को व्याख्या अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा कानुनी प्रक्रिया सञ्चालनको उद्देश्य सापेक्ष छ।

१३. कमिटीको विचारमा सम्झौताको धारा ४, अनुच्छेद २ मा सूचीकृत

नगरिएका अधिकारहरू स्वत: कटौती गर्न पाइन्छ भनेर सो धाराको प्रावधानले उल्लेख गरेको छैन। केही दृष्टान्त देहायबमोजिम उल्लेख गरिन्छ-

(क) स्वतन्त्रता गुमाएका सबै व्यक्तिहरूसँगको व्यवहार मानवता र मानवनिहित सम्मानको व्यवहार गर्नुपर्छ। सम्झौताको धारा १० मा यससम्बन्धी व्यवस्था गरिएको छ, धारा ४, अनुच्छेद २ मा अनतिक्रम्य अधिकारका रूपमा यसलाई सूचीकृत गरिएको छैन। कमिटीको विश्वास के छ भने, सम्झौताले आम अन्तर्राष्ट्रिय कानुनको मान्यताको व्याख्या गर्छ, अधिकार नियन्त्रणको कुरा गर्दैन। सम्झौताको प्रस्तावनामा नै मानवीय प्रतिष्ठाको सम्मान गर्ने भनिएको छ र धारा ७ देखि १० सम्म यसको व्यवस्था पनि गरिएको छ।

(ख) बन्दी बनाउने, अपहरण अथवा जानकारी नदिई बन्दी बनाउन नपाउने जुन व्यवस्था गरिएको छ, त्यसको अवज्ञा गर्न पाइँदैन। संकटकालको बेलामा पनि निषेधको यो व्यवस्था कायम रहन्छ। आम अन्तर्राष्ट्रिय कानुनको आचारका आधारमा त्यसको मूल्याङ्कन गरिन्छ।

(ग) कमिटी अन्तर्राष्ट्रियरूपमा अल्पसंख्यक नागरिकको अधिकारको रक्षा जुनसुकै परिस्थितिमा पनि गरिनुपर्ने धारणा राख्छ। अन्तर्राष्ट्रिय कानुनमा व्यवस्था गरिएको जाति-हत्याबाट संरक्षणको आशय सम्झौताको धारा ४ अनुच्छेद १ र धारा १८ ले अनतिक्रम्य अधिकार भन्दै प्रतिविम्बित गरेका छन्।

(घ) अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानले अन्तर्राष्ट्रिय कानुनको अनुमति प्राप्त नभएसम्म नागरिकलाई, उनीहरू कानुनी रीत पुऱ्याएर बसोबास गर्दैआएको स्थानबाट, बलजफ्ती निष्कासन वा विस्थापित गर्न दिदैन, यसो गरिएमा मानवीय कानुनको विरोध हुन्छ। संकटकालको बेलामा पनि यस्ता व्यवहार स्वीकार्य नहुने व्यवस्था धारा १२ ले गरेको छ।

(ङ) सम्झौताको धारा ४, अनुच्छेद १ ले राज्यपक्षलाई आफ्नै तजबिजले संकटकाल घोषणा गर्न स्वीकृति दिदैन, यसका लागि निश्चित प्रक्रिया पूरा गर्नु आवश्यक हुन्छ। धारा २० ले युद्धको

प्रचारप्रसार, जाति र धर्मको विरोध वा उनीहरूप्रति घृणा फैलाउन तथा पक्षपातका लागि उक्साउन, शत्रुतापूर्ण कार्य र हिंसा गर्न निषेध गर्दछ।

१४. धारा २, अनुच्छेद ३ ले राज्यपक्षलाई उसबाट सम्झौताको प्रावधानको उल्लङ्घन गरिएको कारणबाट भएको क्षतिका लागि उपचारको व्यवस्था गर्न आदेश गरेको छ। धारा ४, अनुच्छेद २ को अनतिक्रम्य अधिकारको प्रावधानको सूचिमा नराखिएको भएपनि सम्झौताले उपचारलाई समष्टिगतरूपमा स्वीकार गरेका छ। संकटकाल घोषणा गर्न वा यसको अवधि बढाउनका लागि राज्यपक्षले सतर्कतापूर्वक अवस्थाको अनुगमन गर्नुपर्छ। कानुनी प्रक्रियाको व्यावहारिक पक्षका लागि समायोजन गर्नुपर्ने विषय र अन्य उपचार व्यवस्थाका लागि राज्यपक्षलाई धारा २, अनुच्छेद ३ ले वाध्य पारेको छ।

१५. धारा ४, अनुच्छेद २ ले निर्दिष्ट गरेका अनतिक्रम्य अधिकारमा अधिकांशत: कानुनी निश्चितताासहितको प्रक्रियागत प्रावधान जसले त्यस अधिकारलाई पूर्ण सवल बनाओस्, पनि अन्तरनिहित छ। अनतिक्रम्य अधिकारको संरक्षणलाई कदापि कुनै परिमाप देखाएर बलपूर्वक हटाउन सकिदैन। धारा ४ अनतिक्रम्य अधिकारबाट अतिक्रम्यमा रूपान्तरण हुन सक्दैन। उदाहरणका लागि, धारा ६, १४ र १५ का प्रावधानले संकटकालका बेलामा मृत्युदण्ड दिन नपाइने र यो अधिकार अनतिक्रम्य हुने व्यवस्था गरेका छन्।

१६. सम्झौताको धारा ४ मा व्यवस्था गरिएको अधिकारको रक्षाका लागि मात्र होइन, सबै धारामा कानुनको शासनलाई अभिन्न पक्षका रूपमा स्वीकार गरिएको छ। संकटकालका बेला चलाइने सबै मुद्दा अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रावधानका आधारमा सञ्चालित हुनुपर्छ। सम्झौता कमिटीले भन्छ, सशस्त्र द्वन्द्व वा अन्य द्वन्द्वलाई कारणका रूपमा अघि सारेर यस पक्षमा बेवास्ता गर्न सकिदैन। संकटकालका बेला कानुनी सिद्धान्त र कानुनको शासनलाई आधारभूत आवश्यकताका रूपमा अङ्गीकार गर्दै अदालती पुर्पक्षका लागि अनिवार्य अवसर प्रदान गरिनुपर्ने धारणा कमिटी राख्छ। कुनै व्यक्तिलाई दोषी करार गर्ने र छानबिन गर्ने अधिकार अदालतलाई मात्र छ। मुद्दा किनारा नलगाएसम्म अभियुक्तलाई निर्दोषसरहको व्यवहार गरिनुपर्छ। अनतिक्रम्य अधिकारको संरक्षणका

लागि, मुद्दा अदालतमा लगेर कारबाहीमा रहेका वा थुनामा परेका व्यक्तिको मुद्दाको छानबिन यथाशीघ्र गराउन राज्यले न्यायपालिकालाई सघाउनुपर्छ, सम्झौताका प्रावधान कुण्ठित पार्ने प्रयास उसबाट हुनुहुँदैन।

१७. धारा ४ को अनुच्छेद ३ मा राज्यपक्षले धारा ४ अनुसार हक नियन्त्रणको अधिकार प्रयोग गर्दा अन्तर्राष्ट्रिय जगतलाई जानकारी दिनु आवश्यक छ। राज्यपक्षले प्रयोग गरेको नियन्त्रणको अधिकार, अवस्था र प्रावधानका बारेमा तत्काल संयुक्त राष्ट्रसंघका महासचिवमार्फत अन्य राज्यपक्षहरूलाई अवगत गराउनुपर्छ। यस्तो जानकारी सम्झौता कमिटीलाई कार्यसञ्चालनका लागि मात्र नभइ राज्यले कस्ता मापदण्डहरूको प्रयोग गरेको छ, त्यो कति ठीक हो र त्यसका लागि के कति सतर्कता अपनाइयो भन्ने कुराका लागि पनि आवश्यक पर्छ। यसकै आधारमा अन्य राज्यपक्षहरूबाट सम्झौताको कति पालना गरिएको छ वा छैन भनी अनुगमन हुने गर्दछ। राज्यपक्षबाट अपनाइएका मापदण्डका प्रावधानलाई कानुनका धारा र दफाहरूले समर्थन गरेको हुनुपर्दछ र यसका लागि सहायक कागजात संलग्न गरिनुपर्दछ। विगतमा प्राप्त विवरणका आधारमा त्यसको मूल्याङ्कन हुन्छ। धारा ४ अनुसार राज्यपक्षले अन्य सूचकहरूको प्रयोग थपेको वा संकटकालको अवधि थपेको छ भने त्यसको पनि जानकारी गराउनुपर्छ। अधिकार कटौतीको समापनसंग सम्बन्धित प्रावधान र निर्णयका बारेमा पनि तत्काल जानकारी गराउनुपर्छ। यी प्रावधानहरू जुनसुकै अवस्थामा पनि मान्य हुन्छन् भन्ने होइन। राज्यपक्षले अन्य राज्यपक्षलाई महासचिवमार्फत संकटकालको घोषणा, यसको अनिवार्यतासम्बन्धी प्रावधान, कटौतीमा परेका अधिकार, अपनाइएका सूचक, त्यसको परिणामआदिका बारेमा समयमै जानकारी गराउन असफल भएमा वा सम्झौताका प्रावधानहरूलाई सम्मान नगरिएमा उनीहरूको घोषणालाई मान्यता प्रदान नगरिन सक्छ। राज्यपक्षबाट संकटकालका सम्बन्धमा कुनै कदम चालिनासाथ त्यसको जानकारी गराइएन अथवा अपनाइएका प्रावधानबारे सूचित गरिएन र कटौती गरिएका अधिकारबारे उल्लेख गरिएन भने सम्झौता उल्लङ्घन भएको मानिन्छ। राज्यपक्षले तत्काल अन्तर्राष्ट्रियरूपमा जानकारी गराउनेलगायतका सम्पूर्ण कदम सम्झौताअनुसार नै चाल्नुपर्छ भनी कमिटी जोड दिन्छ। कमिटीले धारा

४ अनुसार यथार्थ जानकारीका लागि राज्यपक्षबाट प्रस्तुत कागजात र प्रमाणमा मात्र भर नपरी आफ्नो तर्फबाट समेत अनुगमन गर्नुपर्छ। राज्यपक्षको कानुन र व्यवहारको अनुगमन गर्नु कमिटीको दायित्व हो।

---

**टिपोट**

१. देहायका टिप्पणीहरू हेर्नुहोस्/समापन निरीक्षणः संयुक्त गणतन्त्र तान्जानिया (१९९२), सिसिपिआर/सी/७९/एड १२, अनुच्छेद ७। डोमिनिकन रिपब्लिकन (१९९३), सिसिपिआर/सी/७९/एड १८, अनुच्छेद ४। संयुक्त अधिराज्य बेलायत तथा नर्दन आयरल्याण्ड (१९९५), सिसिपिआर/सी/७९/एड ५५, अनुच्छेद २३। पेरु (१९९६) सिसिपिआर/सी/७९/एड ६७, अनुच्छेद ११। बोलिभिया (१९९७), सिसिपिआर/सी/७९/एड ७४, अनुच्छेद १४। कोलम्बिया (१९९७) सिसिपिआर/सी/७९/एड ७६, अनुच्छेद २५। लेबनान (१९९७) सिसिपिआर/सी/७९/एड ७८, अनुच्छेद १०। उरुग्वे (१९९८), सिसिपिआर/सी/७९/एड ९०, अनुच्छेद ८। इजरायल (१९९८), सिसिपिआर/सी/७९/एड ९३, अनुच्छेद ११।

२. उदाहरणका लागि हेर्नुहोस्, सम्झौताको धारा १२ र १९।

३. उदाहरणका लागि हेर्नुहोस्, इजरायलबारे समापन निरीक्षण (१९९८) सिसिपिआर/सी/७९/एड ९३, अनुच्छेद ११।

४. देहायका टिप्पणीहरू हेर्नुहोस्/समापन निरीक्षणः डोमिनिकन गणतन्त्र (१९९३), सिसिपिआर/सी/७९/एड १८, अनुच्छेद ४। जोर्डन (१९९४), सिसिपिआर/सी/७९/एड ३५, अनुच्छेद ६। नेपाल (१९९४), सिसिपिआर/सी/७९/एड ४२, अनुच्छेद ९। रसियन फेडेरेसन (१९९५), सिसिपिआर/सी/७९/एड ५४, अनुच्छेद २७। जाम्बिया (१९९६), सिसिपिआर/सी/७९/एड ६२, अनुच्छेद ११। गाबोन (१९९६), सिसिपिआर/सी/७९/एड ७१, अनुच्छेद १०। कोलम्बिया (१९९७), सिसिपिआर/सी/७९/एड ७६, अनुच्छेद २५। इजरायल (१९९८), सिसिपिआर/सी/७९/एड ९३, अनुच्छेद ११। इराक (१९९७), सिसिपिआर/सी/७९/एड ४, अनुच्छेद ९। उरुग्वे (१९९), सिसिपिआर/सी/७९/एड ९०, अनुच्छेद ८। आरमेनिया (१९९८), सिसिपिआर/सी/७९/एड १००, अनुच्छेद ७। मङ्गोलिया (२००), सिसिपिआर/सी/७९/एड १२०, अनुच्छेद १४। किरगिजस्तान (२००), सिसिपिआर/सीओ/७९/केजिजेड, अनुच्छेद १२।

५. सन्दर्भ बाल अधिकार महासन्धि। यो महासन्धि अधिकार कटौतीको दफा संलग्न नगरी सबैजसो राज्य पक्षहरूबाट पारित गरिएको छ। महासन्धिको धारा ३८ ले यो महासन्धि संकटकालको अवस्थामा लागू हुने प्रष्ट उल्लेख गरेको छ।

६. मानवअधिकार आयोगबारे महासचिवको प्रतिवेदनलाई सन्दर्भ सामग्रीका रूपमा लिइएको छ। सो प्रतिवेदनले न्यूनतम मानवीय स्तरका बारेका पारित आयोगका प्रस्तावहरू १९९८/२९, १९९६/५५ र २०००/६९ को अनुगमन गरेको छ (पछिल्लो मानवताको आधारभूत स्तरसंग सम्बन्धित छ), इ/सिएन.४/१९९९/९२, इ/सिएन.४/२०००/९४ र इ/सिएन.४/२००१/९१ जसमा अघिल्लो सम्पूर्ण अवस्थामा लागू हुने मौलिक हकसँग सम्बन्धित छ, उदाहरणका लागि, संकटकालका बेला पालना गर्नुपर्ने न्यूनतम मानवअधिकारको स्तर (अन्तर्राष्ट्रिय कानुन संघ १९८४), सिराकुसा सिद्धान्त

# सुरक्षा परिषद्

*१७ सेप्टेम्बर १९९९ मा सुरक्षा परिषद्को ४०४६ औं बैठकबाट पारित*

**प्रस्ताव नं.** १२६५

अध्यक्षको १२ फेब्रुअरी १९९९ को वक्तव्यको स्मरण गर्दै,

माथि उल्लिखित वक्तव्यमा जनाइएअनुसार ८ सेप्टेम्बर १९९९ को महासचिवको प्रतिवेदनलाई ध्यान दिँदै सुरक्षा परिषद्मा पेश गरिएको,

महासचिवद्वारा १३ अप्रिल १९९८ मा "अफ्रिकामा द्वन्द्वको कारण र भरपर्दो शान्ति तथा दरिलो विकासको सम्बर्द्धन" एवं २२ सेप्टेम्बर १९९८ मा "द्वन्द्वका बेला शरणार्थी तथा अन्य द्वन्द्व पीडित वर्गलाई मानवीय सहयोगको संरक्षण" सम्बन्धी छुट्टाछुट्टै विषयमा पेश प्रतिवेदनले विश्लेषण गरेका नागरिक हकको संरक्षणसम्बन्धी विषयलाई ध्यान दिँदै,

सशस्त्र द्वन्द्वहरूमा अधिकांश आमनागरिकको मृत्यु हुने गरेको र लडाका र ती द्वन्द्वहरूमा सशस्त्र समूहबाट आक्रमणमा उनीहरूलाई बढ्दो अवस्थालाई ध्यान दिँदै, सशस्त्र द्वन्द्वका बेला कष्टकर जीवन बिताउन बाध्य आमनागरिक, खासगरी शरणार्थी तथा आन्तरिक विस्थापनमा परेका व्यक्तिहरू, महिला, बालबालिका, अन्य नाजुक अवस्थामा रहेका समूहलगायतकाको स्थिति दृष्टिगत गर्दै, भरपर्दो शान्ति, मेलमिलाप र विकासलाई सशस्त्र द्वन्द्वको यस पक्षले प्रभाव पर्ने कुराप्रति सचेत हुँदै,

अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न संयुक्त राष्ट्रसंघको बडापत्रको प्राथमिक दायित्व हो भन्ने विषयलाई दृष्टिगत गर्दै, द्वन्द्व रोकथाम र समाधान गर्न अपनाइने मापदण्डहरूलाई महत्व दिँदै,

आर्थिक वृद्धि, गरिबी निर्मूलीकरण, दरिलो विकास, राष्ट्रिय मेलमिलाप, सुशासन, प्रजातन्त्र, कानुनी व्यवस्था एवं मानवअधिकारको सम्मानको रक्षाजस्ता विषयमा दीर्घकालिक सोचका साथ आमनागरिकको रक्षाका लागि समष्टिगतरूपमा सशस्त्र द्वन्द्वका कारण पहिचान गर्दै त्यसबाट निवृत्त हुने प्रयासमा अघि बढ्नुपर्छ भन्ने पक्षमा जोड दिँदै,

सशसत्र द्वन्द्वका बेला अन्तर्राष्ट्रिय मानवीय व्यवहार, मानवअधिकार र शरणार्थी कानुन एवं सिद्धान्तमा हुने ह्रास विशेषगरी त्यस्ता कानुनहरूद्वारा संरक्षित समुदायविरुद्ध मनसायपूर्वक हुने हिंसात्मक गतिविधिप्रति गम्भीर चिन्ता व्यक्त गर्दै र सुरक्षित एवं संरक्षित पहुँचको खोजीमा रहेकाहरूको आग्रहको अवज्ञाप्रति थप चिन्ता व्यक्त गर्दै,

अन्तरसम्बन्ध राख्ने समूह, नागरिक, प्रहरी, सशस्त्र बल, "न्यायिक एवं कानुनी पेशासँग सम्बन्धित व्यक्तिहरू, नागरिक समाज र अन्तर्राष्ट्रिय एवं क्षेत्रीय संघ-संस्थाहरूका सदस्यहरूलाई अन्तर्राष्ट्रिय मानवीय व्यवहार, मानवअधिकार र शरणार्थी एवं शरणार्थी कानुन र त्यससँग सम्बन्धित अन्य विषयका तालिम सम्भव भएसम्म वृहत विभेदीकरणका आधारमा उपलब्ध गराउनु महत्वपूर्ण हुने विषयलाई महत्व दिँदै,

हातहतियार एवं गोलीगट्ठालाई सुरक्षित एवं समयमै विर्सजन गर्नुपर्ने विषयलगायत यसको आव्हानमा स्पष्ट रूपले निरस्त्रीकरण, हातहतियारको ओसार-पसारमा निषेध र पूर्व लडाकाहरूको पुन:एकिकरणसम्बन्धी स्पष्ट भनाइ समावेश गर्न विशेष शान्ति सम्झौताहरू एवं संयुक्त राष्ट्रसंघको शान्ति अभियानका अवधारणाहरूको घटना भएका आधारमा प्रस्तुत गर्न भनिएको विषयमा जोड दिँदै,

शरणार्थी र आन्तरिकरूपमा विस्थापित व्यक्तिहरूको कठिनाईप्रति विशेष ध्यान दिई, उनीहरूको सुरक्षा राज्यको दायित्व भएको र त्यसका लागि शरणार्थी एवं आन्तरिक विस्थापितहरूको शिविरमा सुरक्षा एवं नागरिक चरित्रको व्यवस्थापन गर्दै र उनीहरूको शिविरको शान्तिसुरक्षाको प्रथम दायित्व राज्यको हुनेमा स्वीकृतिपूर्ण दृष्टि राख्दै,

सशस्त्र द्वन्द्वका बेला बालबालिकाको विशेष अधिकार र आवश्यकता, खासगरी बालिकाको अवस्थाप्रति अझ बढी गम्भीर हुँदै,

महासचिवको प्रतिवेदनको अनुच्छेद १८ मा उल्लेख गरिएजस्तै महिलामाथि पर्ने सशस्त्र द्वन्द्वको प्रभाव प्रत्यक्ष र खासरूपको हुन्छ भन्ने स्वीकार गर्दै, महिलाविरुद्धको हिंसामा संयुक्त राष्ट्रसंघको प्रणालीभित्र रहेर मानवीय सहयोगमा लैङ्गिक अवधारणाका आधारमा समेत हेर्नुपर्ने कुरालाई स्वीकार गर्दै,

१. महासचिवको ८ सेप्टेम्बर १९९९ को प्रतिवेदनको स्वागत गर्नुका साथै त्यसभित्र समेटिएका विस्तृत सिफारिसलाई गर्नुपर्ने कार्यको रूपमा ग्रहण गरिन्छ,
२. सशस्त्र द्वन्द्वका बेला सर्वसाधारण नागरिकलाई सुनियोजित ढङ्गले आक्रमण गर्ने, अन्तर्राष्ट्रिय कानुनले सुरक्षित गरेका बस्तु बिनाश पार्ने कार्यप्रति कडारूपमा आपत्ति जनाउँदै यस्तो कार्यको अन्त गर्न सम्बन्धित पक्षहरूलाई आग्रह गर्दछ,
३. द्वन्द्व नियन्त्र नभएसम्म अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा खतरामा पर्छ भन्ने कुरालाई जोड दिन्छ, साथै, द्वन्द्व व्यवस्थापनका लागि समयमै सतर्कताका उपाय अथवा अन्य विवाद नियन्त्रण पद्धति अपनाउन आवश्यक छ, जसका लागि संयुक्त राष्ट्रसंघ सैनिक तथा गैरसैनिक पक्षलाई प्रयोगमा ल्याउनु आवश्यक ठान्छ। राष्ट्रसंघको बडापत्रको प्रावधान, सुरक्षा परिषद्को प्रस्ताव र सान्दर्भिक अन्तर्राष्ट्रिय औजारअनुसार यसलाई व्यवस्थापन गर्न आवश्यक देख्छ,
४. अन्तर्राष्ट्रिय मानवीय व्यवहार, मानवअधिकार र शरणार्थी कानुन जो १८९९ र १९०७ को हेग महासन्धि र १९४९ को जेनेभा महासन्धि तथा त्यसको अतिरिक्त महासन्धि १८७७ र सुरक्षा परिषद्को निर्णयभित्र समेटिएका छन्, लाई सम्मान गर्न सबैमा अनुरोध गर्दछ,
५. अन्तर्राष्ट्रिय मानवीय, मानवअधिकार र शरणार्थी कानुनलाई समेट्ने महासन्धि पारित गरी नसकेका मुलुकहरूलाई व्यवस्थापिका, न्यायपालिका र प्रशासनिक कानुनहरूमा उचित सूचकको प्रयोग गर्दै आवश्यक प्राविधिक जानकारीका लागि रेडक्रसको अन्तर्राष्ट्रिय कमिटी र राष्ट्रसंघीय निकायहरूलाई आमन्त्रण गर्न अनुरोध गर्दछ,

६. राज्यहरूलाई दण्डहीनताको अवस्था समाप्त गर्न जोड दिन्छ, जातिहत्या, मानवताविरुद्धको अपराध तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनमा जिम्मेवार पक्षलाई अदालतमा उभ्याउने जिम्मेवारी राज्यकै हो। दण्डहीनताको समाप्तिका लागि जेनेभा महासन्धिको प्रथम अतिरिक्त सन्धिपत्रको धारा ९० ले स्थापना गरेको अन्तर्राष्ट्रिय फ्याक्ट फाइण्डिङ कमिसनको प्रयोगबाट अभियुक्त सार्वजनिक हुन्छ। पहिलेको युगाण्डा र रुवाण्डाको अवस्था अनुगमन गर्न तदर्थ ट्रिव्युनल गठन गरियो। आयोग त्यस ट्रिव्युनललाई सबै राज्यहरूले पूर्ण सहयोग गर्न जोड दिन्छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतका लागि रोम विधान, जो हस्ताक्षरबाट प्रारम्भ गर्दै पछि राज्यहरूद्वारा अनुमोदन गरिएको थियो, प्रति मान्यता जाहेर गर्दछ,

७. सशस्त्र द्वन्द्वका बेला नागरिक, शरणार्थी तथा आन्तरिकरूपमा विस्थापित व्यक्तिहरूसम्म मानवीय कर्मचारीको पहुँच सहज, सुरक्षित र बाधारहित हुनुपर्ने र उनीहरूसम्म मानवीय सहयोग पुर्‍याउने कार्य सुरक्षित रहनुपर्नेमा जोड दिँदै यसका अध्यक्षको १२ मार्च १९९७ र २९ सेप्टेम्बर १९९८ को वक्तव्य स्मरण गर्दछ,

९. १९९४ को संयुक्त राष्ट्रसंघ तथा संघ-संस्थाका कर्मचारीको सुरक्षाबारेको महासन्धिप्रति सम्मान दर्शाउन जोड दिन्छ, त्यसमा समावेश गरिएका सान्दर्भिक सिद्धान्तहरूको स्मरण गर्दछ, राष्ट्रसंघ तथा संघ-संस्थाका कर्मचारीलाई उनीहरूको हैसियतअनुसार सम्मान गर्न सशस्त्र द्वन्द्वका पक्षहरूलाई आग्रह गर्दछ, राष्ट्रसंघीय, संघ-संस्था र अन्तर्राष्ट्रिय मानवीय संगठनका कर्मचारीमाथि भएको आक्रमणका लागि भर्त्सना गर्दछ र त्यस प्रकारका अपराध गर्नेहरूलाई सजाय दिनुपर्नेमा जोड दिन्छ,

१०. सशस्त्र द्वन्द्वका कारण सर्वसाधारण नागरिकलाई लक्ष्य गरेर आक्रमण भएको अथवा नागरिकलाई मानवीय सहायता पुऱ्याउने कार्यमा जानीबुझी अवरोध सृजना गरिएको अवस्थामा संयुक्त राष्ट्रसंघको बडापत्रअनुसार उपयुक्त सूचकको पालना हुनुपर्ने कुरामा जोड दिन्छ, यससन्दर्भमा महासचिवको प्रतिवेदनमा सिफारिस गरिएका सान्दर्भिक पक्षलाई समावेश गर्छ,

११. नागरिकमा पर्ने सशस्त्र द्वन्द्वको प्रतिकूल प्रभाव हटाउन शान्ति अभियानले कसरी अझ बढी प्रभाव पार्नसक्छ भन्ने कुरामा चासो राख्दछ,

१२. निशस्त्रीकरण, लडाइँबाट मुक्ति, पूर्वलडाकाको पुन:स्थापनाका लागि विशेष र पर्याप्त सूचक अपनाउन राष्ट्र संघीय शान्ति मिसनको कार्यादेश र शान्ति सम्झौता, जहाँ जे सम्भव हुन्छ, अपनाउन समर्थन जनाउँछ, बालबालिकालाई लडाकाबाट मुक्ति र पुन:स्थापना तथा हातहतियार थप्न नदिने विचार व्यक्त गर्दछ, साथै यससम्बन्धमा अध्यक्षको ८ जुलाई १९९९ को वक्तव्य पनि स्मरण गर्दछ,

१३. शान्ति स्थापनाको कार्यादेशका साथ शान्ति स्थापना तथा शान्ति निर्माण कार्य विशेष संरक्षण र समूहका लागि सहयोगको प्रावधानमा महिला तथा बालबालिकाप्रति विशेष ध्यान दिनु आवश्यक देख्छ,

१४. शान्ति बहाली तथा शान्ति निर्माण क्रियाकलापमा संलग्न राष्ट्रसंघीय कर्मचारीले अन्तर्राष्ट्रिय मानवीय, मानवअधिकार र शरणार्थी कानुन अनि बाल तथा लैंगिकसम्बद्ध प्रावधान, समन्वय तथा सञ्चार सीप, साँस्कृतिक चेतना तथा नागरिक-सेना समन्वयमा निश्चित रूपले तालिम प्राप्त गराउनु आवश्य ठान्छ, राज्यपक्षलाई पनि यस्ता काममा सहभागी हुने आफ्ना कर्मचारीलाई तालिम दिलाएर दक्ष बनाउन आग्रह गर्दछ,

१५. शान्ति बहाली कार्यका लागि नागरिक प्रहरी एक तत्वका रूपमा रहेको देख्छ, नागरिकको सुरक्षा तथा कल्याणका लागि प्रहरीको भूमिका महत्वपूर्ण ठान्छ, संयुक्त राष्ट्रसंघले दक्ष प्रहरी नियुक्तिका लागि शीघ्र प्रयास गर्नुपर्ने आवश्यक ठान्छ,

१६ राष्ट्रसंघको बडापत्रको धारा ४१ अन्तर्गत पारित सूचकहरूले नागरिकमा देखिने गरी प्रभाव दिन सक्नुपर्छ, खासगरी बालबालिकाको आवश्यकता पूरा गरेर उपयुक्त मानवीय उन्मुक्तिको अनुभव दिनसक्नुपर्नेमा जोड दिन्छ,

१७. साना तथा हलुका हतियारले अशान्ति र अस्थिरता बढाउन र सशस्त्र द्वन्द्वलाई लामो समयसम्म तन्काउन सघाउँछन् भन्ने तथ्यलाई दृष्टिगत गर्दै शान्ति बहालीका लागि आवश्यक पर्ने आत्मविश्वास नागरिकमा कायम गराउन त्यसको आपूर्तिमा नियन्त्रण रहेको आवश्यक ठान्दछ,

१८. व्यक्तिविरोधी भूमिगत विष्फोटकको प्रयोग, संग्रह, उत्पादन तथा हस्तान्तरण तथा बिनाशसम्बन्धी १९९७ को महासन्धि र त्यस प्रकारका विष्फोटकको प्रयोग, खोरमा पार्ने (बुबी ट्र्याप्स) तथा अन्य उपकरणसम्बन्धी (दोस्रो सन्धिपत्र), अत्यधिक हानिकारक अथवा सर्वत्र

प्रभाव पार्ने परम्परागत हतियारसम्बन्धी १९८० को निषेध तथा नियन्त्रण महासन्धि लागू गर्न आवश्यक देख्छ, सन्धिमा व्यवस्था गरिएका प्रावधानहरूको स्मरण गर्दै मानव कल्याणका लागि त्यसको कार्यान्वयन आवश्यक ठान्छ,

१९. सशस्त्र द्वन्द्वले बालबालिकामा पारेको व्यापक हानिकारक प्रभावप्रति गहिरो चिन्ता दोहोर्‍याउँदै परिषद्को २५ अगस्त १९९९को प्रस्ताव १२६१ (१९९९) लाई स्मरण गर्दछ र त्यसमा समावेश बुँदाहरूप्रति सहमति जनाउँछ,

२०. संयुक्त राष्ट्रसंघ, रेडक्रसको अन्तर्राष्ट्रिय समिति तथा धार्मिक संगठनजस्ता अन्य सम्बद्ध संस्थाहरूबीच सरसल्लाह र सहयोग हुनु र महासचिवको प्रतिवेदनको अनुगमन गरिनु आवश्यक देख्छ,
महासचिवलाई यस विषयमा सरसल्लाह निरन्तर अघि बढाउन र सशस्त्र द्वन्द्वमा नागरिकको संरक्षणको अवस्थामा सुधार ल्याउन राष्ट्रसंघको क्षमता अभिवृद्धिका लागि प्रोत्साहित गर्दछ,

२१. सशस्त्र द्वन्द्वमा नागरिकको संरक्षणका लागि क्षेत्रीय संगठनहरूका साथ समन्वय कायम गर्दै सहकार्यको चाहना व्यक्त गर्दछ, उनीहरूको कार्यदक्षता अभिवृद्धिको मूल्याङ्कनमा सहभागी हुन चाहन्छ,

२२. महासचिवको प्रतिवेदनमा व्यक्त सिफारिसमा पुनरावलोकनका लागि उपयुक्त पद्धतिको तुरुन्त स्थापना गर्ने र सन् २००० को अप्रिलसम्ममा संयुक्त राष्ट्रसंघको बडापत्रअनुसार उपयुक्त कदम चाल्ने निर्णय गर्दछ,

२३. यस विषयमा सक्रिय अडान लिने निर्णय गर्दछ।

# सुरक्षा परिषद्

*सुरक्षा परिषद्को ४१३० औं बैठक १९ अप्रिल २००० द्वारा पारित*

**प्रस्ताव नं**. १२९६ (२०००)

१७ सेप्टेम्बर १९९९ को प्रस्ताव, १२६५ (१९९९) मा पारित सुरक्षा परिषद्को प्रस्ताव, १२ फ्रेब्रुअरी १९१९ को यसका अध्यक्षको वक्तव्य एस/वि आर/ए टी १९९९ (६) र अन्य सम्बन्धित प्रस्ताव तथा अध्यक्षको वक्तव्यहरूलाई स्मरण गर्दै,

हतियारसहितको द्वन्द्वका समयमा नागरिक (गैरनागरिक) हरूको संरक्षणसम्बन्धी ८ सेप्टेम्बर १९९९ को महासचिवको प्रतिवेदन (एस/१९९९/९७५) लाई विचार गर्दै प्रस्ताव १२६५(१९९९) अनुसार स्थापना गरिएका अनौपचारिक कार्य समूहले गरेको कामको लागि प्रशंसा गर्दै,

द्वन्द्वरत पक्ष तथा हतियारधारी तत्वहरूद्वारा सशस्त्र द्वन्द्वका समयमा गैरसैनिक नागरिकहरूलाई ठूलो संख्यामा क्षति पुऱ्याउने तथा उनीहरूलाई लक्षित गर्ने कार्य बढिरहेकोमा दुःख व्यक्त गर्दै,

युद्धको बेलामा गैरसैनिक नागरिकहरूले व्यहोर्नु परेको कठिनाई, खासगरी उनीहरूका विरुद्ध निर्देशित हिंसाजन्य कार्यको परिणामबाट विशेषगरी महिला, बालबालिका र अन्य कमजोर समूहहरू र शरणार्थी एवं आन्तरिकरूपमा विस्थापित व्यक्तिहरूले व्यहोर्नु परेको कठिनाईप्रति यसको चासो सुनिश्चित गर्दै र यसको परिणामात्मक प्रभाव दिगो शान्ति, समन्वय र विकासमा हुने कुरालाई मान्यता दिँदै,

संयुक्त राष्ट्रसंघको चार्टर (घोषणापत्र)अन्तर्गत अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्नुपर्ने यसको प्राथमिक उत्तरदायित्व भएको कुरालाई दृष्टिगत गर्दै

र द्वन्द्वको रोकथाम तथा समाधानका लागि अवलोकन गरिने उपायहरूको महत्वमा जोड दिँदै,

संयुक्त राष्ट्रसंघको चार्टरको धारा १ (१-४) मा उल्लेखित यसका उद्देश्यहरू र धारा २(१-७) मा उल्लेखित सिद्धान्तहरू एवं यसले प्रतिबद्धता व्यक्त गरेको सबै राष्ट्रहरूको राजनीतिक स्वाधीनता, सार्वभौमिक समानता र भौगोलिक अखण्डता वा सिद्धान्त समेत र सबै राष्ट्रहरूको सार्वभौमसत्तालाई सम्मान गर्ने यसको प्रतिबद्धतालाई सुनिश्चित गर्दै,

सम्बन्धित सबैले संयुक्त राष्ट्रसंघको बडापत्रका प्रावधानहरू अन्तर्राष्ट्रिय कानुनका नियम तथा सिद्धान्तहरू, खासगरी अन्तर्राष्ट्रिय मानवीय कानुन, मानवअधिकार र शरणार्थीका अधिकारबारेका कानुन, नियम र सिद्धान्तहरू पालना गर्नुपर्ने र सुरक्षा परिषद्का सम्बन्धित निर्णयहरू पूर्णरूपमा कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिँदै,

१. सशस्त्र द्वन्द्वमा गैर सैनिक नागरिकहरूलाई संरक्षण प्रदान गर्दा प्रत्येक घटनाको आधारमा कारवाही अगाडि बढाउने तरिकाबारे विचार गर्दा खास परिस्थितिहरूलाई ध्यान दिनुपर्ने आवश्यकतामा जोड दिन्छ र यसले आफ्नो कार्य सम्पादनको सिलसिलामा महासचिवको र सेप्टेम्बर १९९९ को प्रतिवेदनमा रहेका सम्बन्धित सुझावहरूलाई ध्यान दिनुपर्ने यसको चाहना निश्चित गर्दछ,
२. सशस्त्र द्वन्द्वको अवस्थामा गैरसैनिक नागरिक वा अन्य संरक्षित व्यक्तिहरूलाई मनशायपूर्वक लक्षित गर्ने कार्यको कडारूपमा निन्दा गर्दछ र सबै पक्षहरूलाई यस्तो खालको अभ्यासहरू नगर्न आह्वान गर्दछ,
३. सशस्त्र द्वन्द्वको अवस्थामा अधिकांश आन्तरिकरूपमा विस्थापित व्यक्तिहरू र अन्य कमजोर समूहहरू गैर सैनिक नागरिक हुन् र, त्यसैगरी उनीहरूलाई विद्यमान अन्तर्राष्ट्रिय मानवीय कानुनअन्तर्गत, गैरसैनिक नागरिकहरूलाई, उपलब्ध गराइएको संरक्षण पाउने अधिकार छ भन्ने कुरा ध्यान राख्दछ,
४. द्वन्द्व रोकथामका लागि एक समष्टिगत अवधारणाको अवलम्बनको

महत्व सुनिश्चित गर्दछ, सदस्य राष्ट्रहरूलाई र महासचिवलाई उनीहरूको विचारमा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न खलल उत्पन्न गर्ने कुनै पनि विषयमा ध्यानाकर्षण गर्न आमन्त्रण गर्दछ, यस सम्बन्धमा यस्ता विषयमा भएको छलफलको आधारमा उपयुक्त परिस्थितिको रोकथामको अभियान स्थापना गर्ने यसको इच्छालाई विचार गर्ने कुरा निश्चित गर्दछ र यस सम्बन्धमा ३० नोभेम्बर १९९९ ( एस/पी आर एस टि/१९९९/३४) को यसको अध्यक्षको व्यवस्था स्मरण गर्दछ,

५. मनशायपूर्वक गैरसैनिक जनसंख्या वा अन्य संरक्षित व्यक्तिहरूलाई लक्षित गर्ने र सशस्त्र द्वन्द्वको अवस्थामा सुनियोजित, अत्यन्तै दुःखलाग्दो र व्यापकरूपमा गरिएको अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकार कानुनको उल्लङ्घनले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा खलल उत्पन्न सर्न सक्दछ भन्ने कुरामा ध्यान दिन्छ र यस सम्बन्धमा यस्ता अवस्थाहरूलाई ध्यान दिन र आवश्यक परेको बेला उपयुक्त कदम चाल्ने आफ्नो तत्परता सुनिश्चित गर्दछ,

६. महासचिवले कुनै जानकारी प्रदान गर्न सक्छन् भन्ने विश्वास भएमा यससँग सम्बन्धित त्यस्ता जानकारी तथा विश्लेषणहरू परिषद्लाई उल्लेख गर्ने कार्य जारी राख्न महासचिवलाई आह्वान गर्दछ,

७. सशस्त्र द्वन्द्व समाधान गर्न र यस्तो द्वन्द्वको अवस्थामा गैरसैनिक नागरिकहरूलाई संरक्षण गर्ने अवसरहरूमा अझ सुधार गर्न उपयुक्त भएमा सम्बन्धित क्षेत्रीय तथा उपक्षेत्रीय संगठनका प्रतिनिधिहरूसँग सहकार्य गर्ने आफ्नो चाहना व्यक्त गर्दछ,

८. सशस्त्र द्वन्द्वको समयमा मानवीय कर्मचारी (कार्यकर्ता)हरूको गैरसैनिक नागरिकसम्म सुरक्षित र छिटो पहुँचको महत्वलाई जोड दिन्छ, छिमेकी राष्ट्रलगायत सबै सम्बन्धित पक्षहरूलाई संयुक्त राष्ट्रसंघीय मानवीय संयोजक र राष्ट्रसंघीय संस्थाहरूसँग त्यस्तो पहुँच प्रदान गर्न पूर्णरूपमा सहयोग गर्न आह्वान गर्दछ, राज्य र महासचिवलाई यस्तो पहुँचको मनशायपूर्वकको अस्वीकारबाट अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन भई अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा स्थितिमा खलल उत्पन्न गर्ने भएमा त्यस्तो मनशायपूर्वकको अस्वीकारका बारेमा यसलाई जानकारी दिन आमन्त्रण गर्दछ, र यस सम्बन्धमा त्यस्ता जानकारीहरूलाई विचार गर्ने र

आवश्यक परेका उपयुक्त कदमहरू चाल्ने आफ्नो चाहना व्यक्त गर्दछ,

९. सशस्त्र द्वन्द्वको हानिकारक र विस्तृतरूपमा गैरसैनिक नागरिकहरूमाथि, खासगरी सशस्त्र द्वन्द्वबाट महिला, बालबालिका र अन्य कमजोर समूहहरूमा पर्ने असरप्रति गम्भीर चासो पुन:निश्चित गर्दछ र यस सम्बन्धमा शान्ति स्थापना गर्ने अभियानमा उनीहरूको पूर्ण संरक्षण र आवश्यक सहयोगको महत्वलाई अझ बढी सुनिश्चित गर्दछ।

१०. महिला, बालबालिका र अन्य कमजोर समूहको संरक्षण र आवश्यक सहयोगका लागि "मुक्त हुने दिनहरू" को प्रबर्द्धन र अन्य अवसरको माध्यमबाट आधारभूत आवश्यक सेवाहरूको बिना रुकावट र सुरक्षित आपूर्तिलगायत आवश्यक परेको बेलामा द्वन्द्वरत पक्षहरूलाई विशेष व्यवस्था गर्न आह्वान गर्ने आफ्नो मनशाय व्यक्त गर्दछ,

११. मानवीय क्रियाकलापद्वारा निष्पक्षता, तटस्थता र मानवीयताका सिद्धान्तहरूलाई बढावा दिन मानवीय संस्थाहरूको महत्वलाई जोड दिन्छ र यसका सम्बन्धमा ९ मार्च २००० को अध्यक्षको वक्तव्य (एस/पिआरएसटी २०००/७)को स्मरण गर्दछ,

१२. संयुक्त राष्ट्रसंघ र आबद्ध कर्मचारी साथै मानवीय संस्थाहरूका कर्मचारीहरूको बचाउ, सुरक्षा र हिँडडुल गर्ने स्वतन्त्रताको सुनिश्चितता गर्न पक्ष नभएका राष्ट्रलगायत सबै सम्बन्धित पक्षहरूलाई यसको आह्वान गर्न पुन: दोहोर्‍याउँदछ र यस सम्बन्धमा यसको अध्यक्षको ९ फेब्रुअरी २००० (एस/पिआर एस टी/२०००/४) लाई वक्तव्यलाई स्मरण गर्दछ,

१३. उपयुक्त र सम्भव भएसम्म शान्ति स्थापना गर्न खटिएको मिसनलाई तत्काल शारीरिक खतरामा रहेका गैरसैनिक नागरिकहरूलाई संरक्षण गर्न उपयुक्त अधिकार (अनुसूची) र आवश्यक स्रोत उपलब्ध गराउनेलगायत संयुक्त राष्ट्रसंघलाई योजना बनाउन र शान्ति स्थापनाका लागि कर्मचारी नागरिक प्रहरी, नागरिक प्रशासक र मानवीय कर्मचारीहरू उपयुक्त लागेमा सतर्क राख्ने, खटाउने व्यवस्था मिलाउनका लागि उपयुक्त अधिकार स्रोतहरू निश्चित गर्ने आफ्नो मनशाय व्यक्त गर्दछ,

१४. शरणार्थी तथा आन्तरिकरूपमा विस्थापित व्यक्तिहरूलाई दु:ख दिने, डरले कमजोर भएका वा सशस्त्र तत्वद्वारा तिनीहरूको क्याम्पमा प्रवेश

गरी प्रभाव पार्न सक्ने गरी कमजोर भएमा र यसको ध्यानाकर्षण गर्न महासचिवलाई आह्वान गर्दछ र वातावरण सिर्जना गर्न यस सम्बन्धमा सम्बन्धित पक्ष राष्ट्रलाई सहयोग पुऱ्याउनेलगायतका कदमहरू अवलोकन गर्दछ र यस सम्बन्धमा ९ नोभेम्बर १९९८ को यसको प्रस्ताव १२०८(१९९८) लाई स्मरण गर्दछ।

१५. जाती हत्या, मानवीयताविरुद्धको अपराध र गैर नागरिक जनसंख्याविरुद्ध युद्ध अपराध जस्ता प्रकृतिका अवस्थामा गैरसैनिक नागरिकहरूको संरक्षण र सहयोग प्रदान गर्न छोटो अवधिको सुरक्षा क्षेत्र र सुरक्षित 'कोरीडोर'हरूको उपयुक्तता तथा सम्भाव्यतातर्फ विचार गर्ने यसको इच्छा रहेको सङ्केत गर्दछ।

१६. संयुक्त राष्ट्रसंघको शान्ति सुरक्षा स्थापना गर्ने 'अप्रेशन'को अधिकार क्षेत्रभित्र हातहतियार कम गर्ने, सैनिक परिचालन रोक्ने र पूर्व लडाकुहरू खासगरी बालसैनिकहरूको पुन:एकीकरण एवं बढी भएका हातहतियारको समयमै नष्ट गर्ने सम्बन्धमा आवश्यक परेका घटनाको आधारमा स्पष्ट शब्द समावेश गर्ने यसको मनशाय रहेको निश्चित गर्दछ। यस्ता उपायहरू उपयुक्त भएका र सम्बन्धित पक्षहरूको सहमतिका मापदण्डसम्बन्धी खास सम्झौताहरूमा समावेशको महत्वमा जोड दिन्छ, यस सम्बन्धमा पर्याप्त स्रोतको उपलब्धताको महत्वलाई पनि जोड दिन्छ र यसको अध्यक्षको २३ मार्च २००० (एस पि आर एस टीर २०००/१० को स्मरण गर्दछ,

१७. सशस्त्र द्वन्द्वको अवस्थामा गैरसैनिक नागरिकका विरुद्ध सबै खालका दुरुत्साहनहरूमा कडा विरोध गर्ने कुरा पुनः सुनिश्चित गर्दछ, त्यस्तो हिंसा गर्न, दुरुत्साहन गर्ने र अन्य कारणले उक्साउने व्यक्तिहरूलाई न्याय प्रणालीको क्षेत्रमा ल्याउनुपर्ने आवश्यकतालाई अरु जोड दिन्छ र अभियानलाई अधिकार दिंदा जाति हत्या, मानवीयताविरुद्धको अपराध र अन्तर्राष्ट्रिय मानवीय कानुनले गम्भीर उल्लङ्घन गर्न दुरुत्साहन दिने गरी सञ्चार सम्प्रेषणका सम्बन्धमा उपयुक्त कदमहरू चाल्नेतर्फ विचार गर्ने यसको चाहना व्यक्त गर्दछ।

१८. संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना अभियान (मिसन)ले आमसञ्चार माध्यम जसले मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनलगायत शान्ति शिक्षा तथा बालबालिकाको संरक्षणसम्बन्धी सूचना सम्प्रेषण गर्न

सक्दछ, लाई अङ्गीकार गर्नुपर्दछ। साथै संयुक्त राष्ट्रसंघको क्रियाकलापसम्बन्धी तथ्यपरक सूचना सम्प्रेषण गर्ने, उपयुक्त स्थानमा, क्षेत्रीय शान्ति स्थापनाको कार्य सञ्चालनमा त्यस्ता आमसञ्चार माध्यमलाई संलग्न गराउनुपर्ने कुरा पुन: दोहोराउँदछ।

१९. अन्तर्राष्ट्रिय मानवीय कानुन, मानवअधिकार तथा शरणार्थी कानुनका प्रावधानहरूको पालनाको महत्व र त्यस्ता कानुनहरू साथै, बालबालिका तथा लैङ्गिकसम्बन्धी प्रावधानहरू एवं वार्ता तथा सञ्चार गर्ने सिप, सांस्कृतिक चेतना, नागरिक-सैनिक समन्वय र एचआईभी/एड्स र अन्य सर्न सक्ने रोगहरूको रोकथामका बारेमा शान्ति निर्माण, शान्ति स्थापना र शान्ति कायम गर्ने गतिविधिमा संलग्न कर्मचारीहरूलाई उपयुक्त तालिमको महत्व रहने कुरा पुन: दोहोऱ्याउँदछ, संयुक्त राष्ट्रसंघीय त्यस्ता कर्मचारीहरूले उपयुक्त तालिम पाउने कुरा निश्चित गर्न र उपयुक्त निर्देशन पठाउन महासचिवलाई अनुरोध गर्दछ र सम्बन्धित पक्षराष्ट्रहरूलाई आवश्यकता र सम्भाव्यताका आधारमा उपयुक्त निर्देशनहरू दिन र तिनीहरूका कार्यक्रममा पनि यस्ता गतिविधिमा संलग्न कर्मचारीहरूलाई उपयुक्त तालिम दिने कुरा समावेश गर्न लगाउँदछ।

२०. मानवका लागि अत्यन्त घातक हुने विस्फोटक पदार्थको प्रयोग, भण्डारण, उत्पादन र ओसारपसार तथा तिनीहरूलाई नष्ट गर्नेसम्बन्धी महासन्धि १९९७ र अत्यन्त घातक, व्यापक असर पार्ने निश्चित प्रकारका परम्परागत हातहतियारहरूको प्रतिबन्ध वा रोक लगाउनेसम्बन्धी महासन्धि १९८० को अनुसूचीमा रहेको प्रोटोकलको संशोधन (प्रोटोकल दुई) लागू भइसकेको कुरा ध्यानमा राख्दछ, ती महासन्धिमा भएका सम्बन्धित प्रावधानहरू स्मरण गर्दछ, तिनीहरूको कार्यान्वयनबाट गैरसैनिक नागरिकहरूको सुरक्षामा लाभदायक प्रभाव पर्नेछ भन्ने कुरामा ध्यान दिन्छ र विस्फोटक पदार्थसम्बन्धी मानवीय कार्यमा आर्थिक सहायता प्रदान गर्नेलगायतका सहयोग पुऱ्याउने अवस्थामा रहेकाहरूलाई प्रोत्साहन दिन्छ।

२१. अत्यन्त ठूलो मात्रामा साना तथा हलुका हातहतियारको सङ्कलन र विस्थापन गर्दा मानवीय सहायताका प्रावधानहरूमा पनि धेरै क्षति पुऱ्याउँछ र द्वन्द्वलाई अझ बढाउने र लम्ब्याउने सम्भावना रहन्छ। यसले

गैर सैनिक नागरिकहरूलाई क्षति पुऱ्याउँछ भन्ने कुरामा ध्यान दिन्छ।

२२. यसका अध्यक्षले टिपोटमा उल्लेख गरेको १७ अप्रिल २००० (एस २००/३१९) को परिषद्का सदस्यहरूले सामान्य कारवाहीको सवालमा सुरक्षा परिषद्को एक अनौपचारिक कार्य समूह अस्थायी आधारमा स्थापना गर्ने निर्णयलाई ध्यानमा राख्दछ र त्यस्तो अनौपचारिक कार्य समूहलाई महासचिवको यसको अधिकारका ८ सेप्टेम्बर १९९९ को प्रतिवेदनमा समावेश रहेका सुझावहरूलाई विचार पुऱ्याउन अनुरोध गर्दछ।

२३. १४ फेब्रुअरी २०० (एस/२०००/११९) मा यसका अध्यक्षले महासभाका अध्यक्षलाई पठाएको पत्रको स्मरण गर्दछ, ७ अप्रिल २००० (एस/२०००/२९८) मा महासभाका अध्यक्षले शान्ति स्थापना कार्य विशेष समितिका अध्यक्षको १ अप्रिल २००० को पत्र संलग्न गरी यसका अध्यक्षलाई पठाएको पत्रलाई ध्यानमा राख्दछ, यसको क्षेत्राधिकारसँग सम्बन्धित महासचिवको ८ सेप्टेम्बर १९९९ को प्रतिवेदनका सुझावहरूका सन्दर्भमा समितिले यस सम्बन्धमा गरेको कार्यको सराहना गर्दछ र सशस्त्र द्वन्द्वमा गैरसैनिक नागरिकको संरक्षणका ती पक्षहरूलाई विचार पुऱ्याउन निरन्तरता दिन महासभालाई प्रोत्साहन गर्दछ।

२४. महासचिवलाई आफ्नो लिखित प्रतिवेदनमा यस्ता विषयहरूलाई समावेश गर्न र उपयुक्त लागेका सशस्त्र द्वन्द्वका अवस्थामा गैर सैनिक नागरिकहरूको संरक्षणसम्बन्धी अवलोकन समेत समावेश गर्न अनुरोध गर्दछ।

२५. महासचिवलाई ३० मार्च २००१ सम्म सशस्त्र द्वन्द्वमा गैर सैनिक नागरिकहरूको संरक्षणसम्बन्धी अर्को प्रतिवेदन पेश गर्न, भविष्यमा थप यस्ता प्रतिवेदनहरूका लागि अनुरोध गर्ने ध्ययले प्रतिवेदन पेश गर्न अनुरोध गर्दछ, महासचिवलाई यस प्रतिवेदनमा परिषद् र संयुक्त राष्ट्रसंघका अन्य अङ्गहरूले उनीहरूको उत्तरदायित्वभित्र पर्ने विषयका सन्दर्भमा सशस्त्र द्वन्द्वका अवस्थामा गैर सैनिक नागरिकको संरक्षण कार्यमा अझ सुधार लयाउन सक्ने तरिकाका बारेमा थप सुझावहरू दिन अझ अनुरोध गर्दछ र महासचिवद्वारा यस्ता प्रतिवेदन तयार पार्दा अन्तरसंस्था स्थायी समितिको बैठकमा परामर्श गर्न प्रोत्साहन गर्दछ।

२६. यस विषयलाई यहीँ अन्त्य गरिन्छ।

# सुरक्षा परिषद्

*सुरक्षा परिषद्को ४२१३ औं बैठकबाट ३१ अक्टोबर २००० मा पारित*

**प्रस्ताव नं. १३२५** (२०००)

**सुरक्षा परिषद्,**
यसका प्रस्तावहरू २५ अगस्ट १९९९ को १२६१(१९९९), १७ सेप्टेम्बर १९९९ को १२६५(१९९९), १९ अप्रिल २००० को १२९६(२०००) र ११ अगस्त २००० को १३१४(२०००), यसका अध्यक्षको सान्दर्भिक वक्तव्यहरू जो राष्ट्रसंघीय महिला अधिकार दिवस तथा ८ मार्च २००० (सुरक्षा परिषद्/६८१६) को अन्तर्राष्ट्रिय शान्ति (अन्तर्राष्ट्रिय महिला दिवस) मा जारी गरेका थिए, लाई स्मरण गर्दै,

बेजिङ घोषणाको वचनबद्धता र कार्यमञ्च, महिला तथा सशस्त्र द्वन्द्वसँग सम्बन्धित "महिला २०००: एक्काईसौं शताब्दीका लागि लैङ्गिक समानता, विकास र शान्ति" (A/s-23/10/Rev.1) विषयक संयुक्त राष्ट्रसंघीय लैङ्गिक सभाको तेईसौं विशेष बैठकको उपलब्धिलाई पनि सम्झना गर्दै,

संयुक्त राष्ट्रसंघको बडापत्रको उद्देश्य तथा सिद्धान्त र अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षा व्यवस्थाका लागि सुरक्षा परिषद्को बडापत्रको प्रारम्भिक दायित्व बोध गर्दै,

सशस्त्र द्वन्द्वबाट प्रतिकूलरूपमा प्रभावित ठूलो परिमाणका समुदाय, नागरिक, खासगरी महिला तथा बालबालिका, शरणार्थी तथा आन्तरिक विस्थापनमा परेका व्यक्तिहरू, लडाकू तथा सशस्त्र पक्षहरूबाट लक्षित समुदायप्रति चासो राख्दै र स्थायी शान्ति तथा मेलमिलापको प्रभावको आवश्यकता महसुस गर्दै,

शान्ति स्थापना, द्वन्द्व नियन्त्रण तथा व्यवस्थापनमा महिलाको महत्वपूर्ण

भूमिकाको पुन: घोषणा गर्दै, द्वन्द्व नियन्त्रण तथा व्यवस्थापनमा महिलाको भूमिका निर्णय लिने स्तरमै पुर्‍याउने आवश्यकता महसुस गर्दै, शान्ति र सुरक्षा कायम राख्न र त्यसको अभिवृद्धिका लागि उनीहरूको समान सहभागिता तथा पूर्ण संलग्नता आवश्यक रहेको महसुस गर्दै,
द्वन्द्वका बेला र द्वन्द्वपछि महिला तथा बालबालिकाको अधिकार संरक्षण गर्ने अन्तर्राष्ट्रिय मानवीय तथा मानवअधिकार कानुनको पूर्ण प्रयोगको आवश्यकताको पुन: घोषणा गर्दै,

सम्पूर्ण पक्षहरू, खासगरी विशेषरूपमा महिला तथा बालबालिकाको आवश्यकताका रूपमा रहेको बारुदी सुरुङ र त्यसको सफाइ एवं चेतना कार्यक्रममा जोड दिँदै,

शान्ति कायम गर्ने कार्यमा लैङ्गिक दृष्टिलाई मूलप्रवाहमा ल्याउने कार्य स्वीकार गर्दै, बहुआयामिक शान्ति समर्थन कार्यमा लैङ्गिक अवधारणाको व्यवहारबारे 'विण्डहक' घोषणा र 'नामिव्यिा' कार्ययोजनालाई दृष्टिगत,

द्वन्द्वका बेला महिला तथा बालबालिकाको मानवअधिकारको संरक्षण र विशेष आवश्यकताका बारेमा सम्पूर्ण शान्ति स्थापनामा संलग्न कर्मचारीका लागि आयोजित विशेषीकृत तालिममा परिषद्का अध्यक्षको ८ मार्च २००० को प्रेस वक्तव्यमा गरिएको सिफारिसलाई ध्यानमा राख्दै,

अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षा कायम तथा अभिवृद्धि अर्थात शान्ति प्रक्रियामा पूर्ण सहभागिता र योगदानका लागि उनीहरूको प्रभावकारी संस्थागत सुरक्षा व्यवस्था, महिला तथा बालबालिकामा सशस्त्र द्वन्द्वको प्रभाव बुझ्दै,

महिला तथा बालबालिकामा सशस्त्र द्वन्द्वको प्रभावमा सवल तथ्याङ्कको आवश्यकता महसुस गर्दै,

१. द्वन्द्वको रोकथाम, व्यवस्थापन र प्रस्तावको प्रक्रियामा राष्ट्रका सबै निर्णय स्तरमा, क्षेत्रीय र अन्तर्राष्ट्रिय संस्थाहरूमा महिलाको प्रतिनिधित्व बढाउन आग्रह गर्दछ,
२. द्वन्द्व व्यवस्थापन र शान्ति प्रक्रियामा महिलालाई निर्णय लिने स्तरमा

पुर्‍याई सहभागी गराउने महासचिवको रणनीतिक कार्ययोजना (A/49/587) कार्यान्वयनका लागि प्रोत्साहन दिन्छ,

३. कार्यालय सञ्चालनमा महासचिवका तर्फबाट नियुक्त गरिने विशेष प्रतिनिधि र दूतमा अझ बढी संख्यामा महिला नियुक्तिका लागि अनुरोध गर्दछ। सदस्य राष्ट्रहरूलाई पनि नयाँ परिवेशसँग नियमित अद्यावधिक भएका महिलालाई उम्मेदवारका रूपमा पालैपालो महासचिवसमक्ष प्रस्तुत गर्न आग्रह गर्दछ।

४. संयुक्त राष्ट्रसंघको स्थलगत कार्य, खासगरी सैनिक निरीक्षण, नागरिक प्रहरी, मानवअधिकार तथा मानवीय अधिकार क्षेत्रका कर्मचारीमा महिलाको भूमिका र योगदान विस्तार गर्न महासचिवलाई थप आग्रह गर्दछ।

५. परिषद् शान्ति कायम गर्ने कार्यमा लैङ्गिक अवधारणा समायोजन गर्ने इच्छा प्रकट गर्दछ, साथै स्थलगत कार्यमा जहाँ सम्भव देखिन्छ, लैङ्गिक पक्षको समायोजन गर्न महासचिवसँग अनुरोध गर्दछ।

६. सबै प्रकारका शान्तिकार्य र शान्तिनिर्माणको परिमाप गर्ने कार्यमा महिलाको संलग्नताको महत्व, खास क्षेत्रमा महिलाको अधिकार र आवश्यकताबारे सदस्य राष्ट्रहरूलाई यी तत्वहरू समायोजन गर्न, तालिमको सामग्री र मार्गनिर्देशन दिन महासचिवलाई अनुरोध गर्दछ, सदस्य राष्ट्रहरूलाई उनीहरूको राष्ट्रिय तालिम कार्यक्रममा सैनिक तथा नागरिक प्रहरी कर्मचारीहरूलाई एचआइभी/एड्स सचेतन कार्यक्रम समावेश गरी तालिम दिन र यसलाई व्यापक बनाउन आमन्त्रण गर्दछ, शान्ति स्थापना कार्यमा कर्मचारीलाई यस्तै प्रकारका तालिम निश्चित रूपले प्रदान गराउन पनि महासचिवसमक्ष अनुरोछ गर्दछ,

७. सम्बन्धित कोष र कार्यक्रममा सञ्चालित लैङ्गिक चेतना तालिममा योगदान दिने प्रयोजनका लागि राष्ट्रसंघीय महिला कोष, राष्ट्रसंघीय बालकोष, राष्ट्रसंघीय शरणार्थी उच्चायोग र यस्तै अन्य निकायहरूमा आर्थिक, प्राविधिक तथा भौतिक सहयोग बढाउन सदस्यराष्ट्रहरूलाई आग्रह गर्दछ,

८. लैङ्गिक अवधारणा अङ्गीकार गर्न शान्ति सम्झौता र त्यसको कार्यान्वयनका लागि सम्पूर्ण कार्यकर्तालाई सहभागी गराउन अनुरोध गर्दछ, यसभित्र देहायका पक्षहरू समावेश गरिन्छन्-

(क) पुन:स्थापना, पुन:एकीकरण र द्वन्द्वपछिको पुनर्निर्माणमा तथा स्वदेश फर्काउने क्रममा महिला तथा बालबालिकाका खास आवश्यकताहरूलाई महत्व

(ख) द्वन्द्व व्यवस्थापनका लागि स्थानीय महिलाबाट भएको शान्तिको प्रयास र मौलिक प्रक्रियालाई सघाउने कार्य र शान्ति समझदारी कार्यान्वयन गर्ने सम्पूर्ण प्रक्रियामा महिला संलग्नताको मूल्याङ्कन,

(ग) मानवअधिकारको सम्मान र सुरक्षाका लागि संविधान, निर्वाचन प्रक्रिया, राजनीति र न्यायिक क्षेत्रमा महिला तथा बालबालिकाको सहभागिताको अनुगमन,

९. एक आम नागरिकका रूपमा महिला तथा बालबालिकाको संरक्षण तथा उनीहरूको अधिकारको रक्षाका लागि अन्तर्राष्ट्रिय कानुनको पूर्ण सम्मान एवं पालनाका लागि द्वन्द्वरत पक्षहरूलाई अनुरोध गर्दछ, खासगरी १९४९ को जेनेभा महासन्धि र १९७७ का अतिरिक्त सन्धिपत्रहरू, १९५१ को शरणार्थीसम्बन्धी महासन्धि र त्यसकै १९६७ को सन्धिपत्र, १९७९ को महिलाविरुद्धका सबै प्रकारका विभेदनिर्मूलन महासन्धि तथा यसकै १९९९ को ऐच्छिक सन्धिपत्र, १९८९ को राष्ट्रसंघीय बालअधिकार महासन्धि र यसकै २५ मे २००० का दुई सन्धिपत्रहरू र अन्तर्राष्ट्रिय फौजदारी अदालतबारेको रोम विधानको सम्बन्धित प्रावधानलाई ध्यानमा राख्दै यो अनुरोध गरिन्छ।

१०. सशस्त्र द्वन्द्वका अवस्थामा हुने हिंसाका विविध रूप, खासगरी बलात्कार र यौनजन्य अपराध वा लैङ्गिकतामा आधारित हिंसाबाट महिला तथा बालबालिकाको सुरक्षाको सम्मान गर्न सम्पूर्ण पक्षहरूलाई अनुरोध गर्दछ।

११. जातिबिनाश, मानवताविरोधी अपराध तथा महिला तथा बालबालिकाविरुद्ध हुने यौनजन्य तथा अन्य हिंसालगायतका युद्ध अपराधमा दण्डहीनताको अवस्था समाप्त गर्न र उचित कारवाही चलाउन सबै राष्ट्रको दायित्व रहेको कुरामा जोड दिन्छ। यस्ता अपराधमा आममाफीको प्रावधान रहेमा पनि सो प्रावधान हटाउन जोड दिन्छ।

१२. शरणार्थी शिविर र यसको व्यवस्थामा नागरिक तथा मानवीय चरित्र देखाउन, महिला तथा बालबालिकाको खास आवश्यकतालाई ध्यानमा राखेर आवासको संरचना तयार पार्न द्वन्द्वरत सबै पक्षहरूमा अनुरोध

गर्दछ। यहाँ यससम्बन्धी प्रस्तावहरू १९ नोभेम्बर १९९८ को १२०८ (१९९८) र १९ अप्रिल २००० को १२९६ (२०००) स्मरण गरिन्छ।

१३. निशस्त्रीकरण, अनागमन तथा पुन:एकीकरण गर्दा महिला तथा पुरुष पूर्वलडाकुको फरक आवश्यकतालाई ध्यान दिँदै उनीहरूको बाँच्ने आधारका पक्षमा योजनाका साथ सक्रिय सम्पूर्ण सहभागीहरूलाई प्रोत्साहित गर्दछ।

१४.आम नागरिक, खासगरी महिला तथा बालबालिकाको आवश्यकतालाई ध्यानमा राखेर उपयुक्त मानवीय उन्मुक्तिका सम्बन्धमा संयुक्त राष्ट्रसंघको बडापत्रको धारा ४१ अनुसार स्वीकार गरिएका मापदण्डहरूको पालना गर्ने तत्तपरता दोहोर्‍याउँछ,

१५. सुरक्षा परिषद्का मिसनहरू स्थानीय तथा अन्तर्राष्ट्रिय महिला समूहको सल्लाहमा लैङ्गिकताको प्रश्न र महिलाको अधिकारलाई ध्यान दिंन इच्छुक रहेको जानकारी गराउँछ,

१६ महासचिवलाई महिला तथा बालबालिकामा सशस्त्र द्वन्द्वले पारेको प्रभाव, शान्ति स्थापनाका लागि महिलाको भूमिका तथा शान्ति प्रक्रियामा लैङ्गिक आयाम र द्वन्द्व व्यवस्थापनको अध्ययन गर्न आमन्त्रण गर्दछ, साथै, सो अध्ययनको प्रतिवेदन सुरक्षा परिषद्मा बुझाउन र संयुक्त राष्ट्रसंघका सम्पूर्ण सदस्यलाई उपलब्ध गराउन पनि अनुरोध गर्दछ,

१७. उपयुक्त देखिएसम्म महासचिवको प्रतिवेदनमा महिला र बालबालिकासँग सम्बन्धित शान्ति कायम गर्ने अभियानका सबै पक्षहरूमा सुरक्षा परिषद्को प्रगति पनि समेटियोस् भन्ने आग्रह गर्दछ,

१८. विषयलाई सक्रियताका साथ आत्मसात गर्ने निर्णय गर्दछ।

# सुरक्षा परिषद्

*(अप्रिल २२, २००४)*

**प्रस्ताव नं. १५३९**

**सुरक्षा परिषद्,**

सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षणका विषयमा तयार पारिएको विस्तृत अवधारणा २५ अगस्त १९९९ को १२६१(१९९९), ११ अगस्त २००० को १३१४(२००), २० नोभेम्बर २००१ को १३७९(२००१) र ३० जनवरी २००३ को १४६०(२००३) नम्बरका यसका प्रस्तावहरूको पुनः घोषणा गर्दछ,

एचआइभी/एड्स तथा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्ने कार्यमा सुरक्षा परिषद्को जिम्मेवारीसम्बन्धी व्यवस्था गरिएको परिषद्को प्रस्ताव नम्बर १३०८ (२०००) र महिला, शान्ति तथा सुरक्षासम्बन्धी १३२५ (२०००) नम्बरको प्रस्तावको पनि यहाँ स्मरण गर्दछ,

सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षणका सम्बन्धमा केन्द्रित यो प्रस्ताव खासगरी द्वन्द्वग्रस्त क्षेत्रहरूमा यस विषयको वकालत, द्वन्द्वरत पक्षहरूमा यसअनुकूलको आचरण र स्तरको विकास गराउँदै सशस्त्र द्वन्द्वमा अन्तर्राष्ट्रिय कानुनले व्यवस्था गरेको बालबालिकाको अधिकार र त्यसको संरक्षण नगर्ने कसुरवालालाई सजाय नहुने अवस्थामा सुधार ल्याउने चाहना राख्दछ,

बालबालिकाविरुद्ध भएका विशेष प्रकारका अपराध, युद्ध अपराध, मानवीयताविरोधी अपराध, जातिसंहारजस्ता दोषमा राज्यको दायित्वको छानबिन गर्दै राज्यलाई दण्डहीनताबाट तल झार्न र सम्बन्धित दोषी पक्षमाथि कारवाही चलाउनुपर्ने विषयको स्मरण गर्दछ,

अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा व्यवस्था मिलाउनु परिषद्को प्राथमिक दायित्व भएकाले सशस्त्र द्वन्द्वको व्यापक प्रभावबाट बालबालिकालाई जोगाउनु पनि यसको वचनबद्धताभित्र पर्न आउँछ,

सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकालाई मानवीय तथा वस्तुगत सहयोगको आपूर्ति पूर्ण, सुरक्षित तथा निर्विघ्नताका साथ हुनुपर्छ भन्ने मान्यता राख्दछ,

अन्तर्राष्ट्रिय फौजदारी अदालतको बारेमा रोम विधानमा उल्लेख गरिएअनुसार १५ वर्षभन्दा मुनिका बालबालिकालाई अन्तर्राष्ट्रिय वा गैरअन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वमा सक्रिय सहभागी गराउन पूर्ण निषेध छ, बालबालिकालाई यस्तो द्वन्द्वमा सहभागी गराउनु युद्धअपराध मानिने कुराको समेत स्मरण गर्दछ, सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगसम्बन्धी अधिकारबारेको महासन्धिको ऐच्छिक प्रोटोकललाई पनि स्मरण गर्दछ, सो प्रोटोकलका अनुसार १८ वर्ष पूरा नगरेका बालबालिकालाई शत्रुतापूर्ण कार्यमा प्रत्यक्ष सहभागी गराउन पाइँदैन, राज्यपक्षबाट नै सैनिक सेवा वा शत्रुतापूर्ण कार्यमा संलग्न गराउन (भर्नाका लागि) पनि १८ वर्ष अनिवार्य पुगेको हुनुपर्ने प्रावधान राखिनुपर्छ भन्ने कुरामा जोड दिन्छ, इच्छाधीन भर्नाका सम्बन्धमा बालअधिकार महासन्धिको धारा ३८ को अनुच्छेद ३ ले सीमा तोकेको स्मरण गर्दै यस सीमाको उल्लङ्घन भएको छ वा १८ वर्ष उमेर नपुगेका बालबालिकाको संलग्नता छ कि भनेर परीक्षण गर्न सम्भव भएसम्मका उपायहरूको प्रयोग गर्न महासन्धिले निर्देशन दिएको छ,

सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको रक्षाका लागि परिषद्कै प्रस्तावहरूमा व्यक्त भएको र अन्य अन्तर्राष्ट्रिय आचार र प्रतिष्ठाको पालना गर्ने बचनवद्धताको स्मरण गर्दछ,

१० नोभेम्बर २००३ मा महासचिवले जारी गरेको प्रतिवेदन, जसले प्रस्ताव नम्बर १४६० (२००३) को अनुच्छेद १६ को अनुगमन गरेको छ, लाई ख्याल गर्दछ, साथै यसले के कुरालाई पनि ख्याल गर्दछ भने, वर्तमान प्रस्तावले कानुनी वचनबद्धताको हैसियत पनि खोजेको छैन, जस्तो जेनेभा महासन्धि र अतिरिक्त सन्धिपत्रको समेत सन्दर्भ समेटेर तयार पारिएको महासचिवको प्रतिवेदनमा सशस्त्र द्वन्द्वको अवस्था समेटिएको पनि हुनसक्छ र नसमेटिएको पनि हुनसक्छ, यस्ता अवस्थाहरूमा संलग्न गैरराज्यपक्षको कानुनी हैसियतलाई यसले पूर्वमूल्याङ्कन पनि गर्दैन-

१. सशस्त्र द्वन्द्वरत पक्षहरूले गरेको बालसैनिकको प्रयोगप्रति निन्दा प्रकट गर्दछ। सो कार्य अन्तर्राष्ट्रिय आचारको उल्लङ्घन हो। बालबालिकालाई

मार्ने वा अङ्गभङ्ग गर्ने, बलात्कार वा अन्य यौन हिंसा, जो अधिकांशतः बालिकाविरुद्ध भएको पाइन्छ, अपहरण तथा दवावपूर्ण विस्थापन, बालबालिकासम्म मानवअधिकारवादीलाई जानबाट रोक, विद्यालय तथा अस्पतालमा आक्रमण, बालबालिकाको बेचविखन, कमैया तथा दासजन्य व्यवहार र अन्य सबै प्रकारका हिंसा, जो सशस्त्र द्वन्द्वका कारण सृजना भएका छन्, ती सबै निन्दनीय छन्,

२. महासचिवको प्रतिवेदन र अन्य यस्तै सन्दर्भबाट प्राप्त प्रस्तावलाई शीघ्र एवं प्राथमिकताका साथ तीन महिनाभित्रै एक कार्यदल गठन गरी विस्तृत एवं व्यवस्थित अनुगमन गर्न महासचिवलाई नै अनुरोध गर्दछ। कार्यदलले संयुक्त राष्ट्रसंघको प्रणालीगत दक्षता र राष्ट्रिय सरकारहरूको योगदानको समेत प्रयोग गर्दै, क्षेत्रीय संगठन र सरकारको प्रभावमा रहेका गैरसरकारी संस्था तथा अन्य विविध सामाजिक संस्थाहरूको सहयोग लिई काम अगाडि बढाउनु उपयुक्त देख्छ। अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गर्दै बालबालिकालाई सेनामा भर्ना र प्रयोगबारे समयभित्र, उद्देश्यपूर्ण ढङ्गले, शुद्ध र विश्वसनीयरूपमा प्रतिवेदन बनाउने व्यवस्था गर्नु आवश्यक ठान्छ। त्यस प्रतिवेदनका आधारमा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको अवस्था र उनीहरूमाथिको हिंसाका सम्बन्धमा उपयुक्त कारवाही चलाउन सजिलो हुने विश्वास गर्दछ।

३. अनुरोधको आशय गैरकानुनी कार्यको उपयुक्त ढङ्गले अनुगमन होस् भन्ने नै हो। उपक्षेत्रीय तथा सीमापार गतिविधि जो गैरकानुनीरूपमा भैरहेको पाइएको छ, त्यसको अनुगमन हुनु आवश्यक छ। साना हातहतियारको ओसारपसार, सीमापार अपहरण र अवैध भर्तीजस्ता कार्य भएका छन्। जति लामो सशस्त्र द्वन्द्व चल्छ, त्यति नै बालबालिका प्रभावित हुने गर्दछन्। गैरकानुनी व्यापार र ओसारपसारको गाम्भीर्यतालाई ख्याल गर्दै महासचिवसमक्ष प्रभावकारी अनुगमनका लागि आग्रह गरिएको हो।

४. सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको रक्षाका लागि अन्तर्राष्ट्रिय मर्यादा पालन गर्ने, बालबालिका तथा सशस्त्र द्वन्द्वका लागि महासचिवका विशेष प्रतिनिधि बनेर सेवा पुर्‍याउने युनिसेफ तथा अन्य संयुक्त राष्ट्रसंघीय निकायहरू, राष्ट्रसंघीय शान्ति मिसन र राष्ट्रसंघीय आवासीय समूह सबैमा अनुरोध गर्दछ। यी निकायबाट कति वचनबद्धता पूरा गरियो, सोको अनुगमन तथा कार्यान्वयनका लागि राष्ट्रसंघ तथा सम्बद्ध सरकारबीच उपयुक्त ढङ्गको सहयोग सञ्जाल बन्नु आवश्यक छ।

५. सशस्त्र द्वन्द्वका अवस्थाको सन्दर्भ उल्लेख गर्दै महासचिवको प्रतिवेदनमा बालबालिकालाई द्वन्द्वरत पक्षहरूले सैनिकका रूपमा भर्ना गर्ने काम निरन्तर अघि बढाएकोमा गम्भीर ध्यानाकर्षण भएको छ। बालबालिका र उनीहरूको अधिकारको रक्षा, जसको बारेमा अन्तर्राष्ट्रिय कानुनले व्याख्या गरेको छ र राष्ट्रसंघको कार्यक्षेत्रभित्र पनि पर्छ, त्यसलाई प्रतिवेदनले समेटेको छ। महासचिवको प्रतिवेदनका सम्बन्धमा यसप्रकार निर्णय गर्दछ-

(क) तीन महिनाको अवधि तोकेर द्वन्द्वरत पक्षलाई शत्रुतापूर्ण कार्यमा बालबालिकाको भर्ती बन्द गर्न अनुरोध गर्ने, अन्यथा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गरेकोमा कारवाही चलाउने। संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना मिसन र राष्ट्रसंघीय स्थानीय समूहबीच घनिष्ट सम्बन्ध बढाएर सवलरूपमा कार्यादेशको पालना गर्ने।

(ख) यस प्रस्तावको प्रभावकारी प्रबर्द्धन र संयोजनात्मक अनुगमनका लागि महासचिवसमक्ष अनुरोध गर्दछ। द्वन्द्वरत पक्षले आज्ञापालन गरे वा गरेनन्, त्यसको नियमित अनुगमन गरिनुपर्छ। समयवद्ध कार्यक्रमलाई अघि बढाउन राष्ट्रिय स्तरमा सबै सम्बद्ध पक्ष, जस्तो सरकारका प्रतिनिधिहरू, महासचिवले तोकेका अधिकारीबाट नियुक्त व्यक्ति तथा द्वन्द्वरत पक्षका प्रतिनिधिलाई सहभागी गराउनु र प्राप्य स्रोतसाधनको प्रभावकारी परिचालन गर्नु आवश्यक छ। महासचिवलाई उनका विशेष प्रतिनिधिमार्फत ३१ जुलाई २००४ मा जानकारी गराइएको उनकै प्रतिवेदनको ७७ औं अनुच्छेदमा उल्लेख गरिएको अनुभवबाट सिक्दै अगाडि बढ्नुपर्छ।

(ग) साना तथा हल्का हतियार, अन्य सैनिक हतियार र सैनिक सहायता प्राप्तिजस्ता विषयमा लक्षित तथा क्रमिकरूपमा परिमार्जन मापदण्डहरू मान्न लगाउने सोचाइका साथ समय-सीमावद्ध प्रस्तावमा काम होस् भन्ने आशय राखिएको छ। हातहतियार आयात-निर्यात नगर्न मुलुक तोकेरै प्रस्ताव राखिनुपर्छ। उनीहरू वार्तामा सहभागी भएनन्, कार्य असफल भयो अथवा वचन पूरा गर्न सकेनन् भने, महासचिवको प्रतिवेदनको आशयलाई ध्यानमा राखेर, पक्षहरूविरुद्ध हातहतियार आपूर्ति रोक्काको कारवाही हुन्छ।

६. महासचिवको प्रतिवेदनमा सशस्त्र द्वन्द्वको अवस्थामा द्वन्द्वरत पक्षहरूद्वारा बालबालिकालाई भर्ना र प्रयोगमा लगाउने काम निरन्तर भैरहेकोमा गम्भीर ध्यानाकर्षण गर्दछ। बालअधिकार र रक्षासँग सम्बन्धित

अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घनका सम्बन्धमा सम्बन्धित पक्षहरूलाई बालबालिकालाई भर्ना र प्रयोग गर्न तुरुन्त बन्द गर भनेर दबाव दिन्छ। सम्बद्ध पक्षहरूबाट सामयिक, वस्तुपरक, सही र विश्वसनीय सूचना प्राप्त गर्छ। यस विषयमा द्वन्द्वरत पक्षले उपयुक्त कदम चाल्छन् भन्ने मान्यताका साथ काम गर्दछ। यो मान्यता संयुक्त राष्ट्रसंघको बडापत्र र यसका प्रस्ताव नम्बर १३७९ (२००१) र १४६० (२००३) तथा वर्तमान प्रस्तावअनुसार ग्रहण गरिएको हो।

७. संयुक्त राष्ट्रसंघको शान्ति कार्यको कार्यादेशमा बालरक्षाका लागि विशेष प्रस्तावलाई निरन्तरता दिने निर्णय गर्दछ। बाल संरक्षण सल्लाहकार (सिपिए) को विस्तार बालअधिकारका एक-एक मुद्दामा फैलिएको छ। संयुक्त राष्ट्रसंघ शान्ति कार्यको तयारीका सिलसिलामा सिपिएको भूमिका सिलसिलावद्ध हुनुपर्ने, क्रमवद्ध कारवाही चलाउनुपर्ने अनुरोध महासचिवसमक्ष गर्दछ।

८. संयुक्त राष्ट्रसंघका निकाय, कोष तथा कार्यक्रम र वित्तीय संस्थाहरूलाई समेत सशस्त्र दल वा समूहसँग आवद्ध बालबालिका र अन्य यस्तै बालमुद्दामा उनीहरूको अधिकारको रक्षाका लागि योगदान बढाउन पुनः अनुरोध गर्दछ- उनीहरू बालबालिकालाई निशस्त्र गर्ने, सेनासँग जान नलगाउने र परिवारसँग पुनः एकीकृत गराउनेजस्तो सिर्जनात्मक काममा लागून्, बालिकाहरूको विशेष आवश्यकता र क्षमतालाई ध्यान दिएर शिक्षा दिलाउने काम होस्, उद्धार गरिएको बालबालिका पुनः सैनिक जमाततिर फर्किए वा फर्किएनन् र भर्ना गरेको विद्यालयमै पढिरहेका छन् वा छैनन् त्यसको अनुगमन गरुन्। महासचिवको प्रतिवेदनको ६५ औं अनुच्छेदमा पुनःस्थापनाको उत्तम अभ्यास गर्ने मनस्थिति हुनुपर्ने कुरामा जोड दिन्छ।

९. राज्य तथा राष्ट्रसंघीय प्रणालीलाई द्वन्द्व प्रभावित क्षेत्रमा शिक्षाको महत्वपूर्ण भूमिका रहेको स्वीकार गर्न अनुरोध गर्दछ। बालबालिकालाई सशस्त्र द्वन्द्वमा लगाउनबाट रोक्न र उद्धार गरिएकालाई पुनः द्वन्द्वमा सक्रिय हुनबाट जोगाउन, यसका लागि द्वन्द्वरत पक्षलाई वचनवद्ध रहन अनुरोध गर्दछ।

१०. सबै प्रकारका यौन शोषण, महिला तथा बालबालिका खासगरी बालिकामाथि भएको शोषणको अभिलेख बनाउँछ। मानवीय कानुन तथा शान्ति पुनर्स्थापनाका लागि सक्रिय कार्यकर्ता नै संलग्न रहेका मानवीय

संकटका प्रसंगमा शान्ति कर्मचारीका लागि निर्मित आचारसंहिता “सिक्स कोड प्रिन्सिपलस अफ द इन्टर-एजेन्सी स्ट्याण्डिङ कमिटी अन इमरजेन्सिज” (संकटकालमा अन्तर-संस्था स्थायी समितिका ६ मुख्य सिद्धान्तहरू) मा समायोजनका लागि योगदान पुऱ्याउन अनुरोध गर्दछ। महासचिवको प्रतिवेदनमा यौन शोषण तथा यौन अपराधबाट बालबालिकालाई जोगाउन विशेष सीमा, अनुशासन र जबाफदेहीताका सवालमा आचार बनाई घोषणा गर्न आग्रह गरिएको स्मरण गर्दछ।

११. संयुक्त राष्ट्रसंघका शान्ति-कार्यकर्ता, प्रहरी र मानवीय क्षेत्रमा काम गर्ने कर्मचारीहरूमा एचआइभी/एड्स शिक्षा र एचआइभी परीक्षण तथा सल्लाह-सुझावका लागि राष्ट्रसंघीय कार्यक्रम, निकाय, तथा कोषलाई अनुरोध गर्दछ।

१२. सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षणका लागि क्षेत्रीय तथा उपक्षेत्रीय संगठनको पछिल्लो तदारुकतालाई स्वागत गर्दछ। बालबालिकाको संरक्षणमा बनाएको अनुगमन संरचनाका लागि ‘इकोवाज’द्वारा गरिएको स्वीकृति स्मरण गर्दछ। संयुक्त राष्ट्रसंघको सहयोगमा युरोपेली संघ तथा यस्तै अन्य संस्थाहरू र उनीहरूको व्यवस्थापनद्वारा गरिएको “गाइडलाइन्स अन चिल्ड्रेन एण्ड आर्म कन्फ्लिक्ट” को स्वीकृतिको सराहना गर्दछ-

(क) सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षणलाई मूलधारका रूपमा ग्रहण गर्दै र बालिकाहरूप्रति विशेष ध्यान दिँदै उनीहरूले वकालत गरेका, नीति निर्माण गरेका र कार्यक्रमहरू बनाएका छन्।

(ख) उनीहरूले अवलोकन अनुगमन, मूल्याङ्कन र प्रतिवेदन निर्माण प्रक्रियाको विकास गरेका छन्।

(ग) उनीहरूले बालसंरक्षण-कर्मचारीलाई शान्ति पुनःस्थापनका लागि तालिम प्रदान गरेका छन् र कार्यक्षेत्रमा त्यसको सदुपयोग भएको छ।

(घ) द्वन्द्वका बेला बालबालिका हानिकारक कार्यमा संलग्न नहोउन् भन्ने उद्देश्यले उपक्षेत्रीय आन्तरिक तदारुकता देखाइएको छ। सीमापार भर्ना तथा बालबालिकाको अपहरण, साना हातहतियारको अवैध ओसारपसार र प्राकृतिक स्रोतको गैरकानुनी कारोबारमा उनीहरूले ध्यान केन्द्रित गरेका छन्।

१३. सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पक्षमा राष्ट्रिय तथा क्षेत्रीय संस्थाहरूद्वारा भएको विकास र क्षमता अभिवृद्धि तथा वकालत, संरक्षण, पुन:स्थापना तथा स्थानीय तथा क्षेत्रीय नागरिक समाजको सञ्जालका लागि प्रोत्साहन गर्दछ।

१४.मुलुकको विशेष परिस्थितिका सन्दर्भमा महासचिवको प्रतिवेदन अझ बढी केन्द्रित होस् भन्ने अनुरोध दोहोर्‍याउँछ। प्रतिवेदनमा विशेष पक्षका रूपमा बालबालिकाको संरक्षण समावेश होस् भन्ने चाहन्छ। प्रतिवेदनको आशय नै यससम्बन्धी पूर्ण विवरण प्रदान गर्ने हुनुपर्छ। संयुक्त राष्ट्रसंघको शान्तिस्थापना नियोग र राष्ट्रसंघीय समूहको प्राथमिक दायित्व तथा सम्मानित आदेशका रूपमा प्रभावकारी अनुगमन तथा अन्य प्रस्तावको पालना गर्दछ।

१५. यो प्रस्ताव र प्रस्ताव नम्बर १३७९ (२००१) तथा १४६० (२००३) को कार्यान्वयन कस्तो भयो हेरी ३१ अक्टोबर २००४ सम्ममा प्रतिवेदन पेश गर्न महासचिवसमक्ष पुन: अनुरोध गर्दछ। त्यस प्रतिवेदनमा यी पक्षहरू समावेश होउन् भन्ने आग्रह गर्दछ-

(क) सुरक्षा परिषद्को कार्यादेशका रूपमा रहेको अनुच्छेद ५ र ६ अनुसार सशस्त्र द्वन्द्वको अवस्था र त्यस अवस्थामा विभिन्न पक्षले गरेको आज्ञापालन तथा सुधारका बारेमा त्यस प्रतिवेदनमा उल्लेख हुनु वाञ्छनीय छ। सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाविरुद्ध भएका सबैखाले हिंसा तथा दोषलाई ध्यान दिँदै बालअधिकार र संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घनको समापन र सशस्त्र द्वन्द्वमा बालबालिकालाई गरिने भर्नाको अन्त्यका विषयमा भएका उपलब्धिको जानकारी समेटिनु स्वागतयोग्य हुनेछ।

(ख) अनुच्छेद २ मा आग्रह गरिएको कार्ययोजनासँग सम्बन्धित प्रगतिबारे जानकारी दिइने अपेक्षा गर्दछ। त्यस अनुच्छेदमा व्यवस्थित तथा विस्तृत अनुगमन र प्रतिवेदन प्रक्रियाका बारेमा उल्लेख गरिएको छ।

(ग) यस प्रतिवेदनमा डिडिआर कार्यक्रमका लागि उत्तम अभ्यासको समायोजन गरिनु आवश्यक छ।

१६. यस प्रस्तावमा व्यक्त विचारको सकृयताका साथ पालना गर्ने निर्णय गर्दछ।